३३५

# भक्तपुर मासिक

Bhaktapur Monthly

जेठ २०८१

ISSN 2705-4454



# अरनिको सभा भवनको शिलान्यास

- भक्तपुर नगरपालिकामा जनप्रतिनिधिको दुई वर्ष
- उत्कृष्ट खेलाडी सम्मान
- गुंला बाजाको खुला प्रतियोगिता सम्पन्न
- अनुदान कटौतीले स्थानीय तहको विकास अलपत्र हुने
- भाषानुरागको युगमा आलोचनाः बीसौं शताब्दीको पूर्वार्द्ध
- चे ग्वेभारा गाजा पुग्दा
- सर जगदिश चन्द्र बोस
- हिमानी, हिमानीकरण, परिहिमानी र हिमनदी
- समालोचनाया सिद्धान्त (१३)
- भक्तपुर नपाका गतिविधि

# थंथु दरबारको शिलान्यास













थंथु दरबार-२०७२ सालको
भूकम्पमा क्षतिग्रस्त

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np

email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

jÌ{$! ★ cÆ &★ g};≢!$$★ lj÷;≢@)*!h]7★ A.D.2024

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार

डेस्कटप : धनलक्ष्मी त्यात

आवरण सज्जा : रेणु ध्वजू

मुद्रण :

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)


## सम्झनाको लागि



काठमाडौंमा दुईओटा धरहरा थियो, विभिन्न समयमा आएका भूकम्पमा भत्कियो। चित्र : सुशील बिक्रम थापा, फेसबुक


'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन ।

## ‘कठिन मिहिनेत र तपस्याबिना कोही पनि महान् बन्दैन ।’– साइरस

### यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | भक्तपुर नगरपालिकामा जनप्रतिनिधिको दुई वर्ष | – | ३ |
| २) | अध्यक्ष बिजुक्छैंद्वारा अरनिको सभाभवन शिलान्यास | – | १२ |
| ३) | गुंला बाजाको खुला प्रतियोगिता सम्पन्न | – | १५ |
| ४) | खुला गुंलाबाजा प्रतियोगिता २०८१, एक सिंहावलोकन | महेन्द्र राज शाक्य | १८ |
| ५) | थंथु दरबार पुरानै स्वरूपमा निर्माण गर्न शिलान्यास | – | २६ |
| ६) | भक्तपुर नपाबाट वर्षका उत्कृष्ट खेलाडीहरू सम्मानित | – | २९ |
| ७) | बेखाल टेबुल टेनिस कभर्ड हल उद्घाटन | – | ३१ |
| ८) | अन्तर्राष्ट्रिय श्रमिक दिवस | – | ३३ |
| ९) | नीति–कार्यक्रममा सांसद सुवालको संशोधन | – | ३७ |
| १०) | लगानी सम्मेलन र अर्थतन्त्रमा त्यसको प्रभाव | विवेक | ३९ |
| ११) | अनुदान कटौतीले स्थानीय तहको विकास निर्माण अलपत्र हुने | – | ४१ |
| १२) | भक्तपुर जहाँ कार्ल मार्क्स जीवितै छन् | कृष्ण पोखरेल | ४२ |
| १३) | भक्तपुरका बहालहरूको छोटो परिचय | ओम धौभडेल | ४३ |
| १४) | भाषानुरागको युगमा आलोचना:बीसौं शताब्दीको पूर्वार्द्ध | कमलप्रकाश मल्ल | ४७ |
| १५) | चे ग्वेभारा गाजा पुग्दा | युसेफ अलहेलु | ५५ |
| १६) | रंगभेद अन्त्यको ३० वर्षपछिको दक्षिण अफ्रिका | सोला लवल | ५८ |
| १७) | भक्तपुरको वानेलायक्कूको वहिनराज नै स्वस्थानीको नवराज | संस्कृतिविद् महेश्वर जुजु | ६१ |
| १८) | जहाँ बुद्ध जन्मे | रविन कलिङहयाम | ६२ |
| १९) | भक्तपुरका केही मौलिक स्थान नाम | श्याम सुन्दर मातां | ६३ |
| २०) | सर जगदिश चन्द्र बोस | राजेन्द्र बहादुर कायष्ठ | ६४ |
| २१) | हिमानी, हिमानीकरण, परिहिमानी र हिमनदी बारे केही जानकारी | विष्णुभक्त राजचल | ६९ |
| २२) | समालोचनाया सिद्धान्त (१३) – एरिस्टोटलया अनुकरण व विरेचन सिद्धान्त | प्रा.माणिकलाल श्रेष्ठ | ७३ |
| २३) | भक्तपुर नपाको कार्यपालिका बैठक निर्णय | – | ७७ |
| २४) | भक्तपुर नगरपालिका गतिविधि | – | ८४ |
| | क) शैक्षिक गतिविधि | – | ९५ |
| | ख) स्वास्थ्य सेवा | – | ९८ |
| | ग) अनुभवको आदान–प्रदान | – | १०५ |
| | घ) सङ्क्षेपमा | – | १०६ |
| | ङ) भेटघाट | – | १०७ |
| २५) | विविध समाचार | – | १११ |
| २६) | गणतन्त्रमा पनि निर्दलीय मानसिकता (सम्पादकको पृष्ठ) | – | १३६ |

**साथमा** : हाम्रा पुराना मूर्ति–३२⁄ प्रेरणीय–३६⁄ थाहा पाइराखौँ–४२⁄ बसिबियाँलो–४६⁄ हाम्रा स्थानीय तह–५७⁄ जीवन–आचरण–६०⁄ चीनका प्राचनी नीतिकथा–९६⁄ ख्वप अस्पतालको प्रगति–१०४⁄ हाम्रो स्वास्थ्य–१३२⁄Word Search–१३३⁄ पर्यटक तथ्याङ्क–१३५⁄ रङ्गीन पृष्ठ - क–ज ।

भक्तपुर नगरपालिकामा जनप्रतिनिधिको दुई वर्ष

# भक्तपुर नपाले आत्मनिर्भर हुने संस्कृतिको विकासलाई निरन्तरता दिँदै जानुपर्ने




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिकामा जनप्रतिनिधिको दुई वर्ष कार्यक्रम जेठ ६ गते एक भव्य कार्यक्रमबिच सम्पन्न भएको छ ।

प्रमुख अतिथि **बिजुक्छेँ**ले पानसमा दीप प्रज्ज्वलन गरी कार्यक्रमको उद्घाटन गर्नुहुँदै भक्तपुर नपाले आत्मनिर्भर हुने संस्कृतिको विकासलाई निरन्तरता दिँदै जानुपर्ने बताउनुहुँदै जनतालाई सचेत र सङ्गठित पार्दै अगाडि बढ्नुपर्ने खाँचो रहेको बताउनुभयो ।

विदेशको सिद्धान्त नेपालमा जस्ताको तस्तै लागू गर्दा





नेपालको लागि उपयुक्त नहुन सक्ने बताउनुहुँदै उहाँले भक्तपुर देशकै सानो नगरपालिका भएकोले यसलाई टेष्ट ट्युबको रूपमा प्रयोग गरी हेर्नुपर्ने बताउनुभयो ।

विदेशबाट सिकेको ज्ञान र सीपलाई स्वदेशमा प्रयोग गर्न सके देशलाई फाइदा पुग्ने बताउनुहुँदै उहाँले भक्तपुरको मौलिकतालाई जस्ताको तस्तै जगेर्ना गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रमका सभापति एवम् भक्तपुर नगरपालिकाका

प्रमुख **सुनिल प्रजापति**ले नेपालको संविधान घोषणा भएको ८ वर्ष बितिसक्दा पनि देशमा सङ्घीयताको राम्रो कार्यान्वयन हुनसकेको बताउनुहुँदै स्थानीय तहहरूले सङ्घ र प्रदेशले पठाउने समानीकरण अनुदान बढाउनुपर्ने माग गरिरहेको बेला सशर्त अनुदान बढाई सङ्घ र प्रदेशले स्थानीय तहलाई नियन्त्रण गर्न खोजिरहेको बताउनुभयो ।

जनसङ्ख्या र क्षेत्रफलको आधारमा स्थानीय तहलाई वित्त आयोगको सिफारिसमा अनुदान प्रदान गर्ने संवैधानिक व्यवस्था भए पनि चालू आ.व. २०८०/८१ को बजेटमा वाग्मती प्रदेशले भक्तपुर नगरपालिकालाई समपुरक अनुदान र विशेष अनुदान शीर्षकमा बजेट नै नपठाएकोमा आपत्ति जनाउँदै फरक विचार राख्ने पालिकाहरूलाई सहयोग नगर्ने वाग्मती प्रदेश सरकारको नीति आपत्तिजनक भएको उल्लेख गर्नुभयो ।

सरकारलाई संविधानविपरीत पक्षपात र पूर्वाग्राही काम गर्ने छुट नभएको बताउनुहुँदै प्रमुख प्रजापतिले स्थानीय तहलाई मावि तहसम्मको शिक्षाको अधिकार संविधानले नै प्रदान गरेको अवस्थामा जिल्ला शिक्षा कार्यालयको पुनःस्थापना गर्न खोज्नु प्रतिगामी कदम हो भन्नुभयो ।

वाग्मती प्रदेशसभा सदस्य **सुरेन्द्रराज गोसाईं**ले तीन तहको सरकारले आफ्नो नीति तथा कार्यक्रमको समीक्षा, उपलब्धि र सफलताबारे जनताबिच छलफल आवश्यक रहेको बताउनुभयो ।

६० वर्ष अमेरिकाको नाकाबन्दी खपिरहेको क्युवा र प्रजग कोरियाको इतिहासबाट नेपालले सिक्नुपर्ने बताउनुहुँदै उहाँले भौतिक विकासमात्र विकास नभएको बताउँदै नगरको सुन्दरीकरण, प्राकृतिक, हरियाली व्यवस्थापनतर्फ पनि जोड दिँदै जानुपर्ने बताउनुभयो ।

उहाँले विद्यालय केन्द्रित गतिविधि आजको आवश्यकता भएको बताउनुहुँदै शिक्षक, विद्यार्थी, कर्मचारी केन्द्रित गतिविधि नपा र वडाहरूले जोड दिनुपर्ने बताउँदै विद्यार्थीहरूको पोषणको अवस्था, विद्यालयलाई आवश्यकताअनुसारको अनुदान, शिक्षकहरूको क्षमता अभिवृद्धिको लागि तालिम, शिशु स्याहार केन्द्रहरू थप्दै लानुपर्ने सुझावहरू दिनुभयो ।

नपाले नगरवासीहरू परिचालन, शिक्षित गर्ने कामलाई निरन्तरता दिँदै जानुपर्ने बताउनुहुँदै उहाँले अव्यवस्थित सडक निर्माण रोक्नुपर्ने र वातावरण प्रदूषण आदि क्षेत्रमा सचेतना जरुरी रहेको बताउनुभयो ।

राष्ट्रिय योजना आयोगका सदस्य **रामकुमार फुयाँल**ले शिक्षा, स्वास्थ्य मौलिक संस्कृति जगेर्ना गर्ने क्षेत्रमा भक्तपुर नपाको काम प्रशंसनीय भएको बताउनुभयो । सरकारको संवैधानिक अधिकार भित्र बसेर राष्ट्रिय योजना आयोगले विभिन्न नपासँग सहकार्य गर्दै अनुदानहरू पठाइरहेको धारणा राख्नुभयो । भक्तपुर नपा इतिहास कालखण्डमा यसले गरेका काम रक्षामात्र गर्न सके देशको लागि धेरै उपलब्धि हासिल हुने बताउनुहुँदै आयोगको तर्फबाट गर्नुपर्ने सहयोग तथा समन्वयको लागि सधैँ तत्पर रहेको बताउनुभयो ।

भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी **रोशनीकुमारी श्रेष्ठ**ले ७५३ स्थानीय तहमध्ये भक्तपुर नगरपालिकाले आफ्नो दरिलो र गर्विलो उपस्थिति जनाएको बताउनुहुँदै राजनीतिकको सुदृढीकरणले देशका सबै समस्या समाधान सम्भव हुने बताउनुभयो । साथै उहाँले सभ्य र परिष्कृत जनप्रतिनिधिबिच बसेर काम गर्न पाउँदा निक्कै सहज भएको बताउनुहुँदै नपाले सुशासन कायम हुने ढङ्गले आफ्नो गतितिधि सार्वजनिक गर्दै आएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले स्वागत मन्तव्य राख्दै भक्तपुरलाई अझ सुन्दर बनाउन १०० वर्षपछिको भक्तपुर पुस्तकलाई मार्गदर्शकको रूपमा लिई अगाडि बढिरहेको बताउनुभयो ।

उक्त कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले धन्यवादज्ञापन गर्नुभएको थियो भने भनपा वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले पनि बोल्नुभएको थियो ।




सोही अवसर पारेर भक्तपुर नपामा ३० वर्ष सेवा पूरा गरेका कर्मचारीहरूलाई दीर्घ सेवा सम्मान र नगरपालिकामा कार्यरत उत्कृष्ट कर्मचारीहरूलाई सम्मान गरिएको थियो ।

मन्तव्य

# ‘भक्तपुरलाई अझ व्यवस्थित रूपमा अगाडि बढाउने क्रममा निकै चुनौतीहरूको पनि सामना गर्दैछौँ’

- प्रमुख सुनिल प्रजापति




आदरणीय नगरवासी दाजुभाइ तथा दिदीबहिनीहरू,

दोस्रो कार्यकालको निम्ति हामी निर्वाचित भएर बहाली भएको आज दुई वर्ष पूरा भई तीन वर्षमा प्रवेश गर्दैछौँ । २०७९ साल जेठ ६ गते आजकै दिन सपथ ग्रहण गरी पदभार ग्रहण गरेका थियौँ । हामीले पार्टी घोषणापत्रमार्फत जनताबिच गरेका प्रतिबद्धताहरू एक एक गरी पूरा गर्दैछौँ । काम गर्ने सिलसिलामा हाम्रा कामहरूलाई सूक्ष्म रूपमा अध्ययन गरी स–साना कमजोरीहरूलाई समेत औँल्याएर सुधार्ने अवसर दिइ सहयोग गर्ने सचेत नागरिकहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ ।

आज हामी अत्यन्त खुशी छौँ । नेमकिपाका अध्यक्ष का. नारायणमान बिजुक्छेँ (रोहित) ज्यूले ख्वप तिलगंगा आँखा अस्पतालको नयाँ कार्यालयको आज उद्घाटन गर्नुभयो । आजै नवनिर्मित टेबुलटेनिस कभर्ड हल नेपाल मजदुर किसान पार्टीका सचिव एवम् प्रतिनिधि सभा सदस्य माननीय प्रेम सुवालले उद्घाटन गर्नुभयो । हामी यो तेस्रो कार्यक्रममा छौँ । हामी जनप्रतिनिधिको तेस्रो वर्षको यो सुखद् सुरुआत हो ।

भक्तपुर कला संस्कृति संरक्षित नगर, जीवित सङ्ग्रहालयको रूपमा परिचित नगर हो । भक्तपुरलाई अझ व्यवस्थित रूपमा अगाडि बढाउन हामी जनप्रतिनिधिहरू निरन्तर प्रयासरत छौँ । त्यस क्रममा हामीले निकै चुनौतीहरूको पनि सामना गर्दैछौँ ।

नेपालको संविधान घोषणा भएको ८ वर्ष बित्यो । यस अवधिमा सङ्घ, प्रदेश र स्थानीय तहको दुई दुई पटक निर्वाचन सम्पन्न भयो तर अझै देशमा सङ्घीयताको राम्रो कार्यान्वयन हुनसकेको छैन ।

नेपालको संविधानअनुसार सङ्घ, प्रदेश र स्थानीय तहहरू आआफ्नो अधिकार भित्र रही कार्य गर्न स्वायत्त छन् । तर, सङ्घ र प्रदेश सरकारहरूले स्थानीय तहलाई आफ्नो मातहतको एकाइझैँ व्यवहार गर्न भने छाडेका छैनन् । यो सङ्घीयता र नेपालको संविधानको भावना विपरीत हो ।

सङ्घ र प्रदेशसभा कानुन निर्माण गर्ने थलो हुन् । तर कानुन निर्माणमाभन्दा शासक दलहरू ससाना २–४ लाखको विकास निर्माणमा ध्यान दिँदै छन् । रु. ५ करोडसम्म स्थानीय तहले, ५ देखि २५ करोडसम्म प्रदेश सरकारले र त्यसभन्दा ठूलो योजना मात्रै सङ्घ सरकारले हेर्ने कानुनी बन्दोबस्त भए कामको दोहोरोपन हट्ने र राज्यको खर्च भार कम हुने छ ।

स्थानीय तहहरूले सङ्घ र प्रदेशले पठाउने समानीकरण अनुदान बढाउनुपर्ने माग गरिरहेको बेला उल्टै सशर्त अनुदान बढाई सङ्घ र प्रदेशले स्थानीय तहलाई नियन्त्रण गर्न खोज्दैछन् ।

जनसङ्ख्या र क्षेत्रफलको आधारमा स्थानीय तहलाई वित्त आयोगको सिफारिसमा अनुदान प्रदान गर्ने संवैधानिक व्यवस्था छ । तर चालू आ.व. २०८०/८१ को बजेटमा वाग्मती प्रदेशले भक्तपुर नगरपालिकालाई समपुरक अनुदान र विशेष अनुदान शीर्षकमा बजेट नै पठाएन । फरक विचार राख्ने पालिकाहरूलाई सहयोग नगर्ने वाग्मती प्रदेश सरकारको नीति आपत्तिजनक छ । कुनै पनि सरकारलाई संविधानविपरीत पक्षपात र पूर्वाग्रही काम गर्ने छुट वा सुविधा छैन ।

संसद्मा विचाराधीन शिक्षा विधेयकमा जिल्ला शिक्षा कार्यालय पुनःस्थापनाको व्यवस्था गरिएको छ । स्थानीय तहलाई मावि तहसम्मको शिक्षाको अधिकार संविधानले नै प्रदान गरेको अवस्थामा जिल्ला शिक्षा कार्यलयको पुनःस्थापना गर्न खोज्नु प्रतिगामी कदम हो ।

हामीले निर्वाचन घोषणापत्र र आ.व. २०८०/८१ को नीति तथा कार्यक्रमको आधारमा भक्तपुर नगरको विकास निर्माणको कामलाई अगाडि बढाउँदैछौँ ।

## आयतर्फ

चालू आ.व. २०८०/८१ मा आन्तरिकतर्फ ६० करोड

र वाह्य स्रोततर्फ रु. १ अर्ब ५३ करोड २३ लाख ४० हजार तथा गत वर्षको बाँकी मौज्दात रु. १३ करोड ६२ लाख ५४ हजार गरी कुल रु. २ अर्ब २६ करोड ८५ लाख ९४ हजार स्रोत अनुमान गरिएकोमा चालू आ.व. २०८०/८१ को १० महिनामा कुल आन्तरिक आय रु. ४० करोड ९३ लाख सङ्कलन भएको छ। उक्त रकम चालू आ.व.को लक्ष्यको ६८ प्रतिशत हो। गत वर्षको सोही अवधिको तुलनामा उक्त रकममा रु. ९ करोड ६४ लाख वृद्धि भएको छ। यो गत वर्षको तुलनामा ३१ प्रतिशतले वृद्धि हो। यो करको क्षेत्र विस्तार हुँदै जानुको परिणाम हो।

नेपाल सरकारबाट राजश्व बाँडफाँडतर्फ चालू आ.व. मा ५ करोड २० लाख, वित्तीय समानीकरण, सशर्त, समपूरक र विशेष अनुदान गरी जम्मा ४४ करोड ४० लाख, मालपोत रजिष्ट्रेशनबाट रु. १ करोड ५३ लाख प्राप्त भएको छ भने वाग्मती प्रदेश सरकारबाट यसै आ.व. मा वित्तीय समानीकरण अनुदान र सशर्त अनुदानतर्फ जम्मा ३ करोड ६० लाख रुपैयाँ, सवारी करको राजश्व बाँडफाँडबाट रु. २ करोड ३३ लाख रुपैयाँ प्राप्त भएको छ। यसरी आन्तरिक र वाह्य गरी कुल रु. २ अर्ब १३ करोड २३ लाख आय अनुमान गरिएकोमा २०८१ वैशाख मसान्तसम्म कुल रु. १ अर्ब २३ करोड ७५ लाख प्राप्त भई अनुमानित आयको ५८ प्रतिशतमात्र आम्दानी भएको छ।

राजश्व सङ्कलनलाई प्रविधि मैत्री बनाउन विभिन्न सफ्टवेयर तथा अनलाईन भुक्तानी प्रणालीको प्रवर्द्धन गर्दै लगिएको छ जसबाट नागरिकहरूले सहज, सुलभ तरिकाले राजश्व भुक्तानी गर्ने कार्य भई सेवा प्रवाह छरितो हुन पुगेको छ।

## व्ययतर्फ

चालू खर्चतर्फ रु. १ अर्ब ३६ करोड ९४ लाख ९४ हजार विनियोजित रकममध्ये २०८१ वैशाख मसान्तसम्म रु. ८५ करोड १९ हजार खर्च भई विनियोजित रकमको ६२.०८ प्रतिशत, पुँजीगत खर्चतर्फ विनियोजित रकम रु. ८० करोड ४१ लाखमध्ये रु. २० करोड ४२ लाख ५३ हजार खर्च भई विनियोजित रकमको २५.३२ प्रतिशत प्रगति हासिल भएको छ। वित्तीय व्यवस्थातर्फ रु. ९ करोड ५० लाख विनियोजन भएकोमा यसै अवधिमा रु. २ करोड ३५ लाख खर्च भई विनियोजित रकमको २४.७३ प्रतिशत प्रगति हासिल भएको छ। यसरी चालू, पुँजीगत र वित्तीय व्यवस्थातर्फ कुल विनियोजित रु. २ अर्ब २६ करोड ८५ लाख ९४ हजारको ४७.४८ प्रतिशत वित्तीय प्रगति भएको छ।

## शिक्षा

● भक्तपुर नगरपालिकाले सस्तो र गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले खोलेका २ ओटा इन्जिनियरिङ कलेजसहित ७ ओटा शैक्षिक संस्थाहरूमा हाल ७७ जिल्लाका ७ हजारभन्दा बढी विद्यार्थीहरू अध्ययनरत छन्। नगरपालिकाले शिशुस्याहार केन्द्रदेखि स्नातकोत्तर तहसम्म जनताका छोराछोरीहरूलाई शिक्षा प्रदान गर्दै छ। ख्वप विश्वविद्यालयको स्थापनाको लागि हामीले निरन्तर जोड दिँदैछौँ। ख्वप विश्वविद्यालय विधेयक अगाडि बढाउन प्रतिनिधिसभा शिक्षा, विज्ञान तथा प्रविधि समितिका सभापति समक्ष पनि ध्यानाकर्षण पत्र बुझाएका छौँ।

● ख्वप इ. कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा मिति २०८० असोज २४–२६ मा 'कम्प्युटर, इलेक्ट्रिकल, इलेक्ट्रोनिक्स तथा सञ्चारका लागि प्रविधि विषयक पहिलो अन्तर्राष्ट्रिय सम्मेलन' (International Conference on Technologies for Computer, Electrical, Electronics & Communication (ICT-CEEL 2023) र मिति २०८० असोज ३० देखि कार्तिक २ मा 'भूकम्प इन्जिनियरिङ तथा विपद् पश्चातको पुनर्निर्माण योजना' विषयक तेश्रो अन्तर्राष्ट्रिय सम्मेलन (International Conference on Earthquake Engineering and Post Disaster Reconstruction Planning) तथा २०८१ वैशाख १४ गते वास्तुशास्त्रका प्रवृत्ति र सम्पदा विषयक तेश्रो राष्ट्रिय सम्मेलन (3rd National Conference on Architectural Trends and Heritage) सम्पन्न गर्‍यौँ।

यस वर्ष ख्वप इ. कलेजमा अध्ययनरत भूकम्प इन्जिनियरिङका विद्यार्थी इ. **रोशन प्रजापति** स्नातकोत्तर तहमा नेपाल प्रथम भए भने स्नातक तह सिभिल इन्जिनियरिङमा ई. **विकास पाण्डे** सर्वोत्कृष्ट हुन सफल भएका छन्। त्यस्तै ख्वप कलेजमा अध्ययनरत विद्यार्थी **पलिस्था रञ्जितकार** पनि अङ्ग्रेजी विषयमा स्नातकोतर तहमा नेपाल प्रथम भएकी छिन्।

● सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर वृद्धि गर्न विद्यालय अनुगमन तथा प्राविधिक समिति गठन गरी विद्यालयको अनुगमनको व्यवस्था गरेका छौँ। यो वर्ष विद्यालयको भौतिक निर्माण र विभिन्न शीर्षकमा १८ ओटा विद्यालयमा रु. ५५ लाख अनुदान वितरण गर्‍यौँ।

● चालू आ.व.मा २ ओटा सामुदायिक विद्यालयमा विज्ञान प्रयोगशाला निर्माणका लागि रु. १३ लाख र विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापनको लागि ३ ओटा विद्यालयको लागि रु. १९ लाख ५० हजार आर्थिक अनुदान उपलब्ध गरायौँ।

● चालू वर्षमा इतिहास, भूगोल, राजनीति शास्त्र, नेपालभाषालगायत विषय लिएर ९ जनाले भक्तपुर नपाको छात्रवृत्तिमा एम.फिल र पिएचडी गर्दैछन् भने ख्वप कलेजमा अध्ययनरत राजनीतिशास्त्रमा ३८ जना र इतिहास संस्कृतिमा १० जनाले छात्रवृत्तिमा अध्ययन गरिरहेका छन् । अन्य विभिन्न कलेजमा अध्ययनरत धेरै विद्यार्थीहरूलाई पनि छात्रवृत्ति प्रदान गर्दैछौं ।

● शिक्षाको गुणस्तर वृद्धिको लागि शैक्षिक क्यालेण्डर निर्माण गरी कक्षा ५, ८ र १० को परीक्षा पनि नगरपालिकाले सञ्चालन गर्दै आएको छ ।

● नगरका विभिन्न विद्यालयमा अध्ययनरत आमा बुवा नभएका ५६ विद्यार्थीहरूलाई शैक्षिक सामग्री वितरण गरियो ।

● यो वर्ष १०१ जना विद्यार्थीहरूको शैक्षिक ऋण स्वीकृत गर्‍यौं भने ती समेत गरी हाल करिब ६०० जना विद्यार्थीहरूले नगरपालिकाबाट रु. ५ लाखसम्म ऋण लिएर उच्च शिक्षा अध्ययन गरिरहेका छन् ।

## स्वास्थ्य

● भक्तपुर नगरपालिकाले १०० शय्याको ख्वप अस्पताल, श्वासप्रश्वास पुनःस्थापना केन्द्र, जनस्वास्थ्य केन्द्र, सहरी स्वास्थ्य केन्द्र र आधारभूत स्वास्थ्य केन्द्रहरूमार्फत जनतालाई स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ । वर्षको ३६५ दिन ११ घण्टा ओपिडी सेवा प्रदान गर्ने ख्वप अस्पतालको विशेषता हो । गत वर्ष ख्वप अस्पतालले २ लाख २० हजार ४ सयभन्दा बढी बिरामीलाई सेवा प्रदान गर्‍यो भने चालू आ.व. को बितेको १० महिनामा ७० जिल्लाका १ लाख ९२ हजार ८२३ बिरामीलाई सेवा प्रदान गरिसकेको छ । हाल ख्वप अस्पतालमा चिकित्सक, नर्स र कर्मचारीहरू गरी कुल १९४ जना जनशक्ति कार्यरत छन् ।

● चालू आ.व. को यस अवधिमा आयुर्वेदिक स्वास्थ्य सेवा केन्द्रबाट २ हजार १६४ जनाले स्वास्थ उपचार प्राप्त गरे । ख्वप तिलगंगा आँखा अस्पतालले चालू आ.व.को १० महिनामा २४ हजार ६०९ जना आँखाका बिरामीहरूको उपचार गर्‍यो भने सोही अवधिमा ६७७ ओटा आँखाको अपरेसन गरिसकेको छ । त्यस्तै घरदैलो नर्सहरूले २० हजार ५२२ जनातासँग सम्पर्क गरी सामान्य स्वास्थ्य सेवा प्रदान गरेको रेकर्ड छ ।

● यस वर्ष १० महिनामा नगरवासीहरूलाई ८ हजार ७ सय २६ ओटा सिलिन्डर अक्सिजन निःशुल्क वितरण र ७३१ जना नगरवासीलाई निःशुल्क रगत उपलब्ध गरायो भने रगत बापत भक्तपुर नगरपालिकाले १५ लाख ४९ हजार ३६० रुपैयाँ भुक्तानी गर्‍यो ।

● त्यस्तै कडा रोग लागेका २३१ जनालाई प्रतिव्यक्ति रु. १५,०००।– का दरले रु. ३४ लाख ६५ हजार सहयोग उपलब्ध गरायौं ।

● नगरपालिकाले नगरवासीहरूको स्वास्थ्यलाई ध्यानमा राखेर नियमित रूपमा वडा वडामा पाठेघर तथा स्तन क्यान्सर, दन्त परीक्षण र आँखा परीक्षण शिविर तथा श्वासप्रश्वास शिविरहरू सञ्चालन गर्दै आएको छ ।

● भक्तपुरमा ८० प्रतिशतभन्दा बढी नगरवासी स्वास्थ्य बीमामा आबद्ध भइसकेका छन् । सम्पूर्ण नगरवासीहरूलाई स्वास्थ्य बीमामा आबद्ध गराउने हाम्रो प्रयास जारी छ । स्वास्थ्य बीमाको भुक्तानी समयमा उपलब्ध नहुँदा ख्वप अस्पतालले ठूलो समस्या भोगिरहेको छ ।

● ख्वप अस्पतालले हालै मानसिक रोग र छात्ती रोग विशेषज्ञ सेवा पनि सुरु गरेको छ ।

## सम्पदा संरक्षण

● २०७२ सालको भूकम्पपश्चात भक्तपुर नगरपालिकाले ५८ ओटा पाटी, ३६ ओटा मन्दिर, ९ ओटा द्यःछैं, १३ ओटा पोखरी, ९ ओटा सत्तल, ८ ओटा इनार, ढुङ्गेधारा ८ र अन्य विविध समेत गरी १५८ ओटा सम्पदा पुनःनिर्माण सम्पन्न गरेको छ भने हाल १९ ओटा सम्पदाहरू निर्माणाधीन अवस्थामा छन् ।

● २०८१ वैशाख २२ गते खुला गुंला बाजा प्रतियोगिता सम्पन्न गर्‍यौं ।

● ऐतिहासिक र सांस्कृतिक महत्त्व बोकेको ८०० वर्ष पुरानो भाजु पुखू पुनःनिर्माण कार्य सम्पन्न गरी २०८० फागुन २५ गते उक्त पोखरी उद्घाटन गरी सर्वसाधारणका लागि खुला गरेका छौं ।

● पुरानो नगर क्षेत्रभित्र निजी घर र सम्पदा पुनःनिर्माणको लागि माटो जोडाइलाई जोड दिँदै छौं । प्रसिद्ध थंथु दरबार, भनपा ९ दत्तात्रयस्थित पुजारी मठ, भनपा ६ स्थित छुमा गणेश द्यः छेँलगायतका सम्पदाहरू माटो जोडाइबाट निर्माण गर्दै छौं । छुमा गणेश द्यः छेँ पुनःनिर्माण अन्तिम चरणमा छ भने लक्ष्मी नरसिंह मन्दिर, इखालाछी मठ, हाडा छेँलगायतका सम्पदाहरू पनि आगामी वर्ष सम्पन्न हुनेगरी कार्य भइरहेका छन् ।

● पुरातात्त्विक महत्त्वका निजी घरहरू संरक्षण गर्ने नीतिअनुसार भनपा वडा नं. ९ स्थित एउटा घर घरधनीबाट पछि लागत असुली हस्तान्तरण गर्ने गरी नपाको लगानीमा पुनःनिर्माण सम्पन्न गरिसकेका छौं ।

● गाईजात्राको समयमा प्रस्तुत हुने विभिन्न विधाहरूलाई प्रतियोगितात्मक मूल्याङ्कन गरी पुरस्कृत गर्दै आएका छौं । टोल टोलमा कार्यरत सांस्कृतिक गुरुहरूको सम्मान गर्ने नीतिअनुसार चालू वर्षमा २२ जना सांस्कृतिक गुरुहरूलाई सम्मान गरियो ।

● मिति २०८१ वैशाख २५ गते नेपाल मजदुर किसान पार्टीका अध्यक्ष श्री नारायणमान बिजुक्छेँको प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिकाको आयोजना र नेपाली इतिहास संस्कृति तथा पुरातत्त्व, केन्द्रीय विभाग त्रिभुवन विश्वविद्यालयको सहकार्यमा भक्तपुरको कला संस्कृति, इतिहाससम्बन्धी १ दिने अनुसन्धानात्मक कार्यशाला गोष्ठी सम्पन्न भयो।

## पर्यटन

● चालू आ.व.को १० महिनामा गैर सार्कतर्फ १,०७,१३१ जना र सार्क र चिनियाँतर्फ १,०३,०२१ गरी जम्मा २,१०,१५२ जना पर्यटकले भक्तपुरको अवलोकन भ्रमण गरिसकेका छन्। गत आ.व.को श्रावणदेखि वैशाखसम्म १० महिनामा गैर सार्कतर्फ ७८,९९३ जना र सार्क र चिनियाँतर्फ ६०,३६९ जना गरी जम्मा १,३९,३६२ जना पर्यटकले मात्र भक्तपुर अवलोकन भ्रमण गरेका थिए। गत वर्षको तुलनामा यो वर्ष ७०,७९० जना (५०.८० प्रतिशत) वृद्धि भएको छ।

● २०८० पुस १४ गते 'पोखरी चिनौँ सम्पदा जोगाऔँ' सहित 'सांस्कृतिक सम्पदा पदयात्रा र बहाःबही चिनौँ र सम्पदा जोगाऔँ' नारासहित पोखरी र बहाःबहीको पदयात्रा, योमरी उत्सव तथा सांस्कृतिक सम्पदा पदयात्रा सम्पन्न भयो।

● विश्व पर्यटन दिवसको अवसरमा पर्यटन व्यवसायी, पर्यटक पथप्रदर्शक, ट्राभल्स एजेन्सी, होटल व्यवसायी सङ्घ, नेपाल पर्यटन बोर्ड र टुर्गानलगायत पर्यटन विकासमा टेवा पुऱ्याउने विभिन्न सङ्घ संस्थाहरूलाई सम्मान गरियो।

● २०५० सालदेखि पर्यटन विकासमा महत्त्वपूर्ण योगदान गर्दै आएकोमा यस वर्ष नेपाल पर्यटन बोर्डले स्थापनाको २५ औँ वर्ष रजत जयन्तीको अवसरमा भक्तपुर नगरपालिकालाई सम्मान गऱ्यो।

● ४५ औँ पर्यटक प्रहरी दिवसको अवसरमा भक्तपुर नगरपालिका पर्यटक सूचना तथा सेवा केन्द्रलाई उत्कृष्ट पर्यटक पथप्रदर्शक व्यवस्थापनका साथै पर्यटकहरूलाई व्यवस्थित रूपमा सूचना प्रदान गरेकोमा सम्मान गरियो।

● मिति २०८० फागुन २ गते चिनियाँ नयाँ वर्ष (ड्रयागन वर्ष) को अवसरमा भक्तपुर दरबार क्षेत्र र टौमढीमा नेपाली र चिनियाँ विशेष सांस्कृतिक प्रदर्शनी कार्यक्रम सम्पन्न भयो।

● त्यस्तै मिति २०८० पुष २ गते, हलिमली ब्वज्याको फोटो प्रतियोगिता सम्पन्न भयो

## वातावरण र सरसफाइ

● नगरका सडक र गल्लीहरूमा विद्युत् र केबुल तारहरू छरपष्ट भएको कारण दृश्य प्रदूषण भइरहेको हुँदा सहरको सुन्दरता बढाउन तारहरू भूमिगत गर्ने कार्य भइरहेको छ।

● नगरका चोक र विभिन्न ठाउँहरूमा हरियाली प्रवर्द्धन कार्य टौमढी, दरबार क्षेत्र, दत्तात्रयसँगै साकोठालगायत विभिन्न ठाउँमा विस्तार गरिएको छ।

● नगरका मूल सडकमा इँटा र ढुङ्गा छाप्ने कार्य सम्पन्न भइसकेको हुँदा भारी सवारी निषेध गरी क्रमशः सवारी निषेध गर्ने कार्यलाई अगाडि बढाउँदैछौँ।

● खोला सफाइका लागि हनुमानघाट र सल्लाघारीमा फोहोर पानी प्रशोधन केन्द्र निर्माणाधीन अवस्थामा छन्। खोलाको दुवै पट्टी ढल बिछ्याइ सकिएको छ।

## कृषि

● घर घरबाट निस्किने कुहिने र नकुहिने फोहोरहरू अलग अलग सङ्कलन गरी कम्पोष्ट मल बनाउँदै किसानहरूलाई बिक्री गर्दै आएका छौँ। ५ के.जी आलुको बीउ वितरण गर्दा २० के.जी. कम्पोष्ट मल निःशुल्क गराउँदै आएकोमा यस वर्ष तोकिएको मूल्यमा धानको बीउ र कृषि चुन ५० प्रतिशत अनुदान तथा नगरपालिकाद्वारा उत्पादित कम्पोष्ट मल सहुलियत दरमा वितरण गर्दैछौँ।

● किसानहरूले उत्पादन गरेको तरकारी सहज बिक्री वितरणका लागि भक्तपुर नपा ५ भेलुखेलमा तरकारी बजार निर्माण कार्य भइरहेको छ। त्यसैगरी कृषि उत्पादनहरू भण्डारण गर्न भनपा ८ लिबालीमा चिस्यान केन्द्र निर्माणाधीन अवस्थामा छ।

● कृषकहरूको लागि बाली स्वास्थ्य उपचार शिविर तथा माटो परीक्षण शिविर सञ्चालन गर्दैछौँ। साथै भक्तपुर नगरपालिकाद्वारा वितरण गरिएको आलु बालीको अनुगमन, नगरवासी कृषकहरूको लागि तरकारी नर्सरी व्यवस्थापन तालिम सञ्चालन र धानबालीमा लाग्ने रोग तथा कीरा व्यवस्थापनसम्बन्धी अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गर्दै आएका छौँ।

● छाडा छोडिएका चौपाया नियन्त्रणका लागि आवश्यक व्यवस्था गर्दै आएकोमा चालू आ.व. मा १ हजार २९ ओटा कुकुरलाई रेबिज खोप दिइयो भने कुकुर बन्ध्याकरण गर्ने कार्य भइरहेको छ।

## खानेपानी

● खानेपानीको समस्या समाधान गर्न परम्परागत पानीका स्रोतहरू पोखरी, ढुङ्गेधारा, इनार, कुवाहरूको संरक्षण गर्नुकासाथै नगरवासीहरूको घरघरसम्म मेलम्चीको पानी पुऱ्याउने कोसिस गर्दैछौँ। केयुकेएलसँग समन्वय गरी ठाउँ ठाउँमा बोरिङ गरी पानीको व्यवस्था गर्दै आएका छौँ भने मेलम्चीको पानी पुरानै पाइपबाट पानी वितरण गर्दैछौँ।

नगरकोटबाट आउने पानी अत्यन्त कम भएकोले अझै नगरका विभिन्न ठाउँहरूमा पानीको समस्या भएको हुँदा हामी त्यसको पनि समाधानको क्रममा छौं।

## खेलकुद

● नगरपालिकाले फुटबल, भलिबल, बक्सिङ्ग, जिम्नाष्टिक, कराँते र टेबुलटेनिसको नियमित प्रशिक्षणलाई निरन्तरता दिँदै पूर्णकालीन खेलकुद प्रशिक्षकको व्यवस्था गरी नगरक्षेत्रका विद्यालयहरूमा नियमित खेलकुद प्रशिक्षण दिँदै छ। यो वर्ष ४९ जना विद्यालय खेलकुद शिक्षकहरूलाई पनि खेलकुद प्रशिक्षण दियौँ।

● २०८० माघ २१ देखि २७ गते सम्पन्न विद्यालयस्तरीय खेलकुद प्रतियोगिता १५ ओटा खेलमा ८१ ओटा विद्यालयबाट २२५६ जना विद्यार्थीहरूले भाग लिएका थिए।

● त्यस्तै २०८० फागुन २९ देखि चैत्र ३ गतेसम्म विभिन्न १५ ओटा नगरपालिकाहरूको सहभागितामा अन्तनगर महिला कबड्डी प्रतियोगिता सम्पन्न भयो।

● नगरवासीहरूलाई स्वस्थ राख्न टोल टोलमा शारीरिक व्यायाम प्रशिक्षण गर्दै आएकोमा २०८० असोज २९ गते भक्तपुरको दरबार क्षेत्रमा वृहत शारीरिक व्यायाम (छिकोङ) प्रदर्शनी भयो।

● सबै नागरिकहरूको स्वास्थ्य राम्रो बनाउन भक्तपुर नपाले टोल टोलमा खुला व्यायामशालाहरूको व्यवस्था गर्दै आएको छ। २०८०/८१ मा विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलहरूमा पदक जित्ने हाम्रा खेलाडीहरूको मनोबल बढाउन यस वर्ष २०८१ जेठ ५ गते नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ज्यूको प्रमुख आतिथ्यमा खेलाडी सम्मान कार्यक्रम सम्पन्न भयो।

## युवा र आत्मनिर्भरता

● स्थानीय युवाहरूलाई सीप सिकाई आत्मनिर्भर बनाउन विद्युत्, कम्प्युटर, प्लम्बिङ, सिलाइ, हेयर कटिङ, बुटिक, पाक शिक्षाको प्रशिक्षण नियमित रूपमा सञ्चालन भइरहेको छ। यो वर्ष हालसम्म विभिन्न विषयमा ३०६ जनाले तालिम पाइसकेका छन्।

● नगरपालिकाले भाषा तालिमलाई पनि निरन्तरता दिँदै जापानी भाषा र चिनियाँ भाषाका कक्षा सञ्चालन गर्दैछ। चालू वर्षमा जम्मा ११७ जना विद्यार्थीहरूले ४ महिने जापानी भाषा र १३९ जना विद्यार्थीले चिनियाँ भाषा ४ महिने कोर्स पूरा गरेका थिए भने हाल चिनियाँ र जापानी भाषामा १२१ जना विद्यार्थीहरू अध्ययनरत छन्।

● युवाहरूलाई स्वरोजगार बनाउन नगरपालिकाले रु. ५ लाखसम्म युवा उद्यमशीलता ऋणको व्यवस्था गरेको छ। भक्तपुर नगर क्षेत्रका युवाहरूलाई युवा उद्यमशीलता प्रवर्द्धन ऋण परिचालन गर्न आवेदन सङ्कलन सुरु भइसकेको छ। २०८० चैत्र २७ गतेदेखि २०८१ वैशाख २ गतेसम्म, लघु उद्यम विकास कार्यक्रमअन्तर्गत नगर भित्रका १० ओटै वडाका बेरोजगार युवाहरूलाई ८ दिने उद्यमशीलता विकास तालिम सम्पन्न भयो। उक्त तालिममा ४६ जना सम्भावित उद्यमी छनौट भएको र तालिमका प्रशिक्षार्थीहरूलाई बेकरी, मखमली जुत्ता, स्कुल ब्याग, सिकर्मी, पेपर रिसाइक्लिङ, मुकुण्डो निर्माण, श्यानिटेरी प्याड निर्माणलगायतका सीप तालिम दिने तयारी भइरहेको छ।

## सहकारी

● सहकारी सञ्चालकहरू जनताको बचत रकम लिएर भाग्ने क्रम बढेको हुँदा नगरभित्रका सहकारीहरूमा त्यस्तो समस्या नआओस् भनी समय समयमा सूचना प्रवाह, भेलाहरू बोलाई सचेत पार्दैछौं। समस्या हुने सम्भावना देखिएका सहकारीहरूमा अनुगमन गरी सुधार्ने प्रयास गर्दैछौं। कतिपय सहकारीका सञ्चालकहरूको सम्पत्ति रोक्का गरी जनताको बचत फिर्ता गर्न सक्दो प्रयास गर्दैछौं।

## विकास निर्माण

● चालू आ.व.मा हालसम्म नगरस्तरीय योजनाको रूपमा सडक पूर्वाधार, सडक पीच, ग्राभेल, ब्लक छपाइ र ढुङ्गा छपाइ तथा इँटा छपाइ गरी ८२ ओटा नगरस्तरीय र मर्मतका योजनाहरू सम्पन्न भइसकेका छन्। वडा बजेटबाट वडा वडामा पनि विकास निर्माणका कामहरू भइरहेका छन्। खानेपानीतर्फ तुमचो प्लानिङ र कमलविनायक प्लानिङमा खानेपानी ट्यांकी निर्माण, भनपा १० बेखाल कभर्ड हल र भनपा ६ मा आदर निकेतन भवन निर्माण सम्पन्न भएको छ। बाढीजन्य क्षति न्यूनीकरण गर्न भनपा ८ लिबालीमा रिटेनिङ वाल निर्माण गरिएको छ। क्रमागत योजनाको रूपमा भवनतर्फ बेखाल स्वास्थ्य सेवा केन्द्र भवन, शीत भण्डारगृह, खँचा पोखरी स्वास्थ्य केन्द्र भवन निर्माण कार्यलाई निरन्तरता दिइएको छ।

● नगरका विभिन्न स्थानहरूमा ट्राफिक व्यवस्थापन नहुँदा समस्या भइरहेकोले नगर प्रहरीको व्यवस्था गरी सोको व्यवस्था र बजार व्यवस्थापनलगायतका उचित व्यवस्थापन गर्ने सक्दो प्रयास गर्दैछौं।

● भनपा ७, ८, ९ र १० का विभिन्न स्थानहरूमा यस वर्ष ५९ ओटा सिसि क्यामेरा जडान गरिएको छ।

## देको मिवा इतापाके आवास योजना

● भक्तपुर नगरपालिकाद्वारा सञ्चालित देको मिवा इतापाके जग्गा एकीकरण आयोजना १६५३ रोपनी जग्गामा सञ्चालन भइरहेको छ। कुल कित्ता सङ्ख्या २५०२ मध्येमा हालसम्म ८६२ ओटा (प्रतिशत ३६.१७) पूर्जा वितरण भइसकेको छ। गुठी जग्गाको समस्या र जनताका गुनासाहरूबारे गम्भीरतापूर्वक छलफल गरी समाधानको प्रयास भइरहेको छ भने पूर्वाधार निर्माणका कामहरू पनि भइरहेका छन्।

## बजार अनुगमन

● उपभोक्ता हक अधिकारलाई सुनिश्चितता प्रदान गर्न नगरवासीहरूको स्वास्थ्यमा प्रतिकूल प्रभाव पार्ने सबै किसिमका खाद्य र उपभोग्य सामग्रीहरूको बिक्री वितरणलाई नियमन गर्न समय समयमा भक्तपुर नगरपालिकाले अनुगमन गर्दैछ। जनस्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने औषधी पसलहरू, मासु पसल, मिठाइ पसललगायतका विभिन्न व्यापार व्यवसायको नियमित रूपमा अनुगमन भइरहेको छ। अनुगमनको क्रममा भेटिएका, म्याद नाघेका र सडे गलेका वस्तुहरू नष्ट गर्ने र मापदण्ड पूरा नगरी व्यवसाय सञ्चालन गरेको व्यवसायीलाई कानून बमोजिम कारबाही गरेका छौँ। त्यसै गरी विकास निर्माणको काममा पनि अनुगमन भइरहेको छ।

## नक्सापास

● आर्थिक वर्ष ०८०/८१ को १० महिनामा कुल ३१२ ओटा नक्सा दर्ता भएकोमा सो अवधिमा २७२ ओटा नक्सापास भयो। ती मध्ये १५१ जनाले निर्माण सम्पन्न प्रमाणपत्रसमेत प्राप्त गरिसकेका छन्।

## मुद्दा फछ्र्यौट

● आर्थिक वर्ष ०८०/८१ को १० महिनामा अनियमित निर्माणलगायतका विषयमा ४३० ओटा मुद्दा फछ्र्यौट भयो। सो अवधिमा नगरपालिकामा कुल ३५१ ओटा मुद्दा दर्ता भएको थियो।

## पुस्तकालय

● जनज्योति पुस्तकालयमा २०८० जेठ १ गतेदेखि २०८१ वैशाख मसान्तसम्ममा १४ हजार ३४५ जना पाठकहरूले पुस्तकालयको सेवा तथा सुविधा लिएका छन्। नगरवासीहरूको चाहनाअनुसार ई–लाइब्रेरी सञ्चालन भइरहेको छ भने ई–लाइब्रेरी कक्षमा १० ओटा इन्टरनेटसहितको कम्प्युटर व्यवस्था गरिएको छ। हालसम्म पुस्तकालयमा १५३५ जना सदस्यहरू आबद्ध छन्। पुस्तकालयमा दर्शन, धर्म, सामाजिक, भाषा, विज्ञान, कला, साहित्य, भूगोल तथा इतिहासका करिव १८ हजारभन्दा बढी पुस्तकहरू सङ्कलित छन्।

## सञ्चार माध्यम

● भक्तपुर नगरपालिकाले आर्थिक अनुशासन र पारदर्शितालाई प्राथमिकतामा राख्दै सुशासन कायम गर्ने प्रयास गर्दै आएको छ। सो क्रममा भक्तपुर नगरपालिकाले सुरुदेखि नै आफ्नो मुखपत्र प्रकाशन गरी नगरपालिकाको सम्पूर्ण गतिविधि र निर्णयहरू सार्वजनिक गर्दै आएको हो। भक्तपुर नगरपालिकाले नियमित मासिक भक्तपुर, पाक्षिक ख्वप पौ, भक्तपुर खबर डट कम (अनलाइन) पत्रिका, फेसबुक पेज, वेब साइटमार्फत नगरपालिकाको सम्पूर्ण गतिविधि सार्वजनिक गर्दै आएको छ।

● यो वर्ष 'वाकुपति चाँगुनारायणमा तामाको छानामा सुनको जलप–२०८०', 'भजन गीत सङ्ग्रह' र 'भाजु पुखू पुनःनिर्माण' गरी ३ ओटा पुस्तक प्रकाशन गरियो।

## विविध

● २०८० मंसिर २६ गते जनवादी गणतन्त्र चीनको सचुवान प्रान्तको लसान सहरसँग मैत्रीपूर्ण सहकार्य सम्बन्ध स्थापना भयो।

● २०८० मंसिर १७गते ३२ औँ अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको उपलक्ष्यमा भक्तपुर नगर भित्रका अपाङ्गता भएका व्यक्तिहरूको वृहत भेला, स्वास्थ्य शिविर, विभिन्न खेल, चित्रकला प्रतियोगिता र बास्केटबल खेल प्रदर्शनी भयो।

● दोस्रो कार्यकालको दुई वर्षको अवधिमा ७५ ओटाभन्दा बढी स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरूको प्रतिनिधिमण्डलले भक्तपुर नगरपालिकाको अध्ययन/अवलोकन भ्रमण गरेको रेकर्ड छ।

● साथै सङ्घीय र प्रदेश सरकारका २० ओटाभन्दा बढी प्रतिनिधिमण्डलले नगरपालिकाको भ्रमण गरेको छ।

● विभिन्न देशका उच्च पदस्थ पदाधिकारीहरूले पनि भक्तपुरको भ्रमण गर्नु भएको छ।

यही जेठ ३ र ४ गते वाग्मती प्रदेशका २१ ओटा गाउँपालिकाका प्रतिनिधिहरूलाई भक्तपुर नगरपालिकामा सम्पदा संरक्षण सम्बन्धी अभिमुखीकरण सम्पन्न भयो भने जेठ ८ र ९ गते अरू २१ ओटा नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीहरूका प्रतिनिधिहरूको सोही विषयमा अभिमुखीकरण हुने कार्यक्रम छ।

यसरी भक्तपुर नगरपालिका सबैको लागि सिक्ने ठाउँको रूपमा विकास हुँदैछ। भक्तपुरलाई यो ठाउँसम्म ल्याइ पुऱ्याउन धेरैले आआफ्नो क्षेत्रबाट योगदान गर्नुभएको छ। उहाँहरू सबैमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछौँ।

हामीले जनताका थुप्रै अपेक्षाबिच सीमित श्रोत र साधनको आधारमा केही काम गऱ्यौँ। भक्तपुर नगर र नगरवासीका निम्ति गर्नु पर्ने धेरै कामहरू बाँकी छन्। ती काम पनि नगरवासीहरूसँग छलफल गरी विस्तारै गर्दै जाने छौँ। भक्तपुरलाई नमुना नगर बनाउन नगरपालिकाका हरेक काममा सधैँ साथ र सहयोग गर्ने स्थानीय जनता, राजनैतिक पार्टीका कार्यकर्ताहरू, पूर्व जनप्रतिनिधिहरूलगायत सबैलाई भक्तपुर नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ।

(भक्तपुर नगरपालिकामा जनप्रतिनिधिहरूको दुई वर्ष (२०८१ जेठ ६ गते) कार्यक्रममा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले व्यक्त गर्नुभएको मन्तव्य)

## समीक्षा कार्यक्रम




'हामीले भौतिक विकासमात्र होइन, जनतालाई सैद्धान्तिक र वैचारिकरूपले सचेत र सङ्गठित गर्नुपर्छ।'

उक्त भनाइ भनपा वडा नं. ९ कार्यालयद्वारा जेठ ७ गते आयोजित भक्तपुर नगरपालिकामा जनप्रतिनिधि बहाल भएको दुई वर्ष समीक्षा कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले व्यक्त गर्नुभएको हो। नयाँ पुस्ता या युवाहरूमा राजनीतिक चेतना दिन नसक्दा पच्छिम बङ्गालमा विकास धेरै भए पनि कम्युनिस्ट पार्टी कमजोर हुँदै गएको उहाँले स्मरण गराउनुभयो।

हरेक पुरानो अनुभव नयाँ पुस्ताको निम्ति ऊर्जा हुने हुँदा पुरानो अनुभव या इतिहास नयाँ पुस्तालाई जानकारी दिनुपर्ने आवश्यकता औँल्याउनुहुँदै उहाँले शत्रुको प्रशंसाबाट सचेत हुनुपर्ने उल्लेख गर्नुभयो।

भक्तपुर नगरपालिकाले नेपालको कानुनको घेराभित्र रहेर समाजवादी मोडेलअनुसार कार्य गरिरहेको चर्चा गर्नुहुँदै शिशु स्याहारदेखि कलेज सञ्चालन, स्वास्थ्य, सम्पदा, सरसफाइमा पनि उदाहरणीय कार्य गरिरहेको बताउनुभयो।

मौलिकता कायम गर्न, निर्माण कार्य गुणस्तरीय र भरपर्दो बनाउन, अपनत्व कायम गर्न, स्थानीय स्रोत र साधन प्रयोग गर्न र गराउन तथा स्थानीय श्रम, सीप परिचालन गरी रोजगारीको व्यवस्था गर्न हरेक निर्माण कार्य उपभोक्ता समितिमार्फत कार्य गरिरहेको उल्लेख गर्नुहुँदै उहाँले भक्तपुर देश विदेशका सरोकारवालाहरूको अध्ययन गर्ने र सिक्ने थलो बनिरहेको स्पष्ट पार्नुभयो।

विकासको निम्ति स्थानीय जनताको एकता आवश्यक भएको स्पष्ट पार्नुहुँदै नगर प्रमुख प्रजापतिले वाग्मती प्रदेश सरकारले संविधानअनुसार दिनुपर्ने विशेष अनुदान नदिई गरिएको पक्षपातको निन्दा गर्नुभयो।

भनपा वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले वडाले गरिरहेको विविध गतिविधिको जानकारी दिनुहुँदै आउँदो आर्थिक वर्षको लागि गरिने योजनाहरूको निम्ति सुझाव दिन आग्रह गर्नुभयो।

उहाँले ख्वप अस्पतालको पुरानो भवनको मर्मत सम्भार, शौचालय, ब्रह्मायणी मन्दिर परिसर वरपरको सुधार, खानेपानी वितरण, पीच, पेटीमा ब्लक छाप्ने, स्वास्थ्य शिविर, परम्परागत खेल सञ्चालन, शैक्षिक ऋण, रोजगारी कार्यक्रम, तालिम, छात्रवृत्ति, पुस्तक प्रकाशन आदिबारे जानकारी दिनुभयो।

पूर्ववडाध्यक्ष **कृष्णभक्त लवजू**ले पार्टीको सिद्धान्त र विचारअनुसार निर्वाचनमा भाग लिई पार्टीको घोषणापत्र, जनताको सल्लाहअनुसार जनप्रतिनिधिहरूले काम गरिरहेको उल्लेख गर्नुहुँदै घोषणापत्र काम गर्ने मार्ग हो भन्नुभयो।



वडा सदस्य **इन्द्रबहादुर प्याथ**ले स्वागत गर्नुहुँदै व्यायामशाला, छिकोङ, स्वास्थ्य शिविर, कम्पोस्ट मल, माटो परीक्षण, बीउ वितरण आदिबारे जानकारी दिनुभयो।

अर्का वडा सदस्य **छोरीमैया सुजखू**ले कार्यक्रमको औचित्यबारे प्रकाश पार्नुभयो।

सो अवसरमा प्राविधिक **अर्हत् बज्राचार्य**ले आर्थिक वर्ष ०७९/०८० र ०८०/०८१ मा वडामा भए गरेका विकास कार्य र मर्मत सम्भारको जानकारी दिनुभयो।

त्यस्तै, वडाका नर्स **दिव्या सुवाल**ले घरदैलोअन्तर्गतको स्वास्थ्य सेवाबारे जानकारी दिनुभयो।

## अध्यक्ष बिजुक्छेँद्वारा अरनिको सभाभवन शिलान्यास

# व्यक्ति, समाज र देशले आत्मनिर्भरताको बाटो अँगाल्नुपर्नेमा जोड




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित)को प्रमुख आतिथ्यमा अरनिको सभाभवनको शिलान्यास एक समारोहमा भक्तपुर नपा वडा नं. ६ देकोचामा वैशाख २१ गते सम्पन्न भयो।

सभाभवन शिलान्यास कार्यक्रममा अध्यक्ष **बिजुक्छेँ**ले मानव सभ्यताको इतिहास र विकासक्रम अध्ययनको लागि भवन शिलान्यासको क्रममा राखिएका सामग्रीहरूले महत्त्वपूर्ण तथ्यको रूपमा भूमिका खेल्ने बताउनुहुँदै जगलाई बलियो बनाउन सके त्यसमा निर्माण हुने भवन स्वतः बलियो हुने विचार व्यक्त गर्नुभयो।


सुविधासम्पन्न अरनिको सभाभवनको निर्माण गर्ने उद्देश्यले भक्तपुर नपाले देकोचामा जग्गा अधिग्रहण गरेको बताउनुहुँदै स्थानीय निकाय भङ्ग हुँदा देश कयौँ वर्ष पछाडि धकेलिएको उहाँले बताउनुभयो।

सरकारको भरमा देशलाई विकास गर्ने सोच राखे हामी कहिल्यै अगाडि बढ्न सक्दैनौँ भन्नुहुँदै उहाँले व्यक्ति, समाज र देशले आत्मनिर्भरताको बाटो अँगाल्नुपर्नेमा जोड दिनुभयो।




नयाँ पुस्तालाई राजनीतिमा अगाडि ल्याउन सके उनीहरूको सांस्कृतिक स्तर पनि माथि उठ्ने बताउनुहुँदै उहाँले सार्वजनिक पदमा रहेका पदाधिकारीहरूले आफ्नो शक्ति र अधिकार व्यक्तिगत हित वा फाइदाको लागि प्रयोग गर्दा देशमा भ्रष्टाचारजस्तो अपराधिक गतिविधि मौलाउँदै गइरहेको बताउनुभयो।



जनतालाई इमानदारीपूर्वक काम गर्न हामीले सँधै प्रेरित गर्नुपर्ने बताउनुहुँदै उहाँले शासक दलहरूले इमान गुमाउँदा देशलाई घात भइरहेको बताउनुभयो ।



कार्यक्रममा नेमकिपाका सचिव एवम् सङ्घीय सांसद **प्रेम सुवाल**ले अरनिको सभाभवन र ख्वप कलेज निर्माणको निम्ति जग्गा प्रदान गर्ने नगरवासीहरूलाई धन्यवादज्ञापन गर्नुहुँदै उहाँले कुनै पनि ठूल्ठूला योजनाहरू निर्माण गर्दा निर्माण सामग्रीको गुणस्तरको विषयमा ध्यान दिनुपर्ने बताउनुभयो ।

अरनिको सभाभवनलाई जनअध्ययन गृहको रूपमा विकास गर्ने विषयमा नगरपालिकाले जोड दिनुपर्ने उहाँले सुझाव दिनुभयो ।

सल्लाघारीस्थित १०८ रोपनी जग्गा ख्वप विश्वविद्यालय सञ्चालनको लागि नपालाई उपलब्ध गराएको खण्डमा चिकित्सा शिक्षा सस्तोमा अध्ययन गराउने नगरपालिकाको तयारी रहेको बताउनुहुँदै उहाँले पूर्वाधार भएको सक्षम नगरपालिकालाई विश्वविद्यालय सञ्चालन गर्न दिनुपर्नेमा जोड दिनुभयो । सोही क्रममा उहाँले ख्वप विश्वविद्यालय विधेयक छिट्टै संसद्बाट पारित होस् भन्ने जनताको चाहना रहेको उल्लेख गर्नुभयो ।

संसद्का गतिविधिबारे प्रष्ट पार्नुहुँदै सांसद सुवालले भारतको इसारामा चल्ने नेपाल सरकार भारतको कठपुतली सरकार सावित हुँदै गएको बताउनुहुँदै अस्पतालहरूलाई स्वास्थ्य बीमाको रकम समयमै उपलब्ध नहुँदा स्वास्थ्य बीमा बन्द हुने अवस्था सिर्जना भएको बताउनुभयो ।

शासकहरूले संसद्मा जनताका प्रतिनिधिलाई बोल्न बन्देज लगाउने जनविरोधी कार्य गरिरहेको बताउनुहुँदै उहाँले सहर, बस्तीको बीचमा धेरै विद्युत् बग्ने हाइटेन्सन लाइन राख्नु गलत कार्य हो भन्नुभयो ।



कार्यक्रमका सभापति एवम् भक्तपुर नपाका प्रमुख **सुनिल प्रजापति**ले अरनिको सभाभवन भक्तपुर नगरपालिकाको एक महत्त्वपूर्ण नगर योजना भएको बताउनुहुँदै योजनालाई समयमै सम्पन्न गर्न सबैको तर्फबाट सहयोगको अपेक्षा रहेको बताउनुभयो ।

अरनिको सभाभवन निर्माण कार्यलाई तीव्रता दिन नगर प्रमुखको संयोजकत्वमा निर्माण समिति गठन गरी काम अगाडि बढाइसकेको बताउनुहुँदै उहाँले अरनिको सभाभवन निर्माणले विद्यालय, कलेज र विभिन्न सङ्घ संस्थाहरूको कार्यक्रमहरू गर्न सहज हुने बताउनुभयो ।



सभाभवन बनाइने जग्गा

२०५८ सालमै तत्कालीन जनप्रतिनिधिहरूले अरनिको सभाभवन बनाउने उद्देश्यले देकोचामा जग्गा अधिग्रहण गरेको स्मरण गर्नुहुँदै जगनाथ क्षेत्र सांस्कृतिक, पुरातात्त्विक र ऐतिहासिक दृष्टिले अत्यन्त महत्त्वपूर्ण र उत्खनन गर्नुपर्ने भएकोले अरनिको सभाभवन नयाँ ठाउँमा बनाउनुपरेको हो भन्नुभयो ।



वाग्मती प्रदेशसभा सदस्य **सुरेन्द्रराज गोसाई**ले अरनिको सभाभवन निर्माण नगरवासीहरूको निम्ति मात्र होइन भक्तपुर जिल्ला र देशकै साहित्यिक र सांस्कृतिक गतिविधिको लागि समेत महत्त्वपूर्ण उपलब्धी सावित हुने विश्वास व्यक्त गर्नुभयो ।

नेपाली वास्तुकार 'अरनिको' कलाकार, आर्किटेक्ट र वैज्ञानिकको रूपमा संसारसामु चिनिएको बताउनुहुँदै उहाँले सभाभवनको आवश्यकता र अभावपूर्ति हुने दिनको रूपमा आजको दिनलाई स्मरण गर्नु उचित हुने बताउनुभयो ।

उहाँले अरनिको सभाभवन निर्माणले साहित्यिक, सांस्कृतिकका साथै शैक्षिक र बौद्धिक गतिविधिमा समेत टेवा

पुग्ने बताउनुहुँदै भक्तपुरको सामाजिक, सांस्कृतिक र राजनीतिक विकासमा समेत यसले सकारात्मक भूमिका खेल्ने बताउनुभयो। सांसद गोसाईले अरनिको सभाभवन निर्माणमा पनि जनश्रमदान जुटाएर अगाडि बढ्न सकेको खण्डमा सुनमा सुगन्ध थपिने सोही अवसरमा बताउनुभयो।

सभाभवन निर्माणको निम्ति वाग्मती प्रदेशसभासमक्ष पनि सहयोगको लागि अनुरोध गरेको स्मरण गर्नुहुँदै उहाँले वाग्मती प्रदेश सरकार जनताका गतिविधि र समाजको विकासमा उदासिन रहेको उल्लेख गर्नुभयो।

उहाँले भन्नुभयो, 'सभाभवन निर्माणको लागि वाग्मती प्रदेशबाट बजेट विनियोजन भइसकेको स्थिति थियो तर फेरि पनि त्यसमा आनाकानी र असहयोग गर्ने स्थिति देखिएको छ।'



त्यस्तै उपप्रमुख **रजनी जोशी**ले भक्तपुरको गौरवको आयोजनाको रूपमा अरनिको सभाभवन निर्माण कार्य अगाडि बढाइएको बताउनुहुँदै सभाभवन निर्माणसँगै नगरवासीहरू लाभान्वित हुने बताउनुभयो।

कार्यक्रममा ज्योतिषाचार्य **विरेन्द्रप्रसाद कायष्ठ**ले पनि बोल्नुभएको थियो भने भक्तपुर नपा वडा नं. ६ का वडाध्यक्ष **हरिराम सुवाल**ले स्वागत मन्तव्य र भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले सम्पूर्ण सहभागीहरूलाई धन्यवादज्ञापन गर्नुभयो। कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले पनि बोल्नुभएको थियो।

भक्तपुर नपा वडा नं. ६ देकोचामा निर्माण भइरहेको अरनिको सभाभवनको वास्तुकला र संरचनाको डिजाइन भक्तपुर नपाबाट सञ्चालित ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङले गरेको थियो भने सभाभवनको मुख्य अडिटोरियम (मुख्य हल) ११०० जनाको क्षमताको रहेको छ। सभाभवनमा बहुउद्देश्यीय हल १२८ जनाको, श्रव्य दृश्य ९६ जनाको, ४ ओटा रिहर्सल कक्ष रहनेछ। सभाभवनको प्रदर्शनी कक्ष १०६२.९९ व.मि., बेसमेन्ट पार्किङ ४६ गाडी र २३१ मोटरसाइकल अट्ने क्षमताको रहेको छ भने खुला थियटर ६०० जनाको क्षमताको रहेको छ। सभाभवनको प्लिन्थ एरिया ३२०१ व.मि. रहेको छ भने फोहरासहितको बगैंचाको व्यवस्था गरिएको छ।



# गुंला बाजाको खुला प्रतियोगिता सम्पन्न

## क्वनेया गुंला बाजा सञ्चालन तथा व्यवस्थापन समिति प्रथम




'पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृति' नाराका साथ भक्तपुर नगरपालिकाको आयोजनामा भएको गुंला बाजाको खुला प्रतियोगिता वैशाख २२ गते भक्तपुर नपा वडा नं. १ भार्वाचो (कुथुबही) मा एक भव्य समारोहबीच सम्पन्न भयो ।

गुंला बाजा प्रतियोगितामा भनपा ३ तेखाचोको क्वनेया गुंला बाजँ सञ्चालन तथा व्यवस्थापन समिति प्रथम भएको छ ।

त्यस्तै बुराँख्यो यँ, नरदेवीको ङत तुलाधर गुंला बाजँ खलः **द्वितीय**, मध्यपुर थिमीको प्रजापति गुंला बाजा **तृतीय**, मथिनपा वडा नं. ५ को थिमि गुंला बाजा खलः र इतुंबहाः यँ, वडा नं. २४ को केशचन्द्र गुंला बाजं खलः ले **सान्त्वना** स्थान हासिल गरेका थिए ।

प्रतियोगिता समापन तथा पुरस्कार वितरण कार्यक्रमका प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छैं (रोहित) ले प्रतियोगिताका विजयी समूहलाई पुरस्कार वितरण गर्नुभयो ।

प्रतियोगितामा प्रथम भएको समूहलाई नगद रु. ४० हजार, द्वितीयलाई नगद रु. ३० हजार, तृतीय हुन सफल समूहलाई नगद रु. २५ हजार र सान्त्वना स्थान प्राप्त गरेको २ ओटा समूहलाई रु. २० हजार प्रति समूह नगद पुरस्कार प्रदान गरिएको थियो । प्रतियोगितामा सहभागी प्रत्येक टोलीलाई रु. ५ हजार प्रदान गरिएको थियो भने प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हासिल गरेको बाजा समूहलाई वाद्यवादन सामग्री पनि पुरस्कारको रुपमा प्रदान गरिएको थियो ।

### 'देशको कला संस्कृति नै हाम्रो अमूल्य सम्पत्ति'

समापन कार्यक्रममा प्रमुख अतिथि **बिजुक्छैं** (रोहित) ले भक्तपुर नगरपालिकाको आयोजनामा भएको गुंला बाजा प्रतियोगिता एक सांस्कृतिक पर्वको रूपमा सञ्चालन भएको बताउनुहुँदै प्रतियोगिता आयोजनाले संस्कृतिकर्मी र कलाकारहरूमा उत्साह थपेको बताउनुभयो ।




भक्तपुर कला र संस्कृति संरक्षण र प्रवर्द्धनमा अग्रणी र जीवन्त सहरको रूपमा विकास हुँदै आइरहेको बताउनुहुँदै उहाँले देशको कला संस्कृति नै हाम्रो अमूल्य सम्पत्ति रहेको बताउनुभयो ।



नयाँ पुस्तामा ज्ञान र सीप हस्तान्तरणले देशको मौलिक संस्कृति जगेर्नामा उल्लेखनीय योगदान पुग्ने बताउनुहुँदै उहाँले विद्यालयस्तरदेखि यस्ता सीपहरूको प्रशिक्षण दिन सके देशको कला संस्कृति जीवन्त हुने बताउनुभयो ।



समारोहका सभापति एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले प्रतियोगिता सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्ने सम्पूर्णमा हार्दिक धन्यवादज्ञापन गर्नुहुँदै भक्तपुर नपाको आयोजनामा भएको खुला गुंला बाजा प्रतियोगितामा १० ओटा महानगरपालिका–नपा र ४ ओटा जिल्ला गरी २६ ओटा बाजा खलःले सहभागिता जनाएको बताउनुभयो ।



भक्तपुरको अमूर्त र अमूर्त सम्पदाहरू संरक्षण नै यहाँको विशेषता भएको बताउनुहुँदै उहाँले मौलिक संस्कृति जगेर्नामा सबैले हातेमालो गर्नुपर्ने धारणा राख्नुभयो ।

निर्णायकमण्डलका तर्फबाट डा. **पुष्परत्न शाक्य**ले भक्तपुर नपाले बौद्ध धर्म र संस्कृतिसँग जोडिएको गुंला बाजा प्रतियोगिता आयोजना गरी उल्लेखनीय कार्य गरेको बताउनुहुँदै प्रतियोगिता आयोजनाले गुंला बाजा संरक्षण र सम्बर्द्धनमा समेत टेवा पुग्ने बताउनुभयो ।

उक्त कार्यक्रममा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **बसन्त भट्टराई**ले सहभागी सम्पूर्णमा धन्यवादज्ञापन गर्नुभएको थियो भने भनपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले मूल्याङ्कण परिणाम घोषणा गर्नुभएको थियो ।

कार्यक्रममा प्रमुख प्रजापतिले सहभागीहरूलाई प्रमाणपत्र र मायाको चिनो वितरण गर्नुभएको थियो भने उपप्रमुख जोशीले मूल्याङ्कनकर्ताहरूलाई मायाको चिनो प्रदान गर्नुभएको थियो ।

## र्‍याली र उद्घाटन



प्रतियोगिता सुरु हुनु अगाडि भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र उपप्रमुख रजनी जोशीको नेतृत्वमा गुंला बाजाको खुला प्रतियोगिताको उद्घाटन र्‍याली भनपा ५ टौमढीबाट सुरु भई नासमना, वंशगोपाल, तेखापुखु, इटाछेँ, न:पुखु हुँदै भार्वाचो (कुथुबही) मा पुगी सभामा परिणत भएको थियो ।



प्रमुख अतिथि नेमकिपा अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) प्रतियोगिताको अवलोकन गर्नुहुँदै

र्‍याली सुरु हुनुअघि भनपा-९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले प्रतियोगिताको आयोजनाको उद्देश्यबारे चर्चा गर्नुभयो ।

प्रतियोगिताको भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले पानसमा दीप प्रज्ज्वलन गरी उद्घाटन गर्नुभयो ।

कार्यक्रमको उद्घाटन कार्यक्रममा नगर प्रमुख **प्रजापति**ले पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति भन्ने मूल नाराका साथ भक्तपुर नपाले बौद्ध धर्मसँग जोडिएको गुंला बाजा प्रतियोगिता आयोजना गरेको र प्रतियोगितामा विभिन्न बाजा खल:हरूको उत्साहपूर्वक सहभागिता रहेको बताउनुभयो ।

भक्तपुर नपाले यहाँको कला र संस्कृति नयाँ पुस्तामा पुस्तान्तरण गर्न विद्यालयस्तरबाट स्थानीय पाठ्यक्रममा विद्यार्थीहरूलाई अध्ययन अध्यापन गराउँदै आएको बताउनुहुँदै उहाँले सांस्कृतिक गुरुहरूको सम्मान पनि नपाले विशेष जोड दिँदै आएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष **श्यामकृष्ण खत्री**ले स्वागत मन्तव्य राख्नुभएको थियो भने उद्घाटन कार्यक्रममा दत्तात्रय नौबाजा खल:को तर्फबाट नौ बाजा प्रस्तुत गरिएको थियो ।

भक्तपुर नपाको आयोजनामा मिति २०८१ वैशाख २२ गते भार्वाचोमा भएको गुंला बाजाको खुला प्रतियोगितामा सहभागी समूहहरू

| क्र.सं. | सहभागी समूह | ठेगाना |
|---|---|---|
| १ | श्री बिश्वकर्मा गुंला बाजँ खल: | क्वाण्डौ, भक्तपुर नपा १० |
| २ | चारुमती गुंला बाजँ खल: | चाबही यँ |
| ३ | चस्वाँई मानन्धर सना: गू खल: | चस्वाँई यँ, वडा नं. १९ |
| ४ | क्वनेया गुँला बाजँ सञ्चालन तथा व्यवस्थापन समिति | तेखाचो भक्तपुर नपा ३ |
| ५ | सा:क्वलाँ गुंला धलं डक नौ बाजा | साकोलान भक्तपुर नपा ९ |
| ६ | सिद्धार्थ धाँ बाजँ खल: (अनुपस्थित) | गोदावरी नपा १४, बाडे गाउँ |
| ७ | असं बाजँ गुथि | असन, कामनपा |
| ८ | केशचन्द्र गुंला बाजँ खल: | इतुंबहा: यँ, वडा नं. २४ |
| ९ | सक्व बज्राचार्य संघ | शंखरापुर, साँखु |
| १० | बाँख्यो दाफा भजन खल: | बनेपा नपा, वडा नं. ८ |
| ११ | हिरण्यवर्ण महाविहार दाफा भजन खल: | यल: नागबहाल |
| १२ | न्याग: मणी फेदि मानन्धर गुथि | न्हुती, बालाजु |
| १३ | श्री छत्रपाल महाभैरव मंका खल: | महालक्ष्मी नपा, वडा नं. ८ लुभू |
| १४ | प्रजापति गुंला बाजा | मध्यपुर थिमि |
| १५ | ॐ बहा: गुंला बाजँ खल: | ओमबहा: यँ, वडा नं. २३ |
| १६ | लायकूसा: मानन्धर समाज | झोछेँ, कामनपा २९ |
| १७ | दिपङ्कर गुंला बाजा खल: भौंट | बनेपा नपा, वडा नं. ७ |
| १८ | जय बागेश्वरी धाँ बाजा खल: | जय बागेश्वरी यँ, वडा नं. ८ |
| १९ | जनवहा: गुंला बाजं, कसा त:धँ गुथि | कसा: ख्य:, डल्लु |
| २० | डत तुलाधर गुंला बाजं खल: | बुराँख्यो यँ, नरदेवी |
| २१ | पन्ति गुंला बाजँ खल: | पनौती |
| २२ | थिमि गुंला बाजा खल: | म.थि.न.पा., वडा नं. ५ |
| २३ | इन्द्र वर्ण (बर्त) महाविहार गुंला बाजा खल: | इनाचो, भक्तपुर नपा ७ |
| २४ | पाक्व पुखूद्याँ मानन्धर सना: खल: | पाको यँ, वडा नं. २२ |
| २५ | यँ हिति मानन्धर गुथि | यँहिति, कामनपा १७ |
| २६ | अतिथि प्रस्तुति: सनस्टार धाँ बाजा खल: | चिथु-१०, ललितपुर |

नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
नगरको विकासमा सघाऔं ।

# खुला गुंलाबाजा प्रतियोगिता २०८१, एक सिंहावलोकन



महेन्द्र राज शाक्य

## पृष्ठभूमि

भक्तपुर नगरपालिकाको आयोजनामा गुंलाबाजाको इतिहासमा सम्भवतः पहिलो पटक वि.सं. २०८१ वैशाख २२ गते (ने.सं. ११४४ चौलागा एकादशी) शनिवारका दिन 'खुला गुंलाबाजा प्रतियोगिता २०८१' कुथुबही, इटाछेँ भक्तपुरमा सांस्कृतिक महोत्सवको रूपमा भव्यतापूर्वक सम्पन्न भएको छ। भक्तपुर नगरपालिकाको अमूर्त सांस्कृतिक सम्पदाहरूको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गर्ने भावनाको विकास गर्न हरेक वर्ष एकओटा सांस्कृतिक बाजा प्रतियोगिता सञ्चालन गर्दै आएकोमा यो वर्ष ऐतिहासिक गुंलाबाजाको प्रतियोगिता आयोजना गरिएको हो। भक्तपुर नगरपालिकाले घोषणा र प्रतिबद्धता अनुरूप हरेक वर्ष सांस्कृतिक बाजाहरूको संरक्षण र प्रवर्द्धन गरी नयाँ पुस्तामा हस्तातरणका लागि प्रतिस्पर्धा गराउने योजना अनुरूप २०७४ सालमा बाँसुरी बाजा, २०७५ सालमा धाँ बाजा, २०७६ सालमा धिमाय् बाजा, २०७७ सालमा कोभिडको कारण नभएको, २०७८ सालमा पछिमा बाजा र २०७९ सालमा प्रगतिशील भजन प्रतियोगिता आयोजना गरिएको थियो। भाषा, कला, संस्कृति सम्पदा संरक्षण नै हाम्रो सभ्यता संरक्षण हो भन्ने उद्देश्य अनुरूप नयाँ पुस्तालाई सुसंस्कृत बनाउन युवा पुस्तालाई परम्परागत सीप हस्तान्तरण गर्न लोपोन्मुख सांस्कृतिक अमूर्त सम्पदाहरूको नियमित प्रशिक्षण आवश्यक हुन्छ। साथै विभिन्न समयमा यस्ता सांस्कृतिक बाजाहरूको प्रदर्शनी तथा प्रतियोगिताको आयोजनाबाट यसको धार्मिक, सामाजिक, सांस्कृतिक विविध पक्ष उजागर हुनका साथै युवा पुस्तालाई यस तर्फ आर्कषित गराउन सहयोग पुग्ने विश्वास गर्न सकिन्छ। अर्कोतर्फ लोपोन्मुख अमूर्त सांस्कृतिक सम्पदाहरूका प्रशिक्षक, गुरु, सांस्कृतिककर्मीहरूको योगदानको सम्मान हुनुको साथै यसको संरक्षण र प्रवर्द्धनमा थप अभिप्रेरित हुने वातावरणको निर्माण हुन्छ। यही क्रममा यो आर्थिक वर्षको वार्षिक कार्यक्रममा नगरपालिकाले गुंलाबाजा प्रतियोगिता आयोजना गरिने र यसको ब्यवस्थापनका लागि सम्पदा संस्कृति समितिका प्रमुख वडा अध्यक्ष रबिन्द्र ज्याख्वःको संयोजकत्वमा वडा अध्यक्षज्यूहरू उकेश कवां, श्यामकृष्ण खत्री, राजकृष्ण गोरा, लक्ष्मीप्रसाद ह्याउँमिखा र महिला सदस्य सुनिता प्रजापति अवाल रहेको तयारी समिति गठन गरेको र भक्तपुरका तीन ओटा गुंलाबाजं खलः र तीन ओटा गुंला ङक धल नौ बाजाका प्रतिनिधिहरू र अन्य सम्बन्धित बुद्धिजीवीहरूसँग छलफल तथा अन्य विज्ञहरूसँग आवश्यक परामर्श गरिने जानकारी दिनुभयो।

## गुंलाबाजाको परिचय र यसको ऐतिहासिकता

नेपालीहरूको धार्मिक तथा सांस्कृतिक जीवनमा सङ्गीतको धेरै महत्त्व र विशेषता रहेको छ। नेपालका विभिन्न भाषाभाषीहरूको विविध धार्मिक जात्रा चाडपर्वहरू मनाउने विभिन्न आदिवासी जाति जनजातिहरू मध्ये नेपाल भाषा बोल्ने नेवाः समाजमा सङ्गीतका विविध पक्षहरूको विशेषताहरू सहित उल्लेखनीय चर्चा परिचर्चा हुने गर्दछ। नेवाःसमाजमा वाद्यवादनका विशारद हाम्रा पुर्खाहरूले धेरै नै सोच विचार गरी विभिन्न किसिमका वाद्यवादनहरूको प्रयोग, धुन, ताल, सुरको निर्माण तथा गीतहरूको रचना तथा गायनमार्फत धार्मिक तथा सांस्कृतिक जात्रा पर्वहरूमा प्रस्तुति एवं यसको संरक्षणका लागि विभिन्न बाजा गुथिहरूको ब्यवस्थापन गरेको इतिहासमा उल्लेख गरेको पाइन्छ। एउटै समुदाय भित्र विभिन्न किसिमका बाजाहरूमा विविध ताल, धुन, गायन र नृत्य गरिने प्रचलन धार्मिक जात्रा पर्वमात्र नभै कुनै सामाजिक कार्य तथा संस्कार (जस्तै जन्म, ब्रतवन्ध, इही, विवाह, भीमरथारोहण, देवाली पूजा, विविध एवं विशेष पूजा, दाहसंस्कार मलामी आदि) मा सङ्गीतको छुटाछुट्टै प्रयोजन हुने आफ्नै छुट्टै विशेषता र ऐतिहासिक परम्परा रहेको छ। यसरी विभिन्न धार्मिक तथा सामाजिक कार्यहरूमा प्रचलनमा हुने विविध बाजाहरूमा धाः, नायखिं, खिं, पछिमा, ढोलक, दाफाखिं, क्वँचाखिं, नगरा, डमरु, पस्ता, पयँता (प्वंङा), न्येकु(ङक), बाँसुरी, मुहाली, सारङ्गी, तुङ्ना आदि सङ्गीतका विभिन्न साधनहरूको विकास गरेको पाइन्छ।

नेपालको ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरू मध्ये नेवाः बौद्ध समुदायमा अमूर्त सम्पदाको रूपमा परम्परादेखि

बजाउँदै, गाउँदै आएको बाजा गुंला बाजा पनि एक महत्त्वपूर्ण धार्मिक बाजा हो। गुंलाबाजा नेपाल मण्डलको विभिन्न बौद्ध कला, संस्कृति तथा सम्पदाको एक जीवन्त अमूर्त सम्पदा हो। उपत्यकाको कुनै स्थानमा गुंलाबाजाको धुन र ताल बज्ने वित्तिकै सो स्थानमा रहेका सबै मानिसको एउटै मत हुन्छ आज बौद्ध धर्मालम्बीहरूको कुनै धार्मिक कार्यक्रम भइरहेको छ वा हुन गइरहेको छ। गुंलाबाजा प्रायः नेपाल मण्डल उपत्यका र उपत्यकाबाट देशका विभिन्न जिल्लाहरूमा बसाईँसराइ भई गएका नेवाः बौद्धहरूको बाजाको रूपमा लिने गर्दछ। गुंलाबाजामा धाः, नायखिं, पस्ता, ता, भुस्या, छुस्या, पयँता, न्येकु, मुहाली, बाँसुरी आदि बाजाहरूको प्रयोग गरिन्छ। गुंलाबाजामा हातले बजाउने मात्र नभई मुखले फुकेर बजाइने बाजाको पनि समिश्रण हुनु पर्दछ। अर्थात् गुंलाबाजा बजाउन ताल, बोलमात्र नभएर विभिन्न गीत र धुन पनि अत्यावश्यक रहेको हुन्छ। गुंलाबाजा बजाइने विभिन्न तालहरू जस्तै चो, प्रताल, जति, पलिमां, ग्रह, अस्तरा, लंता बजाउन सोही ताल अनुरूपको गीत गाउने वा धुन बजाउनु पर्दछ। गुंलाबाजा अन्तर्गत विभिन्न विहार, बही, चैत्य, स्तुपा, देवस्थल आदि स्थान विशेष, पर्व विशेषमा बजाउने धेरै तालहरू (जस्तै चौमां, पञ्चमां, षटमां, सातमां) को सम्मिश्रण रहने जसलाई 'ग्वारा' भनिन्छ। ग्वारा तालहरू जस्तै भगवान ग्वारा, नित्यनाथ ग्वारा, मञ्जुश्री ग्वारा, संगिनी ग्वारा, षट्पारमिता ग्वारा, विश्वन्तर ग्वारा, लोकेश्वर ग्वारा, मणिचुड ग्वारा, साँय् ग्वारा, बसुन्धरा ग्वारा, स्वयम्भु ग्वारा, विश्वकर्मा ग्वारा, दशवन्त ग्वारा आदि प्रस्तुतिमा फरक फरक ग्वारा अनुसारको फरक फरक राग, गीत, धुन गाउनु/बजाउनु अपरिहार्य रहेको हुन्छ। गुंलाबाजामा सामान्यतः धाः २ जना वा सोभन्दा बढी वाद्यवादक र यसलाई ताल दिन ता, भुस्या एकसाथ सामुहिक रूपमा बजाइन्छ भने नाय्खिं प्रायः एकजनाले मात्र बजाइन्छ र ता र छुस्याले साथ दिने गर्छन्। एउटै ताल र धुनमा धाःबाजा र नाय्खिं आलोपालो गरी बजाउने प्रचलन रहेको छ भने वाद्यवादक टोलीको आफ्नो कौशलता प्रदर्शन गर्ने क्रममा कहिले आलोपालो र कहिले संयुक्त सम्मिश्रण गरी बजाउने प्रचलनको विकास भएको छ।

भगवान बुद्धको जन्मस्थल यो पावन भूमिमा आफ्नो समुन्नत सांस्कृतिक परम्पराले भरिपूर्ण, सुशोभित सङ्गीत र तालको निरन्तर प्रवाह भइरहने आदिवासी सभ्यता र संस्कृतिको पहिचानमा गुंलाबाजाको उत्पत्ति जोडिएको छ। गुंलाबाजाको उत्पत्ति वा प्रारम्भ कहिलेदेखि भयो भन्न कठिन छ तर पनि बुद्धकालीन, लिच्छविकालीन तथा मल्लकालीन स्वर्णिम कालहरूमा आफ्नो परम्परागत ऐतिहासिक निरन्तरता कायम रही आजसम्म प्रस्तुत भइरहेको छ। यो बाजा प्राचीनतम बाजा भनिएता पनि बुद्धकालीन समयमा यसलाई धाःबाजा भनिन्थ्यो। लिच्छविकाल सम्म धाःबाजा कै नामले प्रचलित यसलाई मल्लकालमा गुंलाबाजा अर्थात् श्रावण भाद्र महिना (नेपाल संवत्‌को एक महिना 'गुंला')मा बजाउने बाजाको रूपमा लिएको हुनाले गुंलाबाजा भन्न थालियो। तत्कालीन समाजमा राज्यको तर्फबाट कुनै सूचना, आदेश जारी गर्नु पर्दा टोल, चोकमा बजाउने ( नेपाल भाषामा नाय्खिं च्वयकेगु) बाजाको रूपमा प्रयोग हुने नायखिं बाजा धाःबाजा सँगै गुंलाबाजामा समाहित हुन थालेको मल्लकालदेखि नै प्रचलनमा आएको हुन सक्ने केही वाद्यवादकहरूको अनुमान छ।

यो बाजाको स्वरलहरी सर्वप्रथम कहिले देखि र कहाँबाट गुञ्जिन सुरु गऱ्यो भन्ने अध्ययन अनुसन्धान हुन बाँकी रहेता पनि बौद्ध जातक कथाहरूमा शाक्यमुनिको जन्मस्थल लुम्बिनी उद्यानमा बसन्त ऋतु सुरु हुने बेलामा साल भञ्जिका महोत्सवमा यो धाःबाजा, ङक, प्वङा बजाउने प्रचलन रहेको उल्लेख पाइन्छ। तत्कालीन शाक्य गणराज्य कपिलवस्तुमा विभिन्न समय र ऋतुमा विभिन्न ताल र सङ्गीतमय धुनको रसमा यो बाजा बजाइने हुनाले निक्कै लोकप्रिय बाजाको रूपमा रहेको उल्लेख पाइन्छ। कपिलवस्तुमा राजकुमार सिद्धार्थ स्वयं पनि पाँचतले 'रम्य', साततले 'सुरम्य' र नौतले 'शुभ' नामको महलमा बसी धाःबाजा श्रवण गर्ने एवं मनोरम सङ्गीतले परिपूर्ण भएको कारण यो बाजा लोकप्रिय भएको मान्न सकिन्छ।

शाक्यमुनि बुद्धको महापरिनिर्वाण हुनु २ वर्ष अगाडि कोशल राज्यका राजा विड्डूधवले शाक्य गणराज्य कपिलवस्तुमाथि आक्रमण गरी विध्वंश मचाएपछि त्यहाँका शाक्य र कोलियतहरू काठमाडौं उपत्यकामा शरणार्थीको रूपमा बसाइँसराइ गरे। यसरी काठमाडौं उपत्यका प्रवेश गरेको समुदायले आफ्नो धर्म, संस्कृति, रीतिरिवाज, सीप, ज्ञान, शिक्षा, कला पनि साथै लिएर जीवन निर्वाह गरे र उपत्यकाका अन्य समुदायमा पनि हस्तान्तरण हुनु स्वाभाविक नै रह्यो। यही क्रममा यहाँ रहेको स्वयम्भु ज्योति महास्तुपको दर्शन, विभिन्न बौद्ध विहार बहीको निर्माण गरी धर्म अभ्यास र सांस्कृतिक गतिविधिहरू सञ्चालन गर्न थाले र सोही क्रममा धार्मिक उत्सव, जात्रा पर्वमा धाःबाजा बजाउन थाले। यसरी नेपाल मण्डल उपत्यकामा धाःबाजा प्रवेश भएको इतिहासकारहरूको मत रहेको छ। शान्त सौन्दयपूर्ण

यस दिव्यभूमि उपत्यकामा प्रवेश भए सँगै यो बाजाको महत्त्व र लोकप्रियता झन बढ्न थाल्यो। विहार बहीहरूमा यसको संरक्षणका लागि गुथिको ब्यवस्था गरी धार्मिक, सांस्कृतिक तथा सामाजिक कार्यक्रमहरूमा आवद्ध हुन थालेपछि यसको विकास एवम् विस्तार भयो।

समयकाल सँगै नेपाली बौद्ध समाजमा क्रमशः जनजीवनको एक अभिन्न अङ्गको रूपमा यो धाःबाजा उपयोग भए। भगवान बुद्धको शिक्षा अनुसार बुद्ध, धर्म, सङ्घको गुण स्मरण एवं धर्माचरणका लागि आ–आफ्नो क्षेत्रका सङ्घमा जम्मा भई श्रावण भाद्र महिनामा पर्ने 'गुंला' एक महिना स्वयम्भु महाचैत्य, बौद्धस्तुप, नमोबुद्ध चैत्य, साँखुको गुँविहार, नाला करुणामय, जनवहाः करुणामय, चोभार करुणामय, बुँग करुणामय, बन्देग्राम चैत्य लगायत विभिन्न बाहाःबहीमा रहेको शाक्यमुनि बुद्ध र चैत्यको लागि बाजा बजाई भगवानको दर्शन गर्ने, धर्म अभ्यास गर्ने प्रचलन हुन थाल्यो। यो महिनामा अधिक वर्षा, बाढी पहिरो आदिले महामारी र धनजनको क्षति हुने मौसम रहेको हुँदा धार्मिक विश्वासअनुसार आफूले खेती किसानी गरेको बालीमा कम क्षति होस्, कुनै धनजनमा नोक्सानी नपरोस् भनी विभिन्न धार्मिक तीर्थस्थलहरूमा प्रार्थना गर्न जाने, नागपूजा, भ्यागुतालाई भात खुवाउने, पञ्चदान गर्ने आदि चलन रहेको छ। यो गुंला महिनामा नागपञ्चमी, पञ्जरा अष्टमी, गुँपुन्हि, सापारु, वही द्यः ब्वय्गु, कृष्ण जन्माष्टमि, दीपंकर बुद्धको चक्रमणसहित पञ्चदान पर्व र कुशे औंशी जस्तो धार्मिक पर्वहरू पर्दछन्। यसरी गुंला महिनामा मात्र धार्मिक गतिविधिहरूमा बजाइने, परिक्रमा गरिने भएकोले धाःबाजा गुंलाबाजाको नामले प्रचलित हुन गएको हो।

नेवार बौद्ध समाजका शाक्य, बुद्धाचार्य, बज्राचार्य, तुलाधर, कंसाकार, स्थापित, मानन्धर, ताम्राकार, तण्डुकार, प्रजापति, डंगोल, महर्जन समुदायका मानिसहरूले गुंलाबाजा बजाउने र सिक्ने सिकाउने गरिन्छ। गुंलाबाजाको प्रयोजन बौद्ध तीर्थस्थल, बुद्ध जयन्ति, लोकेश्वर जात्रा, दीपंकर जात्रा, नामसंगीति पर्व, पञ्चदान पर्व, सम्यक दान पर्व, कथिनचीवर दान पर्व, बाहाः पूजा, चैत्य पूजा, कुमारी पूजा आदि धार्मिक उत्सव तथा बौद्ध समाजमा भिक्षु प्रवज्या सम्बर (बन्दे छुयेगु वा चुडाकर्म) एवम् भीमरथारोहण (थकालि जंको)मा राज परिसर गमन (लायकुगमन) अर्थात् नगरपरिक्रमा जस्तो कार्यहरूमा धार्मिक तथा परम्परागत लोकधुन मात्र बजाइने भएकाले यसलाई धार्मिक बाजाको रूपमा लिइन्छ। गुंलाबाजा बजाउन धुन पनि आवश्यक रहेकोले परम्परागत मुहाली, न्येकु(ङक), प्वंङ्गा जस्ता बाजाहरूको ठाउँमा कनाथ, कार्नेस, ट्रम्पेट, पियानो, साक्सोफोन जस्तो आधुनिक बाजाको प्रयोग हुन थालेकोले केही चलनचल्तीका तालमा लोक लयका धुनहरूमा बाजा बजाउने चलन छ। भक्तपुर र काठमाडौँमा धाःबाजा, नायखिं बाजा, ता, भुस्या, छुस्या सँगै बाँसुरी, कनाथ बजाएर चैत्य, विहारहरूको दर्शन गर्न जान्छन् भने ललितपुरमा ग्वारा बजाउँदा मुखले गीत तथा राग गाएर नै प्रस्तुत गर्ने चलन रहेकोछ। गुंला महिनामा काठमाडौँमा महर्जन, डंगोल आदि समुदायले धाः र भुस्यामात्र बजाएर स्वयम्भु परिक्रमा गर्छन् भने मानन्धर समुदायले गुंलाबाजामा बाँसुरी वा कनाथ ट्रम्पेट पनि प्रयोग गर्छन् तर भक्तपुरमा गुंलाबाजं प्रस्तुत गर्दा धाः, नायखिं, पस्ता, ताः, भुस्या, छुस्या वा छ्यालीचा, ङक, प्वङा र बाँसुरी बजाएर परिक्रमा गर्ने चलन छ। तर, हालैका दिनहरूमा राष्ट्रिय अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन लगायतका सार्वजनिक सांस्कृतिक मञ्चहरूमा यो बाजाको प्रर्दशनी वा प्रस्तुति गर्ने कार्यले युवा पुस्तालाई आकर्षित गर्न सहयोग पुगेको देखिन्छ। अरू बाजाहरू जस्तै मनोरञ्जनात्मक तथा नृत्यात्मक कार्यक्रमहरूमा यो गुंलाबाजा बजाउने चलन अद्यापि छैन।

## गुंलाबाजा प्रतियोगितामा सहभागी टोलीहरूको सङ्क्षिप्त विवरण

प्रतियोगिताका लागि तोकिएको समायावधि वैशाख १४ गते सम्ममा नियमानुसार दर्ता भएको २६ ओटा बाजा टोलीको फाराम र प्रस्तुति गरेका वाद्यवादन, वाद्यवादकहरू विवरणलाई केलाउँदा प्रतियोगितामा सहभागी गुंलाबाजा खलःहरूको वर्गीकरण यसरी गर्न सकिन्छः

प्रतियोगितामा सहभागिताका लागि खुला रूपमा आह्वान गरिएको भएता पनि सम्पर्कमा रहेका पोखरा, भैरहवा, धरान, भोजपुर, चित्लाङका खलः समूह समय, आर्थिक र प्राविधिक कारणले सहभागी नभएता पनि जिल्लागत रूपमा भक्तपुरबाट ६ ओटा, काठमाडौँबाट १५ ओटा, काभ्रेबाट २ ओटा, ललितपुरबाट २ ओटा टोलीहरू रहेका छन्। काठमाण्डौँ महानगरपालिका, ललितपुर महानगरपालिका, भक्तपुर नगरपालिका, मध्यपुर थिमि नगरपालिका, शंखरापुर नगरपालिका, बनेपा नगरपालिका, पनौती नगरपालिका, महालक्ष्मी नगरपलिका, नागार्जुन नगरपालिका र कीर्तिपुर नगरपालिका गरी १० ओटा नगरपालिकाको प्रतिनिधित्व रहेको देखिन्छ। गुंलाबाजा खलःहरूले उपलब्ध गराएको विवरणमा धेरै बाजा खलःको अभिलेख नभएको कारणले पहिलेदेखि वा परम्परादेखि चल्दै आएको भनी उल्लेख गरिएको

छ भने तीमध्ये सबैभन्दा पुरानो पाक्वः पुखूच्यां मानन्धर सनाःखलः, पाको, यँ ने.सं. ९१५ मा स्थापना भएको उल्लेख रहेको हुँदा २२९ वर्ष पुरानो देखिन्छ भने करीव १०० वर्षदेखि सञ्चालन आएको ५ ओटा रहेको देखिन्छ ।

त्यस्तै विहार, सङ्घ, गुथिमा आवद्ध १८ ओटा छन्, कुनै पनि उल्लेख नभएको ७ ओटा छन् । बाजा समूहमा पारिवारिक आवद्धतामा विश्लेषण गर्दा धेरै विहार संलग्न भएको टोलीमा सबैभन्दा धेरै ४०० घर परिवारसम्म रहेको देखिन्छ भने बाजा टोलीले नियमित धार्मिक तथा सांस्कृतिक पर्व महोत्सवहरूमा स्थानीय जनताहरूको पनि सहभागिता रहेको देखिन्छ । समुदायगत आधारमा वर्गीकरण गर्दा गुंलाबाजाको धाः, नाय्खिं, ता, भुस्या, छुस्याका वाद्यवादकहरूमा शाक्य बज्राचार्य समुदायको ११ ओटा टोली, मानन्धर समुदायको ७ ओटा, तुलाधर समुदायको २ ओटा, महर्जन/राजथला/श्रेष्ठ मिश्रित समुदायको २ ओटा, कंसाकार, प्रजापति र संगत समुदायका प्रत्यकको १/१ ओटा टोली सहभागी भएको देखिन्छ । साथै वाद्यवादकहरूको टोलीमध्ये ५ ओटा टोलीमा महिलाहरूको प्रतिनिधित्व भएको देखिएन । वाद्यवादन प्रयोगको आधारमा ती बाजाहरूको तालका लागि धुन बजाउन प्रयोग भएको बाजाहरूको आधारमा परम्परागत मुहाली, प्वङ्गा, ङक प्रयोग गरेका टोली ४ ओटा, बाँसुरी बजाउने ७ ओटा, आधुनिक बाजाहरू कनाथ, ट्रम्पेट, साक्सोफोन बजाउने १२ ओटा, पियानो बजाउने १ ओटा र मौलिक गायन मार्फत गीत र राग प्रस्तुत गर्ने १ ओटा टोली रहेका छन् । यो विवरणले गुंलाबाजाको तालमा सहयोग पुऱ्याउने धुनका लागि १२ ओटा बाजा समूहमा आवद्ध परिवारभन्दा बाहिरको समुदाय जस्तै कपाली, परियार, भुषाल, नेपाली आदिको सहभागिता पनि महत्त्वपूर्ण रहेको प्रष्ट हुन्छ । यसले गुंलाबाजा समूहलाई आफै विहार, सङ्घ, गुथिमा आवद्ध परिवारका सदस्यहरूले बाजाको स्थिरता र आर्थिक भार न्यून गर्न आत्मनिर्भरताका लागि दरिलो प्रयास गर्नुपर्ने अवस्था चित्रित गरेको छ । ताल र बोलको आधारमा विश्लेषण गर्दा गुंलाबाजामा बजाइने प्रायः सबै किसिमका ताल, चलनचल्तीमा रहेका ग्वाराहरू प्रस्तुत गरेका छन् भने परम्परागत धार्मिक भजन गीतहरू र प्रचलित तथा लोकप्रिय नेवाः गीतका लोक धुनहरूले नै गुञ्जायमान भएका छन् ।

## प्रतियोगिताको मूल्याङ्कन

### प्रतियोगितामा गुंलाबाजा टोलीहरुको मूल्याङ्कनको आधार, मूल्याङ्कनकर्ता र मूल्याङ्कन

**मूल्याङ्कनको आधार र विधिः** भक्तपुर नगरपालिकाले पहिलो पटक खुला रूपमा गुंलाबाजा प्रतियोगिताको आयोजना भएकोले यसको मूल्याङ्कन कसरी र कुन कुन आधारमा गरिने भन्ने बाजा खलःका प्रतिनिधि, वाद्यवादक, गुंलाबाजाका लेखक, सम्पादक र सांस्कृतिककर्मीहरूको ब्यापक सहलह, छलफल, अन्तरक्रिया र विचार मन्थन गरी केही आधारहरू तय गरियो जसमा मञ्चमा प्रस्तुतिको स्थलगत र ज्यालीमा प्रदर्शनी गरी २ ओटा मापदण्ड रहेको छ । गुंलाबाजाको धुन, ताल, बोल, गीत, प्रष्टता, भेषभुषा, अनुशासन, प्रस्तुति तथा सांस्कृतिक महोत्सवको रूपमा गरिने नगर परिक्रमा आदिको सबै पक्षलाई विश्लेषण गरी मूल्याङ्कन आधार कायम गरेको छ । सोही क्रममा मूल्याङ्कन आधारमा कुल १०० अङ्कमा देहाय अनुसारको अङ्क भार रहेको छ ।

क) मञ्चमा प्रस्तुत गर्दा दिइने कुल अङ्क भार ९० रहेको छ, जसमा

- धुन, बोल, ताल- ३०
- प्रष्टता- २०
- भेषभुषा- १०
- हाउभाउ- १०
- दर्शकको ध्यानाकर्षण- १०
- समयको परिपालन- ५
- अनुशासन- ५

ख) नगर परिक्रमा - १०

## मूल्याङ्कन कर्ताहरुको छनौट

प्रतियोगितालाई निश्पक्षता, मर्यादित र पारदर्शीतामा कुनै आशङ्का नरहने गरी विभिन्न जिल्ला, क्षेत्र र विषयका गुंलाबाजा र लोकबाजा सङ्गीतसँग सम्बन्धित ब्यक्तित्वहरूको प्रतिनिधित्व हुने गरी प्रतियोगिताको स्थलका लागि भक्तपुरबाट डा.पुष्प रत्न शाक्य, महेन्द्र राज शाक्य, देवचन्द्र बज्राचार्य, संचित बुद्धाचार्य, इन्दिरा लाछिमस्यु, विष्णु बहादुर मानन्धर, रवि कपाली; ललितपुरबाट प्रताप शाक्य, विभुषण शाक्य; काठमाडौंबाट त्रिरत्न मानन्धर, यचु शाक्य; सांस्कृतिक संस्थानबाट दीपेन्द्र बज्राचार्य रहेका थिए भने नगर परिक्रमाको मूल्याङ्कनका लागि पञ्चलाल लाछिमस्यु, परमानन्द बज्राचार्य, श्रीभक्त सुवाल, लक्ष्मी प्रसाद मानन्धर र विश्वनाथ प्रजापति छनौट गरेको देखिन्छ ।

## मूल्याङ्कन

प्रतियोगिताको लागि तय गरिएको नियम र मूल्याङ्कनका मापदण्डहरूको आधारमा प्रतियोगितामा प्रस्तुत सबै गुंलाबाजाहरूले प्रदर्शन गरेको प्रस्तुति अनुरूप समष्टिगत रूपमा गरिएको स्थलगत मूल्याङ्कन गर्ने ब्यवस्था गरेको छ । जस अनुरूप प्रत्येक मूल्याङ्कनकर्ताले प्रत्येक बाजा खलःको अङ्क

भार तोकिएको समयावधिमा प्रस्तुत पश्चात मूल्याङ्कन फाराममा अङ्क चढाउने साथै मूल्याङ्कन कर्ताहरूले आफू आबद्ध रहेको स्वघोषणा गरी उक्त गुंलाबाजा टोलीको मूल्याङ्कन नगर्ने र अन्य मूल्याङ्कन कर्ताहरूले दिएको औसत अङ्कलाई लिने व्यवस्था र सो फाराम तुरुन्तै प्राविधिकहरूले सङ्कलन गरी कम्प्युटरमा प्रवृष्ट गरिने प्रावधानले प्रतियोगिताको मूल्याङ्कन प्रणाली पारदर्शी र निश्पक्षतामा कुनै शङ्का गर्ने ठाउँ रहेन। प्रतियोगितामा तोकिएको नियममा रही विधागत आधारमा यसरी समष्टिगत मूल्याङ्कन गर्न सकिन्छः

**क) धुन, बोल र ताल :** सबैभन्दा बढी अङ्कभार ३० अङ्क रहेको यस विधामा प्रतियोगितामा सहभागी सबै टोलीले आ–आफ्नो प्रस्तुतिमा नियमानुसार गुंलाबाजाका चलन चल्तीका बोल, ताल, ग्वारा र परम्परागत भजन र लोक धुनहरू नै प्रस्तुत गरेका छन्। बाजाको धुनका लागि ४ ओटा टोलीले परम्परागत ङक, प्वङ्गा र मुहाली प्रयोग गरेको छ भने ७ ओटा टोलीले बाँसुरीमा भजन र प्रचलित एवम् लोकप्रिय नेवाःगीतका धुन बजाएका छन् भने आधुनिक बाजाहरू कनाथ, ट्रम्पेट, साक्सोफोन र पियानोको प्रस्तुतिमा पनि गुंलाबाजामा बजाइने भजन र गीतका धुनहरू प्रस्तुत भएका छन्। एउटा टोलीले तोकिएको भन्दा छुट्टै तर परम्परागत बाजा पस्ता पनि प्रयोग गरेका छन् भने केही टोलीको सबै बाजाहरूमा एक सुर हुन नसकेको र ता, छुस्या सँगको तालमा समन्वय हुन नसकेको तथा गीतको राग र तालमा हल्का फरक हुन गएको छ भने ललितपुरको एक टोली गायन मार्फत राग, गीत प्रस्तुत गरेका छन्। साथै एउटा टोलीले पूरै समयावधि धाःबाजाको एउटै बोल र तालमात्र प्रस्तुत गरेका छन्।

**ख) प्रष्टता :** २० अङ्क भार रहेको बाजाको बोलको प्रष्टतामा ठाउँ अनुसार फरक फरक बोल रहेता पनि सबै बाजाहरूको बोलको शुद्धतामा औसतमा राम्रै रहेको देखिन्छ। वाद्यवादक मित्रहरूले आफ्नो सीप दक्षता अनुरूप बोलको शुद्धतामा ध्यान दिएका छन् र केही टोलीमा धाःबाजा गुणस्तरीयतामा केही कमजोरी देखिएकोले बोलको प्रष्टतामा केही समस्या रहेको छ। नायखिं बाजा प्रायः दायाँ हातले लठी समाउने प्रचलन रहेता पनि बाँया हातले लठी समाई प्रस्तुत गरेता पनि बोलको शुद्धतामा कमी देखिएन। गीतको धुन बजाउने वाद्यवादकहरूले पनि प्रष्टतामा राम्रै न्याय गरेका छन्।

**ग) भेषभुषा :** प्रतियोगिताको एउटा अर्को आकर्षणको रूपमा देखिएको गुंलाबाजा टोलीका वाद्यवादकहरूको परम्परागत भेषभुषाले दर्शकहरूलाई ध्यानाकर्षण गरायो। न्यातापोल परिसर, तमाःरीमा भेला भएका बाजाका परम्परागत भेषभुषाका विविधता र एकरूपताले सांस्कृतिक महोत्सव न्यालीलाई ऐतिहासिक र गौरवमय बनाएको छ। विशेष गरी सक्वः बज्राचार्य सङ्घको ऐतिहासिक तथा परम्परागत भेषभुषा, केश श्रृङ्गार, गहना, टोपी र परालको जुत्ता समेतको समान पहिरनले सबैको ध्यानाकर्षण गरायो साथै भक्तपुर, थिमि, ललितपुर, लुभु, कीर्तिपुरका टोली परम्परागत भेषभुषाले थप विशेषता कायम गऱ्यो भने सहज पहिरन भएका टोलीहरूले पनि आफ्नो समूहमा एकरूपता कायम गर्ने प्रयास गरेको देखिन्छ।

**घ) हाउभाउ :** प्रतियोगिताको मूल्याङ्कनमा प्रभावित पार्ने एक अर्को पक्ष वाद्यवादकहरूको हाउभाउ पनि एक हो जसको लागि १० अङ्क भार दिएको छ। आफ्नो प्रस्तुतिलाई आकर्षक र दर्शकहरूको ध्यानलाई तान्न गरिने प्रर्दशन भनेकै हाउभाउ हो। धुन, बोल र ताल अनुरूप बाजा बजाउँदा गरिने हाउभाउले प्रतिस्पर्धामा आफ्नो प्रतिभा देखाउनु हो। एकोहोरो, शान्त र दर्शक प्रति कुनै ध्यान नदिँदा प्रस्तुतिमा कुनै रौनकता कायम रहँदैन। परम्परागत भेषभुषामा धुन, बोल र तालमा सामुहिक लचकताका साथ प्रस्तुति र एकल नायखिं बजाउने वाद्यवादकहरूको प्रस्तुतिले प्रतियोगितामा गुंलाबाजाको आकर्षण र लोकप्रियता अभिवृद्धि गर्न सहयोग पुग्ने केही प्रस्तुति प्रशंसनीय नै रहेको छ।

**ङ) दर्शकको ध्यानाकर्षण :** वाद्यवादकहरूको आकर्षक हाउभाउ, नृत्य, शारीरिक लचकता, भेषभुषा र लोकधुनको प्रस्तुतिले दर्शकहरूको ध्यानाकर्षणमा प्रभाव पार्ने विषय हुन्। केही बाजा टोलीको एकोहोरा र शान्त प्रस्तुतिमा र केही बाजा समूहका सहयोगी सदस्य, दर्शकहरूले बिचमा ताली बजाएर प्रभावित गर्न खोजिएता पनि मूल्याङ्कनकर्ताहरूले बाजा टोलीहरूको प्रस्तुतिको आधारमा दर्शक प्रतिक्रियालाई नजर गरेर नै मूल्याङ्कन गरेको देखिन्छ। मूल्याङ्कनको यो प्रावधानले प्रतियोगिताको समय अवधिभर दर्शकहरूको ध्यानाकर्षण गराई बाक्लो उपस्थिति गराउन सहयोग मिलेको छ।

**च) समयको परिपालन :** प्रतियोगितामा हरेक टोलीलाई १०/१० मिनेटको समय र ८ मिनेटमा जनाउ दिने प्रावधान अनुरूप सबै टोलीले तोकिएको समयावधि भित्रै आफ्नो प्रस्तुति पस्केका छन्। प्रायः सबै टोलीको प्रस्तुति ९ मिनेटको समय लिएका छन् भने सुरुआत जनाउभन्दा केही सेकेण्ड समय अगाडि पनि प्रस्तुत गरेका छन् तर तोकिएको समयावधिलाई विशेष ख्याल गरी तयारी गरेको देखिन्छ। समय सीमालाई मध्यनजर गरेर गुंलाबाजाका प्रतियोगीहरूको यथासमयमा मञ्चमा उपस्थिति र प्रस्तुतिले प्रतियोगिता कै

समय ब्यवस्थापनमा सहयोग पुग्न गयो ।

**छ) अनुशासन :** प्रतियोगितामा सहभागी सबै टोली तोकिएको समय–स्थानमा उपस्थित हुने र उद्घोषकले घोषणा गरे अनुरूप मञ्चमा प्रस्तुत हुने र प्रदर्शनी अवधिभर अनुशासित भई आ–आफ्नो प्रस्तुति दिनुले प्रतिस्पर्धाको अनुशासन परीक्षामा सफल नै छन् । बाजा टोलीहरूको समय परिपालन र अनुशासनले प्रतियोगिताको समय ब्यवस्थापनका साथै समष्टिगत कार्यक्रममा राम्रो योगदान गरेको मान्नु पर्छ ।

**ज) सांस्कृतिक र्‍याली नगर परिक्रमा :** ब्यवस्थापन टोलीले दिएको समय र स्थान अनुसार प्रतियोगितामा सहभागी टोलीहरू भक्तपुरको ऐतिहासिक न्यातपोल परिसर तःमारीमा विहानको ११ बजे भित्र भेला हुँदा खुला गुंलाबाजा प्रतियोगिताले भक्तपुर नगर भित्र थप एक सांस्कृतिक महोत्सवमा परिणत हुन गएको देखिन्छ । भक्तपुर नगरमा एकै दिन एउटै समयमा यति धेरै गुंलाबाजा टोलीको उपस्थिति र प्रस्तुति सांस्कृतिक इतिहासको पाना मै स्वर्णिम अक्षरले लेखिन उपयुक्त गौरवमय दिनको रूपमा अभिलेखमा अङ्कित हुन लायक देखिएको छ । गुंलाबाजा टोलीको आकर्षक भेषभुषा, गुंलाबाजाको धुन र ताल तथा सहभागी टोलीका पङ्क्तिबद्ध बाजा परिवारका महिला सदस्यहरू समेतको सक्रिय सहभागिता भक्तपुरको ऐतिहासिक तथा सांस्कृतिक सहर र अमूर्त सांस्कृतिक सम्पदाको धरोहरले समृद्ध नगरको पहिचान अभिवृद्धिमा सहयोग पुर्‍याएको छ । भौगोलिक दूरीको कारण समयमा र्‍यालीमा उपस्थित हुन नसकेकोले २ ओटा टोली भने नगर परिक्रमाको अङ्क प्राप्त गर्न असमर्थ रहयो ।

प्रतियोगितामा प्रदर्शन गरेको समष्टिगत प्रस्तुति, भेषभुषा, नगरपरिक्रमाको मूल्याङ्कन समेतको औसत प्राप्ताङ्कको आधारमा विश्लेषण गर्दा १०० पूर्णाङ्कमा अधिकतम प्राप्ताङ्क ८७.४८७५ र न्यूनतम प्राप्ताङ्क ६७.७८३३ रहेकोमा एक र अर्को टोलीको बिचमा करीव औसत १ अङ्कको मात्र फरक हुनु तथा प्रथम हुने टोलीले प्राप्त गरेको अङ्क र अन्तिम स्थानको टोलीको बिच १९.७०४२ अङ्क मात्र फरक रहनु र प्रतियोगिता प्रारम्भदेखि अन्त्यसम्म दर्शकहरूको निरन्तर, अनुशासित एवं उत्साहपूर्वकको उपस्थितिले प्रतियोगितामा सहभागी सबै गुंलाबाजा खलःहरूको प्रदर्शन उत्कृष्ट र आकर्षक नै रहेको देखिन्छ । प्रतियोगिताको नियम र ब्यवस्थापनले गरेको घोषणा अनुसार पुरस्कृत हुने टोलीहरूले प्राप्त गरेको परिणाम र प्राप्ताङ्क निम्नानुसार रहेको छ :

१. क्वनेया गुंलाबाजं सञ्चालन तथा ब्यवस्थापन समिति, तेखाचो, भक्तपुर, प्राप्ताङ्क ८७.४८७५ **प्रथम**

२. उत तुलाधर गुंलाबाजं खलः, बुराँख्य, नरदेवी, काठमाडौँ, प्राप्ताङ्क ८६.१०८३ **द्वितीय**

३. प्रजापति गुंलाबाजा खलः, मध्यपुर थिमि, प्राप्ताङ्क ८४.३१६६ **तृतीय**

४. थिमि गुंलाबाजा खलः, मध्यपुर थिमि, प्राप्ताङ्क ८३.२२५० **सान्त्वना**

५. केशचन्द्र गुंलाबाजं खलः, इतुंवहा, काठमाडौँ, प्राप्ताङ्क ८२.८४१७ **सान्त्वना**

## उपसंहार

गुंलाबाजाको प्रस्तुति गुंला महिनाको अतिरिक्त विशेष समयको बौद्ध धर्म सम्प्रदायको धार्मिक कार्यक्रममा मात्र बजाइने वा प्रदर्शन हुने भएकोले गुंलाबाजा प्रतियोगिताको आयोजना गरिएको हुने गर्दैन । विभिन्न बौद्ध सङ्घ संस्था वा गुथिले विशेष कार्यक्रमहरूमा सीमित स्थान, समूह, खलःहरूलाई परम्परा अनुसार 'किसली' (माटोको सानो प्यालामा अक्षेता, सानो गेडा सुपारी र सिक्का राखी) दिई आमन्त्रण गर्नुपर्ने चलन रहेकोमा परिवर्तित समयअनुसार बाजाखलःलाई पत्राचार गरी मञ्च वा खुला ठाउँमा प्रदर्शनीका लागि ब्यवस्थापन गरिएको पाइन्छ । जस्तै नेपाल मण्डलको बौद्ध सम्पदा संस्कृति सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन, राष्ट्रिय बौद्ध सम्मेलन, पञ्चदान, इतिल्हने सम्यक, सम्यक महादान पर्व, आफ्नो गुथि खलः बिचमा सामुहिक प्रदर्शनी, गुंलाबाजा खलःको विशेष उत्सवका अवसरहरूमा मात्र प्रस्तुति गर्ने चलन रहेको छ । तर, हालसम्म गुंलाबाजा प्रतियोगिता आयोजना नभएकोले यस्तो प्रतिस्पर्धा हुन सक्ने वा नसक्ने, प्रतिस्पर्धा गर्दा आपसी वैमनस्यता र विवाद भई बौद्ध सम्प्रदायमा नै द्वन्द श्रृजना हुने भन्ने आदि विविध विषयहरूमा बहसका बिच प्रतियोगिता हुनु पर्ने र प्रतियोगिता भनेको प्रतिस्पर्धा हो, प्रतिस्पर्धामा सहभागी हुन परीक्षा दिनुपर्दछ र परीक्षामा सहभागी हुन छनौट हुनु पर्दछ र परीक्षार्थीले मिहिनेत, लगनशीलता, अनुशासन, दक्षता प्रस्तुत गर्न सक्नु पर्छ यसले नयाँ नयाँ प्रतिभाहरू जन्म र प्रस्फुटन हुन सहयोग र वातावरण निर्माण गर्दछ । गुंलाबाजाको विकास, युवा पुस्तामा हस्तान्तरण एवम् ब्यापकताका लागि बाजा खलःहरूका बिच स्वस्थ प्रतिप्रर्स्धा गर्नुपर्ने विषयमा भक्तपुरका गुंलाबाजा खलःहरूका प्रतिनिधि, वाद्यवादक, बुद्धिजीवीहरूले आ–आफ्नो सुझाव सहित विभिन्न जिल्ला, नगर, स्थानमा रहेका गुंलाबाजा खलःहरूको बिच सांस्कृतिक सम्बन्ध विकास र विस्तारका लागि प्रतियोगिता आयोजना गर्ने नगरपालिको कार्यक्रममा एकमत भयो ।

प्रतियोगिताका लागि नगरपालिकाले पहिलो पटक सार्वजनिक सूचना सम्प्रेषण, दोश्रो पटक प्रतियोगिताको नियम, मूल्याङ्कनको मापदण्ड र पुरस्कार तथा अन्य ब्यहोरा प्रकाशित भैसकेको भएता पनि प्रतियोगिता स्थल नतोकिएकोले सहभागी हुन चाहने गुंलाबाजा टोलीहरूमा एक प्रकारको द्विविधा रहेको कारण नाम दर्ता गर्ने अन्तिम दिन वैशाख १४ गते नजिक आइरहेको अवस्थामा पनि फाराम दर्ता हुन नसकेकोले केही अन्यौल कायम रह्यो । सोही अन्यौलताका बिच गुंलाबाजा खलः रहेको स्थानहरूमा प्रतियोगिताको नियम, कौतुहलता र अन्य जिज्ञासाहरू प्रष्ट्याउन उपत्यकाको काठमाडौँ, ललितपुर, साँखु, बनेपालगायतका विभिन्न स्थानहरूमा नगरपालिका मेयरज्यू, उपमेयरज्यू, कार्यक्रम संयोजक, वडा अध्यक्षज्यूहरू र अन्य सहयोगी सदस्यहरूसहितको टोलीले सम्बन्धित बाजा खलःका प्रतिनिधिहरू सँगको विस्तृत छलफल र सांस्कृतिक सम्बन्ध विस्तारका पहलहरू पनि भयो । सो पश्चात विभिन्न स्थानका गुंलाबाजा टोलीहरूले क्रमशः दर्ता हुन थाले पछि प्रतियोगितामा सोचे अनुरूप प्रतिस्पर्धाको लागि आवश्यक सङ्ख्या कायम भयो ।

विभिन्न चरणहरूमा छलफल, बैठक र तयारी सँगसँगै प्रतियोगितालाई भव्य रूपमा सम्पन्न गर्न तथा वैशाख २२ को दिनलाई गुंलाबाजाको सांस्कृतिक महोत्सवको रूप दिन न्याली ब्यवस्थापन, मञ्च ब्यवस्थापन, साउण्ड सिष्टम, पुरस्कार ब्यवस्थापन, खाद्य ब्यवस्थापन, अतिथि सत्कार, खानेपानी, स्वास्थ्य तथा सरसफाइ र शान्ति सुरक्षाको ब्यवस्थित र चुस्त दुरुस्त रहेको पाइन्छ । प्रतियोगिताको दिन प्रसिद्ध न्यातापोल मन्दिर परिसर तःमारीमा विहान ११ बजे सबै बाजा टोलीहरूको उपस्थिति र बाजाको प्रस्तुति सँगै मेयर श्री सुनिल प्रजापतिज्यू र उपमेयर श्रीमति रजनी जोशीज्यूबाट रिबन काटी सुरु भएको सांस्कृतिक महोत्सवको न्यालीले भक्तपुर नगर परिक्रमा गर्दै प्रतियोगिता स्थल कुथुबही, इटाछेँ भक्तपुरमा ठिक १२:४० मा नै प्रतियोगिता सुरु भयो । भादगाउँ टेलिभिजन, भक्तपुर नगरपालिकाको फेसबुक, युट्युवहरूमा प्रत्यक्ष प्रसारण रहेको प्रतियोगिताको निर्धारित तालिका अनुरूप सहभागी बाजाखलःहरूले आ–आफ्नो प्रस्तुति अवधिभर प्रतियोगिता स्थलमा दर्शकहरूको उत्साहपूर्ण उपस्थिति र जागरुकता एवं उल्लासपूर्ण वातावरणले हाम्रो संस्कृति सम्पदाको संरक्षणमा थप बल मिल्ने विश्वास गर्न सकिन्छ । प्रतियोगिताको अन्तमा प्रमुख अतिथि श्रद्धेय नेता नारायणमान बिजुक्छेँले विजेता टोलीलाई पुरस्कार वितरण, मन्तब्य, धन्यवाद ज्ञापन पश्चात करीव ६:३० बजे खुला गुंलाबाजा प्रतियोगिता २०८१ भव्य, सभ्य, उल्लासमय वातावरणमा सांस्कृतिक महोत्सवको रूपमा सफलतापूर्वक सम्पन्न भएकोमा भक्तपुर नगरपालिका, प्रतियोगिता ब्यवस्थापन समिति, नगरपालिकाका जनप्रतिनिधिहरू, सहयोगी स्वयंसेवक, प्राविधिक मित्रहरू विशेष धन्यवादका पात्र रह्यो ।

## अन्त्यमा,

भक्तपुर नगरपालिकाले खुला गुंलाबाजा प्रतियोगिताको आयोजना, सफल ब्यवस्थापनले सांस्कृतिक नगरको रूपमा रहेको भक्तपुरलाई यसले हाम्रो अमूर्त सांस्कृतिक सम्पदाहरूको संरक्षण एवं सम्बर्द्धनमा आफ्नै श्रोत साधन र सीपमा समर्पित संस्कृतिकर्मी, वाद्यवादकहरूको उत्साहमा थप उर्जा मिलेको छ । आगामी वर्षहरूमा नगरपालिकाले यस्तै कार्यक्रमहरूको आयोजना गर्नुको अतिरिक्त अमूर्त सांस्कृतिक सम्पदाहरूको संरक्षण एवम् सम्बर्द्धनमा आफ्नै श्रोत साधन र सीपमा समर्पित संस्कृतिकर्मी, वाद्यवादकहरूको सङ्घ, गुथि, खलःहरूको सञ्चालन ब्यवस्थापनमा भौतिक, आर्थिक र नैतिक सहयोग गर्ने छ भन्ने अपेक्षा राखेका छन् । गुंलाबाजा प्रतियोगिताले गुंलाबाजाको प्रयोग शाक्य, बज्राचार्य र मानन्धर समुदायमा मात्र सीमित रहेको वा तिनीहरूले मात्र बजाउने गर्छन् भन्ने भ्रमलाई चिर्दै तुलाधर, कंसाकार, ताम्राकार, प्रजापति, महर्जन, संगत, डंगोल, तण्डुकारा, शिलाकार आदि समुदायको पनि गुंलाबाजा खलः हुने र गुंलाबाजा बजाउन सकिने सन्देश दिएको छ अर्कोतिर युवा पुस्तामा गुंलाबाजाको प्रस्तुतिलाई आकर्षित गर्ने विभिन्न माध्यम प्रयोग गर्न सकिने शिक्षा पनि प्राप्त भएको छ ।

यी कुराहरूलाई मध्य नजर गरेर गुंलाबाजा प्रतियोगिता सम्बन्धमा संस्कृतिकर्मी, बुद्धिजीवी र सर्वसाधारण जनताको प्रतिक्रिया, सुझावहरूलाई यसरी बुँदागत रूपमा उल्लेख गर्न सकिन्छ :

- ★ खुला प्रतियोगिता भनिएता पनि काठमाडौँ उपत्यका र बनेपा, पनौतीको मात्र केही गुंलाबाजा खलःहरू सहभागी भएकोले प्रचार प्रसार गर्ने कार्य एक महिना अगाडि हुनुपर्ने र नगरपालिकाको आधिकारिक सञ्जाल मार्फत अन्य नगरपालिकाहरूमा रहेको गुंलाबाजा खलःहरूलाई सहभागी गराएको भएमा अझ प्रभावकारी हुने देखिन्छ ।
- ★ उपत्यका बाहिरका गुंलाबाजा खलःहरूलाई प्रोत्साहन स्वरूप उनीहरूलाई आवासको ब्यवस्था गरी प्रतियोगितामा सहभागी गराउने वातावरण बनाएमा अझ राम्रो हुने देखिन्छ ।
- ★ गुंलाबाजा प्रतियोगिताका लागि प्रतिस्पर्धामा सहभागी हुने वाद्यवादकहरूका लागि तयारी गर्ने समय अझ बढी

भएमा प्रतियोगिता अझ भव्य हुने देखिन्छ ।

★ गुंलाबाजा परिक्रमा गर्ने समय गुंला महिनामा नै प्रतियोगिता आयोजना गरिएको भए सहभागी टोली सङ्ख्या बढ्ने, अझ रोचक प्रतिस्पर्धा हुने र बाजा टोलीको व्यवस्थापन र खर्च मितव्ययी हुने देखिन्छ ।

★ प्रतियोगितामा सहभागी बाजा खलःको प्रस्तुति अनुरूप छुटाछुट्टै विधाहरूमा पनि उत्कृष्ट टोली छनौट गरी पुरस्कृत गर्नुपर्ने देखिन्छ ।

★ परम्परागत र ऐतिहासिक भेषभुषामा सांस्कृतिक ज्यालीमा सहभागी टोलीलाई पनि प्रोत्साहन स्वरूप पुरस्कृत गर्न पाए अझ बढी प्रभावकारी हुने देखिन्छ ।

★ सहभागी गुंलाबाजा खलःका मुख्य प्रशिक्षकहरूलाई सम्मान स्वरूप खादा ओढाएर सम्मान गरेमा राम्रो हुने देखिन्छ ।

★ गुंलाबाजा खलः विहार, सङ्घ वा समूहमा आबद्ध भएता पनि धुन बजाउने व्यक्ति समूहलाई छुट्टै पारिश्रमिक दिई व्यवस्थापन एवम् सञ्चालन गर्नुपर्ने हुनाले वहाँहरूलाई यथोचित खर्चको व्यवस्था गर्न सके राम्रो हुने देखिन्छ ।

★ गुंलाबाजा सहभागी सङ्ख्या अनुरूप प्रतियोगिता स्थल र पर्याप्त दर्शकहरू बस्ने व्यवस्था भएमा कार्यक्रमको भव्यता र प्रभावकारीतामा वृद्धि हुने थियो ।

★ गुंलाबाजा प्रतियोगिताको श्रव्य दृश्यको लागि कार्यक्रम स्थलमा केही ठूलो डिजिटल स्क्रीन व्यवस्था राख्न सकेमा बढी प्रभावकारी हुने थियो ।

★ प्रतियोगिताको अवधिभर कार्यक्रमको सञ्चालन, उद्घोषण, व्यवस्थापन, आयोजक, वाद्यवादक, जनसहभागिता, बाजाखलःहरू नेपाल भाषाभाषी नेवार समुदायको रहेकोले कार्यक्रमको ब्यानर, प्रमाणपत्रहरूमा नेपाल भाषा, नेपाल संवत् पनि उल्लेख हुनु अनिवार्य रहेको र अझ रञ्जना लिपि नै लेखिएको भए सुनमा सुगन्ध हुन्थ्यो ।

★ भक्तपुरभन्दा बाहिरबाट आउने बाजा खलःलाई तोकिएको समय र स्थानमा ज्यालीमा सहभागी हुन समस्या भएको ।

## सहयोग सामग्री :


१. **'ख्वपया गुंलाबाज'**, सङ्कलन/सम्पादक पुष्प रत्न शाक्य, ११२२/२०५९ प्रकाशक : भक्तपुर बौद्ध सम्पदा सङ्घ, भक्तपुर,

२. **'धाः बाजंया म्हसिकाः'** सङ्कलन/लेखक यचु शाक्य प्रकाशकः आर्यानन्द, चतुरानन्द, पद्मावती, सविना, सुगत शाक्य

३. **'भीगु बाजा भीगु संस्कृति**, (परम्परागत बाजंया ग्वारा सङ्ग्रह)' गुरु अशोक शाक्य, ल्यूगुरु प्रताप शाक्य, ११३७, प्रकाशक : नागबहाल टोल सुधार समिति, नागबहाः, यल-१६

४. **'भीगु बाजा भीगु संस्कृति**, (परम्परागत बाजंया बोल सङ्ग्रह)' गुरु अशोक शाक्य, ल्यूगुरु प्रताप शाक्य, ११३८, प्रकाशक : नागबहाल टोल सुधार समिति, नागबहाः, यल-१६

५. **साःकुलां त्वाःया गुलां धलं न्यकूनौ बाजा छगू लुमन्ति**, लेखक : विष्णु बहादुर मानन्धर (धा), ११३४/२०७१ पिकाक : धा खलः परिवार

६. भक्तपुर नगरपालिकाको वेबसाइट तथा अन्य प्रकाशनहरू



'पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृति'

**भक्तपुर नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय, ब्यासी २, भक्तपुर

**पोलियो रोग विरुद्धको आईपीभी खोप अभियानबारे सूचना**

पोलियो रोग विरुद्धको आईपीभी खोप अभियान २०८०/०८१ भक्तपुर नगरपालिकामा पनि २०८१ साल जेष्ठ १३ गतेबाट शुरु भइसकेको छ । उक्त आईपीभी खोप २०७३ साल बैशाख महिनादेखि २०७५ साल आश्विन महिनासम्म जन्मेका सम्पूर्ण बालबालिकाहरुलाई लगाइन्छ । त्यसैले आफ्नो बालबालिकाहरुलाई आईपीभी खोप लगाई पोलियो रोग हुनबाट जोगाउन भक्तपुर नगरपालिका सम्पूर्ण नगरबासीहरुमा हार्दिक अनुरोध गर्दछ ।

खोप लगाउने समय : बिहान १० बजेदेखि ३ बजेसम्म

**पुनश्चः** २०८१ जेठ १३ गतेदेखि सञ्चालित खोप कार्यक्रममा आईपीभी खोप लगाउन छुट भएका बालबालिकाहरुलाई जेठ २४ र २५ गते निम्नअनुसारको स्वास्थ्य संस्थाहरुमा दिइने छ ।

- ख्वप अस्पताल, च्याम्हासिंह
- नगर स्वास्थ्य केन्द्र, ब्यासी
- आधारभूत स्वास्थ्य सेवा केन्द्र, सल्लाघारी

*भक्तपुर नगरपालिका*

■ पखाला लागेकालाई नुन चिनी पानीले संजीवनीको काम गर्छ ।
■ झिँगा भन्केको, बासी खानेकुरा खानाले रोग निम्त्याउँछ ।
■ सरसफाइमा जति ध्यान दिइन्छ स्वास्थ्य त्यतिकै राम्रो हुन्छ ।

अज्ञानीहरू रोगदेखि डराउँछन्
मूर्खहरू रोगलाई वेवास्ता गर्छन्
बुद्धिमानहरू रोगदेखि सतर्क रहन्छन् ।

सफा गर्ने बानी बसालौं
रोगदेखि टाढा बसौं ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित
**देको मिवा इतापाके जग्गा एकीकरण आयोजना**

**बाली मुआब्जा वितरणसम्बन्धी सूचना**

गोरखापत्रमा प्रथम पटक प्रकाशित मिति : २०८१।०२।०९

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित यस देको मिवा इतापाके जग्गा एकीकरण आयोजनाको मिति २०८१ जेठ ४ गते बसेको व्यवस्थापन उपसमितिको बैठक निर्णयानुसार आयोजना क्षेत्र (साबिक ५क, १०क, १५ङ, १५च, १५ज, १५क, १५ख र १५ग) मा यसअघि बाली लगाउन नपाएका तथा विभिन्न कारणले बाली मुआब्जा छुट भएका ज.ध.तथा मोहीसमेतलाई वर्षे तथा हिउँदे बालीको मुआब्जाको लागि अन्तिम पटक ३५ दिने सूचना प्रकाशन गर्ने निर्णय भएको हुँदा बाली मुआब्जाका लागि निवेदन पेस गर्नुहुन अनुरोध गरिन्छ ।

नोट : म्यादभित्र निवेदन पेस हुन नआएमा, बाली मुआब्जा भुक्तानी नहुने जानकारी गराइन्छ । *आयोजना प्रमुख*

# थंथु दरबार पुरानै स्वरूपमा निर्माण गर्न शिलान्यास




भक्तपुर दरबार क्षेत्रस्थित भक्तपुर नगरपालिकाको पुरानो भवन रहेको थंथु दरबारको पुरानै स्वरूपमा निर्माण गर्न वैशाख २४ गते शिलान्यास भएको छ ।

नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद प्रेम सुवालले एक कार्यक्रमबिच भक्तपुर नगरपालिकाद्वारा निर्माणाधीन ३४६ वर्ष पुरानो भक्तपुरको थंथु दरबारको शिलान्यास गर्नुभएको हो ।

शिलान्यास कार्यक्रममा सांसद **सुवाल**ले भक्तपुर दरबार क्षेत्रस्थित ९९ चोक उत्खननको विषयलाई निरन्तरता दिँदै लानुपर्नेमा जोड दिनुहुँदै पुराना संरचनाहरू बलियो भए पनि धेरै वर्ष पुरानो हुँदा स–साना भूकम्पले पनि क्षति पुऱ्याउनेतर्फ सम्बन्धित निकायले समयमै ध्यान दिनुपर्ने बताउनुभयो ।

भक्तपुरका १०० वर्ष पुराना घरहरू बस्नको लागि सुरक्षित छ वा छैन भन्ने विषयमा प्राविधिकहरूबाट परीक्षण गर्नु खाँचो रहेको बताउनुहुँदै उहाँले सम्पदा पुनःनिर्माणमा मौलिकता संरक्षणमा जोड दिनुपर्ने बताउनुभयो ।



कङ्क्रिट निर्माणभन्दा काठ र माटो जोडाइको संरचना बलियो र स्वास्थ्यको लागि फाइदाजनक हुने बताउनुहुँदै उहाँले सरकारले सम्पदा पुनःनिर्माणको लागि आवश्यक काठ र माटो सहज उपलब्ध गराए सम्पदाहरूको मौलिकता संरक्षणमा टेवा पुग्ने बताउनुभयो ।

सम्पदा संरक्षण पर्यटनसँग पनि जोडिएको विषय भएकोले पर्यटन प्रवर्द्धन र रोजगारी सिर्जनामा नयाँ नयाँ योजनाहरू आवश्यक भएको बताउनुहुँदै देशको सन्तुलित विकास गर्न उपत्यका बाहिर स–साना सुविधासम्पन्न सहरहरू निर्माण गर्नुपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाले नेमकिपाको नीति र निर्देशनअनुसार शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण आदि क्षेत्रमा नवीनत्तम कार्यहरू गर्दै आइरहेको बताउनुहुँदै उहाँले भक्तपुरको सम्पदा संरक्षणले पर्यटन प्रवर्द्धनमा ठूलो भूमिका खेलेको बताउनुभयो ।

कार्यक्रममा थंथु दरबार पुनःनिर्माण निर्देशक समितिका संयोजक एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले ५५ झ्यालसँगै जोडिएको थंथु दरबार २०७२ सालअघिसम्म भक्तपुर नगरपालिकाको कार्यालयको भवनको रूपमा रहेको र



२०७२ सालको विनासकारी भूकम्पले क्षतिग्रस्त बनाएपछि नगरपालिकाले पुनःनिर्माणको तयारी गर्दै गर्दा बजेट र प्राविधिक कारणले यो दरबार पुनःनिर्माण कार्य अघि बढ्न नसकेको बताउनुभयो ।

२०७४ को निर्वाचनपश्चात भक्तपुर नपाले नगरका १२४ ओटाभन्दा बढी सम्पदाहरू पुनःनिर्माण गरेकोमा थंथु दरबार पुनःनिर्माणको काम छलफलमै सीमित भएको र २०७९ सालको निर्वाचनपछि थंथु दरबार पुनःनिर्माण कार्यलाई प्राथमिकतामा राखी काम अगाडि बढाउँदै आएको हो, प्रमुख प्रजापतिले भन्नुभयो ।

सम्पदा पुनःनिर्माणको काम ठेक्कामा गर्न नहुनेमा जोड दिनुहुँदै उहाँले सम्पदाहरूको पुनःनिर्माणमा मौलिक स्वरूप कायम गर्न स्थानीय जनताबाट गठित उपभोक्ता समितिलाई नै पुनःनिर्माणको जिम्मेवारी दिने कानुन निर्माण हुनु आवश्यक भएको बताउनुभयो ।

थंथु दरबार भत्काउन रु. १३ लाख ३८ हजारमा लगत इस्टिमेट भएकोमा रु. ११ लाख ५१ हजारमा भत्काउने काम सम्पन्न भएको बताउनुहुँदै उहाँले दरबारको जगसम्म भत्काइसकेपछि पटक पटक पुरातत्त्व विभागका महानिर्देशकबाट समेत अवलोकन भएको र त्यसको उत्खनन कार्य पनि भएको प्रष्ट पार्नुभयो ।

प्रमुख प्रजापतिले रु. १२ करोड ८५ लाख ३४ हजार ल.इ. स्वीकृत गरी पहिलो चरणको कार्य योजनामा रु. ४ करोड ७२ लाख बजेट स्वीकृत गरी कार्य भइरहेको अवगत गराउनुभयो । त्यस्तै रु. १ करोड ५८ लाखको काठ टेन्डर प्रक्रियाबाट खरिद गरिसकेको जानकारी गराउनुहुँदै प्रमुख प्रजापतिले सरकारले सम्पदा पुनःनिर्माणको लागि सरकारी मूल्यमा काठ आपूर्ति गर्ने व्यवस्था भएमा धेरै सहज हुने बताउनुभयो ।



वाग्मती प्रदेश सभा सदस्य **सृजना सैंजु**ले पुरातात्त्विक र प्राचीन दृष्टिकोणले महत्त्वपूर्ण सांस्कृतिक धरोहर नयाँ पुस्ताको लागि जोगाउन र संरक्षण गर्नु मानव सभ्यताकै पुनःजागरण भएको बताउनुहुँदै अरनिको सभाभवन र थंथु दरबार पुनःनिर्माण भक्तपुरको मात्र नभई देशकै निम्ति उत्साह र गौरवको विषय भएको बताउनुभयो ।

भक्तपुरको सन्तुलित विकासमा नगरपालिकाका जनप्रतिनिधिको नेतृत्व र नगरवासीहरूको साथ र सहयोगले भक्तपुर आज व्यवस्थित ढङ्गले अगाडि बढेको बताउनुहुँदै उहाँले १५ वर्ष जनप्रतिनिधिविहीन अवस्थाले भक्तपुरको विकास ५० वर्ष पछाडि धकेलिएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका



उपप्रमुख **रजनी जोशी**ले थंथु दरबार उत्खननका क्रममा उक्त दरबार राजनीतिक र मनोरञ्जनात्मक उद्देश्यले निर्माण भएको तथ्यहरू भेटिएको बताउनुहुँदै भक्तपुर नपाको निरन्तर प्रयासपछि दरबार पुनःनिर्माणको कार्य अगाडि बढेको बताउनुभयो ।



भक्तपुर जिल्लाका प्रजिअ **रोशनीकुमारी श्रेष्ठ**ले भक्तपुरको मौलिक परम्परा र संस्कृति जगेर्ना गरी सम्पदा पुनःनिर्माण गर्ने कार्यमा भक्तपुर नपा अग्रस्थानमा रहेको बताउनुहुँदै लोप हुन लागेको थंथु दरबार पुनःनिर्माण गर्ने भक्तपुरको प्रयास सराहनीय भएको बताउनुभयो । उहाँले मल्लकालीन संरचनामा पुनःनिर्माण हुने थंथु दरबारले भक्तपुरको दरबार क्षेत्रको सुन्दरता अझ बढाउने विश्वास व्यक्त गर्नुभयो ।

दरबार हेरचाह अड्डा कार्यालय



भक्तपुरका प्रमुख **अरूणा नकर्मी**ले भूकम्पले भक्तपुरका धेरै सम्पदा तथा निजी घरहरूमा क्षति पुऱ्याएको स्मरण गर्नुहुँदै भूकम्पले विनास सँगसँगै भक्तपुरको विकास पनि भएको बताउनुभयो। सम्पदा संरक्षणमा माटो जोडाइको प्रविधिलाई जोड दिँदै जानुपर्ने बताउनुहुँदै उहाँले सरकारले सम्पदा पुनःनिर्माणको लागि आवश्यक काठ र माटो सहज उपलब्ध गराएको खण्डमा मौलिक स्वरूप संरक्षणमा सहजता हुने बताउनुभयो।




इतिहासविद् प्रा.डा. **पुरुषोत्तमलोचन श्रेष्ठ**ले तत्कालीन राजा जितामित्र मल्लले बनाउन लगाएको आजभन्दा ३४६ वर्ष पुरानो थंथु दरबारलाई भक्तपुर नपाले पुरानै मौलिक स्वरूपमा पुनःनिर्माण कार्य अगाडि बढाउनु प्रशंसनीय भएको बताउनुभयो।

५५ झ्याल दरबारको अध्ययन अनुसन्धानको क्रममा जग खण्ड उत्खनन गर्ने क्रममा पचपन्न झ्याल दरबार थंथु दरबारकै दक्षिण भाग रहेको अनुसन्धानबाट पत्ता लागेको बताउनुहुँदै डा. श्रेष्ठले भक्तपुर दरबार क्षेत्रस्थित ९९ चोकको अध्ययन-अन्वेषण सम्भव भएको बताउनुभयो।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ३ का वडाध्यक्ष **राजकृष्ण गोरा**ले स्वागत मन्तव्य राख्नुभएको थियो भने भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले सम्पूर्णमा धन्यवादज्ञापन गर्नुभयो। उक्त



कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले पनि बोल्नुभएको थियो।




थंथु दरबारको विभिन्न मोहडाको प्रारूप



थंथु दरबारसँग जोडिएको ५५ झ्याल दरबारको खण्ड

# भक्तपुर नपाबाट वर्षका उत्कृष्ट खेलाडीहरू सम्मानित




नेपाल मजदुर किसान पार्टीका केन्द्रीय अध्यक्ष एवं वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेँ(रोहित)को प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिकाको आयोजनामा वर्षका उत्कृष्ट महिला तथा पुरुष खेलाडीहरूको सम्मान कार्यक्रम जेठ ५ गते भयो ।




कार्यक्रममा प्रमुख अतिथि **बिजुक्छेँ**ले खेलाडीहरू देश रक्षाको निम्ति तत्पर हुनुपर्नेमा जोड दिनुहुँदै प्रतिक्रियावादीहरूले खेलाडीहरूलाई गलत ढङ्गले प्रयोग गर्न सक्ने हुँदा खेलाडीहरू सजग हुनुपर्ने बताउनुभयो ।

उहाँले खेलाडीहरूले खेलकुदका साथसाथै देशको संस्कृति र सांस्कृतिक सम्पदा संरक्षण लगायत समाज विकासको लागि महत्त्वपूर्ण भूमिका खेल्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा प्रमुख **सुनिल प्रजापति**ले खेलाडीहरू देशकै सम्पत्ति भएकोले राज्यले खेलाडीको सुरक्षा र व्यवस्थापन गर्नुपर्ने बताउनुभयो । अहिले खेलाडीहरू विदेश पलायन हुने बाध्यता भएकोले खेलाडीलाई उत्साहित गर्ने खालको कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने बताउनुभयो । भनपामा खेलकुद पुर्वाधार कम भएको बताउनुहुँदै राज्यले खेलकुद क्षेत्रमा गरेको लगानी पनि बालुवामा पानी हुने गरेको बताउनुभयो । खेलाडीहरू पनि राजनीतिबाट अलग हुन नसक्ने बताउनुहुँदै खेलाडीहरूले पनि देशको सार्वभौमसत्ता, स्वतन्त्रता, अखण्डता रक्षाका लागि लड्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा वागमती प्रदेशसभाका सभासद् **सुरेन्द्रराज गोसाईं**ले खेलाडीहरूले खेलका साथसाथै समाज विकासमा उत्कृष्ट योगदान गर्नुपर्ने बताउनुहुँदै खेलाडीहरूले स्वयंसेवी भावनाले काम गर्नुपर्ने बताउनुभयो । उहाँले राज्यले खेल क्षेत्र वास्ता नगरेको सन्दर्भमा भक्तपुर नगरपालिकाले खेलाडी सम्मान कार्यक्रम आयोजना गर्नु प्रेरणादायी भएको बताउनुहुँदै यस्ता कार्य देशकै लागि उदाहरणीय भएको बताउनुभयो ।

कार्यक्रममा उपप्रमुख **रजनी जोशी**ले नगरपालिकाले नेमकिपाको निर्वाचन घोषणापत्र अक्षरस पालना गर्दै शिक्षा, स्वास्थ्य, सरसफाइ र आधारभूत आवश्यकताका साथै खेलकुद क्षेत्रलाई प्राथमिकतामा राख्दै कार्य गर्दै आएको बताउनुभयो । उहाँले खेलकुद, शिक्षा र स्वास्थ्य एक आपसमा अन्योन्याश्रित रूपमा जोडिएर रहेको चर्चा गर्नुहुँदै भनपाले हरेक वर्ष खेलकुद प्रतियोगिताहरू सञ्चालन गरी खेलकुद क्षेत्रलाई प्रोत्साहित गर्दै आएको बताउनुभयो ।

यसै प्रसङ्गमा भक्तपुर नगरपालिकाले अपाङ्गता दिवसको

अवसरमा अपाङ्गता भएका व्यक्तिहरूबिच बास्केटबल प्रतियोगिता आयोजना गरेको स्मरण गर्नुहुँदै खेलाडीहरू देशको गहना भएकोले खेलाडीहरूले देश र जनताको सेवा गर्नुपर्ने समेत जिम्मेवारी रहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले खेलकुद क्षेत्रको विकासको लागि सङ्घ, प्रदेश र स्थानीय सरकारबिच समन्वय हुनुपर्ने बताउनुहुँदै खेलाडीहरूको वृत्ति विकासको लागि भक्तपुर नगरपालिकाले नियमित रूपमा विद्यालयस्तरीय तथा अन्तरनगर खेलकुद प्रतियोगिताहरू सञ्चालन गर्दै आइरहेको जानकारी गराउनुभयो ।

भक्तपुर नगरपालिका वडा नं. १ का वडाध्यक्ष एवम् युवा तथा खेलकुद समितिका संयोजक **श्यामकृष्ण खत्री**ले भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, पर्यटन क्षेत्रजस्तै खेलकुद क्षेत्रलाई पनि प्राथमिकता राख्दै आएको बताउनुहुँदै नगरवासीको स्वास्थ्यलाई ध्यानमा राखी टोल टोलमा खुला व्यायामशाला, छिकोङ प्रशिक्षण र विद्यालयहरूमा खेलकुद प्रशिक्षकहरूको बन्दोबस्त गरेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर जिल्ला भलिबल सङ्घका अध्यक्ष **विनोद चरण राय**ले भक्तपुर नपाले गरेको खेलाडी सम्मानले खेलाडीहरू थप उत्साहित भएको र नपाले खेलकुदमा उदाहरणीय तथा सरहानीय कार्य गरेको बताउनुहुँदै सम्मानित हुने खेलाडीहरूको घोषणा गर्नुभयो ।

कार्यक्रममा वडा नं. ४ का वडाध्यक्ष एवम् युवा तथा खेलकुद समितिका सदस्य **उपेन्द्र सुवाल** र समितिका सदस्य **रामसुन्दर बासी**ले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि बिजुक्छें, भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति, वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले १६ जना निर्णायकहरू, १७ ओटा खेलका उत्कृष्ट १७/१७ जना महिला र पुरुष खेलाडीहरू तथा १७ उत्कृष्ट प्रशिक्षकहरू, प्रशिक्षक कोर्ष उत्तीर्ण २१ जना प्रशिक्षकहरू, अन्तर्राष्ट्रिय पदक प्राप्त गर्ने ७ जना खेलाडीहरूलाई सम्मान गरिएको थियो ।








## सम्मानका केही झलक






# बेखाल टेबुल टेनिस कभर्ड हल उद्घाटन



नेमकिपा केन्द्रीय सचिव एवम् प्रतिनिधि सभाका सांसद प्रेम सुवालले भक्तपुर नपा–१० बेखालस्थित बेखाल टेबुल टेनिस कभर्ड हलको नवनिर्मित भवनको जेठ ६ गते रिबन काटी उद्घाटन गर्नुभयो ।

कार्यक्रममा प्रमुख अतिथि **सुवाल**ले खेलकुद क्षेत्रमा व्यापक भ्रष्टाचार हुने गरेका तर सरकारको नीति तथा कार्यक्रममा भ्रष्टाचार नियन्त्रण गर्ने खालको कार्यक्रम नभएको बताउनुभयो । राजनीति कहिल्यै पनि फोहोर नहुने बताउनुहुँदै सरकारमा गएका राजनैतिक व्यक्तिहरूको चरित्र फोहोर भएकोले देशको राजनीति प्रदूषित भएको बताउनुभयो । राजनीति जनताको सेवा गर्ने अवसर रहेको चर्चा गर्नुहुँदै उहाँले पुँजीवादी देशमा उत्पादनका साधनहरू सीमित व्यक्तिको कब्जामा रहने र जनताले दुःख पाउने भएकोले समाजवादी व्यवस्थाको आवश्यकता रहेको चर्चा गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुरमा हाल कमलविनायक, लिवाली र बेखालमा गरी ३ ओटा कभर्ड हल सञ्चालनमा आएको जानकारी दिनुहुँदै भनपाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडीहरू उत्पादन गर्न सफल भएको र हरेक वर्ष खेलाडी तथा प्रशिक्षकहरू सम्मान गर्दै आएको पनि बताउनुभयो । उहाँले खेलाडीहरू अनुशासित हुनुपर्नेमा जोड दिनुहुँदै खेलाडीहरू देश र जनताको हक हित तथा देशको सार्वभौमसत्ता जोगाउन र देशको राजनैतिक विषयमा जानकार हुनुपर्नेमा जोड दिनुभयो ।




कार्यक्रममा उपप्रमुख **रजनी जोशी**ले भक्तपुर नगरपालिकाले निर्वाचन घोषणापत्र अनुसार खेलकुद क्षेत्रलाई प्राथमिकता दिँदै कार्य गरिरहेको बताउनुहुँदै खेल शारीरिक तथा बौद्धिक विकासको निम्ति अपरिहार्य भएको बताउनुभयो । उहाँले भक्तपुर नपाले विश्व अपाङ्गता दिवसको अवसरमा अपाङ्गता भएका व्यक्तिहरूबिच नियमित रूपमा खेलकुद प्रतियोगिताहरू सञ्चालन गरिरहेको बताउनुभयो ।

वाग्मती प्रदेशसभाका सांसद **सृजना सैंजु**ले कभर्ड हल निर्माणले खेल जगतमा नयाँ पुस्तालाई आकर्षण गर्ने बताउनुहुँदै खेल मित्रताको लागि हो भन्नुभयो । खेलकुदले देशलाई अन्तर्राष्ट्रिय जगतमा चिनाउने बताउनुहुँदै खेलकुद राजनीतिशास्त्र र कुटनीतिशास्त्रसँग पनि जोडिएको छ भन्नुभयो । उहाँले राज्यले खेलकुद क्षेत्रलाई अगाडि बढाउन नसकेको चर्चा गर्नुहुँदै उहाँले खेलकुद पूर्वाधारमा भक्तपुर नगरपालिकाले गरिरहेको कार्य सरहानीय रहेको बताउनुभयो ।

कार्यक्रममा राष्ट्रिय खेलकुद परिषद्का वरिष्ठ प्रशिक्षक **राजेन्द्र कपाली**ले भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्यसँगै खेलकुदलाई पनि प्राथमिकतामा राख्दै कार्य गरिरहेको ज्वलन्त उदाहरण भएको बताउनुहुँदै सरकार र खेलकुद परिषद्ले गर्नुपर्ने कामलाई भनपाले अगाडि बढाइरहेको चर्चा गर्नुभयो ।

त्यसैगरी अखिल नेपाल टेबुलटेनिस सङ्घका अध्यक्ष **चतुरानन्द वैद्य**ले कभर्ड हललाई राष्ट्रिय प्रशिक्षण केन्द्रको रूपमा विकास गर्न सकिने बताउनुहुँदै खेलाडीहरूले समाज परिवर्तनको लागि भूमिका खेल्नुपर्ने बताउनुभयो ।




कार्यक्रममा भक्तपुर जिल्ला भलिबल सङ्घका अध्यक्ष **विनोदचरण राय**ले भक्तपुरमा टेबुलटेनिसको लोकप्रियता बढ्दै गएको चर्चा गर्नुभयो।

कार्यक्रममा वडा नं. १ का वडाध्यक्ष एवम् युवा तथा खेलकुद समितिका संयोजक **श्यामकृष्ण खत्री**ले भनपाले हरेक वर्ष उत्कृष्ट खेलाडी तथा प्रशिक्षकहरूलाई सम्मान गर्दै आएको स्मरण गर्नुहुँदै प्रत्येक वडामा खुला व्यायामशालाको व्यवस्था र नगरभित्रका विद्यालयहरूमा खेलकुद प्रशिक्षकहरूको बन्दोबस्त गर्दै आएको जानकारी दिनुभयो।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व**, वडा नं. १० का वडाध्यक्ष **लक्ष्मीप्रसाद ह्यौंमिखा** र भनपाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले पनि बोल्नुभएको थियो।



कभर्ड हलको बाहिरी स्वरूप



कभर्ड हलको भित्री भाग

भक्तपुर नगरलाई सधैं सफा-सुग्घर राख्नु
हामी सबै असल नगरवासीको कर्तव्य हो।

# हाम्रा पुराना मूर्ति



आर्य तारा (१७ औं शताब्दी)

स्रोत : राष्ट्रिय चित्र सङ्ग्रहालय, भक्तपुरको प्रदर्शनी


## भक्तपुर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर

### पर्यटक सेवा शुल्क सम्बन्धी सूचना

यस नगरपालिका क्षेत्रभित्र प्रवेश गर्ने गैर सार्क पर्यटकलाई १५ अमेरिकी डलर वा रु. १५००।- नेपाली रुपैयाँ लिँदै आइरहेकोमा हाल आएर डलरको भाउ क्रमशः वृद्धि हुँदै एक अमेरिकी डलर बराबर १२७।- नेपाली रुपैयाँको हाराहारीमा पुगेकोले डलरको भाउ समायोजन गर्न नेपाली रुपैयाँको हकमा पर्यटक सेवा शल्क रु. १५००।- को सट्टा सन् २०२३ जनवरी १ देखि लागू हुने गरी एक गैर सार्क पर्यटकको **१५ अमेरिकी डलर वा रु. १८००।- (एक हजार आठ सय) नेपाली रुपैयाँ** कायम गर्ने निर्णय गरिएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।




# अन्तर्राष्ट्रिय श्रमिक दिवस

## 'शोषणमा बाँच्नुभन्दा मजदुरहरूले अधिकारका लागि लड्नुपर्ने'







१३५ औँ अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा ख्वप मा.वि., ख्वप कलेज, शारदा क्याम्पस मा.वि. र ख्वप कलेज अफ ल को संयुक्त आयोजनामा वैशाख १९ गते प्रवचन कार्यक्रम भयो ।

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छेँ (रोहित)** को प्रमुख अतिथ्यमा भएको उक्त कार्यक्रममा अध्यक्ष बिजुक्छेँले हरेक घटना, परिघटना र आन्दोलनलाई आलोचनात्मक ढङ्गले हेरी विश्लेषण गर्ने क्षमता राख्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

संसारमा सबभन्दा पहिले मजदुर आन्दोलन भएको देश बेलायत भएको चर्चा गर्नुहुँदै उहाँले शोषणमा परेर बाँच्नुभन्दा पनि अधिकारको लागि मजदुरहरू लडेर अगाडि बढ्नुपर्ने बताउनुभयो ।

अन्य देशको विकासको मोडेल अध्ययन गरेर देश सुहाउँदो विकासको मोडालिटी बनाउन सके सफलता मिल्ने र गल्ती कममात्र हुने धारणा अध्यक्ष बिजुक्छेँले राख्नुभयो ।

उहाँले भन्नुभयो, 'हामीले अरूबाट सिक्नु आवश्यक छ; गल्ती दोहोऱ्याउनु हुँदैन; गलत कदमलाई आलोचना गर्नुपर्छ; हाम्रो दृष्टिकोण र विचार विज्ञानसम्मत भएमा एकदिन जरूर सफलतामा पुग्न सकिन्छ ।'

सबैले इमानदारीपूर्वक कर्तव्य पूरा गर्नुपर्ने आवश्यकता औँल्याउनुहुँदै उहाँले जिम्मेवार व्यक्तिहरू कुनै पनि बहानामा आफ्नो कर्तव्यबाट पन्छिन पाइँदैन भन्नुभयो ।

अध्यक्ष रोहितले भन्नुभयो, 'सचेत र इमानदार नेपालीले कर्मथलो छोडेपछि नेपालमा विदेशी प्रभुत्व झन्झन् बढ्दै जानेछ । समाजवादी क्रान्ति र कम्युनिस्ट विचारबाट सचेत होला भन्ने डरले नै पुँजीपतिहरूले युवाहरूलाई विदेश पठाइरहेको हो । यसतर्फ युवाहरू सचेत हुनैपर्छ ।'

विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोष, एसियाली विकास बैङ्कलगायतका अमेरिकी साम्राज्यवादी ज्यावलहरूले विकासको नाममा ऋणको पासो विस्तार गरी कमजोर देशलाई नवउपनिवेश बनाइरहेकोतर्फ उहाँले सचेत गराउनुभयो ।

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, 'देशभक्त र कर्तव्यनिष्ठ नयाँ पुस्ता तयार गर्ने जिम्मेवारी विद्यालय र कलेजको हो । विद्यार्थीले शिक्षकबाटै सिक्ने भएकोले शिक्षकहरू असल र इमानदार हुनैपर्छ ।'

शासक दलहरूले कामदार जनताको पक्षमा नभई पुँजीपतिवर्ग र शोषकवर्गको पक्षमा कानुन बनारहेको चर्चा गर्नुहुँदै उहाँले भन्नुभयो, 'योग्यताअनुसारको काम र कामअनुसारको ज्यालाको बन्दोबस्त गर्ने ग्यारेन्टी संविधानमै उल्लेख गर्नु आवश्यक छ ।'

देशको आवश्यकताअनुसार विद्यालय र कलेजको पाठ्यक्रम नरहेको हुँदा पाठ्यक्रम नै परिवर्तन गर्नु आवश्यक भएको विचार अध्यक्ष बिजुक्छेँले व्यक्त गर्नुभयो ।

कार्यक्रमका सभापति, भक्तपुर नगरपालिकाका प्रमुख एवं विद्यालय/कलेज सञ्चालक समितिका अध्यक्ष **सुनिल प्रजापति**ले मार्क्स-एङ्गेल्सले सन् १८४८ मा 'कम्युनिस्ट

घोषाणपत्र' प्रकाशित गरेदेखि नै संसारमा परिवर्तनको नयाँ तरङ्ग सृजना भएको बताउनुभयो ।

समाज विकासको क्रम वर्गसङ्घर्षबाट अगाडि बढ्दै गएकोले शान्तिपूर्ण आन्दोलनबाट आमूल परिवर्तन हुन नसक्ने र मजदुरवर्गको शासन व्यवस्था स्थापना हुन नसक्ने भएकोले सशस्त्र क्रान्तिबाट नै मजदुरवर्गले सत्ता कब्जा गर्नुपर्ने बाटो मार्क्सवादले देखाएको उहाँले स्पष्ट पार्नुभयो ।

पेरिस क्रान्तिको असफलताबाट पाठ लिएर लेनिनको नेतृत्वमा सन् १९१७ मा भएको अक्टोबर समाजवादी क्रान्ति सफलतामा पुगेको चर्चा गर्नुहुँदै प्रमुख प्रजापतिले अक्टोबर समाजवादी क्रान्तिले मजदुर-किसानवर्गले पनि व्यवस्थितरूपमा शासन सञ्चालन गर्नसक्छ भन्ने संसारलाई नयाँ दिशानिर्देश गरेको बताउनुभयो ।

उहाँले भन्नुभयो, 'राजनीति देश र जनताको इमानदारी र निःस्वार्थपूर्वक सेवा गर्न हो । राजनीति गर्नु गलत होइन बरू राजनीति गर्ने नेता गलत भएकैले देश र कामदार जनताले दुःख भोग्नुपरेका हुन् । शिक्षकले राजनीति गर्नुहुन्न भन्नुको औचित्य छैन ।'

सहकारी संस्था र बैङ्कमा रहेको अर्बौं रकमलाई उत्पादनशील क्षेत्रमा लगानी नगरी विदेशी लगानीलाई भित्र्याउने नीतिले देशलाई परनिर्भर बनाउने कुरा प्रमुख प्रजापतिले स्पष्ट पार्नुभयो ।

उहाँले भन्नुभयो, 'भक्तपुर नगरपालिकाबाट सञ्चालित शैक्षिक संस्थाहरू प्रगतिशील विचारबाट प्रेरित भई स्थापना भएको हुँदा कार्यरत शिक्षक/कर्मचारीहरूले समाज रूपान्तरणको लागि इमानदारीपूर्वक योगदान गर्नुपर्छ ।'

ख्वप कलेजका प्राचार्य **प्रकाशकुमार श्रेष्ठ**ले व्यक्तिगत हितभन्दा सामाजिक हितलाई प्राथमिकता दिने उद्देश्यले सञ्चालित संस्थामा काम गर्न पाउनुलाई अवसरको रूपमा लिनुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, 'सकारात्मक सोच, सामूहिक हित र असल व्यवहारले सफलतामा पुऱ्याउँछ; नकारात्मक सोचले असफलतामा पुऱ्याउँछ ।'

ख्वप कलेज अफ ल का प्राचार्य **अनिता जधारी**ले अन्तर्राष्ट्रिय श्रमिक दिवसको पृष्ठभूमिबारे प्रस्तुतीकरण गर्नुभएको थियो ।

कार्यक्रममा ख्वप मा.वि.का प्राचार्य **लक्ष्मीप्रसाद कर्माचार्य** र शिक्षिका **सुनिता गाइसी**ले पनि बोल्नुभएको थियो ।

## विदेशीको भरमा देशलाई विकास गर्ने सोचले देशलाई परनिर्भर बनाउँदै लाने




नेपाल मजदुर किसान पार्टीका सचिव एवम् प्रतिनिधिसभा सदस्य **प्रेम सुवाल**ले पुँजीपति वर्गको नेतृत्वमा भएको आन्दोलनले बहुमत जनताको हित नभई पुँजीपति वर्गको मात्र हित हुने बताउनुभयो ।

नेपाल नगरपालिका कर्मचारी एशोसियसन भक्तपुर नगरपालिका समितिको आयोजनामा वैशाख १७ गते भएको १३५ औं अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा वर्तमान समसामयिक राजनैतिक विषयमा प्रशिक्षण एवम् प्रवचन कार्यक्रममा उहाँले मजदुर वर्गले पुँजीपति वर्गविरुद्ध आन्दोलन गरे पछि मात्र मजदुर वर्गको मुक्ति सम्भव हुने बताउनुभयो ।




पुँजीवादले २।३ सय वर्षमा गर्ने भौतिक विकास र प्रगति समाजवादी सोभियत सङ्घले ४०।५० वर्षमै योजनाबद्ध विकास गरेर देखाइ दिएको उल्लेख गर्नुहुँदै उहाँले विदेशीको भरमा देशलाई विकास गर्ने सोचले देशलाई परनिर्भर बनाउँदै लाने धारणा राख्नुभयो ।

सांसद सुवालले भन्नुभयो, 'मजदुर पार्टी पुँजीपति सरकारको भागबन्डामा सहभागी हुँदैन । पुँजीपति सरकारमा भाग लिनु आफैमा ट्रेड युनियनवादी हुनु हो ।'

उहाँले आन्दोलनविना मजदुर वर्गको मुक्ति सम्भव नहुने र कुनै उपलब्धी हासिल गर्न नसकिने धारणा राख्नुहुँदै समाजवादमा श्रमको सम्मान हुने र बौद्धिक श्रम गर्नेलाई भन्दा शारीरिक श्रम गर्नेलाई बढी इज्जत दिइने व्यवस्था हो भन्नुभयो ।

मजदुर वर्ग सचेत र सङ्गठित भए मजदुर आन्दोलन अगाडि बढाउन सहज हुने बताउनुहुँदै उहाँले मजदुर आन्दोलन स्वाभाविक ढङ्गले अगाडि बढे पुँजीवादी वर्गलाई समाप्त पार्न मदत पुग्ने बताउनुभयो ।



कार्यक्रमका विशेष अतिथि भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले सन् १८४८ मा मार्क्स र एंगेल्सले लेखनुभएको 'कम्युनिष्ट घोषणपत्र' ले संसारलाई नयाँ विचार प्रदान गरेको बताउनुभयो ।

कम्युनिष्ट घोषणापत्रको सफल कार्यान्वयन गरी सशस्त्र सङ्घर्षबाट पुँजीपति वर्गको सत्ता पल्टाएर मजदुर वर्गको सरकार स्थापना गर्ने पहिलो देश सोभियत सङ्घ भएको बताउनुभयो ।

सर्वहारा वर्गको शासन सत्ता स्थापना गर्ने नारा दिएर नेपालका शासकहरू पुँजीवादी सरकारमा पुगेर आफै पुँजीपति वर्गमा परिणत भइसकेका बताउनुहुँदै उहाँले नेपालका शासक दलहरूबाट सर्वहारा वर्गको हितको आशा गर्नु भनेको जनताले थप धोका पाउनु हो भन्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले नेपाल मजदुर किसान पार्टी देशको एक मात्र सच्चा कम्युनिष्ट पार्टी भएको अवगत गराउनुहुँदै नेमकिपाले स्थापनाकालदेखि मजदुरहरूको हकहितको निम्ति काम गर्दै आइरहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले सीमित स्रोतसाधनबिच जनताका असीमित आकाङ्क्षा पूरा गर्ने दायित्व कर्मचारीहरूको हो भन्नुहुँदै कर्मचारीहरू श्रमिकहरूको हक अधिकारबारे सचेत र सङ्गठित हुनुपर्छ भन्नुभयो ।

कार्यक्रममा नेपाल नगरपालिका कर्मचारी एशोसियसन भक्तपुर नगरपालिका समितिका अध्यक्ष **गौतमप्रसाद लासिवा**ले जनताको नि:स्वार्थपूर्वक सेवा गर्ने उद्देश्यले कर्मचारीहरू अग्रसर हुनुपर्ने बताउनुहुँदै कर्मचारीहरूले समाजवादी देशका मजदुरहरूको अवस्थाबारे अध्ययनमा जोड दिनुपर्ने बताउनुभयो ।



कार्यक्रममा विकास प्रजापति, दिलिपकुमार सुवाललगायतले बोल्नु भएको थियो ।

## जनताको चेतनास्तर नउठेसम्म समाजमा परिवर्तन असम्भव : अध्यक्ष बिजुक्छें




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छें (रोहित)**ले समाजको विकास र परिवर्तनमा मजदुर वर्गको योगदान र भूमिका उल्लेखनीय रहेको चर्चा गर्नुहुँदै क्रान्तिकारी नेताहरूको जीवनी अध्ययनमा नयाँ पुस्तालाई प्रेरित गर्दै लानुपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज तथा ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा वैशाख २२ गते भएको १३५ औं अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा आयोजित प्रवचन कार्यक्रममा उहाँले सबै विषयमा आलोचनात्मक दृष्टिकोणको खाँचो रहेको औँल्याउनुहुँदै जनताको चेतनास्तर नउठेसम्म समाजमा परिवर्तन सम्भव नहुने बताउनुभयो ।

उहाँले भन्नुभयो, 'पुँजीवादी पार्टीहरूले कामदार वर्गको पक्षमा बोल्दैनन्, कामदार वर्गले पुँजीवादी पार्टीको विरोधमा वैचारिक सङ्घर्ष गर्न कहिल्यै छोड्नुहुन्न ।'

नक्कली कम्युनिष्टहरूले मजदुर आन्दोलनलाई कमजोर बनाउने कार्य गर्दै आइरहेको बताउनुहुँदै उहाँले



विदेशीहरूले नेपालमा आफ्नो स्वार्थविना लगानी नगर्ने र विदेशी लगानी देशलाई उपनिवेश बनाउने माध्यम भएको बताउनुभयो ।

अन्तर्राष्ट्रिय परिस्थितिले नेपालमा पनि प्रभाव पर्ने विषय जोड्नुहुँदै उहाँले छिमेकी मुलुक भारत स्वतन्त्र नभएसम्म नेपाल स्वतन्त्र हुने सम्भावना नभएको उल्लेख गर्दै उहाँले मजदुर–किसानलाई राजनीतिक रूपबाट शिक्षित पार्ने कम्युनिष्टहरूको मुख्य दायित्व हुनुपर्ने बताउनुभयो ।



कार्यक्रममा कलेज व्यवस्थापन समितिका अध्यक्ष एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले लगानी बोर्ड विधेयक पारित गर्ने बेलामा नेमकिपाले चर्को विरोध गरेको स्मरण गर्नुहुँदै विदेशी लगानीले नेपाल साम्राज्यवादीहरूको नवउपनिवेश बन्ने खतरा सिर्जना भएको बताउनुभयो ।

मार्क्स र एंगेल्सले सन् १८४८ मा कम्युनिष्ट घोषणापत्र लेखेर वर्ग सङ्घर्षको माध्यमबाट पुँजीपति वर्गको सत्ता मजदुर वर्गले हातमा लिन सकिन्छ भन्ने नयाँ विचारको सुरुवात गरेको बताउनुहुँदै उहाँले कम्युनिष्ट घोषणापत्र अध्ययनले संसारका आधाभन्दा बढी मानिसहरू आ–आफ्नो देशमा समाजवाद स्थापना गर्न पुँजीपति वर्गको विरुद्ध लडिरहेका छन् भन्नुभयो ।

नेपालका कम्युनिष्ट पार्टीहरूले कम्युनिष्टको सिद्धान्त र विचारअनुसार काम गर्न नसकेको बताउनुहुँदै शासक दलहरूको सरकारमा जाने, सत्तामा बस्ने सोचले देश विदेशीको नियन्त्रणमा जान सक्ने खतरा निम्तिएको उहाँले बताउनुभयो ।

ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य इ. **सुजन माक** र ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य **सुनिल दुवाल**ले मजदुर आन्दोलनको पृष्ठभूमिबारे प्रष्ट पार्नुहुँदै शासक दलबाट जनतामाझ कम्युनिष्ट विचारबारे वितृष्णा जगाउने कार्य हुँदै आएको बताउनुभयो । मे दिवसबारे व्यापक छलफल आवश्यक भएको बताउनुहुँदै उहाँहरूले मजदुर आन्दोलनले मजदुरको हकहितको निम्ति आवाज उठाउँदै आएको बताउनुभयो ।

कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका उपप्राचार्य डा. **सुवेगमान बिजुक्छें**ले 'मोदी फासिवाद' इ. **नरेश खत्री**ले 'मजदुर आन्दोलनको इतिहास' बारे प्रस्तुतीकरण देखाएका थिए ।

# प्रेरणीय

## आफैंमाथि विश्वास गर

बीसौं शताब्दीको सुरुवाततिर अमेरिकामा एक युवकलाई व्यापारमा ठूलो घाटा लाग्यो । घर, जमिन सबै धितो राखेर ऋण लिनुपर्‍यो । उनी निकै हतास भए । सहयोग गर्ने कोही भएनन् । एक दिन उनी पार्कमा बसिरहेका थिए । त्यत्तिकैमा त्यहाँ एक वृद्ध पुगे । वृद्धले ती युवकलाई चिन्ताको कारण सोधे । युवकले सबै व्यथा सुनाए । वृद्धले आफूलाई अमेरिकाका निकै धनी मानिस जोनका रूपमा परिचय दिँदै भने– म तिमीलाई १० लाख डलर ऋण दिन्छु । आजको ठीक एक वर्षपछि म यसै ठाउँमा आउनेछु, त्यतिखेर तिमीले मेरो ऋण फिर्ता गर्नुपर्छ । यति भनेर युवकलाई १० लाख डलरको चेक दिएर वृद्ध आफ्नो बाटो लागे ।

युवकले केही भन्नुपहिल्यै ती वृद्ध त्यहाँबाट गायब भइसकेका थिए । युवक खुसी हुँदै घर फर्किए । १० लाख डलरबाट उनका समस्याको समाधान हुने थियो । तर, उनलाई अचानक लाग्यो– एउटा अपरिचित मानिसले ममाथि विश्वास गरेर यति ठूलो रकम ऋण दिइरहेको छ । म भने आफैंमाथि भरोसा गर्न नसकेर अर्काले दिएको ऋणको भर परिरहेको छु । यस्तो सोचेर उनी त्यो चेक नसाटी सुरक्षित राखेर रातदिन परिश्रम गर्न थाले । केही समय परिश्रम गर्दा पनि केही लागेन भने मात्र त्यो चेक साट्ने उनको विचार थियो । तर, उनको परिश्रमले उनलाई बिस्तारै सफलताको बाटो देखाउन थाल्यो र एक वर्षभित्रमा उनले सम्पूर्ण ऋण चुक्ता गरेर राम्रै बचत पनि गरे ।

एक वर्षपछि तोकिएको दिन र समयमा उनी त्यही पुरानो चेक बोकेर पार्कमा पुगे । एकैछिनमा ती वृद्ध पनि त्यहीं आइपुगे । युवकले वृद्धलाई धन्यवाद दिँदै चेक फिर्ता गर्न आँटेका थिए । एउटी नर्स हतारिँदै आएर ती वृद्धलाई तान्न थालिन् । उनले भनिन्– जहिल्यै पागलखानाबाट भाग्छन् र म जोन हुँ भन्दै सबैलाई चेक बाँड्दै हिँड्छन् । नर्सको कुरा सुनेर युवक झनै आश्चर्यमा परे । जुन चेकको बलमा परिश्रम गरेर उनले आफ्नो अवस्था सुधारेका थिए, त्यो त नक्कली पो रहेछ । आफूमाथि विश्वास गर्ने हो भने सफलता हात पार्न कठिन नहुने रहेछ भन्ने उनले बुझे ।

प्रतिनिधिसभामा नेमकिपा

# नीति–कार्यक्रममा सांसद सुवालको संशोधन



आव २०८१/८२ को नीति–कार्यक्रममा देहायका विषय समावेश हुने अपेक्षासहित संशोधन पेश गर्दछु –

■ मानिसले मानिसलाई शोषण गर्न नपाउने राजनीतिक र आर्थिक व्यवस्था बनाइने छ।

■ देशघाती सन्धि–सम्झौताहरू सुगौली सन्धि, गोर्खा भर्ती, सन् १९५० को सन्धि, महाकाली सन्धि, फुकोट कर्णाली सन्धि, एमसीसी, विम्स्टेकलगायत सौर्य गठबन्धन सम्झौता खारेज गरिने छ।

■ मजदुरवर्गको सरकार गठन हुने समाजवादी व्यवस्थाको विषयबारे विद्यालय र विश्वविद्यालयको पाठ्यक्रममा समावेश गरी अध्ययन अध्यापन गराइने छ।

■ ठूलठूला भ्रष्टाचारी र मानवअधिकारको गम्भीर उल्लङ्घन गर्नेलाई मृत्युदण्डको सजायसमेत हुने कानुनी व्यवस्था गरिने छ।

■ पक्षपात अन्त्य गर्न न्यायपालिका, संवैधानिक आयोग र सेना–प्रहरीसमेतको नेतृत्व सम्बन्धित क्षेत्रबाट निर्वाचन गराई छनोट गरिने छ।

■ नेपालीको विदेशमा सम्पत्ति राख्न नपाउने र व्यक्तिको सम्पत्तिको सीमाङ्कन हुने कानुन बनाइने छ।

■ सहरकेन्द्रित आन्दोलनबाट शासक दलहरूलाई सत्तामा पुऱ्याउने मात्र काम भएको हुँदा जिल्ला–जिल्लामा जनताको राजनैतिक चेतना माथि उठाउने छलफल र गोष्ठी चलाइने छ।

■ युरोपमा १७ औँ शताब्दीमा पुँजीपतिवर्गले सामन्तवादविरुद्ध हतियारसहितको सेना लिएर सत्ता कब्जा गरेको थियो। पुँजीपतिवर्गको शान्तिपूर्ण वा सशस्त्र उपायबाट मजदुरवर्गले सत्ता हातमा लिनेबारे नयाँ पुस्तालाई शिक्षित गरिने छ।

■ कतिपय सहकारी संस्थामा रहेको जनताको बचत ठगी गरेकालाई जेल सजाय दिइने छ। लघुवित्तको नाममा जनतालाई पीडा दिने र मिटरब्याज लिनेलाई हदैसम्मको कारबाही गरिने छ।

■ सुकेको रुखमा पानी दिनु र अर्थतन्त्रको चालक स्थानमा निजी क्षेत्रलाई राख्नु एउटै हुनेबारे जनतालाई सचेत गराइने छ।

■ राजस्वको ६० प्रतिशत विकास निर्माणमा र ४० प्रतिशत कर्मचारी प्रशासनमा खर्चको व्यवस्था गरिने छ। आगामी ५ वर्षसम्म मूल्यवृद्धि गरिने छैन।

■ आगामी आर्थिक वर्षभित्र गरिबी उन्मूलन गरिने छ। गरिबी उन्मूलन गर्न चीनको उदाहरणलाई सन्दर्भको रूपमा लिइने छ।

■ देशको सन्तुलित विकासको लागि १६५ ओटा निर्वाचन क्षेत्रमा राजधानी काठमाडौँकै सेवा सुविधा उपलब्ध सहर विकास गरिने छ। सङ्घीय राजधानीलाई पश्चिम नेपालको दाङ उपत्यकामा सारिने छ।

■ विकास निर्माणको काम जनताको उपभोक्ता समिति वा अमानतबाट गरिने छ।

■ दाल, चामल, तरकारी, गेडागुडी, अन्न स्वदेशमै उत्पादन गरी कृषिलाई आत्मनिर्भर बनाइने छ।

■ ६० वर्ष नाघेका किसान र मजदुरलाई कर्मचारीसरह निवृत्तिभरणको व्यवस्था गरिने छ।

■ व्यक्तिको नाममा दर्ता गरिएका सरकारी जग्गा,



कमलपोखरी, नदी किनारा, पर्ती जग्गा पुनः सरकारी स्वामित्वमा ल्याइने छ।

■ 'हरियो वन तस्करको धन' बनाउनेहरूलाई सजाय गरिने छ।

■ चुरेको गिट्टी, ढुङ्गा, बालुवा र जङ्गल दोहनमा रोक लगाइने छ। तराई मरुभूमीकरण हुन दिइने छैन।

■ प्रदूषण फैलाइरहेको भक्तपुर, काठमाडौँ र ललितपुरका औद्योगिक क्षेत्रलाई आगामी आवभित्र स्थानान्तरण गरिने छ।

■ भन्सार एजेन्टको लाइसेन्स भाडामा दिन नपाउने गरी भन्सारमा एजेन्टलाई स्वयम् उपस्थित भई बायोमेट्रिक हाजिरी तथा एक एजेन्टले एक दिनमा गर्न पाउने कामको मात्रासमेत निश्चित गरिने छ।

■ औषधि व्यवस्था विभागलाई भन्सार र मालपोत कार्यालयजस्तै भ्रष्टाचारको अखडा बनाएका महाप्रबन्धकलगायतका अधिकारीहरूलाई ज्यान मार्ने उद्योगमा सजाय दिइने छ।

■ काठमाडौँ उपत्यकाको पुरानो बस्तीमा २०७२ सालको भूकम्पबाट क्षति भएका घर पुनः निर्माण अनुदान र सहुलियत ब्याज दरको ऋण चालु राखिने छ।

■ गोरखापत्र, नेपाल टेलिभिजन, रेडियो नेपाल, राससलाई शासक दलहरूको मुखपत्र बनाइने छैन।

■ काठमाडौँ उपत्यकाको खानेपानी स्रोतहरूलाई जलाधार क्षेत्र घोषणा गरी त्यसको संरक्षणको जिम्मेवारी नेपाली सेनालाई दिइने छ। भक्तपुरको वागेश्वरी र नगरकोटको जङ्गल संरक्षण गरी खानेपानीको स्रोत वृद्धि र भण्डारण क्षमता बढाइने छ।

*(प्रतिनिधिसभाको २०८१ जेठ १३ गतेको बैठकमा नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले आव २०८१/८२ को नीति-कार्यक्रममा संशोधन प्रस्तुत गर्दै राख्नुभएको मन्तव्यको सार)*

जवाफ दिने क्रममा प्रधानमन्त्री पुष्पकमल दाहालले भन्नुभयो, 'ख्वप कलेज (विश्वविद्यालय) को विधेयकलाई संसद्बाट पारित गर्ने सरकारको जोड रहेको छ।'

सांसद सुवालले प्रधानमन्त्री दाहालसँग स्पष्टीकरण राख्दै नीति-कार्यक्रममा देहायबमोजिमका विषय थप्नुपर्ने उल्लेख गर्नुभयो, बजेट अध्यादेशबाट ल्याइने छैन। गोर्खा भर्ती खारेज गरिने छ। नेपालको खुला सीमा नियमन गरिने छ। खेलकुदलाई नागरिकको मौलिक हकमा राखिने छ। नेपालीलाई स्वदेशमै रोजगारी दिइने छ र वैदेशिक रोजगारीमा पठाइने छैन। खाडीको गर्मीमा युवालाई पठाउनुपर्ने गरी नेपाल चिसो नभएको विषयलाई बोध गरिने छ। विद्यालय शिक्षा निःशुल्क र अनिवार्य तथा विश्वविद्यालय शिक्षा निःशुल्क गरिने छ। भक्तपुर नगरपालिकाले सञ्चालन गर्ने ख्वप विश्वविद्यालयको विधेयक पारित गर्नेछ। बहुदल र गणतन्त्रको ३५ वर्षमा प्रमुख विपक्षी दलको भूमिका देखिएको सकारात्मक हो।

स्पष्टीकरण दिने क्रममा प्रधानमन्त्री दाहालले पुनः जोड दिनुभयो, "ख्वप कलेज (विश्वविद्यालय) को विषयमा माननीयजीको कन्सर्नलाई मैले सम्बोधन गरेको छु। माननीयजीले उठाउनुभएको अन्य विषयमा सरकारको गम्भीर ध्यानाकर्षण भएको छ।"

सांसद सुवालले सभामुखलाई आफ्नो संशोधन फिर्ता नलिने जानकारी गराउने क्रममा नीति-कार्यक्रममा समावेश गर्नुपर्ने देहायका थप विषय राख्नुभयो, 'जन्मको आधारमा विदेशीलाई नेपाली नागरिकता दिइएको र तीनका छोराछोरीलाई वंशजको आधारमा नेपाली नागरिकता दिइएको खारेज गरिने छ। असंलग्नताविपरीत राष्ट्र सङ्घमा रुसविरुद्ध दिइएको मत फिर्ता गरिने छ। प्यालेस्टिनलाई संयुक्त राष्ट्र सङ्घको १९४ औँ सदस्य बनाउन समर्थन गरिने छ।

आव २०८१/८२ को नीति-कार्यक्रम निर्णयार्थ पेस हुँदा सांसद सुवालले विपक्षमा मत दिनुभयो।

स्रोत : मजदुर दैनिक, जेठ १४ गते

**बालबालिकाको भविष्य उज्ज्वल बनाऔं।**

- ❑ बालबालिकाको पहिलो तीन वर्ष महत्त्वपूर्ण हुन्छ,
- ❑ त्यस अविधिमा ८० प्रतिशत मष्तिष्क विकास हुने गर्दछ,
- ❑ उनीहरूले वरपरको वातावरणबाट सिक्ने गर्दछन्,
- ❑ यस अवधिमा बालबालिकालाई राम्रो स्याहार, सम्भार र उत्प्रेरित गरौं,
- ❑ उनीहरूसँग नियमित अन्तरक्रिया गरौं,
- ❑ यस अवधिमा उनीहरूसँग गरिने व्यवहार, ज्ञान, सीप र सिकाईबाट बालबालिकाको उज्ज्वल भविष्य निर्माण हुन्छ।

# लगानी सम्मेलन र अर्थतन्त्रमा त्यसको प्रभाव

**विवेक**

नेपाल सरकारले वैशाख १६ र १७ गते ठूलो तामझामका साथ तेस्रो लगानी सम्मेलन सम्पन्न गऱ्यो। ८०० सय विदेशी र स्वदेशीसमेत गरी २५०० को सहभागिता रहेको भनिएको उक्त सम्मेलनमा सरकारले सोचेअनुसार लगानी प्रतिबद्धता नआएको भनी कतिपयले निराशा व्यक्त गरिरहेका छन्। विदेशी लगानी भित्र्याएर देश विकास गर्ने भनी सन् २०१७ मा पहिलो र सन् २०१९ मा दोस्रो लगानी सम्मेलन तत्कालीन सरकारहरूले सम्पन्न गरेका थिए। पहिलो लगानी सम्मेलनमा रु. १४ खर्बको प्रतिबद्धता आएकोमा १४ प्रतिशत र दोस्रो लगानी सम्मेलनमा १५ खर्ब लगानी प्रतिबद्धता आएकोमा ७ प्रतिशत मात्रै लगानी भित्रिएको बताइन्छ। तेस्रो सम्मेलनमा त झन् विदेशीहरू त्यति धेरै लगानीतर्फ आकर्षित नै नभएको सम्मेलनपछि सहभागीहरूबाट व्यक्त प्रतिक्रियाबाट बुझ्न सकिन्छ।

पुँजीवादी अर्थशास्त्रीहरू विदेशी लगानी भित्रिएमा देश तुरुन्त चीन, भारत, मलेसिया, जापान, द.कोरिया, सिंगापुरजस्तै अर्थतन्त्रले फड्को मार्ने दाबी गर्छन्। उनीहरू नवउदारवाद पुँजीवादको आक्रमक रूप हो भन्ने कुरालाई छोपेर लगानी सम्मेलनको औचित्यता पुस्टि गर्न खोज्दै छन् र नवउदारवादी नीतिलाई नै विकासको उत्तम विकल्पको रूपमा व्याख्या गर्दैछन्। त्यो सरासर झूट हो र साम्राज्यवादीहरूको स्वार्थमा गरिएको तर्कमात्र हो तथा देशको अर्थतन्त्र साम्राज्यवादीहरूको हातमा सुम्पने षड्यन्त्र हो।

लगानी सम्मेलनमा आएको प्रतिबद्धता हेर्दा अब पर्यटन क्षेत्रको फाइदा जति विदेशीको हातमा जाने सम्भावना देखिएको छ। कपिलवस्तुको गोरुसिंगेमा २२ बिघा जग्गामा रु. २ अर्ब खर्च गरेर सुविधासम्पन्न होटल खोल्ने सम्झौता, मुगुको रारातालमा ८० रोपनी जग्गामा १ अर्ब १० करोड लगानीमा सुविधासम्पन्न होटल खोल्न रारा होल्डिङ रिसोर्ट र अष्ट्रेलियाको अक्सफोर्ड ग्रुपसँग सम्झौता भएको तथा निजगढ विमानस्थल निर्माणको लागि जापानी बैङ्कले चासो देखाएको भन्नेसम्म उल्लेख छ। उक्त विमानस्थल निर्माणको लागि ८ खर्ब ७३ अर्ब लाग्ने अनुमान गरिएको छ। विदेशीलाई आकर्षित गर्नकै लागि निजगढ विमानस्थल बनाउनेलाई नै त्रिभुवन विमानस्थलको जिम्मेवारी दिने प्रस्तावसमेत सरकारले अगाडि बढाएको छ। (१८ वैशाख, कारोबार)

नेपालमा विदेशी लगानी भित्रिएमा राजश्वमा वृद्धि हुने, रोजगारी सिर्जना हुने र नेपालीको आर्थिक स्तर माथि उठ्ने दाबी गरिएको छ। देशका कलकारखाना जति कौडीको मूल्यमा निजीकरण गरेर युवा जतिलाई विदेशी भूमिमा रगत र पसिना बगाउन पठाउने हाम्रा शासक दलका नेताहरूले बुझ्नु पर्छ। विदेशी लगानीले नेपालको स्रोत र साधनहरूमाथि विदेशीले कब्जा जमाउने र प्राकृतिक स्रोतसाधनबाट अकुत सम्पत्ति आर्जन गर्ने हो। लामो समयसम्म उठ्नै नसक्ने गरी नेपाल ऋण पासोमा फस्ने र पुँजीको माध्यमबाट नेपाललाई शोषण र शासन गर्ने हो। विदेशीको आवश्यकता र चाहनाअनुसार देशको ऐन, कानुनहरू अध्यादेशबाट संशोधन गर्ने सरकार कसरी नेपाली जनताको सरकार हुन सक्छ ?

भैरहवामा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र कास्कीमा पोखरा विमानस्थल निर्माण सम्पन्न भएको वर्षौं भइसक्दा पनि सञ्चालनमा आउन सकेका छैनन्। त्रिभुवन विमानस्थलको विकल्प भनेर बनाइएका ती विमानस्थलहरू निर्माण सम्पन्नपछि पर्यटन क्षेत्रमा विकास हुने धेरैले आशा गरेका थिए र विमानस्थल वरिपरि अर्बौं लगानी गरेर व्यवसायीहरूले होटलहरू पनि निर्माण गरे। अहिले ती व्यवसायीहरू सङ्कटमा छन्। भारतले ती विमानस्थलको लागि रुट अनुमति नदिएको कारण त्यहाँ विमानहरूले उडान भर्न नसकेको बताइन्छ। ती दुईओटा विमान स्थल निर्माणका लागिमात्र विदेशी बैङ्कहरूबाट राज्यले ५० औँ अर्ब ऋण लिएको छ। ती विमान स्थलहरू देशकै लागि 'सेतो हात्ती' बनिरहेका छन्। यस्तो अवस्थामा झन्डै पौने ९ खर्ब (८खर्ब ७३अर्ब) लागतमा निजगढ विमानस्थल अगाडि बढाउन खोज्नु देशलाई ऋण पासोमा फसाउने षड्यन्त्र बाहेक केही हुन सक्दैन। विदेशी लगानीमा विमानस्थल बने पनि त्यसको सम्पूर्ण फाइदा भने विदेशीहरूले नै लिने छन्। हवाइ जहाजहरू विदेशी र होटलहरू विदेशी छन् भने त्यस्तो अवस्थामा पर्यटनबाट नेपालले कसरी फाइदा उठाउन सकिन्छ ?

नेपाली बैङ्कहरूमा लगानी योग्य रकम साढे ६ खर्ब थन्किएर बसेको छ। त्यत्तिकै रकम ३३ हजारभन्दा बढी सहकारीमा छन्। सरकारले राम्रो योजना बनाइ त्यो पुँजी प्रयोगमा ल्याउन सके त्यसबाट नेपाली जनतालाई रोजगारीसँगै नाफासमेत नेपाल भित्रै रहने छन्। यसले देशको आर्थिक विकासमा मद्दत पुऱ्याउने छ।

विदेशी लगानीकर्ताहरूलाई सहज बनाउन लगानी सम्मेलनकै क्रममा नेपाल सरकारले ८ ओटा कानुनहरू अध्यादेशमार्फत संशोधन गऱ्यो। ५० करोडसम्म लगानी गर्नेहरूले अब उद्योग विभागमा जान नपर्ने गरी इमेलमार्फत दर्ता गर्न सक्ने र उद्योगका नाउँमा रहेका हदबन्दीभन्दा बढी भएको जग्गा एक पटकको लागि बिक्री गर्ने सुविधा प्रदान गर्ने र राष्ट्रिय निकुञ्ज, आरक्षण केन्द्र जस्ता ठाउँहरूमा राष्ट्रिय गौरवका आयोजनाहरू सञ्चालन गर्न सक्नेलगायत कानुनमा संशोधन गरिएको छ।

संसद् विधेयक निर्माण गर्ने प्रमुख थलो हो। चालु संसद् अधिवेशन बन्द गरेर सरकारले अध्यादेशबाट कानुनहरू संशोधन गर्नु गलत हो। विधेयकमाथि सांसदहरूलाई समेत छलफल गर्ने अवसरबाट वञ्चित गरी अध्यादेशबाट कानुनहरू संशोधन गर्नुले संसद्को गरिमा र औचित्यमाथि नै प्रश्न उठेको छ। अध्यादेश जारी पछि नेपाल उद्योग वाणिज्य सङ्घका अध्यक्ष चन्द्रप्रकाश ढकालले भने –'सम्मेलनले नेपालमा लगानीको अवसर रहेको र राम्रो मुनाफा दिन सक्छ भन्ने सन्देश लगानीकर्तालाई दिएको छ।' यसबाट पनि सरकार विदेशीलाई नाफाको सुनिश्चितताको लागि कानुन संशोधन गरेको भन्ने पुष्टि हुन्छ।

सीमित पुँजीपति वर्ग र विदेशी पुँजीपति वर्गका स्वार्थका लागि रातारात कानुन संशोधन गर्ने हाम्रा शासक दलहरू जनताको लागि अति आवश्यक कानुनहरू निर्माण र संशोधन गर्नमा भने उदासिन छन्। निजामती कर्मचारीसम्बन्धी विधेयक, प्रहरी समायोजन विधेयक, शिक्षा विधेयकलगायत थुप्रै महत्त्वपूर्ण विधेयकहरू संसदमा विचाराधिन छन् भने ख्वप विश्वविद्यालय विधेयक संसद्मै पेश भएको छैन।

## के हो लगानी बोर्ड ऐन ?

लगानी बोर्ड विधेयक संसद्मा पेश भएको बेला त्यसको दीर्घकालीन असर पर्ने सम्भावनालाई ध्यान दिएर नेपाल मजदुर किसान पार्टीका सांसदहरूले संसद्मा चर्को विरोध गर्नु भएको थियो। नेमकिपाको विरोधकै कारण उक्त विधेयक संसद्बाट पारित हुन ढिलो भएको थियो। नेमकिपाका सांसदहरूको तर्क थियो– 'विधेयक पारित भएमा नेपालमा विदेशी लगानीको नाउँमा साम्राज्यवादीहरू छाडा साँढेभैंँ पस्ने र देशको अर्थतन्त्र विदेशीको कब्जामा जानेछ। नेपाल साम्राज्यवादीहरूको उपनिवेश बन्ने छ।' २०६८ साउन ३० गते उक्त विधेयक पारित भएको थियो। विधेयकको पक्षमा मतदान गर्न नेका, माओवादी र एमालेले ह्वीप नै जारी गर्नु परेको थियो। १२ वर्ष पछि अहिले पाइला पाइला गरी विदेशी लगानीको नाउँमा देशको सबै क्षेत्र विदेशीको नियन्त्रणमा जाँदै छन्।

लगानी बोर्ड ऐनको मुख्य उद्देश्य नै विदेशी निजी लगानीलाई समेत नेपाली लगानीकर्ता सरह सुविधा दिइ भित्र्याउनु हो। विदेशी ठूला पुँजी लगानी गर्नेहरू नेपालमा प्रवेश गरे पछि नेपालका व्यवसायीहरू नाङ्लो पसलेमा झर्ने वा व्यवसायबाट विस्थापित हुनुपर्ने अवस्था आउने निश्चित छ। अब विस्तारै ती दृष्यहरू पनि देखापर्दै छन्।

खानेपानी उत्पादन, प्रशोधन र वितरण, फोहोरमैला व्यवस्थापन, रसायनिक मल कारखाना स्थापना, बैङ्क तथा वित्तीय संस्था, मेडिकल कलेज, ३०० शय्याभन्दा माथिको अस्पताल, ५०० मे.वा. वा सोभन्दा ठूलो जलविद्युत योजना, अन्तर्राष्ट्रिय विमानस्थल निर्माण, सुरुङ मार्ग, रेलमार्गलगायतमा लगानी गर्न ऐनले विदेशी लगानीको लागि बाटो खुला गरी दिएको छ। अहिले राजधानीमा विदेशी सम्बन्धनमा थुप्रै कलेजहरू सञ्चालन भइरहेका छन्। नेपालका अन्य कलेजहरू विद्यार्थी अभावमा बन्द हुने अवस्थामा पुगेको बेला समेत विदेशी सम्बन्धन प्राप्त कलेजहरूमा विद्यार्थीहरू खचाखच छन्। त्यसै गरी विदेशी लगानीमा सुविधा सम्पन्न होटलहरू याक एण्ड यति, हायात, म्यारियत, ऱ्याडिसन, ताजजस्ता चेन होटलहरू खोलिएका छन्। मेलम्ची खानेपानीमा विदेशी पुँजी लगानी छ, सडक निर्माण विदेशीकै भरमा छ, सुरुङहरू उनीहरूले नै लगानी गरी बनाइरहेका छन्, जलविद्युत गृह प्रायः विदेशी लगानीमै चलिरहेका छन्। विदेशी लगानी आएमा देश सम्बृद्ध हुने भए नेपाल विकास भइसक्नु पर्ने हो तर खोई ?

अहिले देशमा माओवादीको नेतृत्व र एमाले मुख्य भूमिकामा रहेका 'वामपन्थी' सरकार छ। यी शासक दलहरूले देशका भएभरका कलकारखानाहरू निजीकरण मात्र गरेनन्, देशका स्रोत साधनमाथि नै लगानीको नाउँमा उनीहरूको हालीमुहाली चल्ने वातावरण निर्माण गरिदिएका छन्। अझै माओवादी र एमालेहरू आफूलाई कम्युनिष्ट र देशमा समाजवाद स्थापना गर्ने भनी सेतो झूट बोल्दैछन्। पुँजीवादको बाटोबाट समाजवादमा नपुग्नेमात्र होइन त्यो बिलकुल असम्भव छ। नवउदारवाद साम्राज्यवादीहरूले कमजोर देशमाथि पुँजी लगानीको माध्यमबाट कब्जा गर्ने नीति हो। शासक दलहरू साम्राज्यवादीहरूको चंगुलमा नराम्ररी फस्दैछन् र नेपाललाई उम्कनै नसक्ने गरी विदेशी ऋण पासोमा फसाउँदैछन्। आत्मनिर्भरता नै वैदेशिक ऋण पासोबाट उन्मुक्ति पाउने एक मात्र सरल, सहज र उचित विकल्प हुनसक्छ।

# अनुदान कटौतीले स्थानीय तहको विकास निर्माण अलपत्र हुने

स्थानीय तहलाई पठाइने सामानीकरण अनुदान कटौती गर्ने सरकारको निर्णयले देशभरका विकास निर्माणका कार्य प्रभावित हुने भएको छ। नेपाल सरकारले कानून बमोजिम स्थानीय तहलाई समानीकरण, विशेष, सशर्त र समपूरक गरी ४ प्रकारका अनुदान दिने व्यवस्था छ। ती मध्ये स्थानीय तहले आफूले चाहेअनुसार खर्च गर्न सकिने एउटै मात्र शीर्षकको अनुदान हो– समानीकरण अनुदान। अन्य शीर्षकका अनुदान सरकारले तोकेकै शीर्षकमा खर्च गर्नुपर्ने बाध्यता हुँदा अरू अनुदानको स्थानीय तहले खास मतलब राख्दैन।

सबै स्थानीय तहहरूले आफूलाई प्राप्त हुने बजेट सिलिङअनुसार विकास निर्माण गर्न कानूनी प्रकृया पुऱ्याएर टेण्डर वा उपभोक्ता समितिमार्फत काम गराएको हुन्छ। यो आर्थिक वर्षको अन्तिम दुई महिना बाँकी भएको बेला सबै स्थानीय तहलाई पठाउने अनुदानमा २६ प्रतिशत कटौती हुने पत्राचारले ७५३ ओटा स्थानीय तहका हजारौं योजनाहरू अलपत्र अवस्थामा पुग्नेछन्। त्योभन्दा पनि काम लगाइ सकेका ठेकेदार कम्पनी वा उपभोक्ता समितिहरूलाई स्थानीय तहले कसरी बजेट निकासा गर्ने भन्ने सबै स्थानीय तहका पदाधिकारीहरूको चिन्ताको विषय बनेको छ।

देशका धेरै स्थानीय तहसँग आन्तरिक श्रोत अत्यन्त न्यून छ। सरकारको निर्णयको सबैभन्दा ठूलो मार आन्तरिक श्रोत न्यून भएका नगर र गाउँपालिकाहरूलाई पर्नेछ। कतिपय स्थानीय तहले सङ्घ र प्रदेशबाट प्राप्त हुने समानीकरण अनुदानले कर्मचारीलाई तलबसमेत खुवाउने गरेको पाइन्छ। त्यस्ता पालिकाहरूले अनुदान कटौतीको मार बढी भोग्नु पर्नेछन्।

प्रधानमन्त्री 'प्रचण्ड'ले स्थानीय तहमा पठाउने समानीकरण अनुदान रकममा कटौती नगरिने बताएका थिए (३ असोज अनलाइन खबर)। १ महिना नपुग्दै सरकारले २६ प्रतिशत अनुदान कटौतीको निर्णयले प्रधानमन्त्रीको बोली विश्वसनीय नभएको स्पष्ट भयो। यस अघि नै अनुदान कटौती गर्ने सार्वजनिक भएपछि सबै स्थानीय तहका पदाधिकारीहरूले विरोध गरेका थिए र त्यसको प्रतिकृया स्वरूप प्रमले अनुदान कटौती नगर्ने सार्वजनिक गरेका थिए।

स्थानीय तह स्वयं सरकार भएको हुँदा स्थानीय जनताको माग र आवश्यकतालाई प्राथमिकता दिएर योजना बनाई खर्च गर्न मिल्ने समानीकरण अनुदान वृद्धिको माग निरन्तर भइरहेको हो। यस्तो अवस्थामा सरकारले बजेटमार्फत स्वीकृत सिलिङअनुसार पनि अनुदान नपाएपछि देशका विभिन्न स्थानीय तहहरूमा अनेक किसिमका समस्याहरू देखा पर्नेछन्। त्यसको तमाम जिम्मेवारी सङ्घ सरकारले लिनु पर्नेछ।

नेपालको संविधान र कानूनअनुसार नागरपालिका वा गाउँपालिकाको जनसङ्ख्या, भूगोल र अन्य तोकिएको आधारमा वित्त आयोगको सिफारिसमा कानूनले तोकेको शीर्षकमा सङ्घ र प्रदेश सरकारहरू स्थानीय तहहरूलाई अनुदान दिने व्यवस्था छ। तर सत्ता र सरकारको नेतृत्व गर्नेहरूले कानूनद्वारा निर्दिष्ट शीर्षकमा दिनुपर्ने अनुदानमा पनि हाकाहाकी पक्षपात र पूर्वाग्रही भावना प्रदर्शन गर्ने गरेका उदाहरणहरू पनि छन्।

चालु आ.व. २०८०/८१ मा वाग्मती प्रदेशबाट प्रदान गरिने अनुदानहरूमध्ये भक्तपुर नगरपालिकालाई समानीकरण र विशेष अनुदान शीर्षकमा शून्य राख्यो। एक पैसा पनि अनुदान नदिने निर्णय गऱ्यो। प्रदेश सरकारको योभन्दा बढी पक्षपात र पूर्वाग्रही भावना के हुन सक्छ ? तर, भक्तपुर नगरपालिका शासक दलहरूको सामन्ती व्यवहारलाई बुझेर कसैबाट सहयोगको आशा नगरी आफ्नो बाटोमा अगाडि बढिरहेको छ। बजेटमा सङ्घ र प्रदेश सरकारहरूले चरम पक्षपातपूर्ण व्यवहार गरे पनि आत्मनिर्भरताको नीतिमा अगाडि बढ्दै भक्तपुर नगरपालिकाले देशकै उदाहरणीय स्थानीय तहको परिचय बनाउँदै छ।

६० अर्बभन्दा बढी बजेट भएको वाग्मती प्रदेशले आफूमार्फत खर्च गर्न २ तिहाइ बजेट राखेर ११९ ओटा पालिकालाई एक तिहाई अर्थात् २०/२१ अर्ब मात्रै समानुपातिक रूपमा अनुदान दिएको खण्डमा पनि न्यूनतम १७/१८ करोड भनपाको भागमा पर्न आउँछ। यसरी आफ्ना दल अनुकूल पालिकाहरूलाई बढी अनुदान दिने र फरक विचारका पालिकाहरूलाई अनुदान नदिने पक्षपातपूर्ण व्यवहार सङ्घीयता विरोधी त हो नै नेपालको संविधान र प्रचलित कानूनको ठाडो उल्लङ्घन पनि हो।

दुई चार लाखको स–साना योजनाहरू पनि सङ्घ र प्रदेश बजेटमा समावेश गर्ने विषयले पनि सङ्घीयताको उपहास भइरहेको छ। स्थानीय तहले गर्ने काममा पनि सङ्घ र प्रदेशले हात हाल्दा एकातिर कामको दोहोरोपन भई राज्यको बढी खर्च भइरहेको छ भने अर्कोतिर स्थानीय तहका पदाधिकारीहरूले अनावश्यक हस्तक्षेपको अनुभव गरेका छन्।

हालै प्रधानमन्त्री 'प्रचण्ड'ले एक कार्यक्रममार्फत स–साना योजनाहरू अबदेखि सङ्घ र प्रदेशले नगरी सबै स्थानीय तहलाई जिम्मेवारी दिने बताए। प्रधानमन्त्री 'प्रचण्ड'को यो भनाइ व्यवहारमा लागू गर्न सके सङ्घीयता कार्यान्वयनको एक सकारात्मक पाइला हुन सक्छ। तर, मन्त्रालयमा बस्ने पदाधिकारीहरू सरकारी बजेट आफ्नो निजी सम्पत्ति झैँ ठानेर चाकरी र चाप्लुसीहरूलाई मात्र वितरण गर्ने बानी परेकाहरूले प्रधानमन्त्रीको त्यो निर्देशन कार्यान्वयन गर्लान् र ? शङ्का लाग्छ।

स्रोतः मजदुर दैनिक जेठ १० गते

# भक्तपुर जहाँ कार्ल मार्क्स जीवितै छन्

कृष्ण पोखरेल

मार्क्सवादलाई व्यवहारमा अनुवाद गर्ने नगरपालिका हो भक्तपुर र यसलाई मार्गदर्शन गर्ने व्यक्ति हुन् नारायणमान बिजुक्छेँ (रोहित)। प्रधानमन्त्री बन्न राजाले अफर गर्दा अस्वीकार गर्ने नेपालमा दुई जना व्यक्ति देखिए : (१) गणेशमान सिंह र (२) नारायणमान बिजुक्छेँ।

भक्तपुर नगरपालिकामा लामो समयदेखि यी नै बिजुक्छेँको राजनीतिक पार्टी नेपाल मजदुर किसान पार्टीले सत्ता सम्हाल्दै आएको छ। जसरी नेमकिपा अरू दलहरूभन्दा पृथक देखिन्छ, त्यस्तै भक्तपुर नगरपालिका पनि अरू नगरपालिकाभन्दा धेरै कुरामा फरक छ।

(१) भक्तपुर नगरसँग जोडिएको सूर्यविनायक नगरपालिकामा हप्तामा ३ दिन फोहोर उठाइन्छ र प्रतिपरिवार महिनाको रु. ३५० का दरले प्रत्येक घर धनीले १ वर्षमा १३ महिनाको कुल रु. ४५५०।- बुझाउनुपर्छ जब कि भक्तपुर नगरपालिकामा प्रत्येक दिनमा ३ पटक सरसफाइ हुन्छ र महिनाको रु. ५० का दरले वर्षमा ६००।- बुझाए पुग्छ।

(२) काठमाडौँ उपत्यकाका भक्तपुरबाहेक सबै नगरपालिकाले फोहोर नुवाकोटको सिसडोलमा पठाउँछन्। त्यहाँ गडबड हुनासाथ फोहोर उठ्न छाड्दछ तर भक्तपुर नगरपालिकाले आफै फोहोर प्रशोधन गर्दछ, कहिल्यै सिसडोल पठाउँदैन, मल बनाएर सुपथ मूल्यमा बिक्री गर्दछ।

(३) नगरभित्र सरसफाइ, ढुङ्गा बिछ्याइएका बाटाहरूले पर्यटकलाई आकर्षित गरी बर्सेनि रु.३० करोडको हाराहारी आम्दानी गर्दछ।

(४) नगरपालिकाले ऐतिहासिक र पुरातात्त्विक सम्पदाको संरक्षणमा योगदान गर्दछ।

(५) शिक्षामा नगरपालिका वा नेमकिपाले विशेष चासो राखेको छ। नगरका सबै सामुदायिक विद्यालयहरू निजीभन्दा अब्बल छन्। सामुदायिक विद्यालयमा भर्ना नपाएमा मात्र विद्यार्थीहरू निजीमा जान्छन्। कुनै पनि बन्द, हड्तालले विद्यालय सञ्चालनमा बाधा पुग्दैन।

(६) नगरपालिकाले ख्वप इन्जिनियरिङलगायतका कलेज सञ्चालन आफैले गरेको छ, जहाँ सस्तो शुल्कमा देशभरका विद्यार्थीले गुणस्तरीय शिक्षा पाएका छन्।

(७) उच्च शिक्षाको लागि गरीब तथा जेहेनदार विद्यार्थीलाई नगरपालिकाले न्यून ब्याजमा ऋण उपलब्ध गराउँछ, अध्ययन सकेर कमाएर तिर्न सकिन्छ।

(८) घर, टोल, विद्यालयहरूमा नर्सहरू पठाएर स्वास्थ्य परीक्षण गर्ने, सुझाव सल्लाह दिने व्यवस्था मिलाइएको छ।

(९) विशेषज्ञ चिकित्सकले परीक्षण गर्न अन्यत्र रु. ८००।- लिन्छन् भने भक्तपुर नपामा रु. ८०।- मा परीक्षण हुन्छ।

(१०) भक्तपुर नगरपालिकाभित्र कुनै पनि सार्वजनिक सम्पदा निर्माण कार्य ठेक्का प्रथाबाट गरिँदैन। स्थानीय व्यक्तिहरू रहेको उपभोक्ता समितिले निर्माण कार्य गराउँछ। सबै पदाधिकारीहरू सांसद, मेयर र जनप्रतिनिधिहरू भोलेन्टियर जनसेवक हुन्। उनीहरूले पद, प्रतिष्ठा देखाउने, धन आर्जन गर्ने जस्ता पुँजीवादी विकृति देखाउन पाउँदैनन्। तोकिदिएको रकमले गुजारा गर्ने र तोकिदिएको काम गर्नुपर्ने दायित्व हुन्छ।

(११) भक्तपुरमा ठूला ठूला पोखरीहरू पर्याप्त सङ्ख्यामा छन्, जहाँ माछा पालन हुन्छ, पोखरीले आसपासको जमिन रसिलो बनाउँछ, साथै बाइक साइक्लिङ समेत हुन्छ।

(१२) भक्तपुरको जनज्योति पुस्तकालयमा पर्याप्त पुस्तक, पत्र पत्रिकाहरू छन्, इन्टरनेटको समेत व्यवस्था छ। पुस्तकालय अस्पताल नजिक छ, बेलुकी ६ बजेसम्म खुला रहन्छ। यसको प्रबन्ध नगरपालिकाले गर्दछ।

पूर्व शिक्षक, नुवाकोट

## थाहा पाइराखौँ

- क्याल्कुलेटरका आविष्कारक ब्लेज पास्कल हुन्।
- विश्वको सबैभन्दा पुरानो सभ्यता मिश्रको सभ्यतालाई भनिन्छ।
- 'खेलको देवता' भनेर जियसलाई भनिन्छ।
- नेपालमा गीत रेकर्ड गर्ने पहिलो गायिका मेलवादेवी हुन्।
- पियानोको आविष्कार गर्ने देश इटाली हो।
- अखिल नेपाल फुटबल सङ्घको स्थापना वि.सं. २००८ मा भएको हो।
- वर्षको दुईपटक बजेट पास गर्ने राष्ट्र फ्रान्स हो।

*-सङ्कलकः न्हुछेरत्न बुद्धाचार्य*

# भक्तपुरका बहालहरूको छोटो परिचय



ओम धौभडेल

भक्तपुरको मल्लकालीन इतिहास गौरवमय छ। १२ औँ शताब्दीदेखि १५ औँ शताब्दीसम्म सम्पूर्ण नेपाल मण्डलको राजधानी भक्तपुर नै रह्यो। अनि १५ औँ शताब्दीदेखि १८ औँ शताब्दीसम्म विखण्डित सानो राज्य भक्तपुरमा शासन गर्ने मल्ल राजाहरू एक से एक अब्बल शासकहरूको कारण भक्तपुरको हरेक सम्पदा, संस्कृति एक साथ विकास हुन पायो। विकासको क्रममा भक्तपुर भित्र आधा दर्जनभन्दा बढी दरबारहरू, प्रशस्त मठमन्दिर, देवालय, शिवालय, पाटी, पौवा, चोक ननी, बाहाःबही, डवली, ढुङ्गेधारा, इनार, राजकुलो, पोखरी, जलद्रोणी, घाट, आदिको निर्माण भयो। त्यसमा एक बाहाः पनि हो जसलाई बहाल पनि भनिन्छ। हाम्रो वास्तुमा बहाल विशेष गरी बौद्ध विहारहरूलाई प्रयोग हुँदै आएको शब्द हो। बोद्ध धर्मसित सम्वन्धित बिहारहरूलाई बहाल, बही भनिँदै आएकोमा भक्तपुरमा राजकीय निजी आवासहरूलाई समेत बहाल वा बाहाः भनी सम्बोधन भएको छ। जसरी चारैतिर घर बिचमा खुला ठाउँ भएको चोकको अवधारणाले नेपालमण्डलको वास्तु प्रसिद्ध छ, त्यसरी नै चारैतिर कलात्मक झ्याल, ढोका आदिले सजिई बिचमा ठूलो चोक भएको वास्तुलाई बहाल भनेको छ। बहाल भित्र इनार, ढुङ्गेधारा जस्ता जलसंरचना भएको हुन्छ। साथै नासद्यः वा क्षेत्रपाल जस्ता देवदेवता पनि हुनु बहालको अर्को विशेषता हो। बहाल जाने एक भन्दा धेरै बाटोहरू हुन्छन्। बहालको अर्को एउटा विशेषता भनेको बहालको बाह्य भागभन्दा पनि भित्री भाग अति कलात्मक भई बढी महत्त्व दिएको हुन्छ। भक्तपुर भित्र ठाउँ ठाउँमा विभिन्न नाम गरेका बहालहरू रहेका छन्। नगरको खौमा, नासमना, खौमा, इच्छु, टौमढी, चोछेँ, तपालाछी, दोक्छेँ आदि ठाउँहरूमा बहाल रहेको देखिन्छ।

थथुबहाल, खौमा



भक्तपुर लायकूको सबैभन्दा नजिक रहेको बहाल नै थथु बाहाः हो। भक्तपुर लायकूलाई तीन भागमा विभक्त गर्दा लायकूको पश्चिम भाग कुथु लायकूले प्रसिद्ध छ। यहाँ नौतले बसन्तपुर दरबारलगायत राधाकृष्णाको मन्दिर, जगनाथको मन्दिर, केदारनाथको मन्दिर आदि रहेको छ। यही कुथु लायकूको सबैभन्दा नजिक थथुबहाल रहेको छ। जसरी लायकूको वर्गीकरण गर्दा लायकूको पूर्वलाई थथु अर्थात् माथिल्लो मानी पश्चिमलाई कुथु अर्थात् तल्लो मानिएको देखिन्छ। तर, बहालको सर्न्दभमा नगरको पश्चिमलाई कुथु अर्थात् तल्लो मानी लायकूको पुछारलाई थथु अर्थात् माथिल्लो मान्नुको कारण दरबार र बहाल बिचको भेद देखाउनको लागि नै हो। भक्तपुर लायकू नजिकको बहाल भएको कारण राजा रणजित मल्लका सात सन्तानहरूमध्ये जेठा अजितसिंहले यो बहालको उपभोग गरेको हुनुपर्छ। बहाल

जाने मुख्य मार्ग लायकूतर्फ नै रहेको छ। र अग्रभागमा कलात्मक सँभ्क्या, टिकिभ्क्याहरू प्रशस्त छन्। बहाल भित्रपट्टिको पहिलो चोकमा पनि दलान, सँझ्या, टिकिझ्या रहेको छ। भक्तपुरमा रहेका बहालहरूमध्ये सबैभन्दा ठूलो चोक यही थथु बहालमा रहेको छ। यही चोकबाट पश्चिमतर्फ अर्को एउटा सानो चोक पुग्न सकिन्छ। यहाँ एउटा इनार पनि छ। भनिन्छ, यो इनारको पानी असाध्य मिठो हुँदा मल्ल कालमा दरबारमा खाना पकाउन यहाँको पानी लैजान्थ्यो। यसमा कतिको सत्यता छ, अध्ययनको खाँचो छ। हाल यो बहालको अग्रभाग बाहेक अरू प्रायः भाग क्षतविक्षत अवस्थामा छ, संरक्षणको अभावमा दिन परदिन जीर्ण हुँदैछ।

## दुबसी बहाल, कोलाछेँ



भक्तपुर लायकूको दक्षिण पश्चिम भागमा अर्को एउटा महत्त्वपूर्ण बहाल छ। यो बहाल खौमा ढोकाबाट दक्षिणतर्फ कोलाछेँमा रहेको छ। यहाँ पहिले पहिले बगैंचामा दुबसी नामको फल प्रशस्त फल्ने भएकोले बहालको नामाकरण नै दुबसी रहन गएको मानिन्छ। यो बहालको अग्रभागभन्दा पनि भित्री भाग अति सुन्दरताले भरिएको छ। ठूलठूला सँझ्याहरूले सजिएको यो बहालमा एउटा इनार र सानो तर अत्यन्त कलात्मक नास द्यःको मूर्ति रहेको छ। उत्तर दिशामा फर्केको यो नास द्यःको पूजा विशेष गरी तान्त्रिक पद्धति प्राप्त गर्न स्थापित भएको कारण यहाँ गोप्य रूपमा तान्त्रिक पूजा हुने ज्ञात हुन्छ। यही भएर हुनसक्छ, प्रत्येक वर्ष खौमा टोलमा हुने नवदुर्गा नाचको पहिलो दिन श्री नवदुर्गा भवानीको पूजा यही बहाल भित्रको एउटा सानो चोकमा विराजमान गराउने चलन छ। जसको समिप यो नासद्यः रहेको छ। सम्भवतः यो बहाल रणजित मल्लको दातिम्ह पुत्र अच्यूतसिंहको आवास हुनसक्छ। अच्युत सिंह त्यही बहाले राजकुमार हो, जसले हत्कडी लगाएकै अवस्थामा बिरामी भई मृत्युवरण प्राप्त गर्नुपऱ्यो। रणजित मल्लका सात सन्तानहरूमध्ये सबैभन्दा कडा नजरबन्दमा परेका यी राजकुमारले गोर्खालीहरूको विरुद्ध लागेको कारण उनलाई भक्तपुरमा नभई कान्तिपुरमा लगी कैद गरिराखेको थियो। कैदमा नै उनको मृत्यु भएपछि उनका रानीहरूलाई समेत हत्कडीसहित भक्तपुरबाट कान्तिपुर लगी आर्यघाटमा सती पोल्ने काम अत्यन्त दर्दनाक अवस्थामा भएको थियो।

## सन्तन बहाल, खौमा



भक्तपुर लायकूबाट कोलाछेँ हुँदै खौमा जाने बाटोमा बिचमा यो बहाल रहेको छ। दुबसी बहाल र खौमा बहालले घेरिएर रहेको यो बहाल सामरिक हिसावले अति सुरक्षित स्थानमा रहेको बहाल हो। यहाँसम्म पुग्ने बाटो यी दुवै बहालबाट समेत रहेको छ। यहाँको भित्री चोकमा एउटा इनार तथा नास द्यः रहेको छ। यहाँको नासद्यः पनि उत्तराभिमुख रहेको आधारमा तान्त्रिक पूजाको स्थापित नास द्यः हो भन्ने पुष्टि हुन्छ। बहालको नाम सन्तन कसरी रहन गयो, अध्ययनको विषय बनेको छ। हाल यो बहालको उत्तर पूर्व भागमात्र बाँकी छ। यसमा पूर्वतर्फको कलात्मक काष्ठकलाले भरिएको दलान, सँझ्या, टिकिझ्याहरू अत्यन्त महत्त्वपूर्ण देखिन्छ। दुबसी बहालबाट सन्तन बहाल जान मिल्ने बाटो हाल बन्द छ।

## खौमा बहाल, खौमा

भक्तपुरमा रहेका बहालहरूमा सबैभन्दा पुरानो बहालको रूपमा खौमा बहालको नाम अगाडि आउँछ। त्यसो त यो बहालभन्दा पनि क्वाथको रूपमा चिनिन्छ। नगरको पचिमतर्फबाट लायकूलाई सुरक्षा दिने हेतुले यो क्वाथको निर्माण भएको मानिन्छ। राजा राय मल्लपछि उनका जेठा छोरा भुवन मल्ल राजगद्दीमा बसेको अवस्थामा उनका भाइ जीत मल्लका सन्तानहरूलाई यो सामरिक क्वाथ बनाई त्यसका क्वाथनायक बनाएको हो। भक्तपुर लायकूलाई नगरको पश्चिमतर्फबाट सुरक्षा दिने कार्य यही खौमा क्वाथबाट हुँदै आएको हो। पछि जीत मल्लका सन्तानहरू मल्लबाट सिंह वा राजलवटमा परिणत हुँदै आयो। भक्तपुर लायकूबाट पश्चिमतर्फ विशेष गरी श्री इन्द्रायणी देवीको सम्मुख आफ्नो बासस्थान बनाई वरपर गणेश, सरस्वतीलगायतका अन्य मन्दिरहरू समेत स्थापना गरे। भक्तपुरमा रहेका बाहाःहरूमा

सबैभन्दा आकर्षक भव्य बाहाः खौमा बहाल नै हो। भक्तपुर लायकूको पश्चिमतर्फ खौमा टोलको सम्मुख रहेको यो बहालमा रहेको लामो बहालको सँझ्या तथा टिकिझ्या, झिँगटी छाना अत्यन्त शोभायमान छ। बहालमा प्रयोग भएका काष्ठकलाका नमुनाहरू अति सुन्दर छन्। बहालभित्र समेत अति कलात्मक काष्ठकलाले सजिएका कयौँ कीर्तिहरू रहेका छन्। बहाल पस्ने मुलद्वार पश्चिमाभिमुख रहेको छ। द्वारको दायाँबायाँ घोडा बाँध्ने तबेला तथा सुरक्षाकर्मी रहने ठाउँ रहेको छ।

## कुथुबहाल, तपालाछी

नगरको तल्लो भेगमा रहेको बहाल भएर यसको नामाकरण कुथु बहाल भएको हो। तपालाछीदेखि दोक्छैँसम्म फैलिएको यो बहाल क्षेत्रफलमा ठूलो बहाल हो। तपालाछीस्थित लश्क द्यः तर्फबाट मुलद्वार रहेको यो बहालको अग्रभाग सानो भएता पनि आकर्षक काष्ठकलाका कृतिहरूले सजिएको छ। बहालको भित्रपट्टिको चोक सानो आकारमा फैलिएको छ। भित्रीभागलाई सुरक्षित गर्ने किल्ला क्वाथसमेत रहेको छ। क्वाथ बाहिर इनार, विभिन्न देवदेवीको मूर्तिहरू रहेका छन्। यही बहालमा आगमघरसमेत स्थापित छ। यो बहाल सातबहाल भित्र पर्दैन। जीत मल्लका सन्तानहरूमा जेठा क्वाथ नायक भई खौमा बहालमा नै बस्न थालेपछि उनका भाइको लागि बनाएको छुट्टै बहाल नै कुथुबाहाः हो। खौमा बहाल पछि दोश्रो प्राचीन बहाल नै कुथुबहाल हो। पृथ्वीनारायण शाहले भक्तपुर आक्रमण पश्चात यो बहालबाट पटक पटक नगद, जिन्सी, गरगहनालगायत बहुमूल्य सामानहरू जफत गरेको थियो। भक्तपुरबाट अरू कयौँ प्रभावशाली भारदारहरूको पनि सम्पत्ति जफत गरेकोमा कयौँ भारदार तथा प्रभावशाली ब्यक्तिहरूको जग्गाजमिन घर खेत नगद जिन्सी केही कर लिई फार्खती गरिदिएको छ भने कुथुबहाल र अन्य सात बहालको हकमा गोर्खाली पक्ष अलिकति पनि लचिलो भएको देखिएन। यसमा कुथु बहाल र त्यहाँबाट अन्यत्र लुकाएका सामग्रीहरू समेत जफत गरेको थियो । तत्कालीन समयमा यो बहालमा रहनेलाई कुथु (कुटु) भनी सम्बोधन गर्ने चलन रहेको छ। यसमा भाजु कुटु र मणि कुटु उदाहरणको रूपमा लिन सकिन्छ।

## नासमना बाहाः (अनुबहाल), नासमना

भक्तपुर नासमना टोलमा रहेको बहाल भएर यसको नाम नासमना बहाल भनिएको हो। नासमना डबलीको पश्चिमतर्फ रहेको यो बहाल नासमनाको मुलाखु गणेशसम्म फैलिएको देखिन्छ। जसको समिप न्हयस त्वः ङालाके गर्दा सिफो द्यः विराजमान गर्ने चलन छ। यो बहालको खास नाम अनुबहाल भएको देखिन्छ। यो बहालमा बस्नेहरू मल्ल प्रधानाङ्ग भएता पनि उनीहरूलाई अनुबाहा भनी उल्लेख गरेको छ। रणजित मल्लका सात छोराहरू मध्ये जयनारायणको आवासको रूपमा यसलाई लिने गर्छ।

## थाथुचा बहाल (न्ह्याक्क बहा), तेखाचो

भक्तपुर तेखाचो बाराही मन्दिर द्यःछेँ भित्र रहेको एउटा सानो गल्ली हुँदै यो बहालमा पुग्न सकिन्छ। जसलाई थाथुचा भनिन्छ। यहाँ भित्र एउटा कृष्ण मन्दिर रहेको छ। साथै एउटा इनार पनि रहेको छ। यो बहाल दोक्छैँ, तेखाचो र नासमनाको ठिक बिच भागमा रहेको छ। यहाँसम्म पुग्ने विभिन्न साना बाटोहरू रहेको आधारमा सामरिक हिसावले अति सुरक्षित ठाउँमा यो बहाल रहेको देखिन्छ। यो बहालको उपनाम न्ह्याक्कं बहा पनि हो।

## इच्छुबहाल, भोट्या बहा, सोमला

भक्तपुर लायकूको नजिक रहेको इच्छु टोलमा रहेको कारण इच्छुबाहा पनि भनिने यो बाहाः भोट्या, भोगत्या बाहाःबाट पनि प्रख्यात छ। मल्लकालमा भोटेहरूसित राम्रो सम्बन्ध भएको बखत यिनीहरू रहने बहाल भएर भोट्या बहाल भनिएको त्यति सान्दर्भिक देखिँदैन। कारण भोटेहरूलाई नेपालभाषामा साँय भनिने भएकाले यो बहाललाई कहीँकतै साँय बहाल भनिएको छैन। बरु यो बहालको वरपर बगैँचामा प्रसस्त भोगत्या फल फल्ने भएर भोग्त्या बहाल भनिएको भाषाविज्ञानले पनि उपयुक्त छ। भोग्त्या बहाल जस्तै भक्तपुरमा दुबसी बहाल पनि भएको कारण पनि यहाँ उल्लेख गर्नु सान्र्दभिक हुन्छ। मल्लकालका विभिन्न घटनाहरूमा यो बहालको नाम आएको छ।

## पुबहाल, टौमढी

भक्तपुरको एक ऐतिहासिक बहालमा पुबहालको नाम आउँछ। टौमढी टोलको मध्यभागमा रहेको यो बहाल यहाँको एक अति महत्त्वपूर्ण सम्पदामा पर्छ। यो बहालको अग्रभाग अति कलात्मक एव वास्तुले भरिएको छ। बहाल भित्रको स्वरूप पनि अति नै मनमोहक छ। जहाँ पूर्व फर्केको सानो तर हिस्सी परेको ढुङ्गेधारा रहेको छ। हाल धौभारीहरूको निजी आवास रहेको यो बहाल भित्र उनीहरूको आगमघर समेत रहेको छ। मल्लकालमा विशेष गरी ङातापोल्हँ मन्दिर बनाउँदा राजा भुपतिन्द्र मल्लले यही पुबहालमा बसी आवश्यक

खर्चको रकम निकासा गरेको उल्लेख छ। यसबाहक राजा जगतप्रकाश मल्लले आफ्नो कान्छा छोरा उग्र मल्लको क्षौर गर्दा यो बहाल निर्माण गर्न लगाएको मानिन्छ।

## दथु बहाल, टौमढी


भक्तपुर टौमढी टोलको भुजिंकोखामा यो बहाल रहेको छ। विशेष गरी पुबहाल र भक्तपुर लायकूको बिचमा रहेको कारण यो बहाको नामाकरण दथु बहाल भएको मानिन्छ। दथु बहाल र पुबहाल एकै ठाउँमा भएको कारण यो इलाका नै बहत्वा बाट प्रसिद्ध छ। यो बहालको पहिलेको अवस्थामा अहिले धेरै परिवर्तन आइसकेको छ। बहालको पुरानो स्वरूपको केही भाग भित्री भागमा मात्र सीमित भएको छ। दथु बहाल सुरुदेखि नै मल्ल परिवारका महत्त्वपूर्ण सदस्यहरूको आवास रहँदै आएको छ। मल्लकालका केही घटनाहरूमा तथा ताडपत्रहरूमा दथुबहालको नाम परेको छ। यसबाट राजा जितामित्र मल्लको समयमा यो बहालको निर्माण भएको स्पष्ट हुन्छ। तत्कालीन समयमा यहाँ हरिराम मल्ल भारो रहेको पुष्टि हुने प्रमाण भेटिएको छ।

## चोछैँ बहाल, चोछैँ


भक्तपुर दरबार क्षेत्रबाट सबैभन्दा लामो दुरीको बहाल नै चोछैँबहाल हो। जुन यालाछैँदेखि ब्यासी हुँदै चोछैँसम्म फैलिएको छ। बाहिर सर्वसाधारणको घर रही भित्रपट्टि थुप्रै चोकसहितका बहालहरू रहेको छ। अन्य बहालहरूमा जस्तै यहाँ पनि नासद्यः रहेको छ। जुन पश्चिमाभिमुख छ। र नास द्यः को मन्दिर भव्य दुईतले छाने शैलीमा छ। पश्चिम फर्केको नास द्यः विशेष गरी नाट्यको लागि आराधना गर्ने भएकोले यसको विशेष महत्त्व छ। यो बहाल प्राचीन कालमा यहाँ त्रिपुर दरबारलाई लक्षित गरी चोछैँ छुम्ह गणेशस्थाननेर क्वाथ बनाई सो क्वाथमा रहनेलाई पछि सत्ता प्रधानाङ्ग भनियो र चोछैँ बहालको पश्चिमतर्फ हालको ब्यासी पोखरीको अगाडि क्वाथ बनाई जीत मल्लका सन्तानहरू क्वाथ नायो कहलिएकोमा पछि नायजु भनिएको हो। यही यालाछैँ क्वाथ र चोछैँ क्वाथको बिच भागमा रणजित मल्लका एक छोराको बहाल नै चोछैँ बहाल हुन पुगेको हो। हाल यो बहाल छिन्नभिन्न अवस्थामा रहेको हुँदा चोछैँ बहालको वास्तविक स्वरूपबारे त्यति भरपर्दो जानकारी प्रकाशमा आएको छैन। रणजित मल्लका सन्तानहरू प्रायः सबै यहाँबाट विस्थापित भएको कारण भरपर्दो जानकारी हासिल गर्न झनै कठिनाई आएको हो।

## बासिबियाँलो

क) दिइएको चित्रमा कतिओटा त्रिकोणकार र हिराकार छन् भेटाउनुहोस्।



तलको चित्रको धर्कोमाथि नकाटी, नदोहोर्‍याइ हात नझिकी अर्को धर्को तान्नुहोस्



**अज्ञानीहरू रोगदेखि डराउँछन्**
**मूर्खहरू रोगलाई बेवास्ता गर्छन्**
**बुद्धिमानहरू रोगदेखि सतर्क रहन्छन्**
**सफा गर्ने बानी बसालौं**
**रोगदेखि टाढा बसौं।**

# भाषानुरागको युगमा आलोचना:बीसौं शताब्दीको पूर्वार्द्ध



कमलप्रकाश मल्ल

क्रिस्टाब्दीको बीसौँ शताब्दीमा नेपालभाषामा दुईवटा ठूलठूला घटना भए। सबैभन्दा पहिले त नेपालभाषाले आफ्ना पुराना मौलिक लिपि त्यागी देवनागरी लिपि अँगाल्यो। यसो गर्न तत्कालीन समयका मानिसहरू बाध्यजस्तै थिए। किनभने यदि नेपालभाषालाई जीवित राख्ने हो भने लिपिको माया गरी बस्न सक्ने अवस्था थिएन। एकातिर पुराना लिपि जानेका मान्छे कम हुँदै गइरहेको थियो, त्यसमाथि अक्षर लेख्ने समस्या छँदै थियो। यी सबै कुराको विचार गरी पं. निष्ठानन्द, सिद्धिदास महाजु र मास्टर जगतसुन्दर मल्लहरूले आ-आफ्ना हस्तलिखित पुस्तक देवनागरी लिपिमा प्रकाशन गरे। उनीहरूको यो दूरदर्शितापूर्ण पाइलाले नेपालभाषा पुनः हृष्टपुष्ट बन्दै गयो। त्यही स्वस्थ अनुहार लिएर आज नेपालभाषा शिक्षित समाजबीच उभिएको छ। त्यसपछि नेपालभाषा बोलीचालीको भाषाबाट पुनः साहित्य सिर्जनाको माध्यम बन्यो। बीसौँ शताब्दीको पूर्वार्द्धमा हुर्केका नेपालभाषा साहित्यका आधार (खम्बा) हरू सबैजस्तो युग धर्म र युग सत्यले अभिप्रेरित भई अघि बढेका थिए। पं.निष्ठानन्द, सिद्धिदास महाजु, मास्टर जगतसुन्दर मल्ल र योगवीरसिंहमात्र होइनन्, धर्मादित्य धर्माचार्य, शुक्रराज शास्त्री, बैकुण्ठप्रसाद लाकौल, चित्तधर 'हृदय', महानाम 'कोविद' आदिलाई पनि भाषानुरागबाट प्रेरित साहित्यिक व्यक्तित्वहरूभन्दा फरक नपर्ला। उनीहरूका कलमबाट भाषानुरागको आग्रह जति अभिव्यक्त भयो, व्यथित, सिद्धिचरण, यमी र प्रेमबहादुर कंसाकारका कृतिबाट अभिव्यक्त भएन। भाषानुरागको युग नेपालभाषाको विशुद्ध साहित्य साधनाको बाटोमा कमलो तर बलियो पाइला थियो। सन् १९९७ सालको जेल कालअघि नेपालभाषामा समालोचनाको लागि उपयुक्त विषयवस्तु नभएको होइन। तथापि भाषानुरागको त्यो युगमा साहित्यिकहरूको प्रवृत्ति भाषाप्रति भावुकताले ओतप्रोत बनेको समयमा आलोचनाजस्तो मािभएको बौद्धिक क्रियाकलापले गति नलिनु स्वाभाविक थियो। भाषानुरागबाट प्रेरित लेखकहरूले त्यो बिहानीको पहिलो प्रहरमा समकालीन साहित्यिकहरूतिर नजर लगाउन छोडी नेपालभाषा वाङ्मयको गौरवगाथा लेख्नमा ध्यान केन्द्रित गर्नु स्वाभाविक थियो। त्यसै कारण धर्मादित्य धर्माचार्यले सबैभन्दा पहिले **'नेपालभाषा व थ्वया साहित्य'** शीर्षकको लेख लेखेर नेपालभाषा वाङ्मयको खाका कोरे। धर्मादित्यको त्यो लेखमा त्यस युगका उपलब्धिमात्र देखाइएको छैन, कमजोरी पनि त्यसमा प्रस्ट देख्न सकिन्छ। यो लेखले नेपालभाषा वाङ्मयको गौरव देखाएजस्तै तत्कालीन समयका समकालीन साहित्यबारे कुनै चर्चा गरेको छैन। त्यतिमात्र होइन, धर्मादित्य धर्माचार्यले नेपालभाषामा आफ्नो वाङ्मयको गौरवगाथा लेखेर सन्तोष मान्ने परम्परा पनि स्थापित गरे। यसो भनेर धर्मादित्य धर्माचार्यको यो महत्त्वपूर्ण लेखप्रति कृतघ्न भई मैले अपरिपक्व आलोचनाको रूपमा प्रस्तुत गर्न खोजेको होइन। त्यो आलोचना थिएन। धर्मादित्यको समयमा कसैले पनि आलोचना लेख्न सक्दैनथ्यो। किनभने उनी र उनीहरूलाई प्रेरणा दिएको युगधर्म भाषानुरागको धर्म थियो। भाषानुराग एउटा भावनात्मक प्रेरणा थियो। आलोचनाको लागि भाषानुराग पर्याप्त थिएन। भावनात्मक सहृदयतासँगै आलोचनाको लागि कम्तीमा बौद्धिक निष्पक्षता र समदृष्टिको आवश्यकता हुने गर्दछ। आलोचना वस्तुपरक र निरपेक्ष चिन्तनको उपज हो। 'जय मां भाय्' (जय मातृभाषा) र भावुकताबाट आलोचनाको जन्म हुनसक्दैन। भाषानुराग र विशुद्ध साहित्य साधनाको बीचमा ठूलो भेद भएजस्तै वाङ्मय-गाथा र आलोचनाको बीचमा पनि गहिरो भेद छ।

बीसौँ शताब्दीको पूर्वार्द्धमा भएका साहित्यिक प्रयोगको केही चर्चा चित्तधर 'हृदय' को पुस्तक **'झीगु साहित्य'** (नेसं १०७४, विसं २०१०) मा भएको छ। 'हृदय' ले यो पुस्तकलाई आलोचनाको रूपमा नभई *'नेपालभाषा साहित्यको इतिहाससम्बन्धी लेखको सङ्ग्रह'* को रूपमा लिनु स्वाभाविक हो। धर्माचार्यले आफ्नो लेखमा जसरी नेपालभाषा वाङ्मयका गौरव गाथा लेखेका थिए, त्यही परम्परामा उभिएर 'हृदय' ले आफ्नो पुस्तकमा आफ्ना अग्रज र समकालीनहरूको चर्चा गरे। जसरी आफ्ना पूर्वजको गौरवगाथा समालोचना हुनसक्दैन, आफ्ना समकालीनहरूको रोचक चर्चा (nostalgic reminiscence) पनि आलोचना हुनसक्दैन। 'हृदय' को पुस्तकमा भाषणदेखि लिएर जीवनी, परिचय र भूमिकासमेत समावेश छन्। यसमा आलोचकलाई काम लाग्ने तथ्याङ्कमात्र धेरै जम्मा भएका छन्। तर तिनको आलोचनात्मक प्रयोग र मनन नभएकाले 'हृदय' ले साहित्यको इतिहासकार र आलोचनाको लागि तथ्याङ्क सङ्कलन गरिदिने सङ्कलक (enu-

merator) को भूमिकामात्र निभाए। आलोचना तथ्याङ्को सङ्कलनमात्र होइन, आलोचना व्याख्या, विवेचना र तुलनाको आधारमा हुने मूल्याङ्कन हो। यदि 'हृदय' ले लेखेको पुस्तक विशुद्ध आलोचना नभए त्यसमा आश्चर्य मान्नुपर्ने कुनै कारण छैन। किनभने उनको साहित्यिक पृष्ठभूमि निर्माण भएको युग भनेको भाषानुरागको मध्ययुग थियो। त्यो युगको नसा नसामा एउटा धुन गुञ्जिरह्यो। त्यो धुन थियो- नेपालभाषाको गौरव-हिजो र आज नेपालभाषाको गरिमा। आलोचक हुन आफ्नो भाषाप्रति आत्मीयता आवश्यक हुन्छ। तर आलोचकले विषयवस्तुबाट प्रभावित नभई समालोचना लेख्न सक्दैन। भाषाप्रतिको आत्मीयताले मात्र आलोचकले भाषा साहित्यमा भएका कमीलाई उदाङ्गो बनाउन सक्दैन। आलोचना भनेको भाषा र साहित्यको प्रशस्ती गान होइन। सन्तुलन नै आलोचनाको आत्मा हो किनभने मूल्याङ्कन नै यसको मूलधर्म हो। 'हृदय' र उनले समातेको विषयवस्तुबीच यति आत्मीय भावनात्मक सम्बन्ध छ, उनले यो विषय (सिद्धिदास, निष्ठानन्द, योगवीर, लाकौलका उपलब्धि) प्रति समदृष्टि राखेर कलम चलाउन सजिलो काम थिएन।

## नेपालभाषामा आलोचना: एउटा नयाँ आरम्भ

हुन त **'बुद्धधर्म व नेपालभाषा'** (बुद्धधर्म र नेपालभाषा) नामको पत्रिका नेसं १०४७ (विसं १९८३) बाट प्रकाशनको थालनी भएको थियो। त्यत्तिबेलादेखि नेपालभाषाको आफ्नै एउटा पत्रिकाको सुरुवात भयो। त्यसबाट आलोचनाको लागि आवश्यक पूर्वाधार प्राथमिक चरणमा सुरुमात्र भयो। तर त्यसको बीस वर्षपछि नेसं १०६७ (विसं २००३) मा **'धर्मोदय'** पत्रिका प्रकाशन हुन थाल्दादेखि मात्र आलोचनाको लागि आवश्यक पृष्ठभूमिले पूर्ण आकार लियो। **'धर्मोदय'** पत्रिका **'बुद्धधर्म व नेपालभाषा'** तुलनात्मक रूपमा धेरै प्रतिशत साहित्यिक पत्रिका थियो। त्यसपछि नेपालभाषामा जेल कालपछि विशेषगरी काव्य क्षेत्रमा **'सुगत सौरभ'**, **'अर्हतनन्द सोस्वां प्रतीक्षा'**, त्यसैगरी महानाम 'कोविद', महाप्रज्ञा र अमृतानन्द भिक्षुहरूका अमूल्य परिश्रमस्वरूप नेपालभाषा गद्य पनि निकै लचिलो औजार बनेर देखिए। सायद त्यसको लगत्तै मित्र राष्ट्र भारतमा आएको (जहाँबाट 'धर्मोदय' प्रकाशित हुनेगर्थ्यो) राजनीतिक परिवर्तन र सामाजिक जागरणले **'धर्मोदय'** का सम्पादक र लेखक परिवारमा पनि आवश्यक आत्मसात सजगता हृदयांगम भएको हुनुपर्दछ। प्रत्यक्ष रूपमा विसं २००७ सालपछि नेपालमा पनि राजनैतिक र सामाजिक उथलपुथल भयो। फलस्वरूप, आलोचना विकसित हुन अत्यावश्यक तर अझै प्राप्त हुन नसकेको बौद्धिक स्वच्छन्दता पनि २००७ सालपछि प्राप्त भयो। नेपाली समाजमा स्वच्छन्दतासँगै आत्मसात सजगता २००७ पछि मात्र आएको देखापर्दछ। त्यसकारण मितिको आधारमा भन्नुपर्दा नेपालभाषाको आलोचना **'धर्मोदय'** को २१-२२ अङ्कमा प्रकाशित रत्नध्वज जोशीको लेख **'धर्मोदयया कहानीत'** (धर्मोदयका कथाहरू) - नेसं १०६९ बछला र दिल्ला, तद्नुसार १९४९ जून-जुलाईदेखि मात्र भएको मान्दा वास्तवमा आलोचनाको विधिवत् सुरुवात २००७ पछि मात्र भएको भन्न सकिन्छ। जहाँसम्म मलाई जानकारी छ, रत्नध्वज जोशीको त्यो लेख नै नेपालभाषामा लेखिएको आलोचना लेखनको सबभन्दा पहिलो प्रयास थियो। यो लेख विविध कोणबाट लेखिएको भए पनि महत्त्वपूर्ण लेख थियो। त्यो लेख पछाडि नेपालभाषाको कुनै परम्परा वा परिपाटी थिएन। नेपालभाषामा खोजी पस्दा कवि, नाटककार, कथाकार, निबन्धकार सबैसँग कुनै न कुनै रूपमा आफ्ना पूर्वजको प्रभाव परेको देखिन्छ। तर, अग्रज आलोचक बेवास्ता परेका एकलव्यजस्तै बने। आलोचनाको सत्ता स्वनिर्मित बनिरह्यो। किनभने आलोचना नेपालभाषामा सर्वथा नयाँ प्रवृत्ति थियो। भाषाको बगैंचामा आलोचना कोपिला बनेर हुर्किरह्यो। त्यसकारण नेपालभाषामा आलोचनाको इतिहासमात्र १८ वर्ष पुरानो हो। यो छोटो समयभित्र नेपालभाषाको आलोचना विधामा के कस्ता उपलब्धि हासिल भयो, त्यही विषयमा चर्चा गर्नु नै यो आलेखको मूल प्रयोजन हो।

**'धर्मोदय'** पत्रिकाको १८ औँ अङ्कसम्ममा प्रकाशित २३ वटा कथाबारे रत्नध्वज जोशीले लेखेको **'धर्मोदयया कहानीत'** (धर्मोदयका कथाहरू) पढ्दा नेपालभाषामा आलोचनाको स्तर कति प्रारम्भिक चरणमा रहेछ भन्ने कुरा प्रस्ट हुन्छ। पछि पछिका आलोचनामा विषय प्रवेशपश्चात् आलोचनाका लाभदायक पक्षबारे रत्नध्वजले चर्चा गर्नुपर्ने आवश्यकता नदेखेको हुनसक्छ। तर, यो लेखमा उनले आफ्नो विषय चर्चा हुनुअघि र पछि आलोचनाको आवश्यकता र स्वास्थ्यदायक गुणका कुरा पाठक र लेखकहरूलाई जानकारी दिएका छन् :

*'साहित्यका विविध अङ्का विषयमा प्रचुर ज्ञान, लेख्ने प्रतिभा, लेखक हुने इच्छा भएर पनि आलोचकहरूको भयले लेख नलेख्ने पनि कति मानिसहरू छन्। त्यस्तै आफ्नो गल्तीलाई कोही आलोचकले औँल्याइदिँदा निकै डराएर लेख्नै छोडेका कच्चा लेखकहरू पनि हुनसक्छन्। आफ्नो कमजोरी देखाइदिएकोले रिसाउने र गल्तीलाई पनि गल्ती नमानी आक्रोशित हुनेहरू पनि नहोला भन्न सकिन्न। आलोचकले सधैँ कुनै कमजोरी नभएको रचना खोजिरहेको हुन्छ, त्यस्तै रचनाको कामना गर्दछ। लेखकले आफ्नो योग्यताअनुसारको रचना दिने गर्छन्। एवंरीतले साहित्यको प्रगति हुँदै जाने गर्दछ। अतएव*

*यो आलोचना देखेर डराएर कोही पनि लेखकले आफ्नो कलम छोड्ने छैन भन्ने म आशा गर्दछु। बाटोमा हिँड्दा ठेस लाग्दा हिँड्नै छोड्नेलाई कसले बटुवा भन्छ र ?'*

नेपालभाषा साहित्यको त्यो कमलो उमेरमा आलोचना देखी कवि-लेखकहरू मात्र होइनन्, आलोचकहरूसमेत डराइरहेका जस्ता देखिन्छन्। यसको एउटा कारण आलोचकलाई समद्रष्टा नभई छिद्रान्वेषीको रूपमा लिएको देखिन्छ। रत्नध्वजले पनि आलोचकलाई लेखकहरूका कमजोरीमात्र खोजी हिँड्ने छिद्रान्वेषी नै भएजस्तो गरी लेखेका छन्। उनको लेखमा 'इयरिङ' कथाको आलोचनामा यस्तो लेखिनु पनि अरू कारणले नहोला :

*'यो कथाको भाषा पनि ठीक छैन। वासनायुक्त भाषाको समर्थन यथार्थवादको नाममा युरोप र युरोपको अनुकरण प्रियजनद्वारा कहीं कतै भए पनि हाम्रो समाजका लागि ठीक छैन।'*

रत्नध्वजले यो लेखमा कथाको शिल्प र शैली पक्षलाई लिएर गरेको आलोचना निकै सिद्ध छ। कथा, आधुनिक शैलीका कथाका लागि शिल्पदक्षता कति आवश्यक छ भन्ने बुझी सोही दृष्टिकोणबाट अरू साहित्यका उत्कृष्ट कथाहरू उदाहरण दिई जोशीले आफ्नो समालोचनालाई पूर्ण आलोचनाको रूपमा प्रस्तुत गरेका छन्।

दुर्भाग्यवश त्यो समयमा पनि नेपालभाषामा कच्चा लेखकहरू धेरै रहेछन्। जोशीको आलोचनामा ठेस लाग्नेबित्तिकै दुई-चार जनाले साहित्यको बाटोमा हिँड्नै छोडिदिए। जोशीको आलोचनाको तुरुन्तै प्रत्यालोचना र **'लिसःया लिसः'** (जवाफको जवाफ) को प्रतिक्रिया प्रकाशित हुनु महत्त्वपूर्ण कुरा थियो। **'धर्मोदय'** को वर्ष-२, अङ्क-१० मा जोशीको जवाफमा लोक कजु एउटा गम्भीर प्रश्न लिएर अगाडि देखिए। उनको प्रश्न थियो – के हाम्रो साहित्यमा आलोचना प्रकाशित गर्न योग्य भएको हो ? यही लेखको एउटा प्रसङ्गमा रोचक आग्रह पनि देखिन्छ :

*'नवलेखक गणलाई आलोचनात्मक आघात पुऱ्याउने बेला भएको छैन, बरू उनीहरूलाई झन् झन् असल र सुन्दर लेखहरू पठाउन हौस्याउनुपर्दछ। उनीहरूलाई तिमीहरू साहित्य उन्नतिका भावी साहित्यकार हौ भनेर प्रोत्साहित गर्नुपर्दछ 'भर्खरकी किशोरी साहित्यमा त्रुटिमात्र धेरै देखाएर ठीक हुन्न भन्ने लाग्छ।'*

यसको जवाफमा जोशीले केही लेखे वा लेखेनन्, यो कुरा यहाँ गरिरहन जरूरी छैन। अरू केही नभए पनि आलोचना सम्बन्धमा १७-१८ वर्षअघि नेपालभाषामा केही धारणा प्रतिबिम्बित भएको कुरा यहाँ स्पष्ट देखिएको छ। आलोचना सिर्जनाको लागि घातक हो, विशेषगरी भर्खरका साहित्यमा यसले लेखकलाई हतोत्साहित बनाउनेछ भन्ने धारणा हाम्रो विचारधारामा जरा गाडेर बसेको छ भन्ने कुरा आलोचना-प्रत्यालोचनाबाट छर्लङ्ग हुन्छ।

२००७ सालको राजनीतिक उथलपुथलको केही समयअघि आलोचनाको क्षेत्रमा **'धर्मोदय'** मै अरू तीन वटा लेख प्रकाशित छन्। ती लेखहरू यसप्रकार छन्, **'श्री केदारमान 'व्यथित' यागु काव्यसाधना'** (श्री केदारमान 'व्यथित' को काव्यसाधना) – लेखक श्री रामहरि जोशी, **'साहित्ये आलोचनाया स्थान'** (साहित्यमा आलोचनाको स्थान) – लेखक श्री माधवलाल कर्माचार्य, **'सीस्वां' या विषय छत्वाचा खँ'** ('सीस्वां' को विषयमा एक दुई कुरा) – लेखक श्री माधवलाल कर्माचार्य। यीमध्ये सबभन्दा अघिल्लो र सबभन्दा पछिल्लो दुई वटा लेख एक-एक जना कविका काव्यकृतिलाई लिएर सहृदय पाठकको रूपमा आलोचकले व्याख्या गरिदिएका हुन्। दुवै आलोचना व्याख्या प्रधान र सहृदयी भएर पनि कर्माचार्यले मधुरो आगोजस्तै सुस्त सुस्त प्रज्ज्वलित भाषामा 'सीस्वां' काव्यको नाडी समाती त्यसका सीमितता र परिधि प्रस्ट देखाइदिएका छन्। व्याख्या प्रधानताको हिसाबमा नेपालभाषाको सबभन्दा पहिलो सफल आलोचना मेरो विचारमा 'सीस्वाँ या विषये छत्वाचा खँ' (सीस्वाँको विषयमा एक-दुई कुरा) नै हुनुपर्दछ। यति भनिसकेर पनि कर्माचार्यको शैलीमा त्यत्तिबेला रत्नध्वज जोशीको जस्तो परिपक्वता देखिएको थिएन। उदाहरणको लागि 'छत्वाचा खँ' लेखको निष्कर्ष पढौं :

*'हुन त असाध्य भावावेशको रोगले दुर्बल बहुला कुकुरले भुकाउँदै हिँड्ने बानी नभएको त होइन, तैपनि हरियो पहाडबाट उडेको चरालाई काखीबाट उडाएजस्तो देख्ने अथवा सिद्धिदासको वियोगमा प्रभातकालीन दैनन्दिनीका उद्देश्य आजपर्यन्त छरपष्ट अवस्थामा देखिरहनु, अथवा आकाश नै चोइटाएजस्तो देख्नुजस्ता भनाइ अथवा चित्रणमा प्रभावित गर्ने गुण नभएको पनि होइन। तर, त्यहाँको जीवन नै मृत्युलाई स्वाभाविक प्रकृतिको रूपमा देखिसकेपछि, सिद्धार्थको आदर्श, भगवान कृष्णको आदर्शसामु अघि बढेको देखाउनु नै 'सीस्वाँ' को विशेषता भन्न सकिन्छ। हुन पनि सौन्दर्यको लागि सृङगारजस्तो कलाकारको कलामात्र छैन। सीमित साधनद्वारा असीमित आकाङ्क्षा पूरा गर्नेको आँसुले भिजेको गीतमात्र छ। त्यसकारण 'वियोगी होगा पहला कवि' इत्यादि तथा सबभन्दा राम्रो गीत नै विरहको गीत भन्ने उक्ति यो कवितालाई त्यत्ति साऱ्हो नलाग्नु एउटा विशेषता नै हो।'*

भाषालाई यति साऱ्हो नमर्काई स्पष्टवादी भई आलोचकले भन्नुपर्ने कुरा भन्दा कसैलाई आपत्ति नहुनुपर्ने हो। तर, कर्माचार्यको शैली पहिलेबाटै एक प्रकारले लय (committal tone) ले भयभित अभिव्यक्ति देखिन्छ।

कर्माचार्यको यो आलोचना पढी उनका भनाइलाई कस्सीमा घोटी हेर्दा उनको सिद्धान्त र व्यवहारबीच सम्बन्ध खोज्नुपर्ने हुन्छ। जस्तो उनले त्यही समयावधिमा लेखेको **'साहित्ये आलोचनाया स्थान'** (साहित्यमा आलोचनाको स्थान) शीर्षकको निबन्ध पढौँ :

*'साहित्य परख गर्नेहरूले 'इदमित्थ' बाट मात्र आफ्नो काम पूरा भएको सोच्नु हुन्न। संस्कृत साहित्यमा पहिलेदेखि आएका टीकाकारहरूले परख गर्ने काम राम्ररी पूरा गरेको देखिँदैन। यो यस्तो हो र यस्तो भनेको हो भनी भाषासम्बन्धी दोष र गुणमात्र केलाइदिनाले पारखी (आलोचक) को काम कति पूरा भयो, शङ्काको विषय हो। साहित्यका पारखी न लेखकका सेनापति हुन्, न शत्रु नै हुन्। पारखी त सबै पाठकको जीवनका आवाज हुन् 'वास्तवमा साहित्यमा पारखी अर्थात् आलोचकको काम निकै उँचो छ, महान् छ, उत्तरदायित्वपूर्ण छ। उनीहरूसँग साहित्यको शक्ति र उपादेयता परिचालन गर्ने तागत मात्र हुने होइन, बरू युगको निर्माता, निर्देशक र परिचालक पनि हुने शक्ति हुन्छ। यो पक्का हो।'*

कर्माचार्यले 'इदमित्थं' टीकाकार परम्पराप्रति यसप्रकार सिधा असन्तोष व्यक्त गरे पनि आफ्नो आलोचना लेखनको व्यवहारमा उनले मूल्याङ्कनभन्दा व्याख्या गर्ने प्रवृत्तिलाई धेरै उत्तरदायीपूर्ण मानेजस्तो देखिन्छ। आलोचनामा commitment लाई पन्छाउनु नै बहादुरी हुनसक्दैन। त्यसकारण कहींकहीं कर्माचार्यले एकजना आत्मपरक पाठकको प्रतिक्रियामात्र व्यक्त गरी आलोचकको उत्तरदायित्वको भारी बिसाएको देखिन्छ। धेरै ठाउँमा उनले एक जना impressionistic critic भन्न मिल्ने गरी कलम चलाएको देखापर्दछ। **'साहित्ये आलोचनाया स्थान'** लेखमै कर्माचार्यले हाम्रो भाषामा पहिलोपटक सायद सबभन्दा मूल्यबोधक वाक्य लेखेका छन्। लेखमा उनले एक ठाउँमा लेखेका छन् : *'भाषाप्रेममात्र साहित्य होइन। त्यो त एकप्रकारको भावुकतामात्र हो। मानिसलाई चाहिएको भाषा होइन, जीवन हो- विकासशील, उन्नतिशील र सुखशील।'* मेरो विचारमा कर्माचार्यको यो वाक्य चालै नपाइकन बीसौँ शताब्दीको पूर्वार्द्धमा नेपालभाषामा रचित सबै कृतिहरूको मूल्याङ्कन हुन पुगेको छ। भाषानुराग भनेको भावुकतामात्र हो र साहित्य साधना फरक विषय हो भन्ने कुरा यसप्रकार सचेत चिन्तन गर्नसक्नु नै आलोचनाको दृष्टिकोणमा युग परिवर्तन भएको चिह्न भन्न सकिन्छ। आलोचकको काम साहित्यिककै जस्तो महत्त्वपूर्ण हो, आलोचक छिद्रान्वेषी होइन। आलोचकको काम युगचेतना निर्देशन र निर्माण गर्ने हो भन्ने सजगता बिस्तारै उठ्दै गरेका कर्माचार्यको लेखमा प्रस्टरूपमा देखिएको छ। त्यही भएर कर्माचार्यले आफ्नो त्यो लेखमा साहित्यलाई *'जीवन हेर्ने चस्मामात्र नभई जीवन अघि बढाउने बाहन पनि हो'* भनी निर्धक्कसाथ आफ्नो मत व्यक्त गरेका छन्। नेपालमा राजनीतिक उथलपुथल हुनुअघि हाम्रो भाषामा एउटैमात्र पत्रिका प्रकाशित हुन्थ्यो। राणाहरूको कुचक्रमा परी पुस्तक प्रकाशनको काम पनि निकै धिमागतिमा अघि बढ्यो। त्यसमाथि आलोचना पढ्न आवश्यक पर्ने स्वतन्त्रताको वातावरण पनि नभएको समयमा सर्वश्री रत्नध्वज जोशी, रामहरि जोशी, माधवलाल कर्माचार्य र राजेन्द्रमान प्रधानहरूले यो क्षेत्रको जग बसाले। तीमध्ये पनि विशेषतः रत्नध्वज र माधवलालले स्तुत्य प्रयास गरेका थिए। **धर्मोदय**को जम्मा १४६ अङ्क प्रकाशित छन्। तर १३ वर्षको यात्रामा १५-१६ वटामात्र आलोचना प्रकाशित छन्। आजभोलि एक-दुई वटा अङ्कमात्र प्रकाशित भई बन्द हुन पुगेका पत्रिकाहरू (जस्तै **'तिकिञ्ज्याः'** (आँखीझ्याल), **नसंचा** (बिहानी) र **व्याहाँचुलि** (उषा) मा ३-४ वटा आलोचना प्रकाशित भएका छन्। त्रिचन्द्र कलेजबाट वार्षिक रूपमा प्रकाशन हुँदै आएको **'जः'**(प्रकाश) का तीन वटा अङ्कमा सात वटा आलोचना प्रकाशित भएको अवस्थामा **'धर्मोदय'**का १४६ अङ्कमा १७ वटा, **'थौंकन्हे'** (आजभोलि) का ४९ अङ्कमा ४ वटा, **'पासा'** (साथी) का २७ अङ्कमा ४ वटामात्र आलोचना प्रकाशित भएको देख्दा आजभोलिका आलोचनाका पाठकहरूको प्यास नमेटिनु स्वाभाविक हो। यो तथ्याङ्कले आलोचनाको महत्त्वको विषयमा हिजो र आजको प्रचलित धारणाको परिमाणात्मक तस्बिर देखाइदिएको छ। **'धर्मोदय'** नेपाल संवत् १०६७ कौला (विसं २००३) बाट प्रकाशन सुरू भयो। नेसं १०८० कछला (२०१६) पछि प्रकाशन बन्द भयो। नेसं १०७१ कछला (२००७) देखि **'थौंकन्हे'**, नेसं १०७२ वसन्त (विसं २००८) देखि **'नेपाल'** र नेसं १०७३ कछला (२००९) बाट **'पासा'** पत्रिकाको प्रकाशन आरम्भ भयो। हाम्रो आलोचना साहित्यका गतिविधि यिनै दुई-चार पत्रपत्रिकाका जगमा उठेका हुन्। नेपालमा पत्रपत्रिकालाई लाग्ने सार्वजनिक रोग लागेर यी चारवटै पत्रिकाहरूको प्रकाशन बन्द भइसकेको छ। अलि राम्रो तरिकाबाट प्रकाशन भइरहेको पत्रिका भनेको **'सितु'** मात्र हो। नेसं १०७९ (२०१५) बाट प्रकाशित **'भी'** (हामी) लाई नराम्रो रोगले सङ्क्रमण भएर पिलन्धरे बन्दै विज्ञापन र सम्पादकीयको अस्थिरपञ्जरमात्र बाँकी छ। माथि उल्लेखित पत्रपत्रिकाबाहेक नेपालभाषामा आलोचनाको प्रगतिका लागि सबभन्दा ठूलो पाइला भनेको नेसं १०८१ (विसं २०१७) बाट त्रिभुवन विश्वविद्यालयले आफ्नो पाठ्यक्रममा नेपालभाषालाई समावेश गरी शैक्षिक मान्यता प्रदान गर्नु हो। विद्यालयस्तरमा त विसं २०१० देखि नै नेपालभाषाको पठनपाठन हुँदै आएको थियो। तथापि विद्यालयस्तरमा यो भाषा-साहित्यको पठनपाठन आलोचनात्मक र मूल्यबोध स्तरमा नहुने भएकाले कलेजस्तरमा

यो भाषा समावेश भएपश्चात् त बाध्य भएर पनि नेपालभाषाको विषयमा आलोचनात्मक अध्यापन र अध्ययन गर्नुपर्ने भयो। साथै पाठ्यक्रममा समावेश हुन लायक पुस्तक लेख्ने, प्रकाशन गर्ने र भएका प्रकाशित पुस्तकमध्येबाट छनोट गर्न आवश्यक हुन गयो। यसप्रकार नेपालमा राजनीतिक उथलपुथलपछि हाम्रो भाषाले पनि कोल्टे फेऱ्यो। औँसीको रातमा उज्यालो पूर्णिमा छायो। नेपालभाषामा आलोचनाका केही प्रमुख प्रवृत्ति र समस्या २००७ साल आसपासको सङ्क्रमणकाल, त्यसअघि र २००७ सालपछि नेपालभाषामा आलोचनाको १८ वर्षको कथाभित्र धेरै आलोचक र लेखकहरूका नाम समावेश छन्। तर आलोचनालाई एउटा बौद्धिक साधना (intlleectual discipline) को रूपमा वा एउटा उत्तरदायित्वपूर्ण शैक्षिक चिन्तन (academic pursuit) को रूपमा गम्भीरतापूर्वक आलोचना लेखेका व्यक्तिहरू भने कममात्र देखिन्छन्। जति सजिलै यो क्षेत्रमा एक दुई जना आदर गर्न नपर्ने पाहुना भित्रने गरेका थिए, उनीहरू त्यत्ति नै सजिलो गरी बाहिरिएका पनि छन्। नेपालभाषामा आलोचना लेखिसकेका र लेख्दै गरेका लेखकहरूको वर्गीकरण गर्दा यस्तै एउटा प्रस्ट तस्बिर देख्न सक्नेछौँ। सबभन्दा पहिले त एक समूह यस्ता लेखकहरू छन्, जसलाई 'आलोचक' भनी नेपालभाषामा मात्र होइन, नेपाली भाषामा पनि त्यत्तिकै उँचो भद्रासनमा पुऱ्याइएका छन्। यो समूहमा रत्नध्वज जोशी र माधवलाल कर्माचार्य पहिले नै आएका हुनाले कृष्णचन्द्रसिंह प्रधान नवआगन्तुक हुन्। एक हिसाबमा हाम्रो भाषामा यी तीन जनालाई आलोचक अथवा पेशेवर आलोचकभन्दा कसैलाई आपत्तिको विषय नहोला। पेशेवर आलोचक भन्नुको अर्थ जोशी वा कर्माचार्य वा प्रधानले आलोचना लेखेरै आफ्नो जीविका चलाइरहेका छन् भन्ने होइन। उनीहरूलाई निबन्धकार, कवि वा कथाकार भन्नुभन्दा आलोचकको रूपमा प्रस्तुत गर्नसके हाम्रो भाषामा उनीहरूको भूमिका अझ स्पष्ट देखिनेछ। यसको अर्थ जोशीका निबन्ध र कर्माचार्यका कविता र कथालाई अवमूल्यन गर्नुपर्ने कुनै कारण छैन। उनीहरूको यो समूहपछि अर्को एक समूहले निकै राम्रो र विवादास्पद आलोचनाहरू लेखेका छन्। त्यो समूहको अग्रपङ्क्तिमा रामहरि जोशी, राजेन्द्रमान प्रधान, पूर्णकाजी ताम्राकार र अनि माणिकलाल श्रेष्ठ, सूर्यबहादुर शाक्य, चित्तरञ्जन नेपाली र यो पङ्क्तिकारसहित अरू लेखकलाई पनि समावेश गर्न सकिन्छ। उनीहरूको विशेषता दुईवटा विषयमा देखिन्छ। पहिलो, चित्तरञ्जनबाहेक उनीहरू सबैजसो सिर्जनामूलक साहित्यलेखनबाट विमुख छन्। दोस्रो, यदाकदा एकाध आलोचना लेखेर अरू बेला अस्ताउने वा आलोचना लेखनबाट विमुख हुने प्रवृत्ति देखिन्छ। यो समूहका आलोचकहरूले पाश्चात्य, विशेष गरी अङ्ग्रेजीको प्रभाव, मार्क्सवादी- फ्रायडवादी पद्धतिका विवादास्पद आलोचनात्मक लेख लेखेका छन्। (उदाहरणको लागि चित्तरञ्जन, माणिकलाल श्रेष्ठ र यो पङ्क्तिकारले लेखेका आलोचना हेर्नुहोला।) नेपालभाषामा आलोचना लेखिरहेको तेस्रो समूह हो-काठमाडौँ उपत्यकाका महाविद्यालयमा नेपालभाषा शिक्षण गर्ने प्राध्यापक गुरुहरू- जनकलाल वैद्य, सुन्दरकृष्ण जोशी, झुलेन्द्रमान प्रधान र इश्वरानन्द तथा आशाराम शाक्यसम्म पुग्न सकिन्छ। यो क्षेत्रमा नेपालभाषाका प्राध्यापकहरू आलोचना लेखनमा सक्रिय हुनु त स्वाभाविक नै हो। नेपालभाषा र साहित्यको बाटो उनीहरूले अझ फराकिलो बनाउँदै लाने कुरामा सबैले आशा गर्नु पनि स्वाभाविक हो। उनीहरूले आलोचना लेख्न थालेको त धेरै समय भएको छैन। तर आ-आफ्नो क्षेत्रमा निकै बलियो जग बसाएका छन् भन्ने कुरा जनकलाल वैद्यजस्ता निपुण युवा प्राध्यापकले मनग्य प्रमाणसहित लेखिरहेबाट प्रष्ट हुन्छ। आलोचकका यी तीन समूहपछि उदयीमान युवा लेखकहरू आलोचना लेखनमा गम्भीरतापूर्वक लागेको देखिन्छ। यो समूहमा निकै अध्ययनशील तर अलि कच्चा (विशेषगरी शैली र भाषाको क्षेत्रमा) लेखकहरू छन्। यसमा जगदीश चित्रकार, शंकर श्रेष्ठ, पुष्प चित्रकार र इन्द्र मालीका नाम लिनु उपयुक्त हुन्छ। आजभोलि यी लेखकहरूले **'जः'**, **'झी'** र विशेषतः **'सितु'** पत्रिकामा आफ्ना कृति प्रकाशन गरिरहेका छन्। हाम्रो भाषामा सबभन्दा युवा पिँढीमध्ये कोही आलोचक आफ्नो पिँढीको प्रवक्ता भनी अघि सरे सायद उनीहरूजस्ता अध्ययनशील र विहंगम दृष्टिकोणको धार भएका नै हुने आशा गरेको छु। उनीहरूका लेखमा मैले देखेको एउटा विशेषता भनेको आफ्ना समकालीनहरूका कृति र सिर्जनालाई नेपालभाषाको परम्परा र मान्यताभन्दा विशेष अलग र सर्वथा नयाँ भन्ने तीव्र आग्रह हुनु हो। आफ्ना पूर्वजहरूका (जस्तै 'व्यथित' को **छ्वास**) कृतिले आफ्नो पिँढीलाई स्पर्शमात्र गरिरहेको पक्षमा मात्र उनीहरू आकर्षित भएको देखापर्दछ। यो स्वाभाविक हो। मलाई थाहा छैन, उनीहरू परम्पराप्रति अनास्थाप्रेरित भएका हुन् वा प्रयोगप्रति विश्वास वा आग्रहबाट प्रोत्साहित। जे भए पनि उनीहरूका लेखमा त्यो प्रौढता अभिव्यक्त भइसकेको छैन जुन उनीहरूभन्दा अघिका तीन समूहमा व्याप्त छ।

नेपालभाषामा आलोचनाको विषयमा यति लामो गन्थनपछि पनि आजभोलि यो क्षेत्रको सतहमा देखिने मूलप्रवृत्तिबारे चर्चा गर्न त बाँकी नै छ। नेपालभाषाको आलोचना क्षेत्रमा सबभन्दा ठूलो विशेषता भनेको यसको इतिहास छोटो हुनु हो। नेपालभाषामा आलोचनाको उमेर भन्नुमात्र १८ वर्षको हो। यी १८ वर्षभित्र हाम्रो भाषाका साहित्यमा आधुनिकता पलाएको भन्दा फरक नपर्ला।

आलोचना र आलोच्य विषय दुवै एक अर्काको अनुहार हेर्दै हुर्केका हुन् । आलोचना र साहित्यको कम उमेर, अनि दुवैको समकालीन स्फुरणका कारण नेपालभाषाको आलोचनाको सत्ता निकै कमलो देखापर्दछ । सायद त्यसै कारण हुनुपर्दछ, अहिलेसम्म प्रकाशन भएका आलोचनात्मक लेखहरूमा एक-एकवटा साहित्यिक कृतिलाई अलग-अलग लिई त्यसमाथि गन्थन गर्ने जबरजस्त प्रवृत्ति देखिएको छ । एकजना साहित्यकारका सबै कृति अथवा एउटा साहित्यिक विधाको वैशिष्ट्य अथवा साहित्यमा एउटा प्रवृत्तिलाई लिएर अद्योपान्त अध्ययन र अनुशीलन गर्नुभन्दा एउटा पुस्तक, एउटा नाटक, अझ एउटा कथा वा निबन्धमा मात्र आधारित भएर आलोचना लेख्ने प्रवृत्ति हामीमाझ व्यापक देखिएको छ । जस्तै, कृष्णचन्द्रसिं प्रधानले लेखेको **'झीगु साहित्ये बाखँ'** (हाम्रो साहित्यमा कथा), कविवर सिद्धिचरणले लेखेको **'झी भायया झी कवि चित्तधर'** (हाम्रो भाषाका हाम्रा कवि चित्तधर), यसै पङ्क्तिकारले लेखेको **'धुस्वाँ सायमीया उपन्यास'** (धुस्वाँ सायमीका उपन्यास) जस्तै एउटा सिङ्गो विधा र एक जना सिङ्गो लेखककै विषयमा मात्र केन्द्रित भई लेखिएका आलोचनाभन्दा कुनै एउटा कृतिको मूल्याङ्कन र निरूपण गरिएका आलोचना धेरै देखिएका छन् । एक कोणबाट यसप्रकार एउटा कृतिको अद्योपान्त वा बेग्लाबेग्लै आलोचना गर्नु एकप्रकारको स्वस्थ प्रवृत्ति पनि हो । किनभने आलोचक आफ्नो विषयको सीमाभन्दा धेरै टाढा जानसक्दैन, आलोचना सधैँ विषयकेन्द्रित भइरहन्छ अर्थात् आलोचकले प्रमाण अघि सारेर मात्र मूल्यबोध हुने मन्तव्य राख्ने गर्दछ । एउटा कृतिको व्याख्या र निरूपण गरिसकेपछि त्यसैको अङ्कुसले तानिएरमात्र आलोचकले आफ्नो भन्नुपर्ने भनाइ राख्न सक्दछ । **'छ्वास'** (दोबाटो) काव्य र **'न्हायकं'** (ऐना) उपन्यासको चर्चा गर्न तम्सेका आलोचक काव्य वा उपन्यासबाट धेरै टाढा गएर सोधपुछको आधारमा आफ्नो कुरा राख्ने प्रयास गर्दैन । यो कोणबाट हेर्दा एउटा कथा, एउटा कविता, एउटा नाटक अझ एउटा निबन्धको आलोचना लेख्नु आपत्तिको विषय होइन । जस्तै जनकलाल वैद्यले चित्तरञ्जनका कथाहरूको आलोचना लेख्ने प्रयास गरे, पद्मरत्न तुलाधारले **'कतांमधि'** (पुतली) को, जगदीश चित्रकारले **'बाथरुम'** निबन्धको विषयमा लेखेका छन् । एउटा काव्य, एउटा कथा, एउटा निबन्धलाई लिएर आलोचनात्मक प्रयास गर्न वास्तवमा त्यत्ति ठूलो मिहिनेत नपर्ला जति एक जना साहित्यकार, एउटा साहित्यिक विधा वा एउटा धारालाई लिएर आलोचना लेख्नको लागि आवश्यकता पर्ने गर्दछ । बेग्लाबेग्लै निबन्ध, कथा, कविता र उपन्यासमा आलोचना लेखी लेखकको पृष्ठभूमिको पूर्ण मूल्याङ्कन नहुनु त स्वाभाविक हो । यो पक्षलाई एकातिर राखेर आलोचनामा यस्तो कृतिकेन्द्रित प्रवृत्तिले हाम्रो साहित्यमा उपन्यास वा नाटक वा कविताको अवस्था वा प्रवृत्तिको विषयमा प्रस्ट र उपयोगी तस्बिर निकाल्न सकिन्छ । यही कुरालाई प्रस्टरूपमा भन्नुपर्दा वास्तवमा एकजना साहित्यकार, एउटा धारा, स्थिति, विधा र युग विशेषलाई आफ्नो विषय बनाई लेखिएको आलोचनाले नेपालभाषा साहित्यको समग्र निरूपण हुनसक्दैन । यो आलोचनाको कलिलो उमेरको चिह्नमात्र हो । पृष्ठभूमिको अभावमा मात्र कृतिकेन्द्रित आलोचना धेरै हुन्छ । अझ एउटा काव्य कृतिको चर्चा हुने अवस्थामा पनि त्यो कृतिको नेपालभाषामा कुन स्थान छ भन्ने कुराको निरूपण गर्नुभन्दा त्यो कृतिको व्याख्यात्मक आलोचना भइरहेको देखिन्छ । माधवलालको 'हृदय' का **'हृदय-कथा'**, हरिकृष्णको **'ख्वबि'** (आँसु) वा कृष्णचन्द्रसिं प्रधानको **'छ्वास काव्य व कवि व्यथितको काव्य रूप'** (दोबाटो काव्य र कवि व्यथितको काव्यरूप) यसका उदाहरण हुनसक्छन् । हाम्रो भाषामा लेखिएका अधिकांश आलोचना व्याख्याप्रधान भई कृतिका बेग्लाबेग्लै टीकाटिप्पणीजस्तै भएको छ । जसकारण साँचो अर्थमा 'आलोचना' को निर्भिक विकास नभई टीकाटिप्पणी र व्याख्याको स्तरमा हाम्रो आलोचना साहित्य अलमलिरहेको छ । आलोचक कविको टीकाकार होइन । आलोचना एक प्रकारले पृष्ठभूमि र कृतिको साहित्यिक मूल्याङ्कन हुनुपर्ने हो, त्यो अर्थमा हाम्रा साहित्यको मूल्याङ्कन गर्ने काम अझै पनि गतिरोधमा अल्झिरहेको छ । हाम्रो साहित्यमा आलोचकले पारखीको स्थान पाउन बाँकी नै छ । अहिलेसम्म आलोचक एक जना सहृदयी पाठक बनी कवि र लेखकसँग संवाद गरिरहेका छन् । तर उनीहरू आफ्नो आवाज प्रस्ट रूपमा सुनिने गरी दूधको दूध-पानीको पानी छुटाएर देखाइदिनुपर्दछ । मेरो विचारमा जुन अर्थमा कृष्णचन्द्रसिं प्रधानको **'नेपालभाषाका न:लि कविता'** (नेपालभाषाका नवोदित कविता), **'झिगु साहित्ये बाखँ'** (हाम्रो साहित्यमा कथा) र रत्नध्वज जोशीको **'झींस्वपु बाखँ व नेपाल मां लुसंका व चित्तरञ्जन'** आलोचना हुन्, त्यही अर्थमा आलोचना भन्न मिल्ने लेख नेपालभाषामा निकै कममात्र छन् । यी लेखमा पाठकले कृष्णचन्द्रसिं प्रधान र रत्नध्वज जोशीसँग विमति हुनसक्छ । तर तिनमा उनीहरूले आ-आफ्नो मूल्यबोध हुने पृष्ठभूमि स्पष्ट रूपमा उजागर गरेका छन् । तिनमा उनीहरू आ-आफ्नो हिसाबका पारखीको दायित्वमा पछि हटेका छैनन् । मूल्याङ्कन गर्ने कुरामा हाम्रा आलोचकहरू यति स्पष्टवादी र निर्भिक नभए हाम्रो साहित्यमा आलोचना ख्यालठट्टाको प्रतियोगिताजस्तै हुने खतरा रहन्छ । भाषाको ज्यावल बोकेर आलोचकले लुकामारी खेली बस्नुभन्दा आफ्नो लक्ष्यमा केन्द्रित भई आफ्नो पारखको दक्षता देखाउने समयमा

हामी पुगिसकेका छौँ । तातेताते गर्दै वा घाउमा ठेस लाग्दा भन्दै गरिएको आलोचनाले मात्र हाम्रो साहित्यमा गुनिलो साहित्य विकास हुने कुराको ग्यारेन्टी हुन्न । मेरो विचारमा आलोचना धेरै व्याख्याप्रधान भई चञ्चल भए यसमा औषधिको गुण बाँकी हुने गर्दैन ।

नेपालभाषाको आलोचनामा कलम चलाएका आलोचकहरू थरी थरीका प्रभावमा परेको देखिन्छ । संस्कृत र हिन्दी साहित्यको प्रभावमा परी कतिपयले नेपालभाषा साहित्यलाई संस्कृत र हिन्दी साहित्यका रङ्गीन चस्माले हेरिरहेका छन् भने कतिले पाश्चात्य साहित्यको प्रभावमा परी नेपालभाषा साहित्यलाई अरूको तराजुमा तौलिरहेका छन् । त्योभन्दा पनि दुई चार जना लेखकहरूले मार्क्सवाद, प्रयोगवाद र अनास्थावादको आकर्षक जगमा आलोचना लेखिरहेका छन् । प्रस्ट रूपमा विशेषगरी २००७ सालपछि नेपालभाषा साहित्यमा पनि (विशेषतः हिन्दी र अङ्ग्रेजी) साहित्यको प्रभाव भित्रिएको देखिन्छ । नेपालभाषा साहित्यलाई बेलायती तराजुमा तौलेर न्याय गर्न सकिन्न । त्यस्तै हिन्दुस्तानी चस्माले हेरेर पनि न्याय गर्न सकिन्न । नेपालभाषा साहित्यलाई हिन्दी वा अङ्ग्रेजी साहित्यको रूपमा नभई नेपालभाषा साहित्यको रूपमा मात्र हेर्न मिल्छ । तुलना जुनसुकै साहित्यसँग गर्दा पनि हुन्छ तर मूल्याङ्कन आफ्नै भाषा र साहित्यको पृष्ठभूमिमा गर्नु उचित हुन्छ । सिद्धिदास र डब्ल्यु. बी. इट्स समकालीन हुन्, तर सिद्धिदासले इट्सले जस्ता प्रभावशाली कविता लेखेनन् भनी आलोचना गर्नु दुराग्रह नभए के हो ?

कुनै आकर्षक 'वाद' को आधारमा गरिने साहित्यिक मूल्याङ्कन कवि, लेखकका विचार र दर्शनको मात्र मूल्याङ्कन नभई उनीहरूको कला, शिल्प र विधानको पनि मूल्याङ्कन हुन जरुरी छ । माणिकलाल श्रेष्ठको **'कवि सिद्धिचरणबारे छुं'**-(कवि सिद्धिचरणबारे केही कुरा) पढ्नुहोला । यो दृष्टिकोणबाट हेर्दा प्राध्यापक वर्गले लेखेका आलोचना स्तुत्य छन् । उनीहरूसँग 'वाद' प्रतिको आकर्षण वा विदेशी दृष्टिकोणको दुराग्रह किमार्थ देखिएको छैन । बरू नयाँ लेखक महोदयहरूले सिधा बाह्य प्रभाव र परम्पराप्रति अनास्था प्रदर्शन गर्ने प्रयास गरिरहेका छन् । जगदीश चित्रकारको **'फिसः या लिसः'** को आलोचना र इन्द्र मालीको **'न्हुगू कविताः जिगु मिखाय्'**- (नयाँ कविता मेरो आँखामा) पढ्नुहोला । प्राध्यापकहरूले सायद त्यही भएर आ-आफ्नो आलोचनाको सैद्धान्तिक पृष्ठभूमिबारे प्रस्ट पार्न थप पाइला चाल्न थालेका छन् । त्यसकारण ईश्वरानन्द श्रेष्ठाचार्यको **'सौन्दर्य व आलोचना'** (सौन्दर्य र आलोचना) र झुलेन्द्रमान प्रधानको **'काव्यया स्वभाव'** (काव्यको स्वभाव) हाम्रो भाषाको समालोचना सिद्धान्तका प्रारम्भिक प्रयासमात्र नभई कदरयोग्य पाइला पनि हुन् । नेपालभाषामा जति पनि आलोचना प्रकाशनमा आए ती सबै व्यवहारिक आलोचनामात्र भए । हाम्रो भाषामा आलोचनाको सैद्धान्तिक पक्ष ज्यादै कमजोर छ । त्यसो हुनुको मूल कारण भनेको हाम्रो साहित्य र आलोचनाको इतिहास निकै छोटो हुनु नै हो ।

नेपालभाषा साहित्य र आलोचनाको समय निकै कम भएको हुनाले नेपालभाषाको आलोचनामा पनि धेरै कमजोरी छन् । स-साना शिशुहरूलाई धेरै थरी रोगले सताइरहेजस्तै हाम्रो आलोचना साहित्य पनि बालरोगले पिरोलिएको देखिन्छ । समस्या त धेरै नै छन् । त्यसको मूल कारण हाम्रो सन्दर्भमा आलोचक र लेखक समकालिक हुनु पनि हो । एकै उमेरका लेखक र आलोचक हुँदा हाम्रो आलोचनामा पक्षपात, सङ्कीर्णता, अहम्‌वाद, गुटबन्दीदेखि अनेकन एकाङ्गीपन देखिनु स्वाभाविक हो । एक त आलोचक आफ्ना समकालीन कवि-साहित्यिकप्रति कहिल्यै पनि निरपेक्ष र वस्तुनिष्ठ बन्न सक्दैन । अझ हाम्रो सन्दर्भमा काठमाडौँ, ललितपुर र भक्तपुरका सबैले सबैलाई चिनिरहेकै हुन्छौँ । कहिलेकाहीँ त लेखक र आलोचक आपसमा नातेदारसमेत हुने गर्दछ । त्यसकारण सिद्धान्त र कृतिको आधारमा मात्र आलोचना नभई लेखक चिने-नचिनेको, मनपरे-नपरेको, राम्रो-नराम्रो आदि आधारमा पनि आलोचकले आफ्नो कलम चलाइरहेको हुन्छ अर्थात् 'यो मान्छेलाई उकास्नु ठीक छ', 'यो मान्छे नैतिकहीन हो', 'यो मान्छे त मेरो आँखामा परेको धूलो हो' (हेर्नोस् कृष्णचन्द्रसिं प्रधानको **'झीगु साहित्ये बाखँ'**- हाम्रो साहित्यमा कथा) आदि गैरसाहित्यिक पृष्ठभूमिको हस्तक्षेप हुनु स्वाभाविक हो । अनि आलोचकले एउटा पूर्वनिर्धारित गैरसाहित्यिक कस्सीका आधारमा साहित्यिक मूल्याङ्कन गर्ने गर्दछ । त्यही भएर, हाम्रो साहित्यमा महाकाव्य भएर पनि त्यसको आलोचना भएको छैन । अब्बल नाटक भएर पनि तिनको उत्कृष्ट सिंहावलोकन हुन सकेको छैन । उपन्यास भएर पनि साहित्यमा तिनको स्थान कहाँ छ भन्न सकिएको छैन । यदि आलोचना भनेको आत्मसन्तुलन हो भने त्यस्तो सन्तुलित दृष्टिकोण हाम्रो आलोचनामा विकास हुन अझै बाँकी छ । आलोचनाको आधार भनेको कविता हो, कवि होइन । उपन्यास हो, उपन्यासकार होइन । सिर्जना हो, स्रष्टा होइन । यो कुरा बुझेर सैद्धान्तिक र वस्तुपरक आधारमा निरपेक्ष भई कलम नचलाएसम्म हाम्रा आलोचकहरू एकाङ्गी हुने प्रबल सम्भावना रहिरहन्छ । दुर्भाग्यको कुरा, हाम्रो सन्दर्भमा अहिलेसम्म पनि आलोचक र लेखकको उमेर लगभग समान नै हुने गरेको छ । त्यही भएर आलोचक या त कविको नजिकको मित्र हुने नभए आलोचकको अविश्वासको पात्र बन्ने गरेको छ । यी दुवैमध्ये कुनै पनि कुराको ख्याल नगरी आलोचकले कलम चलाए सायद त्यत्तिबेलामात्र आलोचनाको

सक्कली रूप बाहिर अभिव्यक्त हुनसक्नेछ ।

नेपालभाषामा अरू केही नलेखी मात्र आलोचना लेख्ने आलोचक कति जना छन्, मलाई थाहा भएन । तर, कसैले आलोचना लेखेरैमात्र आफ्नो मुखमा माड लगाउन सक्ने अवस्था छैन भन्ने कुरा प्रस्ट छ । आलोचनालाई (साहित्यलाई) फुसर्दको काममात्र बनाइरहेका मानिसहरू मनग्य छन् । तर, हाम्रो भाषामा आलोचनालाई गम्भीरतापूर्वक लिएर, एउटा बौद्धिक वृत्ति वा साधनाको रूपमा अङ्गीकार गर्ने कोही पनि देखिएको छैन । सबैले सौखको रूपमा फुसर्दको काम वा रहर पूरा गर्ने ध्येयले मात्र आलोचनाको अभाव पूर्ति गर्न सकिन्न । आलोचना एउटा शैक्षिक साधना (academic discipline) बन्न धेरै समय लाग्नेछ । बितेका १८ वर्षभित्र विद्वतापूर्ण, खोजपूर्ण, तथ्यपूर्ण र एउटा पूर्ण आकारको आलोचना प्रकाशित भएको छैन भन्दा फरक नपर्ला । (जनकलाल वैद्यको **'सत्यसती'** विवेचनाबाट यो अभाव पूर्ति भए राम्रो हुने थियो ।) एउटा निश्चित साधनाको निर्दिष्टता नहुनाले आलोचना स्याहार नपुगेको बालकजस्तै बनेको छ । असफल कविमात्र आलोचक बन्छ भनिएको छ । नेपालभाषाको आलोचना पनि यस्तै असफल कविहरूको शरणार्थी क्याम्प नभई एउटा उत्तरदायित्वपूर्ण अनुशिलन (discipline) र बौद्धिक साधना बन्न अझै बाँकी नै छ ।

हाम्रो आलोचना साहित्य अझै कच्ची नै छ भन्ने कुरा यदाकदा आलोचनाको नाममा प्रकाशित हुने अनेक लेखका भाषा र शैलीबाट प्रस्ट छ । (पढ्नुहोस्, **गाजलंदा:गु चा या लिच्व**-भयभित माटोको प्रतिक्रिया) भाषा र शैलीमा अपरिपक्वता नवागन्तुक र अङ्ग्रेजी भाषामा शिक्षादीक्षा ग्रहण गरेकाहरूको मात्र विशेषता होइन । हाम्रो भाषामा आलोचनाजस्तो उच्चस्तरको क्लिष्ट बौद्धिक र भाववाचक शब्दले व्याख्या गर्नुपर्ने काम गर्न त्यत्ति सहज छैन । अझ संस्कृतका तत्सम् र हिन्दी भाषाको सहारा नलिई आलोचना लेख्ने प्रयास मात्र दुस्साहस हुने गरेको छ । त्यही भएर यहाँ मात्राको कुरा आउने गर्दछ । जुन लेखक (जस्तो इश्वरानन्द श्रेष्ठाचार्य) ले तत्सम् शब्दको सकेसम्म प्रयोग नगरी नै आलोचना लेख्ने प्रयास गरेका छन् । तर, अधिकांश अरू आलोचकहरूका शैली अपरिमार्जित अवस्थामा नै छ । शैलीको हिसाबमा रत्नध्वज जोशी र माणिकलाल श्रेष्ठहरू मज्जाले जमेका छन् । माधवलाल कर्माचार्यको शैली निकै सौम्य र कसैलाई केही अप्ठ्यारो नहुने प्रकारको हुने गर्दछ । कृष्णचन्द्रसिं प्रधानको भाषामा नेपाली र हिन्दी भाषाको प्रस्ट प्रभाव छ । तैपनि प्रधानको भाषा खुकुरीजस्तै धारिलो छ ।

मेरो विचारमा त नेपालभाषामा आलोचना लेख्नु ढुङ्गामा लेख्नुभन्दा पनि कठीन काम हो जस्तो लाग्छ । नेपालभाषाका सीमित शब्दावलीभित्र बसेर अब्बल कृति प्रकाशन गर्न सैद्धान्तिक परिपक्वतालाई एकातिर राखेर शैलीको अनुशीलन गर्न पनि अत्यावश्यक हुन्छ ।

## सार-अन्वेषण, इतिहास र आलोचना

नेपालभाषाको आलोचना विकासका लागि काम गर्न धेरै बाँकी छन् । यसको निम्ति प्रारम्भमा गर्नुपर्ने काम भनेको अन्वेषण नै हो । जबसम्म हामीले हाम्रो भाषाको भण्डारमा रहेका पुराना कृति एक एक छानबिन गरी, छानेर र सम्पादन गरी प्रकाशनमा ल्याउन सक्दैनौँ, हाम्रो प्राचीन र मल्लकालीन साहित्यको स्वरूप प्रकाशमा ल्याउन सक्दैनौँ, तबसम्म हाम्रो साहित्य र आलोचना दुवै मुर्कुटाजस्तो हुनेछ । हाम्रो भाषा कति समृद्ध छ भन्ने विषयमा गरिएको अन्वेषणका आधारमा निकालिएका तथ्याङ्कले मात्र हामीले नेपालभाषाको पूर्ण र उपयुक्त इतिहास लेख्न सक्छौँ । सिद्धिदास महाजूभन्दा अघिका साहित्यको अन्वेषण र इतिहास प्रकाशनपछि मात्र हामीले महाजूभन्दा पछिका साहित्यको वास्तविक मूल्याङ्कन गर्नसक्छौँ । नत्र हामीले जे कुरालाई आलोचना भनिरहेका छौँ, त्योमात्र एकाङ्की हुने सम्भावना रहन्छ । हामीले हाम्रो साहित्यलाई नै राम्ररी नचिनी कसरी आलोचना गर्नसक्छौँ र ? आलोचकको एउटा आँखा नयाँ प्रयोगमा हुनुपर्दछ भने अर्को आँखा पुराना परम्परालाई बुझेर आजको वर्तमानसँग सम्बन्ध स्थापित गर्नेमा हुनुपर्दछ ।

त्यसकारण अन्वेषण र इतिहासले मात्र हाम्रो आलोचना साहित्यलाई अत्यावश्यक पृष्ठभूमि बनाइदिन सक्छ । नेपालभाषाको पठनपाठन स्कूल, कलेज र विश्वविद्यालयसम्म पुगेको अवस्थामा अब यसको लागि आवश्यक पक्ष अन्वेषण र खोज पनि हुँदै जाने आशा छ । इतिहासको गर्भ उधिनेर, निकालेर नेपालभाषाको वास्तविक स्वरूप निर्धारण गरेपश्चात् यो भाषाको आलोचनाका लागि आवश्यक आधार बनाउने जिम्मेवारी विशेषगरी नेपालभाषा पढिरहेका र पढाइरहेकाहरूको हो । तर सबैको सहयोगमा गम्भीरतापूर्वक यो कामको थालनी गरिनुपर्दछ । त्यत्तिबेलामात्र नेपालभाषाको आलोचना अधकल्चो कच्ची नभई पक्का साधना र अनुशिलन हुनेछ ।

(नेपाल संवत् १०८७ (विसं २०२४) मा कमलप्रकाश मल्लको सङ्कलनमा च्वसापासाद्वारा प्रकाशित नेपालभाषाको आलोचना सङ्ग्रह **'न:लि स्वना'** मा मल्लले लेख्नुभएको भूमिकाको नेपाली अनुवाद ।)

नेपाली अनुवाद : नीरज लवजू

स्रोत–जनमतसाहित्यडटकम/मजदुर दैनिक

# चे ग्वेभारा गाजा पुग्दा



युसेफ अलहेलु

सन् १९४८ मा प्यालेस्टिनी भूमिमाथि ठाडो इजरायली उपनिवेशवाद लागु भयो । त्यसलाई बेलायत र संरा अमेरिकाजस्ता उपनिवेशवादी तथा साम्राज्यवादी शक्तिले सघाएका थिए । त्यसयता प्यालेस्टिनी मुक्ति सङ्घर्ष विश्वकै आजु बन्न पुगेको छ । जहाँ कब्जा र घुसपैठ हुन्छ त्यसको प्रतिरोध अवश्य हुन्छ । 'प्यालेस्टिनको जातीय सफाया' विरुद्ध पनि प्रतिरोध भइरह्यो ।

इजरायल बन्नुअघि यहुदीवादी मिलिसिया वा अर्धसैन्य दस्ताले हत्याकाण्ड र बलजफ्ती निकाला जस्ता उपाय लगाएर प्यालेस्टिनमा सैन्य पकड जमाएको थियो । यसै सिलसिलामा सन् १९४८ मा नरसंहार मच्चाइएको थियो । आफ्नो देश गुमाउनुपर्दाको त्यो महाविपद्लाई प्यालेस्टिनीहरू 'नक्बा' (Nakba, which means "catastrophe) भन्छन् । सन् १९६७ मा अर्को नरसंहार मच्चाइयो । अरबी देशका सेनाले पराजय व्यहोर्नुपरेको त्यो 'धक्का' लाई प्यालेस्टिनीहरू 'नक्सा' (Naksa, meaning setback) भन्छन् ।

विस्थापित रैथाने प्यालेस्टिनीहरू गाजा, पश्चिम किनारा, लेबनन, सिरिया र जोर्डनका शरणार्थी शिविरहरूमा पाल टाँगेका कामचलाउ नगरमा बस्न बाध्य भए । आहारका लागि उनीहरू राष्ट्रसङ्घको निकाय अन्रा (UNRRA-United Nations Relief and Rehabilitation Administration) ले उपलब्ध गराएको राहतमा निर्भर हुनुपऱ्यो ।

सुरुमा उनीहरूले आफूलाई बेदखल गरिएको भूमिमा एक दिन फर्केर जान पाउने सोचेका थिए । नक्बाको समयमा करिब ५०० नगर र गाउँमा लुटपाट मच्चाइएको थियो र तिनलाई नक्साबाट मेटाइएको थियो । ती विस्थापित र लुटिएका दरिद्रजनले आज ७० वर्षपछि पनि त्यो सपना सँगालिरहेका छन्; 'घर फर्किने अधिकार' पाउने दिन पर्खिँदै छन् ।

यी सबै घटनाक्रमबिच प्यालेस्टिनीहरूमा आफ्नो भूमिको प्रतिरक्षा गर्न विद्रोहभाव पलाउँदै गयो । अरबी शब्द 'फेदायिन' ले मुक्ति योद्धालाई जनाउँछ (Fedayeen , mean guerrilla fighters or commandos) । फेदायिनहरू सङ्गठित हुन थाले; इजरायलको कब्जाकारी दलबलविरुद्ध हमला गर्न थाले । केही योद्धाहरू छिमेकी अरबी देशहरूका सीमारेखाबाट प्यालेस्टिनमा घुसे ।

सन् १९५३, १९५५ र १९५६ मा लगातार नृशंस हत्याकाण्डहरू भए । इजरायली सैन्य कमान्डर एरियल स्यारोनको नेतृत्वमा सयौँ प्यालेस्टिनीहरूको निर्मम हत्या भयो । स्यारोन उग्र जर्नेल थिए । उनले फेदायिनहरूको जरो उखेल्ने र तिनलाई सघाउने शरणार्थीहरूलाई दण्डित गर्ने किरिया नै खाएका थिए ।

## इजिप्टमा क्रान्तिकारी जागरण

इजिप्टलाई त्यसबेला 'संयुक्त अरब गणतन्त्र' भनिन्थ्यो । सन् १९४८ देखि सन् १९६७ सम्म गाजापट्टीमा इजिप्टको शासन थियो । इजिप्टका राष्ट्रपति नासिरले स्वेज नहरलाई राष्ट्रियकरण गर्ने निर्णय गरेपछि सन् १९५६ मा इजिप्टमाथि तीनतिरबाट बेलायत, फ्रान्स र इजरायलले हमला गरे । यो हमला खासगरी दक्षिण गाजास्थित सहर खान युनिस र राफामा गरिएको थियो । आक्रमणमा परेर त्यहाँ इजिप्टका दर्जनौँ सिपाही, प्रहरी र सुरक्षा अधिकारीहरू मारिएका थिए ।



इजिप्टका राष्ट्रपति नासिर र चे ग्वेभारा । राष्ट्रपतिको कार्यकक्षमा

गमाल अब्देल नासिरको शासनकालमा इजिप्टमा उच्च क्रान्तिकारी भावना थियो । नासिर अरबी देशहरू एकै हुनुपर्छ भन्ने अखिल-अरबवादी विचारका सूत्रधार थिए । उनी साम्राज्यवाद तथा उपनिवेशवादका कडा विरोधी थिए । यही

विचारका कारण उनी लोकप्रिय थिए। अरबी राजनीति र अरबी जनमानसमा उनको बलियो प्रभाव थियो। यही माहोलमा नासिरले ल्याटिन अमेरिकी क्रान्तिकारी अर्नेस्टो चे ग्वेभारालाई इजिप्टको राजधानी कायरो भ्रमण गर्ने निम्तो दिए।

गाजा भ्रमण गर्ने विचार चे ग्वेभाराको थियो कि नासिरको थियो भन्ने कुरा खुलेको छैन। तर, भ्रमणको समय फेदायिनहरूको नेतृत्वमा भइरहेको प्यालेस्टिनको राष्ट्रिय आन्दोलनका लागि अति नै महत्त्वपूर्ण थियो। त्यो प्यालेस्टिनी मुक्ति योद्धाहरूले ल्याटिन अमेरिका, भियतनाम र अल्जेरियाका छापामार युद्धहरूबाट प्रेरणा लिइरहेको अवधि थियो।

प्यालेस्टिनी फेदायिनहरूको विचारधारा मूलतः वामपन्थी राष्ट्रवाद, समाजवाद र कम्युनिस्ट थियो। तिनीहरूले सशस्त्र सङ्घर्षमार्फत यहुदीवादलाई हराएर प्यालेस्टिनलाई मुक्त गर्ने र एउटा 'धर्मनिरपेक्ष प्रजातान्त्रिक राज्य' को स्थापना गर्ने घोषणा गरेका थिए।

प्यालेस्टिनीहरूले आफ्नो भूमिमा कहिल्यै वास्तविक राष्ट्रिय स्वाधीनता हासिल गरेका थिएनन्। त्यसैले मुक्तिको विचार फैलिँदै गयो र सन् १९६४ मा प्यालेस्टिनी मुक्ति सङ्गठन (पीएलओ) को स्थापना भयो। त्यसको नेतृत्व अहमद शुकाइरीले गरेका थिए। सन् १९६९ मा यासिर अराफात पीएलओका अध्यक्ष भए। सन् २००४ मा मृत्यु हुनुअघिसम्म पीएलओका अध्यक्ष अराफात नै थिए।

## गाजामा चे ग्वेभारा

नासिरको निम्तो स्वीकारेपछि ग्वेभारालाई क्युवाली नेता फिडेल क्यास्त्रोले १४ देशको तीनमहिने भ्रमणमा पठाउनुभयो। ग्वेभाराको गाजामा एक दिन बिताउने कार्यक्रम बन्यो। त्यसबेला गाजा इजिप्टको सरहदभित्र थियो। कायरोबाट ४५० किलोमिटरको दूरी छिचोलेर सन् १९५९ को जून १८ को दिन गाढा सैनिक बर्दीमा ठाँटिएका ग्वेभारा गाजा पुग्नुभयो।



तस्बिरमा अरबी भाषामा हातले लेखिएको 'क्युबाली क्रान्तिका वीर चे ग्वेभारा गभर्नर जनरल लेफ्टिनेन्ट, जनरल अहमद सलिमका साथ, गाजा, १९५९'

गाजास्थित इजिप्टका कार्यकारी गभर्नर, प्यालेस्टिनी अधिकारी, नगरप्रमुखहरू तथा धेरै सर्वसाधारणले चे ग्वेभारालाई नायकको रूपमा भव्य स्वागत गरे। त्यसबेला जनरल लेफ्टिनेन्ट अहमद सलिम गाजाका गभर्नर थिए।


गाजाको छोटो भ्रमणमा ग्वेभाराले अनेक प्यालेस्टिनी शरणार्थी शिविरको भ्रमण गर्नुभयो। उहाँ चर्चित अल–जुराइज शिविरमा जानुभयो। त्यहाँ उहाँलाई क्युवाली क्रान्तिगान गाएर स्वागत गरियो। प्यालेस्टिनी मुक्ति सङ्गठनको स्थापनालाई क्युवाले स्वागत गरेको थियो र सन् १९६५ मा सो सङ्गठनसँग औपचारिक सम्बन्ध राखेको थियो।

गाजा भ्रमण गर्नुपछाडि चे ग्वेभाराको स्पष्ट उद्देश्य थियो। पश्चिमा साम्राज्यवाद र उपनिवेशवादविरुद्ध अरबी एवम् प्यालेस्टिनी राष्ट्रिय मुक्ति तथा क्रान्तिकारी सङ्घर्षलाई समर्थन गर्नु भ्रमणको मुख्य उद्देश्य थियो।

जुल्फिकर स्वीर्जो 'प्यालेस्टिनी मुक्तिका लागि जनमोर्चा' नामक कम्युनिस्ट दलका कार्यकर्ता हुन्। एउटा अन्तर्वार्तामा उनले गाजाका मुक्तियोद्धाहरूसँग चे ग्वेभाराले क्रान्तिकारी विचार आदानप्रदान गर्दै गरेको दृश्य आफ्ना बाबुले नजिकैबाट देखेको बताए। प्यालेस्टिनी मुक्तियोद्धाहरू इजरायली सेनाविरुद्ध लड्नका लागि छापामार युद्धकलामा आधारित रणनीति बनाउन चाहन्थे।

## गाजा

गाजापट्टी भूमध्यसागरको पूर्वी तटमा अवस्थित सानो भूभाग हो। यो उहिलेको प्यालेस्टिनको दक्षिणमा पर्छ। यसको दक्षिण–पश्चिममा इजिप्ट छ भने पूर्व र उत्तरमा इजरायल छ। ४५ किलोमिटर लामो गाजा ५ देखि १२ किलोमिटर चौडा छ। यसको कुल क्षेत्रफल ३६५ वर्ग किलोमिटर छ।




गाजाको जनसङ्ख्या झन्डै २० लाख छ। तीमध्ये पनि दुईतिहाइ गाजावासी शरणार्थी हुन्। तिनलाई तिनको घरखेतबाट सफाया गरेर गाजा पुऱ्याइएको थियो।

प्यालेस्टिनी अध्येता सल्मान अबु सित्ताले ग्वेभाराको गाजा भ्रमणपछि क्युवाले प्यालेस्टिनी विद्यार्थीलाई छात्रवृत्ति दिएको,

अलपत्र प्यालेस्टिनीहरूलाई नागरिकता दिएको र प्यालेस्टिनको पक्षमा धेरै सभासम्मेलन आयोजना गरेको बताए। प्यालेस्टिन उपनिवेशवादविरोधी सङ्घर्षको बिम्ब बनेको थियो। त्यसैले सन् १९६० मा बेलायती उपनिवेशवादविरोधी भारतका प्रथम प्रधानमन्त्री जवाहरलाल नेहरूले गाजा भ्रमण गर्नु स्वाभाविक थियो। इजरायल र इजिप्टबिचको पुरानो युद्धविराम सम्झौतामा जोड दिन उनी त्यहाँ पुगेका थिए। उनले गाजास्थित राष्ट्रसङ्घको आपतकालीन दस्ता (युनेफ) सँग भेटघाट गरेका थिए।

सन् १९६७ मा इजरायलले छिमेकी अरब देशहरूविरुद्ध '६ दिने युद्ध' गर्‍यो। गाजालाई इजिप्टको हातबाट खोसेर इजरायलले पूर्णतः आफ्नो कब्जामा पार्‍यो। त्यसको ६ महिनापछि १९६७ अक्टोबरमा बोलिभियामा चे ग्वेभाराको हत्या भयो।

चे प्रतिरोधका प्रतिमूर्ति बन्नुभयो। खासगरी 'प्यालेस्टिनी मुक्तिका लागि जनमोर्चा', 'प्यालेस्टिनी मुक्तिका लागि जनवादी मोर्चा' र 'प्यालेस्टिनी जनदल' जस्ता वामपन्थी दलले चलाएका मुक्ति सङ्घर्षका उहाँ बिम्ब बन्नुभयो।

चे ग्वेभाराको विरासत अझै जीवित छ। बहुसङ्ख्यक प्यालेस्टिनी अभियन्ताहरूका लागि उहाँ अझै पनि प्रेरणाका स्रोत हुनुहुन्छ। साम्राज्यवाद, उपनिवेशवाद र सैन्य कब्जाविरुद्ध गरिने विद्रोहका उहाँ लोकनायक हुनुहुन्छ।

(युसेफ अलहेलु (Yousef Alhelou) प्यालेस्टिनको पत्रकार र राजनैतिक विश्लेषक हुन्। उनी बेलायतमा रहेर रोयटर्सको लागि लेख्छन्।)

स्रोत : एमआर अनलाइन/द न्यु अरब


अनुवाद : सम्यक

मजदुर दैनिक, २०८१ वैशाख १९ बाट




प्रतिरोधको प्रतिमूर्ति चे ग्वेभारा

## हाम्रो स्थानीय तह




### चाँगुनारायण नपा, भक्तपुर

| जनगणना वर्ष (विसं) | २०६८ | २०७८ |
|---|---|---|
| परिवार सङ्ख्या | १२१७० | २१५८८ |
| जनसङ्ख्या | ५५४३० | ८८०८३ |
| परिवार आकार | | ४.०८ |
| लैङ्गिक अनुपात | | ९८.३४ |
| वार्षिक जनसङ्ख्या वृद्धिदर प्रतिशत | | ४.४४ |
| जनघनत्व | | १३९९ |
| साक्षरता दर प्रतिशत | | ८४.२८ |

स्रोत : नक्सा (नेपाल अर्काइभ्स), जनसङ्ख्या (राष्ट्रिय तथ्याङ्क कार्यालय)

# रंगभेद अन्त्यको ३० वर्षपछिको दक्षिण अफ्रिका



सोला लवल

कानुनी र राजनीतिक रूपमा दक्षिण अफ्रिकामा धेरै परिवर्तन भएको छ। कानुनअनुसार सबै जातजातिका मानिस अहिले समान छन्। अन्तर्जातीय विवाहमा अब कुनै बन्देज छैन।




रंगभेद अन्त्यपछि दक्षिण अफ्रिकामा ठूला सामाजिक-राजनीतिक परिवर्तन भए, तर समाजमा अझै पनि जातिवाद र पृथकताको विरासत स्पष्ट देखिन्छ।

शताब्दीयौँ लामो गोरा शासनपछि तीन दशकअघि सन् १९९४ को अप्रिल २७ मा अश्वेत दक्षिण अफ्रिकीले पहिलोपटक आमचुनावमा भाग लिन पाए। निर्वाचनसँगै दक्षिण अफ्रिकाको रंगभेदी शासन औपचारिक रूपमा अन्त्य भयो। रंगभेदविरोधी आन्दोलनका नेता नेल्सन मन्डेला त्यस चुनावबाट देशको पहिलो अश्वेत राष्ट्रपतिको रूपमा निर्वाचित भए। सन् १६०० मा डच र सन् १७००–१८०० मा ब्रिटिस औपनिवेशिक शासकको आगमनदेखि दक्षिण अफ्रिकामा अश्वेतहरूमाथि जातीय भेदभाव सुरु भएको थियो। उनीहरूलाई योजनाबद्ध रूपमा राज्य संयन्त्रबाट अलग राख्न थालियो। यसले सन् १९४८ मा पूर्णता पायो, जब सरकारले एक रंगभेदी कानुनमार्फत जातीय विभाजन र विभेदलाई कानुनी मान्यता दियो।

रंगभेदी कानुनले दक्षिण अफ्रिकीलाई छालाको रंगको आधारमा विभिन्न वर्गमा विभाजित गर्‍यो। अल्पसङ्ख्यक गोराहरू उच्च वर्गमा राखिए भने अश्वेत, आदिवासी, मिश्रितजाति तथा भारतबाट बँधुवा मजदुरका रूपमा लगिएका कामदारका सन्तानलगायत सबैलाई तल्लो वर्गमा राखियो। यो विभेदकारी कानुनप्रति सुरुदेखि नै असन्तुष्टि थियो। तर, दक्षिण अफ्रिकाको समानताको आन्दोलन लामो र रक्तपातपूर्ण रह्यो। बोलेर वा लेखेर विरोध जनाउने साहस गर्ने हजारौँ अश्वेत अभियन्ता र विद्यार्थी राज्यबाट क्रूरतापूर्वक मारिए। त्यस समय लागेका घाउ अझै पनि दुखिरहेका छन्।

६ करोड जनसङ्ख्या भएको दक्षिण अफ्रिकाका ८१ प्रतिशत जनसङ्ख्या अश्वेत छन्। तर, विगतको आघात र लामो समयको असमानताको बोझले दबिएको यो समुदाय अझै असमानता र गरिबीमा बाँच्न विवश छ। यहाँ अफ्रिकामा रंगभेद कसरी फैलियो, कसरी सो विभेदकारी व्यवस्था पतन भयो र रंगभेदको अन्त्यपछि दक्षिण अफ्रिकामा के–के परिवर्तन भयो भन्ने चर्चा गरिएको छ।

## कसरी भयो कार्यान्वयन ?

सन् १९४८ मा तत्कालीन सत्तारुढ दल 'अफ्रिकानेर नेसनल पार्टी (एनपी)'ले रंगभेदलाई औपचारिक रूपमा राज्यको नीतिको रूपमा अङ्गिकार गर्‍यो। दक्षिण अफ्रिकामा बसोवास गर्न आएका डच तथा जर्मन नागरिकले प्रयोग गर्ने अफ्रिकान्स भाषाको 'एपार्टाइट' (Apartheid)को शाब्दिक अर्थ 'पृथकता' हुन्छ। अल्पसङ्ख्यक गोरा शासकले आफूलाई सामाजिक र स्थानीय रूपमा गैरगोरा मानिसबाट अलग राख्न र शासन संयन्त्रमाथि नियन्त्रण कायम राख्न यो रणनीति अङ्गिकार गरेका थिए। यस नीतिअन्तर्गत दक्षिण अफ्रिकाका विविध जातीय समूहलाई गोरा, मिश्रित (अन्तर्जातीय दम्पतीका सन्तान), भारतीय र अश्वेतमा विभाजित गरिए।

सरकारले वर्ग मात्र छुट्याएन, तिनको बसोवास क्षेत्र, शिक्षादीक्षादेखि अन्य सामाजिक क्रियाकलापमा सीमा तोक्यो। एउटै देशमा बसोवास गरे पनि एक समूहलाई अर्को समूहसँग मिसिन धेरै हदसम्म असम्भव गरिएको थियो। सन् १९४८ को कानुनले समाजको सबैभन्दा तल्लो तहमा राखेको बहुसङ्ख्यक अश्वेत जातिले हिँडडुल गर्न सक्ने क्षेत्रसमेत निकै सीमित (देशका करिब १३ प्रतिशत) गरेको थियो।

उनीहरूको बसोवासका लागि छुट्याइएका 'बान्टुस्तान्स (ग्रामीण गृहनगर)' र ठूला सहरका बाहिरी भागका टाउनसिप प्रायः देशका सबैभन्दा विपन्न क्षेत्र हुन्थे। सहरमा घर भएका

अश्वेतहरूलाई लखेट्न थालियो । सन् १९५० को दशकपछि सहरी क्षेत्रमा बसोवास गर्ने झन्डै ३५ लाख अश्वेत जातिलाई बलपूर्वक राज्यले छुट्याएको क्षेत्रमा पठाइयो । सहरी घर छाड्न नमान्नेहरूको घरमा डोजर लगाइयो । कैयौँलाई पक्राउ गरेर कारागार पठाइयो ।

उता अल्पसङ्ख्यक गोराले देशको बहुमूल्य सुन र हिरा रहेका क्षेत्रदेखि अन्य स्रोत र सुविधायुक्त क्षेत्रलाई आफ्नो भागमा राखेका थिए, जहाँको स्रोत दोहन गर्न न्यून ज्यालामा गैरगोराहरू नै खटाइन्थे । सहरी क्षेत्रमा काम गर्ने अनुमति पाएका अश्वेतले आफूसँग पास बोक्नुपर्थ्यो, जसमा उनीहरू सहरको कुन क्षेत्रमा मात्र जान पाउने र कति समय बस्न पाउने भन्ने तोकिएको थियो । सवारीसाधनदेखि रेस्टुरेन्टसम्म 'गोरा मात्र प्रवेश पाउने' वा 'अश्वेतले मात्र प्रवेश पाउने' भन्ने सङ्केत टाँसिएका देखिन्थे । रंगभेदबाट श्रमिकका रूपमा भारतबाट लगिएका भारतीयलाई पनि असर गरेको थियो । त्यस्तै मिश्रित बहुजातीय मानिसले पनि भेदभाव सामना गर्नुपर्थ्यो । तथापि उनीहरूमाथिको विभेद अश्वेत अफ्रिकीमाथिभन्दा कम थियो ।

रंगभेदी कानुन शिक्षामा पनि लागू गरिएको थियो । फरक जातिका लागि फरक–फरक विद्यालयको व्यवस्था थियो । गोरा पढ्ने विद्यालय उच्च स्रोत–साधनयुक्त हुन्थे भने भारतीय र मिश्रित विद्यार्थी पढ्ने विद्यालय मध्यमस्तरका । अश्वेतहरूलाई जानाजान निम्नस्तरको शिक्षा दिइन्थ्यो । उनीहरूलाई मुख्यतः शारीरिक श्रम र सामान्य कामका लागि तयार पार्ने शिक्षा भए पुग्ने सोच राज्यको थियो । पछि बनेका कानुनले उच्च शिक्षामा पनि विभेद लागू गऱ्यो ।

थोरै विश्वविद्यालयले मात्र गैरगोरा विद्यार्थीलाई अध्ययनको अनुमति दिएका थिए, तर त्यो पनि सीमित विषय मात्र पढ्न पाउने गरी । रंगभेदी दक्षिण अफ्रिकामा अन्तरजाति विवाहमाथि बन्देज थियो । हुन त सन् १९२७ को कानुनले नै गोरा र अश्वेत मानिसबिचको अन्तर्जातीय विवाह अवैध बनाइसकेको थियो । तर, पछि गरिएको एक संशोधनले यस्तो विवाहलाई अपराध ठहर गर्दै दोषीलाई पाँच वर्षसम्म कैद सजायको व्यवस्था गरियो । रंगभेद प्रणाली लागू हुँदा दसौँ–हजारौँ मानिस यस कानुनअन्तर्गत गिरफ्तार परे भने झन्डै २० हजारले कारबाही भोगे ।

## यसरी अन्त्य भयो रंगभेद

देशभित्र र बाहिर बढ्दो विरोध र गोरा अल्पसङ्ख्यकलाई अस्तित्वका लागि बदलिनुपर्ने बाध्यताबिच रंगभेदी व्यवस्था अन्त्य भयो । नेल्सन मन्डेलाको नेतृत्वको 'अफ्रिकन नेसनल कंग्रेस (एएनसी)' र 'प्यान अफ्रिकन कंग्रेस (पिएसी)'जस्ता राजनीतिक समूहले शान्तिपूर्ण र हिंसात्मक आन्दोलन गरिरहेका थिए । रंगभेदी सरकारले यी आन्दोलनमाथि हिंसात्मक दमन सुरु गरेपछि अन्तर्राष्ट्रिय जगत्मा चर्चा सुरु भयो । सन् १९६० मार्च २१ मा रंगभेदी कानुनको विरोध गरिरहेका सात हजार मानिसमाथि प्रहरीले गोली चलायो ।

घटनामा ६९ व्यक्तिको ज्यान गयो, १८० घाइते भए । 'सार्पभिल नरसंहार' भनेर चिनिने यस घटनाले संसारको ध्यान तान्यो । संयुक्त राष्ट्रसङ्घलगायत कैयौँ देशले रंगभेदी सरकारको आलोचना गरे । मन्डेला जेल परेपछि र अन्य आन्दोलनकारीमाथि रंगभेदी सरकारको प्रतिबन्ध लगाए पनि दक्षिण अफ्रिकामाथि अन्तर्राष्ट्रिय बहिष्कार तथा आर्थिक प्रतिबन्ध लाग्न थाल्यो । दक्षिण अफ्रिकाले अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा समेत प्रतिबन्ध खेप्नुपऱ्यो । सन् १९९० को दशकसम्म आइपुग्दा रंगभेदी राज्यका राष्ट्रपति एफ.डब्लु. डे क्लर्क मन्डेलालाई रिहा गर्न र लोकतान्त्रिक सङ्क्रमणको लागि वार्ता सुरु गर्न बाध्य भए ।

## रंगभेद अन्त्यपछि भए यस्ता परिवर्तन

रंगभेद व्यवस्थाको अन्त्यपछि कानुनी र राजनीतिक रूपमा दक्षिण अफ्रिकामा धेरै परिवर्तन भएको छ । सबै जातजातिका मानिस अहिले कानुनअनुरूप समान छन् । देशको कानुनले सबै नागरिकलाई कम्तीमा कानुनी रूपमा जुन ठाउँमा पनि बस्ने, काम गर्ने र अध्ययन गर्ने अधिकारको प्रत्याभूति गरेको छ । अन्तर्जातीय विवाहमाथि कुनै बारबन्देज छैन । विगत ३० वर्षदेखि अफ्रिकन नेसनल कंग्रेस (एएनसी)को नेतृत्वमा अश्वेत दक्षिण अफ्रिकीहरूले प्रजातान्त्रिक रूपमा सरकार चलाइरहेका छन्, जबकि रंगभेदी शासनमा अश्वेतहरूले मतदानसमेत गर्न पाउँदैनथे । कानुनी तथा अधिकार क्षेत्रका यी महत्त्वपूर्ण परिवर्तनका बाबजुद, रंगभेदको विरासत अझै पनि आर्थिक र स्थानीय रूपमा कायम छ । यसैकारण दक्षिण अफ्रिका अहिले पनि विश्वको सबैभन्दा धेरै असमान देशमध्ये एक मानिन्छ ।

## अर्थतन्त्रमा वृद्धि

रंगभेदी शासनको अन्त्यपछि अन्तर्राष्ट्रिय प्रतिबन्ध खुले र दक्षिण अफ्रिकाको अर्थतन्त्रमा वृद्धि देखिन थाल्यो । तथापि यसको प्रतिफल अश्वेत दक्षिण अफ्रिकीमाझ वितरण हुन सकेको छैन । विश्व बैङ्कका अनुसार दक्षिण अफ्रिकाको कुल गार्हस्थ उत्पादन (जिडिपी) सन् १९९४ को १५३ अर्ब अमेरिकी डलरबाट बढेर सन् २०११ मा ४५८ अर्ब अमेरिकी डलर

पुगेका थियो । यद्यपि, भ्रष्टाचार र सरकारी कुशासनले गर्दा आर्थिक वृद्धिमा सुस्तता देखिन थालेको छ । देशको ऋण सन् २००८ मा जिडिपीको २३.६ प्रतिशत रहेकोमा सन् २०२२ मा बढेर ७१.१ प्रतिशत पुगेको हारवार्ड विश्वविद्यालयका अनुसन्धानकर्ता बताउँछन् । त्यस्तै पूर्वाधारको गुणस्तर घट्दै गएको छ । विद्युत् र पिउने पानी वितरण नियमित हुन छाडेको छ । यसको सबैभन्दा गम्भीर असर विपन्न जनता अर्थात् अश्वेतमाथि नै परेको छ ।

विश्व बैङ्कले सन् २०२२ मा दक्षिण अफ्रिकालाई विश्वको सबैभन्दा असमान देशको सूचीमा राख्यो । यसका लागि रंगभेदको विरासतका असर, लुप्त मध्यम वर्ग र अत्यधिक असमान भूमि स्वामित्व मुख्य कारक बताइएको छ । स्पेनको युनिभर्सिडेड डे भिगोका अनुसन्धानकर्ताले सन् २०१४ मा गरेको अनुसन्धानले पनि आर्थिक असमानता उच्च रहेको देखाएको थियो ।

## शिक्षा र रोजगारी

रंगभेदको पतनपछि विगतमा गोरामात्र पढ्ने स्कुल सबैका लागि खुला गरियो । राम्रो पूर्वाधार र शिक्षक भएका यी विद्यालयमा हुनेखाने अश्वेत अभिभावकले पनि तिनको सन्तान पठाउन थालेका छन् । तथापि यस्ता विद्यालय अश्वेत बसोवास गर्ने परम्परागत क्षेत्रबाट टाढा रहेकाले विद्यार्थीले लामो यात्रा गर्नुपर्ने समस्या झेल्दै आएका छन् । उता, देशको सबैभन्दा धेरै जनसङ्ख्या पढ्ने गरेका सरकारी विद्यालयले स्रोतको उच्च अभाव झेलिरहेका छन् ।

उता आर्थिक वृद्धिमा सुस्तता आएसँगै देशमा बेरोजगारी उच्च छ । बेरोजगारी दर ३३ प्रतिशतसम्म पुगेको छ, जुन विश्वको सबैभन्दा उच्चमध्ये एक हो । अश्वेत जनसङ्ख्यामाझ बेरोजगारी दर थप बढी छ । सन् २०२३ को पहिलो तीन महिनामा झन्डै ४० प्रतिशत अश्वेत दक्षिण अफ्रिकी बेरोजगार थिए । जबकि सरकारी तथ्याङ्कअनुसार गोरा जातिमा यो दर ७.८ प्रतिशतको हाराहारीमा थियो । देशको शीर्ष व्यवस्थापकीय रोजगारीमध्ये जम्मा १६.९ प्रतिशत पद मात्र ८० प्रतिशतभन्दा बढी जनसङ्ख्या भएका अश्वेत समुदायका मानिसले ओगटेका छन् । जबकि जनसङ्ख्याको करिब सात प्रतिशत मात्र रहेका गोरा जातिको हातमा देशका ६२.९ प्रतिशत व्यवस्थापन जिम्मेवारी छ ।

(लवल दक्षिण अफ्रिकी अखबार मेल र गार्डियनका लागि पश्चिम अफ्रिकी संवाददाता हुन्)

स्रोत- अलजजिरा/नयाँ पत्रिका

बसिबियाँलो (क) को उत्तर : त्रिकोणकार २० र हिराकार १५ ।

# जीवन-आचरण

## कछुवा र भ्यागुता

हुन त हामी सबैले 'कछुवा र खरायो' को कथा बच्चा बेलामा सुनेका थियौँ । तर, आज हामी कछुवा र भ्यागुतोको कथा पढ्ने छौँ ।

महासागरमा सधैं मोजमस्ती गर्दैं पौडी खेलिरहनु पनि दिक्कलाग्दो हुने रहेछ । त्यसैले होला प्रत्येक वर्ष कछुवा वन-जङ्गल, हिमाल-पहाड, सहर-गाउँ, मरुभूमि भ्रमणमा निस्कँदोरहेछ । छोटो शब्दमा भन्नुपर्दा संसार भ्रमणमा निस्किँदोरहेछ । यस्तै संसार भ्रमणमा निस्कने क्रममा कछुवा समुद्रबाट सयौँ माइल टाढा पुगेछ ।

हिँड्दा हिँड्दै थाकेर चूर अनि पानी तीर्खा लाग्न थालेकोले कछुवा बिस्तारै इनारतिर गई पानी पिउन थाल्यो । पानी खाई आराम लिन बसेका मात्र के थिए, उसले इनारमा बिन्दास अनि मज्जाले रमाएर खेलिरहेका भ्यागुतो देखेछ ।

उसले भ्यागुतोसँग कुरा गर्न थाल्यो । कुरैकुरामा समुद्रको कुरा पनि निस्कियो ।

कछुवा : 'हामी बस्ने समुद्र त विशाल हुन्छ नि ।' भ्यागुतोले इनारको ५ फन्को घुमेर कछुवालाई सोध्यो, 'के समुद्र यति विशाल हुन्छ ?' कछुवाले जवाफ दियो, 'त्यो भन्दा पनि ठूलो हुन्छ ।'

भ्यागुतोले फेरि इनारको २५ फन्को लगाउँदै सोध्यो, 'के समुद्र यति विशाल हुन्छ ?' कछुवाले फेरि भन्यो, 'समुद्र यो भन्दा पनि विशाल हुन्छ ।'

भ्यागुतोले फेरि इनारको ७५ फन्को लगायो । यस पटक भने भ्यागुतो निकै थाकिसकेको थियो । थकानले उसको मुटुको ढुकढुकी नै बन्द होला जस्तै भएको थियो । सकिनसकी उसले कछुवालाई सोध्यो, 'के तपाइँ बस्ने समुद्र यति विशाल छ र ?'


कछुवाले फेरि भन्यो, 'कछुवा भाइ, समुद्र त यो भन्दा पनि निकै विशाल हुन्छ नि !'

कछुवाको जवाफ सुनेपछि त्यो इनारभित्रको भ्यागुतोलाई उठ्नु रिस उठ्यो । भ्यागुतोले भन्न थाल्यो - 'तपाईंले कि त मसँग ठट्टा गर्दैं हनुहुन्छ कि त तपाईंको मगज ठिक छैन । मलाई त लाग्छ तपाइँको दिमाग नै ठिक छैन, कुनै पनि समुद्र मैले इनारमा चक्कर लगाएको जति विशाल हुनै सक्दैन ।'

यति भनेर रिसाउँदै, आज आफ्नो दिन नै खराब रहेछ भन्दै मनमनै कुरा खेलाउँदै भ्यागुतो इनार भित्र पस्यो ।

बिचरा कछुवा के भन्ने, के नभन्ने दोधारे भएर इनारमा हेरिरह्यो । 'दिमाग नभएको' भन्ने शब्द कछुवाको मस्तिष्कमा निरन्तर गुन्जिरह्यो । एकपटक त कछुवालाई आफ्नै कुरामा पनि शङ्का लाग्न थाल्यो कि कतै भ्यागुतोले भने जस्तै समुद्र इनारको १०० फन्को बराबर छैन कि ?' अनि फेरि उसको मस्तिष्कमा समुद्रको याद आउन थाल्यो र ऊ आफ्नो दिमाग ठिकै रहेको विश्वासका साथ बिस्तारै आफ्नो गन्तव्य तिर हिँड्न थाल्यो ।

# भक्तपुरको वानेलाय्कूको वहि्नराज नै स्वस्थानीको नवराज : संस्कृतिविद् महेश्वर जुजु



भक्तपुर नगरमा दुईओटा प्रसिद्ध तलेजु मन्दिर छन्। एउटा क्षेत्रीय स्तरको अर्थात् मल्ल राजाको र अर्को ब्राह्मण स्तरको अर्थात् मल्ल राजाइतरको।

मल्ल राजाले मान्ने तलेजु भक्तपुरको लाय्कूमा अवस्थित छ। नेपाल भाषामा लाय्कूको अर्थ हुन्छ, राजदरबार। तर मल्ल राजाइतरको अर्को तलेजु भने वानेलाय्कूमा छ।

ठिमीमा पाइएको एउटा हस्तलिखित स्वस्थानी* कथामा श्रीवहि्नराज पछि गएर नवराज भएको उल्लेख पाइन्छ। उनको आमाको नाम पनि गोमा, स्वस्थानीमा वर्णित नवराजकै आमाभैँ। उनको माइत फर्पिङ्ग, साँगा जरन्तालकी उनी घरबूढी बन्न पुगेकी थिइन्। वहि्नशर्मा भने ललितपुरका महाद्यःननी कुलका ब्राह्मण थिए।

संस्कृतिविद् महेश्वर जुजु राजोपाध्यायले उक्त हस्तलिखित ग्रन्थ र अभिलेखलाई आधार मानी वहि्नराज र गोमाको कथा सुनाउँछन्– गोमाले नयाँ राजा अर्थात् नवराजलाई वानेलाय्कूमा अर्को आगमघर बनाउन लगाएका थिए। उक्त आगममा पहिले पुरोहित र यजमानका रूपमा ब्राह्मण नै हुन्थे, तर हाल यस तलेजुको परम्परा कर्माचार्य थरीले धानिरहेका छन्।

* झन्डै ३० वर्षपछि त्यसको उल्था गरिएको थियो नेपाल भाषामा, नेपाल संवत् ७२३ मा अर्थात् विक्रम संवत् १६५९ तदनुसार सन् १६०२ मा। त्यसको २०७ वर्षपछि मात्र यो कथा नेपाली भाषामा लेखिएको पाइन्छ।

'भारतबाट आएका स्वस्थानी व्रतकथाका पुस्तकले नेपालका पीठहरूलाई मानेको छैन,' संस्कृतिविद् महेश्वर जुजु भन्छन्, 'तर हामीले त्यही कथाहरू मान्न बाध्य भएका छौँ।'

गुह्येश्वरी नेपालको सबैभन्दा ठूलो शक्तिपीठ हो, जहाँ सतीदेवीको गुह्य अङ्ग पतन भएको मानिन्छ। तर, केही भारतीय किताबहरूले त्यहाँ घुँडा पतन भएको उल्लेख गरेका छन्।

सतीदेवीको अङ्गपतनका कथा नेपालका विभिन्न भागमा पाइन्छ, तर, 'ती पीठका बारे बनारसबाट प्रकाशित स्वस्थानी किताबमा कुनै उल्लेख पाइँदैन,' संस्कृतिविद् राजोपाध्याय दुःखेसो पोख्छन्।

स्वस्थानीमा वर्णित लावण्यपुर उनी हालको साँखु र भक्तपुरलाई एकै सहरका रूपमा मान्छन्। त्यस्तै, टोखामा दक्षप्रजापतिले यज्ञ गरेको स्थल मानिन्छ, जसलाई तोषखण्ड मानिन्छ। शिवपुरीकै फेदमा अर्को कैलाश वर्णन गरी देवीपुराणले यज्ञस्थलका बारे उल्लेख गरेको उनको भनाइ छ। 'हाल प्रकाशनमा पाइने स्वस्थानी कथामा यी कुरा उल्लेख छैनन्,' संस्कृतिविद् राजोपाध्याय बताउँछन्।

स्वस्थानीको कथामा उल्लेख छ, यो कथा स्कन्दपुराणको केदारखण्डको माघमहात्म्य कुमार–अगस्त्यको संवादको रूपमा सङ्कलित छ।

नेपाल भाषा केन्द्रीय विभागका उपप्राध्यापक राजनलाल जोशी प्रश्न गर्छन्, 'यो केदारखण्डको कथा कसरी काठमाडौँ उपत्यकाको मौलिक हुन्छ ?' केदारखण्ड भनी भारतको गढवाल क्षेत्रलाई लिइन्छ।

स्कन्द पुराणले हिमालय क्षेत्रलाई पाँच खण्डमा विभाजन गर्छ– हिमवत् खण्ड (नेपाल), कुर्माञ्चल (कुमाउँ), केदार खण्ड (गढवाल), जालन्धर (हिमाचल प्रदेश) र कश्मीर।

***खण्डाः पञ्च हिमालस्य कथिताः नैपालकूर्माञ्चलौ।***
***केदारोऽथ जालन्धरोऽथ रूचिर काश्मीर संज्ञाऽन्तिमः॥***

यसरी हेर्दा यो कथा हाल भारतको गढवाल क्षेत्रको भन्ने देखिन्छ। तर, काठमाडौँ उपत्यकामा स्वस्थानीका कथा हस्तलिखित ग्रन्थमा पाइएको र यससम्बन्धी संस्कृति जीवित रहेकोले यहाँकै मौलिक मान्छन्, संस्कृतिविद् महेश्वर जुजु राजोपाध्याय।

जयन्तदेवले नेपाल संवत् ६९३ फाल्गुण शुक्ल पञ्चमी वृहस्पतिबारका दिन ताडपत्रमा सारेको स्वस्थानी कथा संस्कृत भाषामा पाइएको छ। यो मिति विक्रम संवत्मा १६२९ हुन्छ, तदनुसार ईश्वी संवत् १५७२। उक्त कथा कसले रचना गऱ्यो भन्ने उल्लेख त पाइँदैन, तर त्यतिबेला सारिएको हो।

झन्डै ३० वर्षपछि त्यसको उल्था गरिएको थियो नेपाल भाषामा, नेपाल संवत् ७२३ मा अर्थात् विक्रम संवत् १६५९ तदनुसार सन् १६०२ मा। त्यसको २०७ वर्षपछि मात्र यो कथा नेपाली भाषामा लेखिएको पाइन्छ।

'अहिले मैथिली, भारतमा पनि हिन्दी भाषामा पनि आइसक्यो,' उनी भन्छन्, 'तर यो काठमाडौँकै मौलिक संस्कृति हो।'

स्रोतः RAJOPADHYAYA INFO

# जहाँ बुद्ध जन्मे



रविन कलिङह्याम

बौद्ध परम्पराका रेकर्डले देखाउँछन्, गर्भवती रानी मायादेवी आफ्ना श्रीमान्को राज्य कपिलवस्तुबाट माइती राज्य देवदहमा जाने क्रममा लुम्बिनीमा विश्राम लिएकी थिइन्।



त्यही विश्रामका क्रममा एउटा रुखको हाँगामा समातेर उनले सिद्धार्थ गौतमलाई जन्म दिएकी थिइन्। राजा शुद्धोधनका उत्तराधिकारी र शाक्य राज्यका राजकुमार सिद्धार्थ २९ वर्षको उमेरमा राज्यसत्ता र परिवार छाडेर ज्ञानको खोजीमा निस्केका थिए र पछि बुद्ध कहलिएका थिए।

मृत्युशय्यामा हुँदा बुद्धले आफ्ना शिष्यहरूलाई चार ओटा प्रमुख तीर्थस्थलमा भ्रमण गर्न सिफारिस गरेका थिए। ती हुन्, आफूले प्राण त्यागेको कुशीनगर, पहिलोपटक प्रवचन दिएको सारनाथ, आफूले ज्ञानप्राप्त गरेको बोधगया र आफ्नो जन्मस्थल लुम्बिनी।

बुद्धको यही अनुमोदनका कारण लुम्बिनी प्रमुख तीर्थस्थल बनेको हो। तेस्रो शताब्दीमा दक्षिण एसियामा एकछत्र राज्य कायम गरेका सम्राट अशोक यो क्षेत्रको भ्रमण गर्ने महत्त्वपूर्ण व्यक्ति हुन्। उनको यही भ्रमणका कारण अशोक स्तम्भ र उनको बसाइबारे जानकारीसहितको ढुङ्गेस्तम्भ समेत स्थापना गरिएको थियो। त्यसपछि पाँचौँ तथा सातौँ शताब्दीमा चिनियाँ भिक्षुहरूले यो स्थानमा भ्रमण गरेका थिए। त्यसपछि पनि लगातार लुम्बिनीको भ्रमण भएको देखिन्छ। १४औँ शताब्दीमा राजकुमार रिपु मल्लको शिलालेखले यो प्रमाणित गर्छ। यसैबिच दक्षिण एसियामा बुद्धधर्मको प्रचारप्रसारमा कमी आएसँगै लुम्बिनीलगायतका कैयन् तीर्थस्थलको महत्त्व पनि घटेको थियो।

पुरातत्त्व विभागको हिसाबले भने १९औँ शताब्दी उर्वर मानिन्छ। यही अवधिमा बोधगया, सारनाथ र कुशीनगरको प्राचीन महत्त्व उजागर भएको हो। लुम्बिनी अझै रहस्यमय नै रहेको थियो।

कतिपयले यो ब्रिटिस इन्डिया र नेपाल अधिराज्यबीच हिमालको काखमा घनाजङ्गलमा रहेको ठानेका थिए। यही क्रममा सन् १८९६ मा भारतको पुरातात्त्विक सर्भेमा सम्बद्ध पुरातत्त्वविद् अन्टोन फुरार र नेपालका क्षेत्रीय प्रशासक जनरल खडक शमशेरले आफ्नै क्याम्पनजिक रहेको रुपन्देहीमा पुरातात्त्विक खोज गरेका थिए। त्यही क्रममा स्थानीय रूपमा पुजिने रूपा देवीको ढुङ्गाको मूर्ति फेला परेको थियो। पछि त्यही ढुङ्गा छैटौँ शताब्दीमा बुद्धलाई जन्म दिने महारानी मायादेवीको ढुङ्गे प्रतिमा रहेको पहिचान भएको थियो।

यसैगरी अन्वेषणका क्रममा अर्को ढुङ्गेस्तम्भ पत्ता लागेको थियो, जसमा सम्राट अशोकले आफ्नो राज्यारोहणको २० वर्षपछि बुद्धको जन्मस्थल लुम्बिनी भ्रमण गरेको लेखिएको थियो। सम्राट अशोकले लुम्बिनीमा कर छुट दिनेसमेत घोषणा गरेका थिए। यो ढुङ्गेस्तम्भको प्रमाण र पछि सन् १८९९ मा भारतका पुरातत्त्वविद् पिसी मुखर्जीले गरेको पुरातात्त्विक अध्ययनले लुम्बिनी नेपालमा रहेको प्रमाण जुटाएका थिए।

हाल, लुम्बिनी विश्वकै प्रमुख तीर्थस्थल बनेको छ। सन् २०१९ मा कुल १५ लाख पर्यटकले यो स्थानको भ्रमण गरेका थिए। बुद्धको मार्गदर्शन र शिक्षामा आकर्षित भएका कैयन् मानिसहरू लुम्बिनी भ्रमण गर्न लालायित हुन्छन्।

जापानका वास्तुकार केन्जो टांगेले सन् १९७० मा डिजाइन गरेको मायादेवी मन्दिरपरिसर आकर्षक छ। सयुक्त राष्ट्र सङ्घका पूर्व महासचिव उ थान्तको चाहनाअनुसार लुम्बिनीमा शान्तिका लागि अन्तर्राष्ट्रिय केन्द्र स्थापना भएको छ। यो परिसरमा पर्ने विभिन्न गुम्बा, बुद्ध जन्मेको ढुङ्गासहितको मायादेवी मन्दिर, ध्यानकेन्द्र, सङ्ग्रहालयलगायत कैयन् संरचनाहरू बनेका छन्।

यसअघि भिक्षुहरूले गरेका तीर्थाटनको पृष्ठभूमिमा लुम्बिनी जाने हरेक पर्यटक मायादेवी मन्दिरको ऐतिहासिक महत्त्वसँग जोडिन सक्छन्। सम्राट अशोकनिर्मित स्तम्भ, मन्दिरपरिसरमा ईँटाको भग्नावशेषलगायतका अनेकन पुरातन अवशेष यहाँका महत्त्वपूर्ण धरोहर हुन्। सबैभन्दा पुरानो भग्नावशेष छैटौँ शताब्दीका रहेका छन्। यो समग्र पृष्ठभूमिमा लुम्बिनी विश्वको महत्त्वपूर्ण तीर्थस्थल र सम्पदा हुन पुगेको छ।

(कलिङह्याम (Rabin CallingHyam) पुरातत्त्वविद् हुन्। कलिङह्यामद्वारा 'होलिडे' म्यागेजिनमा प्रकाशित लेखको नेपाली भावानुवाद।)

नागरिक, १५ वैशाख २०८१

# भक्तपुरका केही मौलिक स्थान नाम



श्याम सुन्दर मातां

आचेल सहरी विकास एवम् बस्ती विकास सँगसँगै मौलिक स्थान र त्यस्को नाम परिवर्तन गर्ने प्रचलन बढेको छ। यसले सो स्थानको मौलिक पहिचान हराउँदै गएको छ। नयाँ पुस्ता मौलिक र ऐतिहासिक परिचयबाट अनभिज्ञ हुन पुगेको छ। यसैक्रममा भक्तपुरको सूर्यविनायक क्षेत्र अन्तर्गत लुखा, सामले, ननाबुँ, सिमगाल तथा भक्तपुर नगरका लांचा फल्चा, सुकुपलि, हाकुफो हिति, गोंगपुखू जस्ता ठाउँहरूको आ–आफ्नै स्थान नाम र विश्लेषण रहेको छ। ती स्थानको नाम हाल आएर दार्जिलिङ्ग हाइट, सुन्दर बस्ती, पाण्डुबजार भत्क्या पाटी, कालो पाटी जस्ता नामाकरण गरी मौलिक नामहरू परिर्वतन गरिएको पाइन्छ। यस्ता कार्यलाई निरुत्साहित गरी मौलिक नाम कायमै राख्न स्थानीय निकायले भूमिका खेल्नु पर्छ साथै स्थानीय जनताहरूले पनि सहयोग गर्नुपर्छ। यस्को निम्ति नयाँ बस्ती विकासको क्रममा नक्सा दर्ता, व्यवसाय दर्ता गर्ने सिफारिसका निवेदनहरूमा मौलिक नाम राख्न लगाउने, व्यवसायिक साइन बोर्डमा सोही अनुसार लेख्न लगाउने तथा स्थानीय निकायले सो स्थानमा विश्लेषणसहितको परिचय खुल्ने साइन बोर्डको व्यवस्था गर्नुपर्ने देखिन्छ। यसै सन्दर्भमा भ.न.पा. २ स्थित नयाँ बस्ती विकास भएका केही स्थानका बारेमा किंवदन्ती र जन धारणा अनुसार मौलिक नामहरूको बारेमा यहाँ उल्लेख गरिएको छ।

## सुकुपलि हिति

यो स्थान भक्तपुर नगरपालिका वडा नं २ स्थित सल्लाघारीबाट नगरकोट जाने बाटोमा पर्छ। सो स्थानमा ३ कवलको एक पाटी र कुवासहितको मल्ल कालीन ढुङ्गेधारा भएको उक्त स्थान सुकुपलि हिति हो। नेवारी भाषामा सुकुको अर्थ सुकुल र पलिको अर्थ छानो हो। किंवदन्ती र बुढापाकाहरूका अनुसार यस पाटीको छानालाई परालले बुनेको सुकुलबाट छाएको हुनाले यस पाटीको नाम सुकुपलि राखिएको हो। यस पाटीसँगै एउटा कलात्मक ढुङ्गेधारा पनि छ। बाटोमा आवतजावत गर्ने मानिसहरूको लागि वासस्थानका साथ पानीको समेत व्यवस्था गर्ने मल्लकालमा उक्त पाटी र ढुङ्गेधारा निर्माण गरेको देखिन्छ।

## हाकुफो हिति

भक्तपुर अस्पतालबाट नगरकोट जाने बाटोको बिचमा अवस्थित एक ढुङ्गेधारा हाकुफो हिति हो। नेवारी भाषामा हाकुको अर्थ कालो, फोको अर्थ भिजाउनु अर्थात् ढडाउनु र हितिको अर्थ धारा हो। हाकुफो हितिसँगै एउटा कलात्मक काठको बुट्टासहितको झिँगटीले छाएको पाटी पनि छ। मूल सडकबाट करिव ३ मिटर गहिराइमा रहेको उक्त हाकुफो हिति मल्लकालमा बनेको स्थानीय जेष्ठ नागरिकहरूको भनाइ छ। साथै यस ढुङ्गेधाराको पानी भाँडामा थापेर राखेमा भाँडा कालो हुनुको साथै यहाँको मानिसहरू सेतो धागोलाई कालो बनाउन यहाँको पानी प्रयोग गर्ने भएकोले यस धारालाई हाकुफो हिति भनिएको हो। पानी खाँदा पेटमा टुमटुम आवाज आउने बुढापाकाहरू बताउँछन्। यसरी पानीमा रहेको रसायनले गर्दा कालो हुने उक्त धाराको नामलाई हाल कालो पाटी रहन गएकोमा स्थानीय चिन्तित छन्। यसले गर्दा नयाँ पुस्ताले हाकुफो हितिको नाम बिर्सने निश्चित छ।

## मचाफोंगा

भक्तपुर नगरपालिकाको मुस्यामी तँ अर्थात् सहिद स्मृति खेल मैदान सँगैको ओरालो र इन्द्रायणी पीठको बिचमा रहेको क्षेत्रलाई मचाफोंग भनिन्छ। त्यस ठाउँमा हाल २०४६ सालमा सहादत प्राप्त सहिदहरूको स्मृतिमा सहिद स्मृति उद्यान बनाएको छ। नेपाल भाषामा मचाको अर्थ नवशिशु र फोंगको अर्थ खाल्डो भन्ने अर्थ लाग्छ। नेवार संस्कारअनुसार शिशु जन्मेको ३ महिनाभित्र मृत्यु भएमा सो शिशुलाई मसान घाटमा लगेर पोल्ने गर्दैन। त्यो लासलाई खाल्डो खनेर गाड्ने चलन छ। तत्कालीन समयमा सो कार्य सोही मचाफोंगमा गर्ने गर्दथ्यो। त्यसैले यस स्थानलाई मचाफोंग वा मृत्युभएको शिशु गाड्ने ठाउँ भन्ने गरिन्छ। सो स्थानमा सहिद स्मृति उद्यान स्थापना भए पनि पुरानो संस्कार चलाउने उद्देश्यले केही जगगा छुट्याइएको पाइन्छ।


झिँगा भन्केको, बासी खानेकुरा खानाले रोग निम्त्याउँछ।

# सर जगदिश चन्द्र बोस



राजेन्द्र बहादुर कायष्ठ

**विषय प्रवेश :** पृथ्वीमा वस्तुहरूलाई मुख्यतया सजीव र निर्जीव गरी दुई भागमा वर्गीकरण गरिन्छ। भिन्नताको आधारमा छुट्याउँदा सजीवहरूमा खाना, श्वास प्रश्वास, चेतना, वृद्धि, प्रजनन, चाल आदि क्रियाकलापहरू हुन्छ भने निर्जीवहरूमा यी क्रियाकलापहरू हुँदैन। यस आधारमा सम्पूर्ण वनस्पतिहरू सजीवहरू हुन्। वनस्पतिहरूको लागि पनि बाँच्न खाना चाहिने, श्वास प्रश्वास क्रिया गर्नुपर्ने, आफ्नो आवश्यकता प्राप्तीको लागि चाल चल्ने, आकारमा वृद्धि हुने, परिपक्व भएपछि प्रजनन गरेर आफ्नो वंश कायम गर्ने आदि कार्यहरू गर्दछन्। यसमध्ये वनस्पतिहरूमा हामीमा जस्तै गर्मी, जाडो, सुख, दुखः आदिको चेतना वा संवेदना हुन्छ भनी प्रमाणित गर्ने पहिलो वैज्ञानिक भारतका सर **जगदिश चन्द्र बोस** हुन्।




बोसले आफ्नो लामो अनुसन्धानबाट वनस्पतिहरूमा पनि मानिसमा जस्तै संवेदना पीडा, सुख, दुख, आनन्द आदिको महसुस हुन्छ भनी आम नागरिकलाई प्रयोग गरी देखाए। भौतिकशास्त्री भए पनि उनी वनस्पति विज्ञानका आविष्कारहरूबाट प्रसिद्ध भए। उनले आफ्नो लामो प्रयासबाट **क्रेस्कोग्राफ यन्त्र**को आविष्कार गरेर वनस्पतिहरूमा संवेदना भएको तथ्यलाई प्रयोगबाट प्रमाणित गरिदिएका थिए।

उनले यो बाहेक तारविहीन सन्देश पठाउने प्रविधिको पनि आविष्कार गरे। आजभोलि यसलाइ वायरलेस प्रविधि भनिन्छ। यही प्रविधिको आधारमा हाल रेडियो, टेलिफोन, टेलिभिजन, इन्टरनेट आदिले कार्य गर्दछ। भनिन्छ रेडियोका प्रमाणिक आविष्कारक मार्कोनीभन्दा पहिला यीनले म्याक्सवेल र हर्टजको सिद्धान्तहरू अध्ययन गरेर वायरलेस टेलिग्राफको आविष्कार गरेका थिए। बोसले सन् १८९५ मा नै सार्वजनिक रूपमा वायरलेस टेलिग्राफको प्रसारण गरेर देखाएका थिए। उनले एउटा कोठाबाट अर्को कोठामा रहेको विद्युतीय घण्टी बजाएर देखाएका थिए। यसरी नै रेडियो रिसिवरको पनि विकास गरेका थिए। तर, उनले आफ्नो नाममा आविष्कारको सर्वाधिकार दर्ता गरेका थिएनन्। मार्कोनीले सन् १८९६ मा यसलाई आफूले आविष्कार गरेको भनी सर्वाधिकार आफ्नो नाममा दर्ता गरिसकेका थिए। यसले गर्दा बोसले यसको श्रेय लिन पाएनन्। सन् १९०१ पछि उनले भौतिकशास्त्र सम्बन्धी अनुसन्धान छोडेर वनस्पतिशास्त्रको अनुसन्धानमा लागे।

**बाल्यकाल र शिक्षा :** सर जगदिश चन्द्रको जन्म सन् १८५८ नोभेम्वर २० मा बंगालको मैमनसिंह वा विक्रमपुर (हाल मुन्सीगञ्ज) गाउँमा भएको थियो। उनी जन्मँदा भारतमा व्रिटिशहरूले शासन गरिरहेका थिए। त्यसबेला भारत टुक्रिएर पाकिस्तान र बंगलादेश बनेको थिएन। बोस जन्मिएको गाउँ हाल बंगलादेशमा पर्दछ। उनको बुबाको नाम भगवान चन्द्र बोस थियो। उनका पिता त्यसबेला फरिडपुर, वर्धमानलगायत अन्य जिल्लाका सह कलेक्टर थिए। उनकी आमाको नाम बामा सुन्दरी देवी बोस थियो। उनका पिता कायष्ठ परिवारका प्रसिद्ध नेता थिए। तर, आमा बामा सुन्दरीले न उच्च शिक्षा हासिल गरेकी थिइन् न कुनै सार्वजनिक पद धारण गरेकी थिइन् तैपनि बोसको प्रगतिमा उनको आमाको गहिरो प्रभाव परेको थियो। बोस सम्पन्न परिवारमा जन्मेका र हुर्केका थिए। त्यसबेला अङ्ग्रेजी विद्यालयमा पढाउने भनेको सम्भ्रान्त वर्गले मात्र सक्दथे र ठूलो इज्जतको कुरा हुन्थ्यो। तर, उनका पिता एक सच्चा देशभक्त भएकाले आफ्नो क्षमता भए पनि बोसलाई प्राथमिक शिक्षाको लागि अङ्ग्रेजी विद्यालयमा भर्ना नगरी आफ्नो मातृ भाषाबाट पठनपाठन हुने गाउँ कै

बंगाली विद्यालयमा भर्ना गरे। किनभने उनका बुबाको मान्यता थियो कि आफ्नो छोराले अङ्ग्रेजी भाषा सिक्नुभन्दा पहिला आफ्नो मातृभाषा र आफ्नो संस्कृति सिक्नु पर्दछ। यसबाट बोसले बाल्यकालमा भारतीय संस्कृतिमा रमाए। त्यहिबेला बोसले रामायण र महाभारत पनि पढेका थिए। त्यसमध्ये उनी महाभारतका प्रमुख पात्र कर्णदेखि बढी प्रभावित भएका थिए। महाभारतमा उल्लेख भए अनुसार कर्णाले जीवनभरि सफलता प्राप्त गर्नको लागि बच्चैदेखि सङ्घर्ष गर्दै गएको भनाइबाट उनी बढी प्रभावित भएका थिए। यसबाट नै उनलाई हारबाट पनि पछि गएर जित हासिल गर्न सकिन्छ भन्ने कुरामा विस्वास हुन गयो। यहि विद्यालयमा पढ्दाको सम्झना बारे बोसले एउटा अन्तरवार्तामा भनेका थिए बंगाली विद्यालयमा पढ्दा उनीसँग दायाँतिर आफ्नो बुबाको गाडी चलाउने चालकको छोरा र बायाँतर्फ एकजना माझिको छोरा बस्दथे। उनीहरूले विभिन्न वनस्पतिहरू र चराहरूबारे कहानीहरू सुनाउने गर्दथे। यहीकारणले गर्दा भविष्यमा गएर मलाई वनस्पतिहरूको संवेदनाबारे अध्ययन गर्ने उत्प्रेरणा प्राप्त भयो। गाउँको विद्यालयमा पढाइ सकेपछि बोस कलकत्ता (हाल कोलकाता) को प्रसिद्ध सेन्ट जेविर्यस कलेजमा पढ्नको लागि भर्ना भए। यस कलेजमा उनले भौतिकशास्त्रको अध्ययन गरे। यहाँको अध्ययन सकेपछि थप अध्ययनको लागि बोस लन्डन गए। उनले युनिभरसिटि कलेज, लन्डनबाट विएससि र क्याम्ब्रीजको क्राइस्ट कलेजबाट प्राकृतिक विज्ञानमा डिग्री हासिल गरे। त्यहाँको अध्ययन सकेपछि बोस सन् १८८५ मा भारत फर्केर आए।




वृद्धावस्थामा बोस

**स्वभाव :** बोस सानै उमेरदेखि इमानदार, मिहेनती र स्वाभीमानी थिए। उनी अन्याय र पक्षपातपूर्ण व्यवहारको सधैँ विरोध गर्दथे। उनी सेन्ट जेभियर स्कुल, कोलकातामा पढिरहँदा अङ्ग्रेज विद्यार्थीहरूको समूहमा उनी एक मात्र गाउँबाट उक्त विद्यालयमा पढ्ने विद्यार्थी थिए। यसले गर्दा अन्य अङ्ग्रेज बालबालिकाहरू उनीलाई हेप्ने, होच्याउने र खिल्ली उडाउने गर्दथे। उनको कक्षामा एकजना बलियो अङ्ग्रेज विद्यार्थीले ससाना कुरामा पनि बोसलाई पिट्ने गर्दथ्यो। सुरुमा त बोसले सहेर बसे। तर, अति भए पछि एकदिन बोसले उक्त अङ्ग्रेज केटालाई बेसरी पिटि दिए। त्यसपछि उक्त अङ्ग्रेज केटाले उनलाई पछि गएर छुने पनि हिम्मत गरेन। उनी आफ्नो विरोधीहरूले गरेको अनावश्यक आलोचनाबाट कहिल्यै विचलित नहुने खालका थिए। उनले आफ्नो ३६ वर्षको जन्मदिन मनाउँदा एउटा भिष्म प्रतिज्ञा गरेका थिए *'अब मेरो बाँकी जीवन विज्ञानको अनुसन्धानमा लगाउँछु।'*

**सङ्घर्ष र सफलता :** सन् १८८५ मा आफ्नो अध्ययन सकेर स्वदेश फर्केपछि उनले कोलकातामा रहेको प्रेसिडेन्सी कलेजमा भौतिकशास्त्रका शिक्षक बने। त्यहाँ पढाउने अधिकांश शिक्षकहरू अङ्ग्रेजहरू थिए। यस कलेजका प्रिन्सिपल पनि अङ्ग्रेज नै थिए। उनी कलेजमा काम गर्न जाँदा कालो छाला भएको बोसले पढाउन सक्दैन भनेर अङ्ग्रेजहरू हेप्दथे। तर, उनको पढाउने शैली विद्यार्थीहरूलाई मन पर्दथ्यो। उक्त कलेजमा पढाउने भारतीय शिक्षकहरूलाई अङ्ग्रेज शिक्षकहरूको तुलनामा एक तिहाइ मात्र पारिश्रमिक दिने गरिन्थ्यो। बोस एक देशभक्त र आत्मस्वाभिमानी मानिस भएकोले अङ्ग्रेजहरूको यो भेदभावको विरोध गरे। उनले सुरुको ३ वर्षसम्म पारिश्रमिकबिना कलेजमा पढाइ रहे तर भेदभाव रूपले दिएको पारिश्रमिक लिन अस्वीकार गरिरहे। बोस भन्ने गर्दथे अङ्ग्रेज सरह मिहिनेत र समान कार्य गरेपछि पारिश्रमिक पनि समान हुनुपर्दछ। यसले गर्दा बोसलाई आर्थिक रूपमा समस्या पर्न गयो। यही कारण उनले कोलकता सहरमा रहेको घर बेचेर अलि टाढा गाउँमा एउटा सस्तो घर किने। बोस आर्थिक समस्याले ग्रसित हुँदा उनकी श्रीमतीले भरपुर सहयोग गरिरहिन्। उनी त्यहाँबाट कलेज पढाउन आउँदा उनको श्रीमती अबाला दासले डुंगाबाट हुगली नदी तार्न र साँझ लिन जान्थिन्। सहर छोडेर गाउँमा बस्न जाँदा दैनिक कलेजमा आएर काम गर्न धेरै समस्या भोग्नु पर्‍यो। तैपनि उनी कलेजका अङ्ग्रेज पदाधिकारीहरूसँग झुकेनन् र आफ्नो मागमा अडि रहे। अन्तत कलेजका पदाधिकारीहरू बोससँग हार मानी बोसलगायत सबै भारतीय शिक्षहरूलाई पनि अङ्ग्रेज सरह पारिश्रमिक दिने नियम बनाउन बाध्य भए। उनले ३ वर्षको पारिश्रमिक अङ्ग्रेज सरह नै पाए। उक्त रकमबाट उनले तिर्नुपर्ने ऋृणहरू चुक्ता गरे। बोस कलेजको कार्य गरेपछि बाँकी रहेको समय घरमा अनुसन्धानमा बिताउन गर्दथे। उनलाई कलेजमा अनुसन्धानको लागि अनुकूल वातावरण थिएन। अङ्ग्रेजहरू कुनै भारतीयले अनुसन्धान कार्य गरेको मन पराउँदैनथे। बोसलाई अनुसन्धानको लागि कलेजमा जम्मा २० वर्ग फिटको एउटा सानो कोठा उपलब्ध गराएको थियो। तैपनि बोस सोही सानो कोठामा बसेर

फुर्सदको समयमा अनुसन्धानमा व्यस्त रहन्थे । उनले तारबिना सन्देश पठाउने र प्राप्त गर्ने यन्त्रको आविष्कार गरे । तर यस प्रकारको आविष्कारको श्रेय मार्कोनीले प्राप्त गरे । किनभने बोस आफ्नो कुनै पनि आविष्कार सबैको लागि भएकोले यसको सर्वाधिकार आफ्नो नाममा सुरक्षित राख्नु पर्दछ भन्ने विचार राख्दैनथे । आफ्नो आविष्कार सबैले जानुन् र सबैले निर्वाध प्रयोग गर्न पाउनु पर्दछ भन्ने मान्यता राख्दथे । उनी आफ्नो आविष्कारबाट व्यवसायिक लाभ लिन हुँदैन भन्नेमा अडिग थिए । यसलाई सबैले आफ्नो भलाइको लागि उपयोग गर्न स्वतन्त्र हुनुपर्दछ भन्ने उनको विचार थियो ।



जगदिशले आविष्कार गरेको क्रेस्कोग्राफ यन्त्र

बोट विरुवाहरूमा पनि अन्य जन्तुहरूमा जस्तै संवेदना हुन्छ भनी प्रमाणित गर्ने पहिलो वैज्ञानिक बोस थिए । बोसले बायोफिजिक्सको क्षेत्रमा पनि आश्चर्यजनक उपलब्धी हासिल गरेका थिए । उनले वनस्पतिहरूमा उत्तेजनाको सञ्चार रासायनिक माध्यमको रूपमा नभइकन इलेक्ट्रोनिक माध्यमबाट हुन्छ भनी पत्ता लगाए । उनले वनस्पतिहरूमा मानिसको जस्तै संवेदना हुन्छ । वनस्पतिहरूलाई पनि गर्मी, जाडो, सुख, दुखः, पीडा आदिको अनुभव हुन्छ भनी पत्ता लगाए । वनस्पतिहरूको संवेदनशीलता अनुभव गर्नका लागि उनले क्रेस्कोग्राफ नामको यन्त्रको आविष्कार गरे । क्रेस्कोग्राफको सहयोगबाट वनस्पतिहरूका अत्यन्त सूक्ष्म गतिविधिलाई पनि दश हजार गुणा ठूलो गरेर प्रदर्शन गर्न सकिन्थ्यो । यस यन्त्रको सहयोगले वनस्पतिहरू र अन्य जन्तुहरूबिच चेतनामा धेरै समानता छ भनी प्रमाणित गर्न उनी सफल भए । अनुसन्धानकै क्रममा उनले जरासहितको एउटा विरुवालाई ब्रोमाइड विष भएको एउटा भाँडोमा जरालाई डुब्ने गरी राखे । क्रेस्कोग्राफको सहयोगबाट उक्त वनस्पतिको पल्स (स्पन्दन) नाप्न थाले । उनले वनस्पतिको पल्स एकदम अस्थिर भएको पाए । केही समय वनस्पतिको पल्स बन्द भयो र वनस्पति ओइलाएर मृत्यु भएको पाए । यसपछि बोसले १० मे १९०१ मा विभिन्न वैज्ञानिकलगायत मानिसहरूलाई आफ्नो अनुसन्धानबाट प्राप्त नतिजा हेर्नको लागि बोलाए । उनले सबैलाइ भने *'अब म यो विष भएको सुइ वनस्पतिलाई दिन्छु र सुइ दिएको केही समयमा वनस्पतिको पल्स बन्द भएर जानेछ र वनस्पति ओइलाएर जानेछ । '* त्यसपछि उनले उक्त वनस्पतिलाई विष भएको सुइ दिए र वनस्पतिको पल्स क्रेस्कोग्राफबाट नाप्न थाले । तर, सुइ दिएको केही घण्टासम्म पनि वनस्पतिको पल्समा कुनै परिवर्तन भएन र वनस्पति पनि जस्ताको तस्तै नै रह्यो । यसबाट सबै मानिसहरू हाँस्न थाले । तर, बोसलाई अनुसन्धानबाट प्राप्त नतिजामा पूरा विश्वास थियो । त्यसपछि उनले भने अब म विष भएको सुइ आफ्नो शरीरमा दिएर हेर्छु भनी उक्त विष भएको सुइ आफ्नो शरीरमा दिन तयार भए । त्यसैबेला भीडबाट एकजना मानिसले कराएर भने *'बोस ! मैले उक्त विष भएको सुइको ठाउँमा पानी भएको सुइ राखेको थिएँ । यसकारण वनस्पतिलाई कुनै असर नभएको हो ।'* अब बोसले पुनः विष भएको सुइ वनस्पतिलाई दिँदा वनस्पतिको पल्समा उतारचढाव आयो र अन्तमा पल्स बन्द भयो साथै वनस्पति पनि ओइलाएर गयो । अब भने सम्पूर्ण हल तालीको गडगडाहटले गुन्जियो । यसरी बोसले आफ्नो अनुसन्धानबाट प्राप्त नतिजालाई सार्वजनिक रूपमा प्रदर्शन गरे । तर, केही वनस्पति वैज्ञानिकहरू



जगदिश प्रयोगशालामा

यस प्रदर्शनबाट खुशी भएनन् । किनभने भौतिकशास्त्री वैज्ञानिक बोसको यो उपलब्धी उनीहरूलाई मन परेको थिएन । उनीहरूले बोसको यस प्रयोगको आलोचना गरे । तर, यसबाट बोस अलिकति पनि विचलित भएनन् । उनी आफ्नो प्रयोगमा विश्वस्त थिए । आफ्नो त्यही यन्त्रको सहायताले उनले वनस्पतिको उर्बरता, प्रकाशलगायत अन्य गतिविधिहरूको संवेदनशिलताबारे अध्ययन गरेका थिए ।

उनले आविष्कार गरेको क्रेस्कोग्राफ यन्त्रलाई पेरिस कङ्ग्रेस अफ साइन्समा धेरै प्रशंसा गरियो । धेरै शुभेच्छुकहरूको आग्रहमा बोसले क्रेस्कोग्राफ यन्त्रलाई अमेरिकामा आफ्नो नाममा सर्वाधिकारको लागि दर्ता गरे । यो नै कुनै भारतीय वैज्ञानिकले आविष्कार गरेको यन्त्रको अमेरिकामा सर्वप्रथम सर्वाधिकारको लागि दर्ता भएको थियो । यसबाहेक बोसले अन्य विभिन्न ससाना आविष्कारहरू पनि गर्दै गए । उनले सन् १९०२ मा **'रेस्पोन्स इन द लिविङ एन्ड ननलिविङ'** र सन. १९२६ मा **'द नर्वस मेकानिज्म अफ प्लान्ट्स'** नामक दुई प्रसिद्ध पुस्तक लेखे । त्यसबाहेक आफ्नो अनुसन्धानमा आधारित थुप्रै पुस्तकहरू लेखे । उनले रेडियो तरङ्गमाथि पनि धेरै अनुसन्धान गरेका थिए । उनलाई रेडियो तरङ्ग विषयमा काम गर्ने प्रेरणा आलिवर लोसको शोधपत्रबाट प्राप्त भएको



बोस आफ्नो श्रीमतीसँग

थियो । वास्तवमा बोस वायरलेस टेलिग्राफका आविष्कारका पनि हुन् तर सर्वाधिकार दर्ताको अभावमा यो श्रेय उनलाई कहिल्यै भएन ।

**विवाह :** सन् १८८७ मा बोसले एकजना महिलावादी अधिकारकर्मी अबाला दाससँग विवाह गरेका थिए । अबाला



बोसको श्रीमती अबाला दास (बोस)

दास (बोस) सामाजिक अभियन्ताको साथै महिला अधिकार र विधवा महिला अधिकार सम्बन्धी आन्दोलनमा बढी सक्रिय थिइन् । तिनले उच्च शिक्षा Bethune College, University of Calcutta, बाट प्राप्त गरेकी थिइन् । उनीहरूको एकमात्र सन्तान छोरी जन्मँदा नै मृत्यु भएको थियो । यसबाहेक उनीहरूको कुनै सन्तान थिएन ।

**पुरस्कारहरू :** बोसको सम्मानमा चन्द्रमाको एउटा क्रेटरको नाम बोस राखिएको छ । उनलाई भारतमा 'father of Bengali science fiction' भनिन्छ । भारतमा रहेको Institute of Electrical & Electronics Engineers नामक संस्थाबाट उनलाई बाट Wireless Hall of Fame बाट सम्मानित गरे । उनले कुनै पनि अन्तराष्ट्रिय सम्मान प्राप्त गर्न सकेनन् वा प्रदान गरिएको छैन । यसको एउटा कारण उनी आफ्नो आविष्कारहरूको सर्वाधिकार सुरक्षित गर्न चाहँदैनथे । उनको विचारमा विज्ञानका आविष्कारहरूलाई व्यवसायिकरण गर्नु हुँदैन, यसलाई मानव जगतको भलाइमा प्रयोग गर्नु पर्दछ । उनले प्राप्त गरेका सम्मानहरू निम्न अनुसार छन् –

- Companion of the Order of the Indian Empire (CIE) – 1903 – in the 1903 Durbar Honours.
- Companion of the Order of the Star of India (CSI) – 1912
- Knight Bachelor (1917)
- Fellow of the Royal Society (FRS, 1920)
- Member of the Vienna Academy of Sciences, 1928
- President of the 14th session of the Indian Science Congress in 1927.
- Member of Finnish Society of Sciences and Letters in 1929.
- Member of the League of Nations' Committee for Intellectual Cooperation (from 1924 to 1931)
- Founding fellow of the National Institute of Sciences of India (now the Indian National Science Academy)




बोसको सम्मानमा प्रकाशित हुलाक टिकट




बोसको प्रतिमा


**उच्च शिक्षा** अध्ययन गरेका शैक्षिक संस्थाहरू :


- St. Xavier's College, Calcutta (BA)
- Christ's College, Cambridge (BA)
- University College London (BSc, DSc)

**कार्यक्षेत्र:** Physics, biophysics, biology, botany

**कृतिहरू:** बोसले आफ्नो जीवनकालमा विभिन्न पुस्तकहरू लेखेका थिए जुन निम्न अनुसार छन् –

१) रेस्पोन्स इन द लिविङ एन्ड ननलिविङ (सन् १९०२)
२) फर रेस्पोन्स इज अ मिन्स अफ फिजियोलोजिकल इन्भेस्टिगेसन (सन् १९०६)




३) कोपरेटिभ इलेक्ट्रो फिजियोलोजी (सन् १९०७)
४) रिसर्च अन इरिटोविलिटी अफ प्लान्टस् (सन् १९१२)
५) द फिजियोलोजी अफ फोटोसिन्थेसिस् (सन्१९२४)
६) नर्वस मेकानिज्म अफ प्लान्टस् (सन् १९२६)
७) कलेक्टेड फिजिकल पेपरस् (सन् १९२७)
८) फर अटोग्राफस एन्ड दियर रिवीलेशस (सन् १९२७)
९) द मोटर मेकानिज्म अफ प्लान्टस् (सन् १९२८)
१०) ग्रोथ एन्ड ट्रफिक मुभमेण्टस् अफ प्लान्टस् (सन् १९२९)

यसबाहेक उनले विभिन्न पुस्तकहरू पनि सम्पादन गरेका थिए ।

**निधन :** सर जगदिश चन्द्र बोस मूल रूपमा भौतिकशास्त्री भए पनि उनले वनस्पतिशास्त्रीको रूपमा प्रसिद्धि पाए । उनले सन् १९१७ मा कोलकातामा बोस इन्स्टिच्युत स्थापना गरेका थिए । त्यसबेला उक्त इन्स्टिच्युटमा मुख्यतया वनस्पतिसँग सम्बन्धित अनुसन्धान हुन्थ्यो । उक्त संस्था भारतको सबभन्दा पुरानो संस्थाको रूपमा लिइन्छ । यसरी नै उक्त संस्था बहुविषय अध्ययन गर्ने एसियाको नै पहिलो वैज्ञानिक संस्था हो । उनी यस संस्थाको सुरुदेखि निधन हुँदासम्म निर्देशक रहे । उनको निधन ७८ वर्षको उमेरमा सन् १९३७ को नोभेम्वर २३ मा भयो ।

### सन्दर्भ सामग्रीहरू :

१. विश्वका चर्चित वैज्ञानिकहरू : दिलिप श्रेष्ठ, उर्मिला शाही, पाँच पोखरी प्रकाशन गृह
२. विज्ञान प्रगति
३. जुनियर साइन्स डाइजेस्ट
४. साइन्स मास्टर
५. गुगल
६. युटयुब

# तस्बिरमा गुंला बाजाको खुला प्रतियोगिता




**प्रथम** : क्वनेया गुंला बाजँ सञ्चालन तथा व्यवस्थापन समिति, भक्तपुर ।




क्वनेया गुँला बाजं सञ्चालन तथा व्यवस्थापन समिति, भक्तपुर

## तस्बिरमा गुंला बाजाको खुला प्रतियोगिता




**द्धितीय** : डत तुलाधर गुंला बाजँ खल:, बुरॉख्यों, नरदेवी, काठमाडौँ ।



डत तुलाधर गुँला बाजँ खल:, नरदेवी

## तस्बिरमा गुंला बाजाको खुला प्रतियोगिता



तृतीय : प्रजापति गुंला बाजा, मध्यपुर थिमी ।



## तस्बिरमा गुंला बाजाको खुला प्रतियोगिता







**सान्त्वना:** थिमि गुंला बाजा खलः, मध्यपुर थिमी।







**सान्त्वना:** केशचन्द्र गुंला बाजं खलः, इतुंबहाः, काठमाडौं।



नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) लगायत प्रतियोगिताको अवलोकन गर्नुहुँदै




अतिथि प्रस्तुति : सन स्टार धाँ बाजा खलः, कीर्तिपुर



प्रतियोगिताका निर्णायकहरू



प्रतियोगिताको अवलोकन गर्दै दर्शक

## तस्बिरमा गुंला बाजाको खुला प्रतियोगिता























## तस्बिरमा केही गतिविधि



नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) १३५ औं अन्तर्राष्ट्रिय श्रमिक दिवसमा आयोजित कार्यक्रममा । वैशाख १९ गते



भक्तपुर नपाबाट २०८० सालको वर्षका उत्कृष्ट पुरुष र महिला खेलाडी सम्मानित । जेठ ५ गते

## तस्बिरमा केही गतिविधि








थंथु दरबारको शिलान्यास

## तस्बिरमा केही गतिविधि




बेखालस्थित टेबल टेनिस कभर्ड हलको उद्घाटन । जेठ ६ गते

ग:हितिस्थित
लक्ष्मीनरसिंह मन्दिर,
पुनर्निर्माण जारी



# हिमानी, हिमानीकरण, परिहिमानी र हिमनदी बारे केही जानकारी



विष्णुभक्त राजचल

हिउँ, हिमक्षेत्र, हिमाच्छादित, परिहिमानी र हिमनदी तथा तिनका क्षेत्र, गर्ने क्रियाकलापहरूद्वारा निर्मित स्थलाकृतिहरूबारे भूगर्भविद्हरूले अध्ययन, अन्वेषण, अनेकौं परीक्षण, प्रयोग गरेर विचार र सिद्धान्तहरू प्रस्तुत गरेका छन्। ती नै विचार, परिकल्पना र सिद्धान्तहरू अध्ययन, अध्यापन गरेर भूगोलका शिक्षक, प्रोफेसर, विद्यार्थीहरूले धेरै कुरा जानकारी प्राप्त गर्छन्। यस्तै हिमक्षेत्र या हिमक्षेत्रको आसपास बस्ने वासिन्दाहरूले पनि सम्बन्धित स्थानमा पुगेर धेरै कुराहरू जानकारी गरेका हुन्छन्। नेपालका हिमालय पर्वत समिप बस्ने शेर्पा, थकाली र पर्वतारोहीहरूले पनि हिउँ र त्यस हिउँभएका स्थानबारे धेरै कुरा हासिल गरेका हुन्छन्।

सञ्चारका अनेकौं साधनहरू प्रयोग गरेर भूगोलका विषयहरूबारे धेरै कुराहरू जानकारी लिन सक्छन्। तर, सञ्चारका अनेकौं उपकरणबाट सबैले लाभ लिन या पाउन सक्दैनन्। यसकारण हिउँ, हिउँक्षेत्र, हिमानीकरण (glaciation), परिहिमानी (periglacial) र हिमनदी (glacier) बारे सामान्य जानकारी दिने जमर्को यहाँ गरिएको छ।

सर्वप्रथम हिउँ भनेको के हो, पृथ्वीमा हिउँ कहाँबाट कहिले कसरी देखापर्न आयो भन्ने बारे सङ्क्षिप्त जानकारीको लागि हिउँको परिभाषासँगै हिम युगबारे केही जानकारी लिनु उपयुक्त हुनेछ।

पृथ्वीको नजिक रहेको हावापानीको तापक्रम हिमाङ्क या (०° से.) भन्दा न्यून हुन गएमा सतहमा रहेको पानी जम्न पुग्छ। यसरी जमेको पानीको ठोस भागलाई **हिउँ** भन्ने गरिन्छ। यस्ता हिउँका ढिक्काले आवरणको रूपमा पृथ्वीको सतहलाई निरन्तर ढाकेर अनेकौं मोटाइमा विस्तृत रूपले फैलिएर रहेकोलाई **हिमक्षेत्र** भन्ने गरिन्छ। यस्तै पृथ्वीको सतहमाथि देखि सतहभन्दा तल जमिन भित्रका पानी एवम् सतहसमेत एक ढिक्का भएर हिउँले ढाकिएर सयौं हजारौं वर्षसम्म नपग्लिएर रहेको छ भने त्यसलाई स्थायी तुषारो भूमी (PermaFrost) भन्ने गरिन्छ। सयौं हजारौं वर्षपछि कुनै कारणले स्थायी तुषारो भूमीमा रहेका हिउँ पग्लिएर लुप्त हुन गएमा **परिहिमानी** भन्न गरिन्छ।

## हिमयुग

पृथ्वीको उत्पत्ती भएको लगभग २ अर्ब वर्ष बितिसकेको छ। उत्पत्ती कालदेखि अहिलेसम्ममा पृथ्वीको धेरैजसो भू-भागलाई कयौं पटक हिउँले छोपिसकेका कुरा भू-तत्त्वविद्हरूले बताएका छन्। तर धेरै जसो भू- वैज्ञानिकहरूले Pre-Cambrian Period, Permo-carboniferous Period र Pleistocene Period गरी जम्मा तीन पटक मात्र हिमयुग (Ice Ages) व्यतित भैसकेको विचार व्यक्त गरेका छन्। खासगरेर २५ करोड वर्षदेखि ३० करोड वर्ष भित्रको निश्चित सीमा पछि एक हिमयुग व्यतित हुने विचार व्यक्त गरेका छन्। पहिलाका दुई हिमयुग 'प्रि-क्याम्ब्रियन' र 'पर्मोकार्वोनिफेरस' बारे कुनै पनि भूगर्भ शास्त्रीहरूले वास्तविक सत्य तथ्य प्रमाण दिएर प्रष्टसँग आफ्नो विचार प्रकट गर्न सकेको देखिँदैन। ती दुई प्राचीन हिमयुग पृथ्वीको कुन कुन भागमा कहिले कसरी आयो तिनले कहाँ कति असर पारेका छन् र त्यतिवेलाको स्थलाकृति कस्तो थियो भन्ने विवरण प्रष्ट्याउन सकेको देखिँदैन। तर, अन्तिमका नूतन नवजीव युग (Pleistocene Ice Age) बारे कयौं लक्षण तथा त्यसले पारेका असरहरू एवम् स्थलाकृतिहरू समेतको विस्तृत वर्णन गरेका छन्।

प्रत्येक पल्टको हिमयुगमा पृथ्वीका कयौं स्थानहरूमा कयौं पटक हिउँले टन्न ढाकेर सयौं हजारौं वर्षको लामो समयपछि हिउँ पग्लिएर लुप्त वा हटेर गएको विचार विद्वानहरूले व्यक्त गरेका छन्। विद्वानहरूको विचारअनुसार हिउँले ढाकेको भाग कहिले ध्रुवीय स्थलबाट भूमध्ये रेखीय क्षेत्रतर्फ अगाडि बढ्ने, फेरि केही वर्षपछि भूमध्ये रेखीय क्षेत्रबाट हिउँ पग्लिएर ध्रुवीय क्षेत्रतर्फ हट्दै जाने गर्दछन्। यसरी हिउँले क्रमशः ढाक्दै जाने अर्थात् ध्रुवीय क्षेत्रबाट भूमध्यरेखीय इलाकातर्फ हिउँले ढाक्दै जाने, फरि केही वर्षपछि हिउँ हट्दै जाने दुई काल बिचको समयावधिलाई अन्तर हिमानी समय (Inter-Glacial stage) भनिन्छ। दोस्रोको पर्मो-कार्वोनिफेरस हिमयुग र तेस्रो अर्थात् अन्तिमको प्लीस्टोसीन हिमयुग बिचको अन्तर हिमानी समयावधि ७०,००० वर्ष भएको अड्कल गरेका छन्।

## हिमयुग के कारणले कसरी प्रादुर्भाव भयो ?

यसबारे धेरै जसो विद्वानहरूले भूगर्भिक इतिहासमा कयौँपटक जलवायु परिवर्तन भएर हिमयुग सुरुभएको विचार व्यक्त गरेका छन्। पृथ्वीमा बेलावखत जलवायु परिवर्तन हुने गरेको बारे विद्वानहरूले अनेकौँ परिकल्पना प्रतिपादन गरेर प्रस्तुत गरेका छन्। जलवायु परिवर्तन हुने गरेका विचारलाई सबैले एकमतले सहमति जनाएका छन् तर के कारणले जलवायु परिवर्तन भएको हो ? सो बारे धेरै विद्वानहरूको राय बाझिएका छन्। जलवायु परिवर्तन बाहेक हिमयुगको प्रादुर्भावमा अन्य परिकल्पनाहरू पनि प्रस्तुत गरेका छन्। हिमयुगको समयमा हावापानीको तापक्रम अत्यन्त न्यून हुने भएकाले हिमक्षेत्रको विकासमा धेरै मदत गर्छ।

हिमयुग आगमनका कारण हावापानीबाहेक अन्य अनेकौँ कारणहरू परिकल्पना प्रतिपादन गरी प्रस्तुत गरेका छन्।

### (१) पहाडको निर्माणद्वारा स्थलाकृतिमा आएको परिवर्तन (Change in topographic Reliefs)

यदि पृथ्वीको भौगर्भिक इतिहास अध्ययन गरेमा यो पत्तालाग्छ कि विगतमा पृथ्वीमा धेरै पटक पर्वत निर्माणकारी परिवर्तन भएर सतहलाई उथलपुथल पारेको देखिन्छ। पहिलो प्री-क्याम्ब्रियन कालीन, दोस्रो क्यालिडोनियन कालीन, तेस्रो हर्सीनियन कालीन र चौथो टर्सीयरी कालीन पर्वत निर्माण कालीनमा पृथ्वीका धेरै भाग निकै उचाइमा माथि उठेका थिए। लम्बवत तापक्रम वितरणका साधारण नियमअनुसार सागरीय सतहभन्दा माथि जति जति उचाइमा गइन्छ उति उति तापक्रम क्रमशः हरेक १००० फीट माथि ३.६° फरेनहाइटका दरले घट्दै जानेगर्छ। यसैलाई आधार मानेर केही भूगोलविद्हरूले हिमरेखाभन्दा माथि उठेका अग्ला पहाड माथि हिमाङ्कभन्दा न्यून तापक्रम भएर हिउँ वर्षन थाले। एक पछि अर्को हिउँ तह तह थप्दै अत्यन्तु बाक्लो वा मोटो हिउँले छोपि धेरै टाढा टाढासम्म फैलिन थाले र अधिकांश क्षेत्रमा हिउँले वर्षैभर ढाक्दै गएर हिमयुग प्रादुर्भाव भएको हो भनेका छन्।

यस परिकल्पनालाई केही विद्वानहरूले असहमति जनाउँदै टर्सीयरी युगमा हिमाल, रकी, आल्पस र एण्डिज जस्ता पर्वत मालाहरूका उत्थान संयोगले मात्र भएको हो। कार्बोनिफर स तथा अन्य युगमा कुनै पनि पर्वत निर्माण भएको देखिँदैन। त्यसकारण हिमयुगको प्रादुर्भाव पर्वत निर्माणले भएको कडापी मेल खाँदैन भनेका छन्।

### २) ध्रुवीय क्षेत्रको स्थानान्तरण (Wandering of Polar)

अधिकांश भू-तत्त्वविद्हरूले ध्रुवीय प्रदेशको स्थिति परिवर्तन भइरहने विचार व्यक्त गरेका छन्। वर्तमान समयमा उत्तरी एवम् दक्षिणी ध्रुवका अवस्थिति जहाँरहेको हो सदसर्वदा त्यही स्थिर भएर रहँदैन। ती विद्वानहरूले क्रीटेसियस युगदेखि इयोसियन युगसम्ममा उत्तरी ध्रुव आर्कटिक सागरसम्म र दक्षिणी ध्रुव अण्टार्कटिका महाद्वीपसम्म पुगेको थिएन भन्ने गरेका छन्। त्यस पछिका समयमा ध्रुवीय क्षेत्र परिवर्तन सँगसँगै तापक्रममा पनि अदलबदल भएर, टर्शियरी युगदेखि प्लीस्टोसिन युग भित्रसम्ममा चतुर्थ हिमयुग सुरु भएको थियो भनेका छन्।

### ३) महाद्वीपहरूको स्थानान्तरण सिद्धान्त (Continental Drift Theory)



वेगनर

विद्वानहरूले यस सिद्धान्तअनुसार पनि हिमयुग सुरु भएको विचार व्यक्त गरेका छन्। विद्वान **वेगनर** (Alfred Lothar Wegener-1880-1930) ले 'सिग्मा' माथि 'सियाल' नामको ठोस पदार्थ तैरिएर रहेको र ती सियाल जहिले पनि यताउता स्थानान्तरण भइरहने विचार व्यक्त गरेका छन्। तिनको विचार अनुसार परापूर्व कालमा सबै महाद्वीपहरू एउटै ढिक्का भएर **'पैंजीया'** थियो त्यसलाई चारैतिर **पैन्थला** नामको एउटै सागरले घेरिएर रहेको थियो। त्यतिवेला दक्षिणी ध्रुवको अवस्थिति हालको दक्षिण अफ्रिकाको नाटाल ९ल्बतबｏि भन्ने स्थानमा थियो भने भू-मध्येरेखा इङ्गल्याण्ड नजिक भएर गएको थियो। यस्तो स्थितिको कारण न्यून तापक्रम भएर हिउँका मोटो तह विस्तारै दक्षिण अमेरिका, अफ्रिका, अस्ट्रेलिया, एण्टार्कटिका र दक्षिण भारतसम्म फैलिएको थियो। यसै विचारको आधारमा कार्वोनिफरस युगमा हिउँले अधिकांश भागमा बाक्लो हिउँले ढाकेर हिमयुगको प्रादुर्भाव भएको हो भनिएको छ।

### ४) कार्वन डाइअक्साइड परिकल्पना (Carbon dioxide Hypothesis)

वायुमण्डलमा यो कार्वनडाइअक्साइड ग्यासको महत्त्वपूर्ण स्थान रहेको हुन्छ। पृथ्वीको सतहले छोडेको तापलाई यो ग्यासले वायुमण्डलबाट बाहिर जान नदिई रोकिराख्छ। जसले गर्दा वायुमण्डलको तापक्रम घट्न दिँदैन। यदि वायुमण्डलमा यो ग्यास कम भएमा सतहले छोडेको ताप


चेम्बर्लिन

वायुमण्डलले रोक्न सक्दैन र पृथ्वीको सतहलगायत वायुमण्डल अत्याधिक ठण्डा हुन्छ । **थोमस चेम्बर्लिन** (Thomas Chrowder Chamberlin-1843-1928) नामका विद्वानले वायुमण्डलमा कार्वनडाइअक्साइड ग्यास अत्यन्त कम भएको हुनाले नै पृथ्वीको सतहलगायत वायुमण्डलको तातोपना अत्याधिक चीसो भएर हिउँ वर्षाभई त्यो हिउँ विस्तृत क्षेत्रमा फैलिएर हिमयुग प्रादुर्भाव भएको परिकल्पना प्रस्तुत गरेका छन् ।

### (५) ज्वालामुखीबाट निस्केको धूलोको सिद्धान्त

(Volcamic Dust Hypothesis)

वायुमण्डलमा धूलोको मात्रापनि हुन्छ । यदि वायुमण्डलमा धूलोको मात्रा धेरै बढी भएमा सूर्यबाट आउने तापक्रमलाई सतहसम्म आउन नदिई फर्काउने गर्छ । धूलोले ताप विकिरण पनि गर्ने र केही धूलोले आफै पनि तातो पनालाई ग्रहण गर्छ । त्यसकारण ज्वालामुखीको विस्फोटनको समयमा अत्यधिक धूलो निकालेर वायुमण्डलमा अत्यन्त बाक्लो धूलो फैलाउने भएको हुँदा सौर्यताप सतहमा आउन रोक्छ र तातोपनाको अभाव भएर सतहलगायत वायुमण्डलको तापक्रम घटेर हिउँ पर्ने हुन्छ । यहीकारणले 'पर्सीयन' तथा प्लीस्टोसीन युगमा हिमयुग सुरु भएको विचार प्रकट गरेका छन् ।

### ६) अन्य कारण

यस्तै सागरीय धार, पृथ्वीले सूर्यलाई परिक्रमा गर्दा अपनाउने अण्डाकार मार्ग (कक्ष) माथि अक्षको झुकाव तथा सौर्य विकिरण लगायत अन्य विभिन्न कारणहरूको प्रभावले गर्दा पनि समय समयमा हिमयुग प्रादुर्भाव भएको परिकल्पनाहरू प्रस्तुत गरेका छन् ।

### प्लीस्टोसीन हिमकाल तथा हिमानीकरण

(Pleistocene Ice-Age and Glaciation)

भू-गर्भविद्हरूको भनाइअनुसार अन्तिम अर्थात अति नूतन (Pleistocene) हिमयुग आजभन्दा १० लाख वर्ष पहिले प्रारम्भ भएर लगभग १० लाख वर्ष नै व्यतित भएको थियो । यो समयमा उत्तर अमेरिकाको लगभग आधिभाग, युरोपका सम्पूर्ण भाग, ग्रीनल्याण्ड, अण्टार्कटिका, साइवेरियाको अधिकांश भाग अति मोटो हिउँले टन्न छोपीएको (हिमाच्छादित) अवस्थामा थियो । अनुमान गरिए अनुसार सम्पूर्ण भू-भागको पाँच भागको एक भाग हिउँले ढाँकिएको थियो । प्लीस्टोसीन काल पछि विस्तारै हिउँ पग्लिएर गई लुप्त हुन पुगे तापनि अहिलेसम्म पनि ती हिमाच्छादित स्थानहरूमा पूर्ण रूपमा हिउँ हटेर जान नसकी अवशेषको रूपमा केही अंश बाँकी रहेका छन् । अहिले पनि अण्टार्कटिकामा ५० लाख वर्ग किलोमिटर र ग्रीनल्याण्डमा ६० लाख वर्ग मिल क्षेत्रमा हिउँले ढाकिएर रहेको हिमाच्छाडित क्षेत्र बाँकी रहेको उल्लेख गरेका छन् । हिमाच्छाडित क्षेत्रबाट हिउँ पूर्ण रूपमा हटेर जान १६००० वर्ष लाग्ने गरेको थियो भने ९००० वर्ष पहिले मात्र उत्तर अमेरिका र युरोपबाट हिउँ हटेर गएको थियो भनेका छन् । प्लीस्टोसीन हिमकाल पछिका आधुनिक Holocene युगलाई अन्तर हिमानी युग (Inter glacial Period) मानिएको छ । एकपटक हिउँले ढाक्ने समयदेखि अर्को पटक हिउँले ढाक्ने समयबिच हिउँ हटेर गएको अवस्थाको समयलाई अन्तर हिमानी युग भनिन्छ । उत्तर अमेरिका, उत्तरी युरोप र बेलायतमा हाल देखापर्ने गरेका अण्डा आकारका चट्टान र हिमनिर्मित मैदान अध्ययनका आधारमा भूतत्त्वविद्हरूले पृथ्वीमा हिउँले ढाक्ने गरेको र हिउँ पग्लिएर हटेर गएको चार पटक भएको विचार व्यक्त गरेका छन् । ती चार पटक वा चरणलाई Gung, Mindel, Riss / wurm नाम दिएका छन् ।

### प्लीस्टोसीन हिमयुगमा स्थलाकृतिमा पारेको प्रभाव

(Effect of pleistocene glaciation on Topography)

प्लीस्टोसीन हिमयुगका विभिन्न समयमा पृथ्वीको अधिकांश सतहमा दानेदार हिउँले खन्ने र खोस्रने या क्षयीकरणको परिणाम स्वरूप कयौँ नयाँ आकारका स्थल स्वरूपहरू निर्माण एवम् विकास भएको थियो । पहिले नै निर्माण भइरहेका स्थल एवम् सागरीय सतह कयौं पटक उठ्ने र भासिने क्रियाकलापले गर्दा निकै परिवर्तन भएको थियो । यस प्लीस्टोसीन कालमा भएको हिमानी करणले स्थल सतहका अधिकांश भागमा प्रत्यक्ष या अप्रत्यक्ष प्रभाव पारेर वर्तमान स्थलाकृतिलाई अन्तिम रूप प्रदान गरेको देखिन्छ । यसबाट यो स्पष्ट हुन्छ कि प्लोस्टोसीन हिमकालमा भएको भौगर्भिक एवम् जलवायु परिवर्तनले पारेका प्रभावको अध्ययनविना वर्तमान भू-स्वरूपबारे स्पस्ट व्याख्या गर्न मुस्किल पर्छ । त्यस हिमयुगमा मध्य अक्षांश र वर्तमान शीतोष्ण जलवायुक्षेत्र लगायत प्रायः सम्पूर्ण विश्वमा जलवायुमा परिवर्तन आई अति चीसो भएर अति बाक्लो हिउँले ढाकिएको अवस्था थियो ।

प्लीस्टोसीन हिमयुगमा बाक्लो हिउँले ढाक्दा (हिमानी करणको) विभिन्न प्रभावहरू

(१) सागरीय सतह बढ्ने र घट्ने गरेको (Fluctuation in Sea level)

अनेकौं उदाहरण तथा प्रयोगको आधारमा भूगोल विद्हरूले यस कुरालाई प्रमाणित गरेका छन् कि प्लोस्टोसीन हिमयुगमा पृथ्वीको विभिन्न स्थानहरूमा बरोबर हिउँले ढाक्ने तथा केही वर्षपछि हिउँ पग्लिएर हटेर जाने क्रियाकलाप भएको थियो । जसले गर्दा सागरीय सतह उठ्ने र दबेर जाने गरेको थियो । स्थल सतहमा अत्यन्त बाक्लो हिउँको चापले गर्दा जमिन भासिएर जाने र पर्वतसमानका ठूल्ठूला हिउँका ढिस्का (Ice berg) समेत सागरमा तैरिएर सागरसमेत हिउँले छोपिएको अवस्था थियो । जब हिउँ पग्लिएर गए तब सागरीय सतह बढेर स्थल सतहका केही भाग सागरभित्र पर्न गएको थियो ।

(२) हिम आकर्षणद्वारा सागरीय सतह परिवर्तन देखापर्छ

सामान्यतया सागरीय तटस्थित ठाडो भित्ता भएको उच्च पर्वतीय किनारमा सागरीय सतह हिउँका आकर्षणले गर्दा बढेको देखिन्छ । तर, त्यही अक्षांशमा पर्ने अर्को दिशाको सागरीय किनारमा अग्लो पर्वत नभएकाले सागरीय सतह तुलनात्मक रूपमा घटेको हुन्छ । जस्तै दक्षिण अमेरिकाको पश्चिम किनारमा रहेको चिलीस्थित सागरीय सतह बढेको समयमा त्यही अक्षांशमा पर्ने पूर्वी किनारस्थित अर्जेन्टिनामा सागरीय सतह घट्ने गरेको उदाहरण दिएर प्रस्ट्याएका छन् । यसको कारण चिलीस्थित अग्लो पर्वतमा रहेका हिउँको आकर्षण शक्तिको प्रभावले गर्दा सागरीय सतह बढेको तर पूर्वी किनारको अर्जेन्टिनामा त्यस्तो पहाड नभएको हुँदा सागरीय सतह घटेको हो ।

(३) स्थल सतह दब्ने र उठ्ने गर्दा देखिएको परिवर्तन (Subsidence and Upliftment of Land)

प्लीस्टोसीन हिमकालमा अत्यन्त बाक्लो या मोटो हिउँले ढाकेका कारण अत्याधिक चाप बढेर जमिन दब्न गयो र धेरै कालपछि त्यहाँबाट हिउँ हटेर जाँदा सतह पुनः माथि उठ्ने गरेको थियो । उत्तर अमेरिका स्थित सुपेरिएर ताल आसपास किनारमा हिमकालमा १५०० फीट तल दब्न गएको र हिउँ हटेपछि फेरि त्यतिकै फीट माथि उठेको प्रमाण, तालको सतहबारे अनुसन्धानबाट प्रमाणित गरेका छन् ।

४) वर्तमानको स्थलाकृतिमा भएको परिवर्तन (Effect on Present Topography)

वर्तमान कालका अन्तिम स्थलाकृतिका स्वरूप प्लीस्टोसीन हिमयुगकै संरचना हो भनेका छन् । प्लीस्टोसीन युगमा भएको हिमानीकरण केही वर्ष पछि पग्लिएर गई जब हट्न थाले तब स्थल सतहमा आन्तरिक एवम् वाह्य परिवर्तनकारी शक्तिले वर्तमानका विभिन्न आकार र स्वरूपका घरातलीय सतह निर्माण गरेका हुन् ।

भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्यासी-२, भक्तपुर

नगरवासीहरूलाई अत्यन्त जरुरी सूचना

भक्तपुर नगरपालिका क्षेत्र बाहिरका सहकारी संस्थाहरूबाट दैनिक बचत सङ्कलकहरू पठाई नगरवासीहरूको रकम सङ्कलन गरी फिर्ता नदिने क्रम बढ्दै गइ रहेको देखिएकोले नगर बाहिरका सहकारी संस्थाहरूबाट सङ्कलकहरू आई दैनिक बचत रकम सङ्कलन गर्न आएको खण्डमा दैनिक बचत रकम जम्मा नगर्न सम्पूर्ण नगरवासीहरूमा भक्तपुर नगरपालिका अनुरोध गर्दछ ।



# समालोचनाया सिद्धान्त




## (समालोचनाया सिद्धान्त-१३)

– प्रो. माणिकलाल श्रेष्ठ

## एरिस्टोटलया अनुकरण व विरेचन सिद्धान्त

एरिस्टोटलया अनुकरण व विरेचन सिद्धान्तया उल्लेख च्वय् वंगु निगू स्वंगू अध्याये जुइ धुंकूगु दु। उकिया छुं भति विवेचना यायेगु उचित जुइ। च्वय् हे धाये धुन एरिस्टोटलं काव्ययात नं छगू प्रकारया कला माने यागु दु। **'काव्यशास्त्र'** सफुली एरिस्टोटलं धया तःगु दु – *'चित्रकार बा मेपिं कलाकारपिं थें तुं कवि नं अनुकरण याइह्म खः।'* अले हानं *'महाकाव्य, त्रासदि, कमदि, तुतः व पुइगु व किइगु बाजंया संगीत विभिन्न प्रकारया अनुकरण खः।'* थुकथं एरिस्टोटलं काव्ययात नं कला भापा मेमेगु कलां थें काव्यया ज्या नं अनुकरण यायेगु धका कया तल, थ्व हे अनुकरणं सकसितं आनन्द बिइगु जूगुलिं काव्यं मनूयात आनन्द बिइगु खः।



प्लेटो

एरिस्टोटलं हे प्रयोग यागु शब्द खः **'मिमेसिस'** (mimesis), गुगुयात भ्रीसं संस्कृतया 'अनुकरण' शब्द तया। अंग्रेजी व मेमेगु थौंकन्हेया यूरोपीय भाषाय् 'काव्यशास्त्र' या अनुवाद जुइबेले **'इमिटेशन'** शब्द च्वयेगु चलन दु। तर 'मिमेसिस' या अर्थ सामान्य 'नक्कल' यायेगु जक मखु। ग्रीक शब्द 'मिमेसिस' वा लाटिनया **'मिमिकर'** शब्दया ठीक अर्थ थुकथं नक्कल यायेगु कि गुगु बस्तुया नक्कल यागु खः उगु बस्तु हे दयेकेगु मखु, तर उगु हे थें च्वंक मेगु सिर्जना यायेगु खः। 'मिमेसिस' शब्द गुगु अर्थे एरिस्टोटलं प्रयोग यात धयागु खँय् मतभेद दुगुलिं एरिस्टोटलया सिद्धान्त कया अनेक तर्क वितर्क वया च्वंगु खः। काव्य यात 'मिमेसिस' धयागु शब्द दकले न्हापां एरिस्टोटलं प्रयोग यागु नं मखु वयां न्ह्यो हे मेह्म ग्रीक विद्वान **प्लेटो** (Plato-428/427 or 424/423 – 348/347 BC) पाखें नं थ्व शब्द प्रयोग जुइ धुंकूगु खः, बरु काव्यया निन्दा यायेत। प्लेटो छह्म आदर्शवादी, अथे जूगुलिं वं विश्वे सत्य छगू हे जक स्थायी बस्तु खन, थ्व जगते च्वंगु भौतिक बस्तु फुक्क प्लेटोया विचारकथं सत्यया 'मिमेसिस' जक, अले कवि धयाह्म ला भौतिक जगतया तिनि 'मिमेसिस' न्ह्योने ब्वइम्ह; धायेबेले काव्य धयागु ला 'मिमेसिसया नं मिमेसिस' तिनि। थ्व हे कारणं प्लेटोया **'रिपब्लिक'** नांया सफुली वया इच्छाया आदर्श राज्ये कवितयत् व काव्ययात थाय् हे मदु। थुकथं मिमेसिसयात नक्कल बा प्रकृतियात गथे खः अथे ल्ह्यया कायेगु जक प्लेटों खन। एरिस्टोटलं थुकियात सूक्ष्म रूपं अर्थ बिल। मिमेसिस वा अनुकरण गथे खः अथे जुइक ल्ह्यया कायेगु ज्या मखु, कल्पना शक्ति मदुगु नक्कल थ्व



एबरक्रोम्बीया


मखु, थ्व ला मूल-बस्तु थें च्वंक न्हूगु बस्तु सिर्जना यायेगु खः।

एरिस्टोटलया अर्थकथं काव्य जीवनया मिमेसिस खः, उकिं काव्यं जीवन थें च्वंगु मेगु छुं सिर्जना याई। एरिस्टोटलया मिमेसिस अर्थ स्पष्ट जुइकथं छह्म अंग्रेजी समालोचक



बुचर

एबरक्रोम्बी (Lascelles Abercrombie-1881-1938) या व्याख्या थथे – *'काव्य धयागु गणितशास्त्रया प्याराबोला थें, थ्व न्ह्याबलें जीवनया लिउ लिउ वना च्वनी, तर गबलेसं जीवनयात लिलाक: वनी मखु ।'* मेह्म छह्म समालोचक **बुचर** (Fanny Amanda Butcher-1888-1987) या व्याख्याकथं एरिस्टोटलं कला कृतियात मिमेसिस धागुया अर्थ *'मूल वस्तु हाकनं दयेकेगु, गथे ख: अथे मखु, बरु इन्द्रियतसें गथे ताल उगु कथं दयेका क्यनेगु ख:'* । एरिस्टोटलया इले ग्रीक साहित्ये कविपिसं अनुकरण याइगु गथे ख: अथे मखु । **'ट्राय शहर कोद:गु'** सफू च्वयात:ह्म लेखकं धाथेंयागु वा इतिहासे जुकथंया ट्राय शहर कोद:गु घटना क्यना त:गु मदु । थ्व खँ क्यना दीह्म समालोचक प्रो. **गिल्बर्ट मरे** (George Gilbert Aime Murray-1866-1957) जुं धया दीकथं एरिस्टोटलया इले ग्रीक भाषाय् कवियात **'पोयेतस'** धाइगु, थुकिया अर्थ हे छुं बस्तुया अनुकरण याइह्म, तर अनुकरणया मतलब छुं थह्मं मदयेकुसे ल्ह्यया जक काइह्म मखु । अथे जूगुलिं एरिस्टोटलया काव्यशास्त्र धया त:गु मिमेसिसया अभिप्राय 'कल्पना छ्यला जीवनयात हाकनं दयेका क्यनेगु' ख: *(स्कट जेम्स्-दि मेकिङ् अफ लिटरेचर' )*



गिल्बर्ट

एरिस्टोटलं हे कविं याइगु अनुकरण स्वताय् छता जुइ फु धया त:गु दु – *'व गथे च्वं, उकियात गथे धयात:गु दु, अले व गथे जुइ मागु ख: ।'* अर्थात काव्ये स्वंगू प्रकारं अनुकरण जुइ फु- **छगूगु,** कविं खं कथं, **निगूगु,** गथे जुइ फुगु ख: अर्थात गथे सम्भव जू अथे, अले **स्वंगूगु,** गथे जुइ मागु ख: अर्थात आदर्श रूप मागु । थ्व स्वंगू मध्ये न्ह्यागु प्रकारया अनुकरण यासां कविं कल्पना छ्यले हे मा । फोटोग्राफरं क्यामरां तसबीर काइगु अनुकरण वा कार्बन पेपरं ल्ह्यया काइ थें जोगु अनुकरण एरिष्टोटल्या अनुकरण मखु *(एरिस्टोटलं प्रयोग यागु 'मिमेसिस' शब्दया अर्थ गथे ख: अथे अनुकरण यायेगु धयागु गलत अर्थ बिया एरिस्टोलं धाकथंया अनुकरण कल्पना मदुगु अनुकरण धाइपिं समालोचकपिं नं दु । प्रो. यदुनाथ खनालजुं* ***'समालोचनाको सिद्धान्त'*** *धयागु सफुली एरिस्टोटलया परिभाषायात आलोचना याना च्वया दिल- 'अनुकरणयात हे काव्य अथवा कला धायेगु जूसा चित्रकारं च्वइगु भिंगु चित्रसिकं हे फोटोग्राफरं कागु फोटोग्राफे मौलिक वस्तुया विशेष अनुकरण दई ।')* कल्पना शक्ति मछ्यसे काव्य हे जुइ फइ मखु ।

एरिस्टोटलं कवियात मेमेपिंनाप तुलना याना च्वया त:गु वाक्यं थ्व खँ भन स्पष्ट जुई । काव्य-शास्त्रे एरिस्टोटलं धयातल – *'कवि व इतिहासकार य्पागु छु धासा छह्मसिनं पद्ये च्वइ, मेह्मसिनं गद्ये ... ... छन्द दु व मदुगुलिं पाइगु मखु । धाथें हे पागु ला छक्हसिनं उजोगुया वर्णन याइ गुगु जुइ धुंकूगु, अले मेह्मसिनं उजोगुया वर्णन याइ गुगु जुइ फुगु । अथे जूगुलिं काव्ये दर्शनया तत्व अपो दइ ।'* कल्पना मदुगु वर्णन, गथे ख: अथे ल्ह्यया कया त:गु वर्णन इतिहास जुइ फु, काव्य मखु ।

प्राचीन साहित्ये ग्रीसे जक मखु मेथाय् नं अनुकरणया धारणा दु । भारतया संस्कृत साहित्ये नं फुक्क काव्ये मखुसां नाटके निं अनुकरणया विचार दु । **भरतं** थ:गु नाट्य शास्त्रे *'लोक स्वभावया अनुकरण यायेगु नाट्यया सत्य'* धया त:गु दु । तर संस्कृत साहित्यया समालोचकपिनि विचारकथं नाटके गुगु अनुकरण दु *'व नट कर्म ख, कवि कर्म मखु* *(डा.* ***नगेन्द्र*** *– अरस्तूका काव्य शास्त्र')* धयागु धारणा दु । उकिं हे अनुकरणया विचार नाटके जक ह्या मेमेगु काव्ये ह्या मत: ।

थौंकन्हेयाह्म सौन्दर्य शास्त्रया विशेषज्ञ इटालीया प्रसिद्ध समालोचक **क्रोचे**या मेगु हे सिद्धान्त दु । क्रोचेया विचारकथं कला मुख्य ला *'सहज अनुभूति ख:, थ्व अभिव्यक्तिं अलग जुइ फइ मखु ।'* कलाकारया मने थिइगु गुगु बस्तु दु उकियात क्यनेगु कला ख: । क्रोचेया विचारकथं सहज अनुभूति अर्थात मने दुनेया प्रक्रिया क्यनेगु ख:, प्रक्रिया वयेकीगु स्रोत वा बस्तुया चित्र बिइगु मखु । थह्मं खंगु बस्तु क्यनेगु मखु, बस्तुं थ:गु मने ह:गु प्रतिक्रिया कविं क्यनी ।

मेगु खँ एरिस्टोटलं *'अनुकरणं सकसितं आनन्द वई'* धका गुगु धया दिल उकिं एरिस्टोटलया धारणा काव्यया मूल उद्देश्य आनन्द बिइगु धयागु खने दु । ख जा काव्यया दकले उत्कृष्ट रूप धका एरिस्टोटलं कया त:गु त्रासदिइ

मनूया मनोवेगया विरेचन याइगु खँ धया तःगु नं दु। कमदीं मनूया द्वं खिना क्यना शिक्षा बिइ। थुकथं काव्यया शिक्षा बिइगु उद्देश्य नं मदुगु ला मखु, तर मूल उद्देश्य छुं विशिष्ट आनन्द बिइगु खः। काव्य शास्त्रे च्वया तःगु दु – *'प्रत्येक कलां छुं संजोगं वइगु मखु बरु छुं विशिष्ट आनन्द सृष्टि याइगु खः।'* काव्यया नैतिकतानाप छु सम्बन्ध दु धयागु खँ समालोचना शास्त्रया छगू मौलिक प्रश्न खः। एरिस्टोटलं नं नैतिक पक्ष तोते मफु, अथेसां काव्यया मूल्य बा मूल सार नैतिकता मखु, आनन्द खः धयागु वया विचार। अथे जूगुलिं काव्यया दकले बांलागु रूप त्रासदिं ला झन अपो आनन्द बिइ फयेमा। त्रासदिया विवेचना यासे एरिस्टोटलं उकी सुं तःधंह्म झीसं भिंह्म नमुना धाइह्म मनूया पतन क्यने मा धया तल। नैतिक भावना थनेगु हे जक काव्यया उद्देश्य खःसा मभिंह्म मनूया पतन क्यंसां जिउगु खः। तर एरिस्टोटलं धया तल – *'सुं छह्म तस्सकं मभिंह्म मनूया पतन क्यनेगु ठीक मजू– थ्वजोगु कथानक कायेबेले नैतिक भावना थनेगु ज्या जक जुइ; तर करुणा बा त्रास पिकाये फइ मखु।'*



माओ

काव्यया मूल उद्देश्य नैतिक मखयेफु। अथे धका हाकनं काव्यं बिइगु विशेष आनन्द अनैतिक झन जुइ मजिउ। समाजयात स्यंकीगु, जनतायात क्वाइगु, मखुगु लँ क्यनीगु साहित्ये कला गुलि ग्यसु लात, गुलि आनन्द बिइ फइगु व प्रभाव लाके फुगु जुल, उगु साहित्य झन उलि हे ग्यानापु। नैतिक दृष्टिं तस्सकं मभिंगु कलाकृतिइ नं आनन्द बिइगु कलात्मक गुण दये फु। छुं कला वा साहित्यया कृतिया *'खँ गुलि गुलि अपो प्रतिक्रियावादी जुया नापं तुं कलात्मक गुण यक्को च्वन्ह्यात उकिं उलि अपो जनतायात विषाक्त याई, थ्वजोगु कृतियात झीसं तोते मागु झन आवश्यक'* (**माओ चेतुङ्ग**– *येनाने जूगु साहित्य–कला गोष्ठीइ भाषण*) । काव्यया आनन्द अनैतिक जुइ मजिउ धयागु धारणा एरिस्टोटलया नं खः। **एरिस्टोटलं** काव्य शास्त्रे धया तःकथं त्रासदिइ *'सुं दुष्ट पात्रयात विपत्तिं सम्पत्तिइ थहाँ वंगु चित्रण नं तये मजिउ। छाय् धासा त्रासदिया आत्मायात थुकिसिकं अपो प्रतिकूल मेगु छुं हे स्थिति दये फइ मखु ... ... थुकिं न नैतिक भावनायात थने फई, न करुणा व त्रास हे पिकाये फई।'* थुकिं क्यं भिंगु काव्यया प्रभाव नैतिक भावना थकायेगु नं जुइमा, बरु प्रत्यक्ष हे मखुसां, धयागु विचार एरिस्टोटलया खने दु। एरिस्टोटलं काव्यया नैतिक उद्देश्य हे मदु धागु मखु, खालि नैतिकतायात मूल उद्देश्य हे जक मधागु खः। **'कला कलाया निम्तिं'** धयागु सिद्धान्तया समर्थक एरिस्टोटल मखु। एरिस्टोटलं नैतिक पक्षयात कया विशेष जोड मबिउगुलिं एरिस्टोटलया धारणा 'कला कलाया निम्तिं धयागु खः' धाइपिं समालोचकपिसं एरिस्टोटलयात बांलाक मथूगु हे जक खः। *(थ्वजोकथं एरिस्टोटलया गलत अर्थ प्रो. यदुनाथ खनालं नं याना दीगु दु। **'समालोचनाको सिद्धान्त'** सफुली वयूकलं च्वया दिल– 'कला कलाया निम्तिं' धयागु सिद्धान्तया पक्ष काइह्म प्लेटोया शिष्य एरिस्टोटल नं छह्म खः।)*

x x x

काव्ययात अनुकरण माने याना उकिया मूल उद्देश्य आनन्द बिइगु धका एरिस्टोटलं धया तःगुलिं छता प्रश्न वइगु जुल। त्रासदि ला दर्शकपिनि मने दया व त्रास हइगु काव्य खः, अर्थात थुकिं हइगु मुख्य भाव करुण रस खः। दया व त्रास नितां दर्शकयात नुगः मछिंका बिइगु भावना खः, अले थ्वजोगु भावनां गथे आनन्द बिइ ? हानं त्रासदि 'दकले उत्कृष्ट काव्य' जूगुलिं थुकिं झन विशिष्ट आनन्द बिइ माल। थ्व गुकथं सम्भव जुइ ? थुकिया लिसले एरिस्टोटलं थःगु प्रसिद्ध विरेचन-सिद्धान्त बिउगु खः।

एरिस्टोटलं क्यना तःकथं त्रासदिइ मनूया छुं ज्याया अनुकरण क्यना तइ, उकिया कथानके सुं छह्म नायकया पतन क्यनी। दर्शकं प्रशंसा याइह्म ययेकीह्म मनूया कष्ट खना अमि मने करुणा दना वई। थः जोपिनि बा थः सिकं बमलापिनि कष्ट खनीबेले मनूया मने करुणा बा दया जक वइ, तर थह्मं श्रद्धा यानाह्म मनुखं कष्ट सिउगु खनीबेले त्रास नं वइ, थपाय्धंह्मसिया थ्व गति जूसा जि छु जुइ धका छगू त्रासया भावना छत्थुं दना वइ। करुणा व त्रास निगू भावना छकोलं नापनापं वइबेले थ्व मनोविकारया विरेचन जुइ। गुकथं गथे 'विरेचन' जुइगु खः उकिया व्याख्या एरिस्टोटलं याना तःगु मदु, छगू हे जक वाक्ये थ्व खँ च्वया तल– *'त्रासदि छुं गम्भीर, थः हे पूर्णगु ... ...छुं ज्याया अनुकृति खः ... ... गुगुलिं करुणा व त्रास पिकया थ्व मनोवेगया विरेचन याई।'* एरिस्टोटलं हे प्रयोग यागु ग्रीक शब्द **क्याथार्सिस्** (catharsis) खः गुगुयात झीसं 'विरेचन' धका अनुवाद याना।

'क्याथार्सिस्' शब्द एरिस्टोटल सिकं न्ह्यो नं ग्रीक भाषाय् प्रयोग जू, तर साहित्यिक समालोचनाय् न्हापालाक्क थ्व हःह्म एरिस्टोटल हे। गुगु अर्थे थ्व शब्द छ्यला तःगु खः धका सीकेत एरिस्टोटलं थ्व हे शब्द मेमेथाय् नं प्रयोग याना तःगु नं स्वये बह जू। मेगु छगू सफुली छु छु उद्देश्य सिद्ध यायेत संगीत स्यनेमा धका नां कया हःवेले छता थ्व हे 'क्याथार्सिस' या निम्तिं

धया तल। उगु वाक्य बांलाक ब्वनेबेले सिइ दु क्याथार्सिसं वइगु आनन्द 'मनोविनोद' मखु *(एरिस्टोटलं 'पोलिटिक्स' नांया सफुली थथे च्वया तल 'संगीत छगू जक मखु अनेक उद्देश्यया सिद्धि लाकेत स्यनेमा- छता शिक्षाया निम्तिं, मेगु क्याथार्सिस् (विरेचन वा शुद्धीकरण) या निंतिं, अले हानं संगीतं ... ... आनन्द नं बिउ, थुकिं परिश्रम धुंका मनोविनोद बिइ। थुकथं स्पष्ट जू एरिस्टोटलं धागु क्याथार्सिसं वइगु आनन्द मनोविनोद मखु, छाय् धासा मनोविनोदयात अलग हे हाकनं न्ह्यथना तःगु दु)*। एरिस्टोटलं छु विशेष अर्थे थ्व शब्द प्रयोग यात, तर सामान्य अर्थे ग्रीक भाषाय् चिकित्सा शास्त्रे (वैद्य शास्त्रे) थ्व शब्द यक्को प्रयोग जू, अन 'क्याथार्सिस' या अर्थ अंग्रेजीया **पर्गेशन्** थें हे अर्थात छु वासःनया शरीरया मभिंगु पदार्थ वांछ्वया शरीर-व्यवस्थायात शुद्ध व स्वस्थ तया तयेगु।

एरिस्टोटलं 'क्याथार्सिस' शब्द प्रयोग यागुया अर्थ छु धका अनेक अनुमान, अनेक तर्कवितर्क पिहाँ वल। छता विचार दु *(थुगु विचार प्रो. गिल्बर्ट मरेयागु खः)* 'करुणा व त्रासया भाव थना' विरेचन हइगु जुसेंलि थुकिया अर्थ पिनें उत्तेजना हया लिपा उकियात शमन याना हइगु आत्माया शुद्धि व शान्ति। छु धार्मिक प्रायश्चित याना आत्माया शुद्धीकरण यायेगु थेंजोगु अर्थ खः।

विरेचनया अर्थ अथे पापमोचन यायेकथं यागु जूसा मनूत विरेचनया निंतिं प्याखं सो वयेमागु छाय् ? छु मन्दिर, तीर्थ स्थल वंसा जिउ, कि त प्याखं क्यनेगु दबूयात हे सुं देव देवीया मन्दिर धाये माल। अथे जूगुलिं विरेचनयात पूरा धार्मिक अर्थ बिइ मछिं। हानं पापमोचन हे उद्देश्य कायेबेले काव्यया मूल उद्देश्य कलात्मक मजुसे धार्मिक जू वनी।

मेहम छहम समालोचकं जर्मन विद्वान **वारनेज** एरिस्टोटलया वाक्यत विवेचना याना विरेचन धयागु नैतिक विरेचन खः धका धया तल। मनया विकारतयुत मदयेका बिउगु विरेचन खः धयागु उहम समालोचकया विचार खः। करुणा व भय नितां थ्वजोगु मनोवेग खः गुगुलिं नुगः मछिंकी। त्रासदिइ दबुली क्यनीगु दृश्यतय् पाखें दर्शकया मने च्वंगु विकारयात उत्तेजित याना अले हाकनं शमन याई, अले थुकिं वइगु मनया शान्ति व सामंजस्य हे विरेचनया फल खः। मने च्वंगु मनोविकारयात मस्यंकीगु माध्यमं समंजन यायेगु हे विरेचन ख। *(प्रसिद्ध अंग्रेजी नाटककार **जर्ज बर्नार्ड शाया** विचारकथं त्रासदि जक मखु फुक्क नाटकं हे दर्शकयात शिक्षा बिइ। थहमं यानागु पाप व अपराध दबुली पात्रतसें हिमता क्यंगु खनीबेले मनया विरेचन जुई। थेटर हःले दर्शकत पाप याना तःपिं थःगु पापया वर्णन जुइबेले थें ग्याग्यां स्वया च्वनी।*

*छता विचा याये मागु खँ - शाया विचार गुलितक ठीक जू ? थःत ब्याफा न्वाका शिक्षा कायेत मनुखं प्याखं स्वइगु मखु, आनन्द कायेत खः।)*

मेगु छगू विचार दु, एरिस्टोटलं काव्यया मूल उद्देश्य आनन्द बिइगु धयातःगु दु, अले हानं काव्यया दकले उत्कृष्ट प्रकार त्रासदिइ ला भन विशिष्ट आनन्द बिइ माल। कलात्मक सन्तुष्टि बिया आनन्द बिइगु काव्यं त्रासदिया विरेचनयात नं कलात्मक व्याख्या बिइ मा। 'क्याथार्सिस' शब्द चिकित्सा शास्त्रे वोगु जुइवं उगु हे अर्थ जक विरेचनया व्याख्या यायेगु एरिस्टोटलया अभिप्राय मथूगु खः। एरिस्टोटलया विचारकथं काव्यया उद्देश्य नैतिक नं खःसां मूल उद्देश्य नैतिक मखु धका च्वय् हे थ्व अध्याये भीसं विवेचना यानागु खः। एरिस्टोटलया विरेचन सिद्धान्तयात कलात्मक व्याख्या हे बिइमा, धार्मिक व नैतिक मखु। प्रो. **बुचरं** धया दीकथं विरेचन *'खालि मनोविज्ञान अथवा निदान-शास्त्रया छगू तथ्यया जक बाचक मखु, छगू कला सिद्धान्तया अभिव्यंजक थ्व खः।'* विरेचन कलात्मक सन्तुष्टि बिइगु खः। मनया आवेगयात उत्तेजित याना अले उकियात शमन यायेबेले मने शान्ति वई। थ्व हे विरेचनया मूल सार खः। विरेचनं भावनाया शुद्धि व परिष्करण यायेगु ज्या नं याई, तर विरेचनया मूल सार मने शान्ति हयेगु खः, कलात्मक सन्तुष्टि बिइगु खः। मनोविकारयात थना बिया अले लिपा हानं उकियात शमन यायेबेले वइगु मनया शान्ति हे जकयात विरेचन धका एरिस्टोटलं धागु खने दु।

करुणा व त्रास निगू भावनां गथे मनोविकारया विरेचन याई धयागु खँया मनोवैज्ञानिक विश्लेषण व व्याख्या प्रसिद्ध समालोचक **आई. ए. रिचार्डसं** याना दीगु दु *(आई. ए. रिचार्डस् साहित्यिक समालोचनाया सिद्धान्त)*। परस्पर विपरीत प्रवृतिया समन्वय व सन्तुलनं भीत छगू छु निश्चित आवेगं सिकं अपो संका बिउ। त्रासदि हइगु मुख्य निगू भावना वा प्रेरणा, अर्थात करुण रस व त्रास ठीक अः खःगु प्रवृत्ति खः। गुगु बस्तु बा मनुखं भीके करुणा थना बिइगु खः करुणां भीत उगु बस्तु बा मनू पाखे साला काइ, त्रास व भयं भीत तापाक छ्वइ। करुणां आकर्षण याइ, भयं विकर्षण। थ्व निगू प्रेरणाया संयोग विरेचन खः। **करुणा व त्रास ठीक उल्टा प्रवृत्ति खः**। करुणाया थासे दुःख तःसां वा त्रासया थासे भयावह वा विभत्स तःसां ठीक उल्टा जुइ मखु। निता उल्टा प्रवृत्तिं निखे सालीबेले ताल्जुइ निखे निगु शक्तिं सालीथें जुई, थ्व निगूया तौल उतिकं जुल धायेव पूरा सन्तुलन जुइ। ताल्जु छतिं मसंसे स्थिर च्वनी थें करुणा व त्रासया प्रभावं सन्तुलन वई, समंजन वई। अन्तर्वृत्तिया थ्व समञ्जन हे विरेचन खः। **(कथहं)**

# भक्तपुर नगरपालिका कार्यपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बैठक भक्तपुर नपा वडा नं. २ ब्यासीस्थित नगरपालिकाको कार्यालय भवनमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ ।

## बैठक सङ्ख्या–५३

### मिति २०८० चैत्र २१ गते, बुधबार

**उपस्थिति**

| | | |
|---|---|---|
| १. | प्रमुख श्री सुनिल प्रजापति | उपस्थित |
| २. | उपप्रमुख श्री रजनी जोशी | ऐ |
| ३. | वडाध्यक्ष श्री श्यामकृष्ण खत्री | ऐ |
| ४. | वडाध्यक्ष श्री हरिप्रसाद बासुकला | ऐ |
| ५. | वडाध्यक्ष श्री राजकृष्ण गोरा | ऐ |
| ६. | वडाध्यक्ष श्री उपेन्द्र सुवाल | ऐ |
| ७. | वडाध्यक्ष श्री योगेन्द्रमान बिजुक्छेँ | ऐ |
| ८. | वडाध्यक्ष श्री हरिराम सुवाल | ऐ |
| ९. | वडाध्यक्ष श्री उकेश कवां | ऐ |
| १०. | वडाध्यक्ष श्री कृष्णप्रसाद कोजु | ऐ |
| ११. | वडाध्यक्ष श्री रविन्द्र ज्याख्व | ऐ |
| १२. | वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा | ऐ |
| १३. | कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल | ऐ |
| १४. | कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) | ऐ |
| १५. | कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) | ऐ |
| १६. | कार्यपालिका सदस्य श्री कृष्णप्यारी भुजु | ऐ |
| १७. | कार्यपालिका सदस्य श्री रञ्जना त्वाती | ऐ |
| १८. | प्रमुख प्रशासकीय अधिकृत श्री वसन्त भट्टराई | ऐ |

## निर्णयहरू

### खुला गुँला बाजा प्रतियोगिता

भक्तपुर नगरपालिकाको आयोजनामा यस वर्ष २०८१ वैशाख २२ गते शनिवार खुला गुँला बाजा प्रतियोगिता सञ्चालन गर्ने र उक्त प्रतियोगितामा उत्कृष्ट हुने टोलीहरूलाई देहाय बमोजिम नगद (करबाहेक) तथा वाद्य सामग्रीहरू पुरस्कार वितरण गर्ने निर्णय गरियो :

**प्रथम पुरस्कार** : नगद रु. ४०,०००।- र बाजा
**दोश्रो पुरस्कार** : नगद रु. ३०,०००।-
**तेश्रो पुरस्कार** : नगद रु.२५,०००।-
**सान्त्वना पुरस्कार** : नगद रु.२०,०००।- दुई वटा समूहसम्म

प्रत्येक सहभागी टोलीलाई खाजा खर्च वापत नगद रु. ३०००।-

### विस्का जात्रा सद्भाव र्‍याली र सभा

यस वर्षको विस्का जात्रा भव्य र मर्यादित रूपमा मनाउन आग्रह गर्दै नगरपालिकाको आयोजनामा मिति २०८० चैत्र २७ गते दत्तात्रय र भार्वाचोबाट सद्भाव र्‍याली र तौमढीमा सद्भाव सभा आयोजना गर्ने निर्णय गरियो ।

उक्त सद्भाव र्‍यालीमा भक्तपुरस्थित सबै सरकारी कार्यालयहरू, सुरक्षा निकायहरू, अस्पताल, रेडक्रस, स्काउट, खेलाडी, विद्यालय, कलेज, सहकारी संस्था, सांस्कृतिक समूह, क्लव, पुस्तकालयलगायत सरोकारवाला सबैलाई आमन्त्रणका लागि पत्राचार गर्ने निर्णय गरियो ।

साथै जात्रा सभ्य रूपमा सञ्चालन गर्न आह्वान गर्दै पर्चा प्रकाशन गर्ने ।

### समितिको निर्णय अनुमोदन

देहायका समितिका देहायका निर्णय अनुमोदन गर्ने निर्णय गरियो :

**युवा तथा खेलकुद समिति**

मिति २०८०।१२।१६ गते

**१.** भक्तपुर युवा टीमको आयोजनामा २०८० फागुन १८–२६ गतेसम्म भएको दोश्रो भक्तपुर खुला फुटबल प्रतियोगिताको लागि रु.३०,०००।- (अक्षेरूपी रु.तीस हजार) **आर्थिक सहयोग** गर्ने निर्णय गरियो ।

**२.** भक्तपुर नगरपालिबाट नयाँ वर्ष २०८१ को अवसरमा भक्तपुर जिल्लाबाट विभिन्न खेल प्रतियोगितामा सहभागी भई पदक प्राप्त गर्नु भएका वर्षको उत्कृष्ट पुरुष तथा महिला **खेलाडीहरूलाई बधाई** तथा रीष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा रेफ्री, निर्णायकमा उत्तीर्ण हुन सफल भएकाहरूलाई सम्मान कार्यक्रम २०८१ जेष्ठ ५ गते, शनिवार गर्ने निर्णय गरियो ।

**वातावरण तथा पर्यटन समिति**

मिति २०८० ।१२ ।५ गते

**१.** रिकिशी कम्पोष्ट प्रा.लि.बाट सम्झौता नवीकरण गरी पाऊँ भन्ने सम्बन्धमा छलफल हुँदा जैविकबाट कम्पोष्ट मल उत्पादन गर्न प्रविधि र प्राविधिक उपलब्ध गराउन २०८१ असार मसान्तसम्म **सम्झौत नवीकरण** गर्ने निर्णय गरियो ।

**२.** चालू आ.व. २०८०/०८१ का लागि सङ्घीय सरकारबाट सशर्त बजेट शीर्षकमा प्राप्त रु. ८ लाख (अक्षेरुपी आठ लाख) रुपैयाँको **इन्डक्शन हिटर खरिद** गर्ने निर्णय गरियो ।

**३.** नगरमा सञ्चालित सवारी साधनहरू मर्मत गर्नको लागि **वर्कसप स्थापना** गरी आवश्यक जनशक्ति व्यवस्था गर्ने निर्णय गरियो ।

**४.** वडा नं. ८ लिवालीस्थित खुला क्षेत्रमा अस्थायी टहरा निर्माण भइरहेको क्षेत्रमा यस कार्यालयबाट नर्सरी विकास गर्ने कार्य समेत भइरहेकोलाई **नर्सरी थप व्यवस्थित** गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति**

मिति २०८० ।१२ ।४ गते

**१.** भक्तपुर नगरपालिकालाई सङ्घ तथा प्रदेश सरकारमार्फत प्राप्त हुने **स्वास्थ्य सम्बन्धी सशर्त कार्यक्रमहरू** यही २०८० चैत्र १५ गतेदेखि नगरपालिकाद्वारा सञ्चालित सहरी स्वास्थ्य केन्द्रहरूमार्फत सञ्चालन गर्ने र उक्त कार्यक्रम गर्न ख्वप अस्पतालका चिकित्सक डा. रत्न सुन्दर लासिवालाई जिम्मेवारी दिने निर्णय गरियो ।

**२.** भक्तपुर नगरवासी युवाहरूलाई लक्षित गरी ख्वप बहुप्राविधिक अध्ययन संस्थानबाट जग्गा नापजाँच, काष्ठ कला तथा डकर्मी तालिम सम्बन्धी प्रस्तावनाहरू पेश गरेकोमा ती प्रस्तावहरूलाई स्वीकृत गरी **तालिम सञ्चालन**को जिम्मेवारी संस्थानलाई दिने र उल्लेखित तालिम सञ्चालनको प्रशिक्षार्थी आह्वान गर्ने सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

**कृषि समिति**

मिति २०८० ।१२ ।१६ गते

भक्तपुर नगरका कृषकहरूलाई साविक अनुसार ५० प्रतिशत **अनुदान रकममा कृषि चुन वितरण** गर्न वडा/वडामा पत्राचार गरी जानकारी गराउने निर्णय गरियो ।

मिति २०८० ।१२ ।२१ गते

बजार अनुगमनमा सहभागी भएका महानुभावहरूलाई **चिया खर्च** वितरण गर्नको लागि बजार अनुगमन समितिका सदस्य रिता फसिकवालाई रु.१,००,०००।- (अक्षेरेपी एक लाख) पेश्की उपलब्ध गराउने निर्णय गरियो ।

**महिला बालबालिका तथा समाज कल्याण समिति**

मिति २०८० ।१२ ।२० गते

आ.व. २०८०/०८१ को सामाजिक सुरक्षा भत्ता अन्तर्गत तेश्रो त्रैमासिक (२०८० माघ, फागुन र चैत्र) तीन महिनाको **सामाजिक सुरक्षा तथा आर्थिक सहायता**को रकम वितरण मिति २०८० चैत्र २५ गतेदेखि वितरण गर्ने निर्णय गरियो ।

**आर्थिक तथा लेखा समिति**

मिति २०८० ।६ ।८ गते

भ.न.पा. वडा नं. ४ मा सञ्चालित पानस बचत तथा ऋण सहकारी संस्था लि., र वडा नं. १ मा सञ्चालित च्वङ्गा गणेश बचत तथा ऋण सहकारी संस्थालाई सहकारी मूल्य मान्यता विपरित सञ्चालन गरिरहेको हुँदा क्रमशः प्रतिसहकारी रु.५०,०००।- (अक्षेरेपी रु. पचास हजार) **जरिवाना गर्ने** निर्णय गरियो ।

मिति २०८० ।१२ ।१२ गते

भ.न.पा.बाट ६७ औँ राष्ट्रिय **सहकारी दिवस** प्रमुख अतिथि श्री नारायणमान बिजुक्छेँ (रोहित) ज्यूको प्रमुख आतिथ्यमा सहकारी सम्बन्धी प्रवचन कार्यक्रम गरी मनाउने निर्णय गरियो ।

मिति २०८० ।१२ ।१९ गते

भक्तपुर नगरपालिकाबाट सञ्चालित भक्तपुर क्राफ्ट लि. लाई सुचारु रूपले सञ्चालन गर्न भक्तपुर क्राफ्ट लि. का.क. सचिव श्री गणेशलाल फोजुले पेश गरेको **कार्य योजना स्वीकृत** गर्ने निर्णय गरियो ।

आफू बस्ने घर, चोक, टोल र नगर
हाम्रो लागि हामी आफै सफा गरौं ।
सफाइ गर्दा इज्जत घट्दैन
बरु सभ्य भइन्छ र
रोगबाट समेत मुक्त हुन्छ ।

## निर्माण समिति

मिति २०८० ।१२ ।१९

| क.सं. | योजनाकाविवरण | वडा नं. | बजेटशीर्षक | ल.ई.रकम | रि ल.ई./कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजना को अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क) | ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | |
| १ | भनपा १० मा डिप बारिङ खानेपानी आयोजना (पहिलो चरण : Setting of Machine & Equipment / Boring and Testing) | १ | बाग्मती प्रदेश ससर्त अनुदानं भनपाको खानेपानी पूर्वाधार विकास | ३,९३८,३६६।१६ | | | | | | | | भनपाले लिजमालिएको सिलखेस्थित जग्गामाबोरिङ गर्ने |
| २ | नगर प्रहरी कार्यालयमा रङ्गरोगन कार्य | १ | मर्मत | १४०,७४१।१८ | | | | | | | | |
| ३ | पर्यटक शौचालय मर्मत कार्य | ३ | मर्मत | २९०,३८०।९६ | | | | | | | | |
| ४ | बिस्का जात्राको लागिथप सीसीटीभीक्यामेरा (निगरानी) जडानकार्य | नपा | मर्मत | ४८२,४६३।४४ | | | | | | | | |
| ५ | सहिद स्मृति खेल मैदानको घेराबारमा रङ्गरोगन कार्य | २ | मर्मत | ९९,३५९।८५ | | | | | | | | |
| ६ | कमलविनायक बसपार्कमा सडक बत्ती जडानकार्य | १० | मर्मत | १२२,५११।३५ | | | | | | | | |
| ७ | मिनिबस पार्कस्थित नगर प्रहरीको कार्यालयमा सीसीटीभी( निगरानी) जडानकार्य | १ | मर्मत | २१०,२३०।९१ | | | | | | | | |
| ८ | वंशगोपाल पाटी पुन:निर्माण कार्य | ३ | नपा | २,५८४,३८४।७० | | | | | | | | |
| ख) | उपभोक्ता समिति स्वीकृति सम्बन्धमा | | | | | | | | | | | |
| १ | तुमचो दुगुरे, चोखाप्लानिङ र कमलविनायक प्लानिङ पीच मर्मत कार्य | ९, १० | मर्मत | २६७,४३७।९६ | | | उ.स.अ. : श्री बाबुकाजीगोसाई अ.स.स. : श्री रविन्द्र ज्याख्व | | | | | |
| २ | सीसीटीभीतथा सडक बत्ती जडानकार्य, पसिखेल क्षेत्र | ५, ७ | मर्मत | ६११,७८२।९२ | | | उ.स.अ. : श्री हरिकृष्ण दनेगुलु अ.स.स. : श्री नारायणप्रसाद त्वानाबासु | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | तापालाछि पाटी पुन:निर्माण कार्य | २ | नपा | १,८९८,४५०।५७ | | | उ.स.अ. : श्री ज्ञानेन्द्र मानन्धर<br>अ.स.स. : श्री श्यामसुन्दर मातां | | | | | |
| ४ | वंशगोपाल पाटी पुन:निर्माण कार्य | ३ | नपा | २,५८४,३८४।१० | | | उ.स.अ. : श्री रामसुन्दर खाताखो<br>अ.स.स. : श्री कृष्णगोपाल चौगुठी | | | | | |
| ग) | रि.ल.ई. स्वीकृति, पेश्की फछ्र्यौंट तथाभुक्तानी सम्वन्धमा | | | | | | | | | | | |
| १ | सिचु फल्चा पुन:निर्माण | ५ | नपा | ५,२१०,११०।३६ | | १,३००,०००।०० | १,९५७,६३४।०० | ६५७,६३४।०० | २,२९५,८८०।८५ | सम्पन्न | पूर्णगोपाल राजचल | दोस्रो पे.फ. गरी रू. ११,३१,२०६।- भुक्तानीदिने |
| | | | | | | ६५०,०००।०० | १,७८१,२०६।०० | १,१३१,२०६।०० | २,६१८,८९७७५ | | | |
| | | | | | | १,९५०,०००।०० | ३,७३८,८४०।०० | १,७८८,८४०।०० | ४,९१४,७७८।६० | | | |
| २ | लक्ष्मीनरसिहं मन्दिर पुन:निर्माण ( चौथो चरण) | ४ | नपा | ८,७७८,३०२।९३ | | २,८००,०००।०० | ४,६९३,२६०।९० | १,८९३,२६०।९० | ५,१०३,२९७।३० | आंशिक सम्पन्न | कुमार चवाल | |
| ३ | छुमा गणेश द्य:छैं पुन:निर्माण | ६ | नपा | ८,७९३,६२७।५६ | | ६५०,०००।०० | ६९४,२६५।८० | ४४,२६५।८० | ७७९,०२।८३ | आंशिक सम्पन्न | हरिशरण अवाल | तेस्रो पे.फ. गरी रू. १५,७६,५१०।- भुक्तानीदिने र २०८१ असार मसान्तसम्म म्यादथप गर्ने |
| | | | | | | १,५००,०००।०० | २,१६१,६३२।०० | ६६१,६३२।०० | २,५७९,७९६।३५ | | | |
| | | | | | | १,६५०,०००।०० | ३,२२६,५१०।०० | १,५७६,५१०।०० | ४,०३६,६८०।७५ | | | |
| | | | | | | ३,८००,०००।०० | ६,०८२,४०७।८० | २,२८२,४०७।८० | ७,३९६,३७९।९३ | | | |
| ४ | तुमचो स्थित पानी ट्याङ्कीनिर्माण | ९ | तुमचो स्थित पानी ट्याङ्की | ७,०००,०००।०० | ६,९१९,६१०।५५ | २,३००,०००।०० | २,९७५,७०८।०० | ६७५,७०८।०० | ३,०००,८२९।६३ | सम्पन्न | विष्णुरा मदुमरू | Sand Filler को सट्टा MN02 Filter Mediaसमेत प्रयोग गरिएको र सोको प्राप्त कोटेशनहरूमध्येबाट |
| | | | | | | २,३००,०००।०० | १,०१३,८७३।२८ | | १,१०२,५२०।०३ | | | |
| | | | | | | ४,६००,०००।०० | ३,९८९,५८१।२८ | ६७५,७०८।०० | ४,१०३,३४९।६६ | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | न्यूनतम रेटलाई MN02 Filter Media समेतको लागि ल.ई. कायम गरिएको । |
| ५ | दुमलाचा ढुङ्गा छपाइ बाटो मर्मत कार्य | ४ | सडक बोर्ड नेपाल + नपा | १,३३५, ०४५।८ ५ | | ३८०, ०००। ०० | १,२५०, २६५।१० | ८७०,२ ६५।१० | १,५४८, ८१३।०३ | सम्पन्न | पुरूषोत्त मजाकिं बञ्जार | |
| ६ | चुपिंगघाटदेखि वडा कार्यालय हुँदै टौमढीसम्मको ढुङ्गा छपाइ बाटो मर्मत कार्य | ५ | सडक बोर्ड नेपाल + नपा | १,३२७, ५८०।५ ८ | | ३८०, ०००। ०० | १,२३०, ९८४।१ ४ | ८५०,९ ८४।१४ | १,४५२, ५५८।२ २ | सम्पन्न | रामेश्वर मचामस ी | |
| ७ | जगाती ढलाँचा बाटो स्तरोन्नति | ८ | सडक बोर्ड नेपाल + नपा | १,३३९, ९८५।३ ४ | | ३८०, ०००। ०० | १,२३५,१ २८।४० | ८५५,१ २८।४० | १,५६६, ०७२।६५ | सम्पन्न | नारायण कपाली | |
| ८ | भनपा १ देखि १० सम्म विभिन्न नियमित मर्मत कार्यहरू (२०८० माघ महिना) | १-१ ० | मर्मत | ९९,८६ ७।१५ | | | ९३,९० ०।०० ( ज्यालाम ात्र) | ९३,९० ०।०० ( ज्यालाम ात्र) | ९८,५७ ५।७७ | सम्पन्न | अमानत ( राधेश्या म भैनात्व) | सामान पुरानाप्रय ोग भएको र रू. ९३,९००। ०० ज्यालाभुत्त ानी गर्ने |
| ९ | भनपा १ देखि १० सम्म विभिन्न नियमित मर्मत कार्यहरू (२०८० फागुन महिना) | १-१ ० | मर्मत | ७९,०७ १।३६ | | सामान तर्फ | २,२८७। १० | २,२८७। १० | २,२८७। १० | सम्पन्न | अमानत ( राधेश्या म भैनात्व) | जिन्सीउप शाखाबा ट सामानप्रा प्तभएको र रू. ६२,४००। ०० ज्यालाभुत्त ानी गर्ने |
| | | | | | | ज्याला तर्फ | ६२,४० ०।०० | ६२,४० ०।०० | ७३,५१० ।२६ | | | |
| | | | | | | जम्मा | ६४,६८ ७।१० | ६४,६८ ७।१० | ७५,७९ ७।३६ | | | |
| १० | १२"X१६" साइजको रेनइनलेट कभर बनाउने कार्य | नपा | मर्मत | ९८,९८ ६।७२ | | सामान तर्फ | ६७,५० ५।१८ | ६७,५० ५।१८ | ६७,५० ५।१८ | सम्पन्न | अमानत (सुरेन्द्र नकर्मी) | जिन्सीउप शाखाबा ट सामानप्रा प्तभएको र रू. १९,२००। - ज्याला भुक्तानी गर्ने |
| | | | | | | ज्याला तर्फ | १९,२० ०।०० | १९,२० ०।०० | २८,०७ ७।६२ | | | |
| | | | | | | जम्मा | ८६,७० ५।१८ | ८६,७० ५।१८ | ९५,५८ २।८० | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | भनपाको प्रेस शाखाको पर्खालमा काँडेतार फेन्सिङ गर्ने कार्य | २ | मर्मत | ८६,२९१।११ | | २५,००१०० | ७६,९२०।०० | ५१,९२०।०० | ८०,८०६।५० | सम्पन्न | अमानत (लक्ष्मण सुवाल) | |
| १२ | भार्वाचो, टौमढी, दत्तात्रयसम्मको सीसीटीभी निगरानी प्रणाली मर्मत कार्य | नपा | मर्मत | ३१५,५८८।२८ | | | २००,१२३।०० | २००,१२३।०० | २४९,८२५।४६ | सम्पन्न | Reboot Technology Pvt. Ltd., Kathmandu | |
| घ) | **Mobile Toilet** को ल.ई. सम्बन्धमा | | | | | | | | | | | |
| १ | भ.न.पा.को गाडी नं. मा घुम्ती शौचालय (Mobile Toilet) निर्माण कार्यका लागि प्राप्त भएका देहायको कोटेशनहरू अनुसार तीन ओटा कोटेशनको औसत अङ्क रू. ९,९९,१८४।०० देखिएकोले सो शौचालय निर्माणको लागि रू. ९,९९,१८४।०० को ल.ई. स्वीकृति गर्ने । साथै सो योजनाको लागि आवश्यक खर्च अन्य सार्वजनिक निर्माण बजेट शीर्षकबाट व्यहोने निर्णय गरियो । | | | | | | | | | | | |

| क.सं | कोटेशनदाताको नाम | प्राप्त भएको दररेट (रू.) |
|---|---|---|
| १ | BB Engineering Pvt. Ltd. | ९९९,४८५।०० |
| २ | विश्वकर्मा अटो वर्कशप | ९९९,१४६।०० |
| ३ | जगदम्बाअटो वर्कशप | ९९८,९२०।०० |

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

**क. ख्वप टेलिभिजन** व्यवस्थापन तथा सञ्चालक समितिका अध्यक्ष, स्टेशन इन्चार्ज र लेखा शाखा प्रमुखको संयुक्त हस्ताक्षरबाट नेपाल बैङ्क लि.मा खाता खोल्ने र खाता सञ्चालनको क्रममा व्यवस्थापन तथा सञ्चालक समितिको अध्यक्ष श्री सुनिल प्रजापतिको हस्ताक्षर अनिवार्य र स्टेशन इन्चार्ज र लेखा शाखा प्रमुखमध्ये एकको हस्ताक्षरबाट खाता सञ्चालन गर्ने निर्णय गरियो ।

**ख. ख्वप टेलिभिजन परीक्षण प्रसारण**को लागि आवश्यक उपकरण खरिद गर्न ख्वप इन्जिनियरिङ कलेजबाट स्फेसिफिकेशन र लागत इष्टिमेट माग गर्ने र प्राप्त स्पेसिफिकेशनको आधारमा सामान खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**ग.** ख्वप टेलिभिजन सञ्चालन तथा प्रसारण नियमावली, २०७८ परिच्छेद ३, ११ को उपनियम ३ अनुसार टेलिभिजन सञ्चालन गर्न प्राविधिक श्री चन्द्र लवजूलाई **नियुक्ति गर्ने** निर्णय गरियो ।

ग. यस टेलिभिजन सञ्चालक समितिबाट **लेखा सम्बन्धी कार्य** गर्न अर्को व्यवस्था नभएसम्मको लागि भक्तपुर नगरपालिकाका लेखा प्रमुख श्री रामसुन्दर सुजखुलाई नै लेखा प्रमुखको रूपमा कार्य गर्ने गरी खटाउने निर्णय गरियो ।

**घ. ख्वप मा.वि. को ब्लक सी भवन**को नक्सा पास सम्बन्धमा छलफल हुँदा उक्त मा.वि.को ब्लक सी भवनको नक्सा पास, निर्माण गर्न र निर्मित भवनमा कक्षा सञ्चालन गर्न स्वीकृति दिने निर्णय गरियो ।

**ङ.** थप ग्रेड भुक्तानी भइरहेको सबै कर्मचारीहरूलाई २०८० चैत्र महिनादेखि नेपाल सरकार अर्थ मन्त्रालयले तोकिए बमोजिम मात्र **ग्रेडको सिलिङ व्यवस्था** गरी तलव भुक्तानी गर्ने निर्णय गरियो । संलग्न सूची (१०६ जना) अनुसारको रकम विशेष भत्ताको रूपमा व्यवस्था गर्ने निर्णय गरियो ।

**च.** यस नगरपालिकामा सुरक्षा गार्डको रूपमा कार्यरत कर्मचारीहरूलाई सार्वजनिक विदाका दिनमा कार्य गरेवापत नियमानुसार अतिरिक्त समय भत्ता र नुवाकोट जिल्लाको बञ्चरे डाँडामा यस नगरपालिकाद्वारा सङ्कलित फोहोर विसर्जन कार्यमा कार्यालय समय अघि पछि र बिदामा कार्य गरेवापत नियमानुसार **अतिरिक्त समय भत्ता** व्यवस्था गर्ने निर्णय गरियो ।

**छ.** देको-मिवा-इतापाके जग्गा एकीकरण आयोजनमा **अस्थायी ज.ध. प्रमाण पुर्जाको आधारमा पनि नक्सा पास** गर्ने निर्णय गरियो ।

योजनाहरूको लागि बजेट स्रोत सुनिश्चितताका लागि बजेट संशोधन सम्बन्धमा

चालु आ.व. २०८०/८१ मा देहायका योजनाहरूको लागि विनियोजित रकममा अपुग भएको र प्रतिस्थापित योजनाको लागि बजेट स्रोत सुनिश्चित गर्न देहायबमोजिम रकमान्तरण गर्न नगर सभाबाट पछि अनुमोदन गर्ने गरी बजेट संशोधन गर्ने निर्णय गरियो ।

| क्र.सं. | विनियोजित बजेट शीर्षकको नाम | साविक बजेट | बाँकी बजेट | क्र.सं. | योजनाको नाम | वडा नं. | साविक बजेट | थप बजेट | संशोधित बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ढोका फल्चापुन:निर्माण | २,०००,०००।०० | ० | १ | वंशगोपाल पाटी पुन:निर्माण कार्य | ३ | ० | २,०००,०००।०० | २,०००,०००।०० |
| २ | तुमचो स्थित पानी ट्यांकीनिर्माण | २,५००,०००।०० | ५००,०००।०० | २. | अन्य सार्वजनिक निर्माण | नया | ५,०००,०००।०० | २,०००,०००।०० | ७,०००,०००।०० |
| | कुल जम्मा | ४,५००,०००।०० | ५००,०००।०० | | | | ५,०००,०००।०० | ४,०००,०००।०० | ९,०००,०००।०० |

## मूल्याङ्कन समिति

मिति २०८०/१२/४ गते

भनपा वडा नं. ६, स्थित भनपा देकोचास्थित **अरनिको सभा भवन** निर्माण कार्य (पहिलो चरण : हलको MAT Foundation, (ठेक्का नं. bktmun /NCB/ works/ 04/080/81) को लागि मिति २०८०/०९/०५ गते गोरखापत्र दैनिकमा प्रकाशित बोलपत्र आह्वानको सूचनाअनुसार म्यादभित्र प्राप्त कुल १० (दस) ओटा अनलाइन बोलपत्रहरूमध्ये प्राविधिक प्रस्तावमा सफल ६ (छ) बोलपत्रदाताहरूको मिति २०८०/११/२७ गते खोलिएको आर्थिक प्रस्तावहरूको संलग्न Price Bid Evaluation Report अनुसार मिति २०८०/१२/४ गते बसेको मूल्याङ्कन समितिबाट रु. ६,३०,४८,०५७।८८ (अक्षरुपी छ करोड तीस लाख अठ्चालीस हजार सन्ताउन्न रुपैयाँ अठ्ठासी पैसा मात्र) कबोल गर्ने श्री R.B Siddhartha-J.A. Engineering-Purna Binayak J.V., Kageshwori Manohara Municipality-9, Kathmandu को बोलपत्र न्यूनत्तम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही देखिएकोले स्वीकृतिका लागि सिफारिस भई उक्त बोलपत्र स्वीकृतिको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

# बैठक सङ्ख्या–५४

## मिति २०८० चैत्र २५ गते, आइतबार

## निर्णयहरू

### विस्का जात्रा सम्बन्धी सदभाव र्‍याली र सभा

नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद माननीय श्री प्रेम सुवालज्यूको प्रमुख आतिथ्यमा प्रसिद्ध विस्केट जात्रा सम्बन्धी सदभाव र्‍याली र सद्भाव सभा अन्य अतिथिहरूको सहभागितामा गर्ने निर्णय गरियो ।


के गर्दै छ भक्तपुर नगरपालिका ?

थाहा पाउन पढ्नुहोस्, सुन्नुहोस्

- 'भक्तपुर' मासिक
- 'ख्वप पौ'
- http://bhaktapurmun.gov.np
- www.bhaktapurkhabar.com
- www.facebook.com/BhaktapurMunicipality/
- ख्वप स: (भक्तपुर एफएममा) बुधबार बिहान ७:३० - ८:३० र शुक्रबार साँझ ६:३० - ७:३० सम्म
- अडियो नोटिश फोन नं. १६१८ ०१६६१०००९६


भक्तपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

ब्यासी–२, भक्तपुर

## धानको बीउ तथा कम्पोस्ट मल वितरणसम्बन्धी सूचना

यस भक्तपुर नगरका कृषकहरूलाई ताईचिन धानको बीउ प्रतिकिलो रु. ११०।– को ५० प्रतिशत रकम सहुलियत दरमा वितरण गर्ने तथा भक्तपुर नगरपालिकाबाट उत्पादन गरिएको कम्पोस्ट मल २०८१ असार मसान्तसम्मको लागि २० किलो प्रतिबोराको रु. २००।– (दुई सय) मा वितरण गर्ने भएकोले मिति २०८१ वैशाख २८ गतेदेखि सम्बन्धित वडामा सम्पर्क गर्नुहुन सम्बन्धित सबै कृषकहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै सम्बन्धित कृषकहरूले जग्गा धनी प्रमाणपुर्जाको प्रतिलिपि र नागरिकताको प्रतिलिपि लिएर जानुहुनसमेत अनुरोध गरिन्छ ।

## भक्तपुर नगरपालिका गतिविधि

भक्तपुरको कला, संस्कृति, इतिहाससम्बन्धी गोष्ठी

# मानव सभ्यताको सम्पतिको रूपमा रहेको भक्तपुरको सांस्कृतिक सम्पदाहरू जोगाउने दायित्व सबैको साझा कर्तव्य




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले भक्तपुर नगरपालिकाको आयोजना र नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व, केन्द्रीय विभाग त्रिभुवन विश्वविद्यालयको सहकार्यमा भएको भक्तपुरको कला, संस्कृति, इतिहाससम्बन्धी एकदिने अनुसन्धानात्मक कार्यशाला गोष्ठीको वैशाख २५ गते एक कार्यक्रमबीच उद्घाटन गर्नुभयो।

कार्यक्रममा अध्यक्ष **बिजुक्छेँ**ले मानव सभ्यताको सम्पत्तिको रूपमा रहेको भक्तपुरको सांस्कृतिक सम्पदाहरू जोगाउने अभियानलाई निरन्तरता दिँदै जानुपर्ने बताउनुहुँदै 'हाम्रो सम्पदा जोगाउने दायित्व हामी सबैको साझा कर्तव्य हो' भन्नुभयो।

नेपालको कला, संस्कृति, पुरातत्त्व, इतिहासबारे अध्ययन अनुसन्धानमा प्रज्ञाप्रतिष्ठान, विश्वविद्यालय र पुरातत्त्व विभागहरूबिच आपसी समन्वय आवश्यक भएको बताउनुहुँदै उहाँले यस किसिमका महत्त्वपूर्ण विषयका कार्यशालाहरू आयोजना गरी समाजका समस्याबारे छलफल गर्नु उपयुक्त हुने बताउनुभयो।

कला, संस्कृति आदि विषयमा पनि भौतिकवादी दृष्टिकोणले अध्ययन गर्नुपर्नेमा जोड दिनुहुँदै उहाँले देश निर्माणमा विदेशीसँग माग्ने प्रवृत्तिले देशलाई झन् कमजोर र परनिर्भर बनाउँदै लगेको प्रष्ट पार्नुभयो।

इतिहास, संस्कृतिका विद्यार्थीहरूले नेपाल र विभिन्न देशको इतिहास अध्ययनलाई पनि निरन्तरता दिनुपर्ने बताउनुहुँदै विद्यार्थीहरूलाई राजनीति गर्न प्रेरित गर्नुपर्छ भन्नुभयो।




इतिहास अध्ययन र उत्खननमा भाषाको महत्त्वबारे प्रष्ट पार्नुहुँदै उहाँले पुरातत्त्वको काम वैज्ञानिक काम हो, अन्धविश्वासलाई चिर्दै भौतिकवादी व्याख्या आवश्यक भएको बताउनुभयो। उहाँले सम्पदाको महत्त्वबारे विद्यार्थीहरूलाई विद्यालय तहदेखि नै प्रशिक्षित गर्नुपर्ने बताउनुहुँदै भक्तपुरको ९९ चोक उत्खननमा पनि नपाले जोड दिनुपर्ने बताउनुभयो।



वाग्मती प्रदेश सभा सदस्य **सुरेन्द्रराज गोसाईं**ले समाजका विद्धत र बौद्धिक वर्गले समाजसँग जोडिएर यस किसिमको अन्तरक्रिया र गोष्ठी कार्यक्रमहरू आयोजना भएमा समाजले नवीनत्तम विचार पाउने र समाजले परिवर्तनको आभास गर्ने बताउनुभयो।

उहाँले सम्पदा संरक्षण र देश निर्माणमा विदेशीको भर पर्नु आफैमा उपनिवेशवादी सोच भएको बताउनुहुँदै मगन्ते प्रवृत्तिले देशलाई कता लान्छ भन्ने विषयमा शासक दलहरूले बेवास्ता गरिरहेको बताउनुभयो।

भक्तपुरको कला, संस्कृति र सम्पदा संरक्षणलाई जीवन र समाजसँग जोडेर समाजलाई प्रगतिशील ढङ्गले अगाडि बढाउने विषयमा सोच्नुपर्ने बताउनुहुँदै समाजलाई सुन्दरीकृत गरी अब नयाँ युगको सेवा गर्ने ढङ्गले नगरपालिका अगाडि बढ्न जरुरी रहेको बताउनुभयो।

कार्यक्रमका सभापति एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नपाले इतिहास, संस्कृति, भाषा आदि विषयमा स्नातकदेखि पीएचडीसम्म अध्ययन गर्ने विद्यार्थीहरूलाई पूर्ण छात्रवृत्ति प्रदान गर्दै आइरहेको अवगत गराउनुहुँदै हाल भक्तपुर नपाको छात्रवृत्तिमा ८ जना विद्यार्थीहरू एम.फिल र पी.एच.डी. अध्ययन गरिरहेको बताउनुभयो।



उहाँले भक्तपुर नगरपालिकाको विषयमा अध्ययन अनुसन्धान गर्ने विद्यार्थीहरूलाई विषयवस्तुको आधारमा आर्थिक सहायता पनि प्रदान गर्दै आइरहेको र भक्तपुर नपाले लोपोन्मुख सम्पदाहरू संरक्षण गरी नयाँ पुस्तामा पुस्तान्तरण र हस्तान्तरण गर्ने कार्यमा जोड दिँदै आएको बताउनुभयो ।

भक्तपुर नपाले जनताको सहयोगमा सम्पदा पुनःनिर्माण गर्ने नीतिअनुसार २०७४ र २०७९ को स्थानीय तहको निर्वाचन पश्चात १५० ओटाभन्दा बढी सम्पदाहरूको पुनःनिर्माण र जीर्णोद्धार सम्पन्न गरिसकेको बताउनुहुँदै उहाँले भक्तपुरमा सम्पदासम्बन्धी अध्ययन अनुसन्धान गर्ने विषय धेरै रहेको उल्लेख गर्नुभयो ।



कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले भक्तपुरको कला–संस्कृति र इतिहासबारे प्रस्तुतीकरण देखाउनुभयो ।



त्यस्तै इतिहासविद् प्रा.डा. **पुरुषोत्तमलोचन श्रेष्ठ**ले भक्तपुरबारे चार दशकको आफ्नो अध्ययन अनुसन्धानबाट भक्तपुरको इतिहास, संस्कृतिबारे नुतन कुराहरू पत्ता लागेको बताउनुहुँदै भक्तपुर खुला आकाशमुनिको सङ्ग्रहालय, विश्वविद्यालय र पुस्तकको रूपमा पाएको बताउनुभयो ।



उहाँले भक्तपुर नेपाल मण्डलको सांस्कृतिक राजधानीको रूपमा रहँदै आएको स्मरण गर्नुहुँदै मूर्त र अमूर्त सम्पदाको अथाह ज्ञानको भण्डार पनि हो भन्नुभयो ।

कार्यक्रममा बोल्दै पुरातत्त्व विभागका महानिर्देशक **सौभाग्य प्रधानाङ्ग**ले कला, संस्कृति, इतिहासजस्तो महत्त्वपूर्ण कार्यक्रममा सहभागी हुन पाउँदा खुशी व्यक्त गर्नुहुँदै भक्तपुर नपाले यहाँको मौलिक स्वरूप बचाएर सम्पदा संरक्षण कार्यलाई अगाडि बढाएको विषय प्रशंसनीय भएको बताउनुभयो ।

सम्पदा संरक्षणको लागि अध्ययन अनुसन्धान भएपछि मात्र त्यसको मौलिकता जगेर्ना हुने कुरामा जोड दिनुहुँदै उहाँले विश्वविद्यालयहरूले विद्यार्थीहरूलाई उत्साहित गर्दै अनुसन्धानतर्फ ध्यान दिन जरुरी रहेको बताउनुभयो ।



कार्यक्रममा नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभागका प्रमुख प्रा.डा. **सोमप्रसाद खतिवडा**ले कार्यक्रमको पृष्ठभूमिबारे स्पष्ट पार्नुहुँदै त्रिभुवन विश्वविद्यालयबाट नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व विषयमा स्नातक, एम.फिल र पीएचडीसम्म अध्ययन र सोधपत्र तयार गर्ने कार्य भइरहेको बताउनुहुँदै गोष्ठीबाट तयार भएका कार्यपत्रले भक्तपुरको सम्पदा संरक्षणमा समेत टेवा पुग्ने बताउनुभयो ।



त्यस्तै त्रिभुवन विश्वविद्यालयका पूर्व रजिष्ट्रार **पेशल दाहाल**ले सांस्कृतिक राजधानीको रूपमा रहेको भक्तपुरमा सम्पदा, संस्कृति र पुरातत्त्व विषयमा भएको कार्यक्रम निकै फलदायी हुने अपेक्षा गर्नुहुँदै भक्तपुरको विगतको अवस्था र आजको अवस्थामा शिक्षा, स्वास्थ्य, सम्पदा पुनःनिर्माण, सरसफाइलगायतका क्षेत्रमा धेरै विकास भइसकेको बताउनुभयो । ➲



मन्तव्य

# ‘हाम्रा मूर्त र अमूर्त सम्पदाहरू देशकै अमूल्य सम्पत्ति हुन्’



– सुनिल प्रजापति
प्रमुख, भक्तपुर नगरपालिका

सांस्कृतिक नगर, जीवित सङ्ग्रहालयको उपमा पाएको भक्तपुर नगरपालिकाले त्रिभुवन विश्वविद्यालयको सहयोगमा इतिहास, संस्कृति र पर्यटन सम्बन्धी अन्तरक्रिया कार्यक्रमको आयोजना गर्न पाउँदा हामी अत्यन्त खुसी छौँ ।

२०८० वैशाख ४ गतेका दिन त्रिवि इतिहास, संस्कृति विभागका प्रमुख प्रा.डा. सोमप्रसाद खतिवडाको नेतृत्वमा केही प्राध्यापकहरू नगरपालिकामा आउनुभयो । भेटघाटमा उहाँहरूले इतिहास, संस्कृति र पर्यटनसम्बन्धी एक दिने अन्तरक्रिया गर्ने प्रस्ताव राख्नुभयो । कार्यक्रममा भक्तपुरका विषयमा अध्ययन र अनुसन्धानका कार्यपत्रहरू प्रस्तुत गर्ने बताउनुभयो । हामीले त्यसलाई सकारात्मक रूपमा लियौँ । हामीले ३।४ महिनाको समय लिएर गहन अनुसन्धान पछिमात्रै कार्यक्रम राख्ने सोचले कुराकानी गर्‍यौँ । उहाँहरूले भने वैशाख महिनाभित्रै गर्न पाए राम्रो हुने विचार राख्नुभयो । दुवै पक्षको सहमतिमा आजको यो कार्यक्रम सम्भव भएको हो ।

भक्तपुर नगरपालिकाले इतिहास, संस्कृतिसँगै राजनितिक शास्त्र, भूगोल, नेपाल भाषा, अर्थशास्त्र, दर्शन शास्त्रलगायत पढ्ने नगरवासी विद्यार्थीहरूको लागि स्नातकदेखि विद्यावारिधिसम्म पूर्ण छात्रवृत्ति प्रदान गर्दै आएको छ । इतिहास संस्कृतिलगायत देशको लागि विभिन्न विषयका विज्ञ जनशक्ति तयार गर्ने उद्देश्यले नगरपालिकाले यस्ता छात्रवृत्तिको व्यवस्था गर्दै आएको हो ।

केही वर्षअघि एउटा दैनिक पत्रिकाले मुख पृष्ठमा एउटा समाचार छाप्यो– ‘विश्व विद्यालयमा इतिहास र संस्कृति विषयमा प्राध्यापकभन्दा विद्यार्थी कम छन् ।’ हाम्रो ध्यान त्यसले तान्यो । नेमकिपाका अध्यक्षज्यूले इतिहास, संस्कृति, भूगोलजस्ता विषयमा जनशक्ति तयार गर्न हामीलाई निर्देशन दिनु भएको थियो । त्यही वर्ष भक्तपुर नगरपालिकाले विद्यार्थीहरूलाई छात्रवृत्तिमा पढाउने क्रम सुरु गरेको हो । नगरपालिकाको छात्रवृत्तिमा अहिले विभिन्न विषयमा ८ जनाले एमफिल र विद्यावारिधि गरिरहेका छन् भने थुप्रैले स्नातक र स्नातकोत्तर गर्दैछन् ।

छात्रवृत्तिमा अध्ययन गरिरहेकालाई भक्तपुरको कुनै न कुनै विषयमा अध्ययन अनुसन्धानको जिम्मेवारी दिने गरेका छौँ । अहिले पनि २/३ जना विद्यार्थीहरूले विभिन्न विषयमा अध्ययन अनुसन्धान गर्न निवेदन प्रस्तुत गरेका छन् । त्यसबारे छलफल गरी निर्णय गर्न भने बाँकी छ ।

उहाँहरूले अध्ययन अनुसन्धान गरी तयार गरेका सोधपत्रहरू भक्तपुर नगरपालिकाको मात्रै होइन देशकै सम्पत्ति बन्नेछन् । हामीले त्यसलाई सुरक्षित राख्नेमात्र होइन सम्भव भएसम्म प्रकाशित गरेर जनतालाई जानकारी दिने पनि कोसिस गर्नेछौँ ।

भक्तपुर नगरपालिका देशकै सानो नगर मध्ये एक हो । आकारमा सानो भए पनि ऐतिहासिक, सांस्कृतिक, पुरातात्विक महत्त्व बोकेका मूर्त र अमूर्त सम्पदाहरूको दृष्टिमा भने भक्तपुर देशकै महत्त्वपूर्ण नगर हो । यहाँ थुप्रै मूर्त र अमूर्त सम्पदाहरू छन् । संरक्षणको अभावमा कैयौँ सम्पदाहरू लोप भइसके भने कैयौँ लोपोन्मुख अवस्थामा पुगेका छन् । लोप भइसकेका सम्पदा र संस्कृतिहरूको अध्ययन अनुसन्धान गरी जीवन्तता दिने तथा लोपोन्मुखलाई संरक्षण गरी निरन्तरता दिने कार्य नगरपालिकाले गर्दै आएको छ । सम्पदा र संस्कृतिहरू राज्यको सम्पत्ति भएको हुँदा त्यसको संरक्षण र सम्बर्द्धन गर्ने कार्य पनि राज्यकै जिम्मेवारी हो भन्नेमा हामी स्पष्ट छौँ ।

---

➲ कार्याशालाको दोस्रो सत्रमा संस्कृति विभागका विद्यार्थीहरू **राजेश गाइजु**ले *‘भक्तपुरका ऐतिहासिक दबुहरू : धार्मिक–सांस्कृति पक्षको अध्ययन’*, **संगिता पञ्च**ले *‘भक्तपुरको नेवाःसमुदायको प्रचलित ‘मचाःमियेगु’ परम्परा’*, **श्रीना प्रजापति**ले *‘LAA puja - the prominet ritual of prajapati community form thaney, Bhaktapur’*, **रमिला दुवाल**ले *‘Curd Culture Among Newar Community of Bhaktapur : A Case Study of JuJu Dhau’*, **सृजना प्रजापति**ले *‘भक्तपुरका मल्लकालीन सात बाजाहरू’* र **अर्पण भुजू**ले ‘Exploring the Newa ChhenM Traditional Materials and Construction Technique in Newar Mud Masonry Dwellings’ विषयक कार्यपत्र प्रस्तुत गरिनेछ ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व**ले भक्तपुर नपाका विविध गतिविधिबारे प्रष्ट पार्नुभयो ।

# कला, संस्कृति तथा सम्पदा संरक्षणबारे दुई चार कुरा



– सुरेन्द्रराज गोसाईं

विद्वत् महानुभावहरूका महत्त्वपूर्ण विचार सुन्ने अवसर पाएँ। त्यसको निम्ति हार्दिक आभार प्रकट गर्दछु।

आजको यस कार्यक्रममा

२०७२ सालको भूकम्पले भक्तपुरका हजारौँ निजी घरहरूसँगै सयौँ सम्पदाहरू क्षतिग्रस्त भयो। त्यति बेला स्थानीय तहमा जनप्रतिनिधिहरू थिएनन्। २०७४ सालमा हामी निर्वाचित भएपछि सम्पदा संरक्षणलाई प्राथमिकतामा राखेर काम सुरु गर्‍यौँ। सम्पदा पुनःनिर्माण र जीर्णोद्धारको क्रममा स्थानीय श्रोत, साधन, सीप र जनशक्तिको अधिकतम उपयोगको नीति लियौँ। पहिलो ५ वर्षे कार्यकालमा १२४ ओटा सम्पदाहरू पुनःनिर्माण र जीर्णोद्धार सम्पन्न गर्‍यौँ। ती सम्पदाहरू पुनःनिर्माणमा कुनै पनि विदेशीको सहयोग थिएन। स्थानीय जनतासँग मिलेर आर्थिक सहयोग, श्रमदान जुटाएर काम गर्‍यौँ। भक्तपुरका सम्पदाहरू स्थानीय जनताको साथ र सहयोगले उठाउन पाउँदा हामीलाई गर्वको महसुस भइरहेको छ। अझै दर्जनौँ सम्पदाहरू निर्माणाधीन अवस्थामा छन्। वैशाख २४ गते भक्तपुरको ऐतिहासिक थंथु दरबार पुनःनिर्माणको शिलान्यास गर्‍यौँ। त्यस दरबार निर्माणको लागि पनि नेपाल सरकारबाट कुनै किसिमको सहयोग प्राप्त भएको छैन। नगरपालिकाको आफ्नै श्रोत र साधनहरूको आधारमा उक्त दरबार बनाउन सुरु गरेका छौँ।

भक्तपुरका थुप्रै सम्पदा र संस्कृतिका विषयहरूकाबारे अध्ययन, अनुसन्धान र उत्खनन गर्न बाँकी छन्। ९९ चोक, जगनाथ क्षेत्र, तालादम्फो, टोल-टोलमा रहेका चोकहरू, साँझ्यःहरू, ढुङ्गेधारा, पोखरी, पाटी, सत्तल आदि अनुसन्धानका क्षेत्रहरू हुन्। भक्तपुरका विहारहरू, माटाका भाँडा बनाउने सीप र विभिन्न सङ्गीतबारे अध्ययन अनुसन्धान गर्न सके नयाँ नयाँ कुराहरू पत्ता लाग्ने हाम्रो विश्वास छ।

केही समय अगाडि दरबार क्षेत्रस्थित विद्यार्थी निकेतन माविमा पानी ट्यांकी निर्माणको क्रममा पुरानो दरबारको जग भेटियो। त्यसलाई सुरक्षित साथ राखिएको छ। त्यो क्षेत्र अध्ययन अनुसन्धान गर्नु पर्ने क्षेत्र हो। यसरी भक्तपुरमा अध्ययनका विषयहरू धेरै छन्। हामी क्रमशः त्यसलाई अनुसन्धानतर्फ अगाडि बढाउने छौँ।

भक्तपुर नगरपालिकाले संस्कृति संरक्षण मात्र गरेको छैन, त्यसलाई पर्यटनको विकाससँग पनि जोड्ने प्रयास गरिरहेको छ। अहिले नेपाल आउने पर्यटकहरूमध्ये करिब २५ प्रतिशतले भक्तपुर भ्रमण गर्ने गरेको तथ्याङ्क छ। आ.व. २०८०/८१ को यो ९ महिनामा २ लाखभन्दा बढीले भक्तपुर भ्रमण गरिसकेका छन्। पर्यटन शुल्कबाट उठेको रकमबाट भनपाले सम्पदा संरक्षण, शिक्षा, स्वास्थ्य, सरसफाइ, विकास निर्माणलगायतको क्षेत्रमा खर्च गरिरहेको छ।

भक्तपुर नपाले २ ओटा इन्जिनियरिङ कलेजसहित ७ ओटा शैक्षिक संस्थाहरूमार्फत उच्च शिक्षा प्रदान गरिरहेको छ। ती शैक्षिक संस्थाहरूमा हाल ७७ जिल्लाका ७ हजारभन्दा बढी विद्यार्थीहरू अध्ययनरत छन्।

शैक्षिक क्षेत्रको विकासको लागि भनपाले शैक्षिक ऋणको पनि व्यवस्था गरेको छ। हाल करिब ६ सय जना विद्यार्थीहरूले नगरपालिकाबाट रु ५ लाखका दरले शैक्षिक ऋण लिएर उच्च शिक्षा हासिल गरिरहेका छन्। शिशु स्याहार केन्द्रदेखि स्नातकोत्तर तहसम्म स्थानीय तहले नै शैक्षिक संस्थाहरू सञ्चालन गर्ने भक्तपुर देशकै एक मात्र नगरपालिका हो। विश्वविद्यालय सञ्चालनको लागि पनि हामीले तयारी गरिरहेका छौँ। संसद्मा विचाराधीन ख्वप विश्वविद्यालय विधेयक पारित भएमा हामीले अरू विषयहरू जस्तै चिकित्सा शिक्षा पनि सस्तोमा प्रदान गर्ने छौँ। हामीले नेपाल मजदुर किसान पार्टीको सिद्धान्तलाई व्यवहारमा उतार्ने कोसिस गर्दै छौँ।

सम्पदा पुनःनिर्माणको काममा विदेशीले सहयोग गर्न नखोजेका भने होइनन्। २०७२ सालपछि नेपाल सरकार र जर्मन सरकारबीच भक्तपुर पुनःनिर्माणको लागि १ अर्ब २० करोड (१ करोड युरो) सहयोग सम्झौता भएको थियो। हामी निर्वाचित भएपछि गम्भीरतापूर्वक सम्झौताका पानाहरू अध्ययन गर्‍यौँ। त्यसमा हाम्रो स्वाभिमानमा आँच पुग्ने बुँदाहरू थिए। हामीले त्यसलाई सुधार गर्नु पर्ने तर्क राख्यौँ। उहाँहरू तयार हुनु भएन। त्यसपछि हामीले स्वीकार गरेनौँ। अहिले हाम्रै पौरखले पुनःनिर्माण गरेको भनेर गर्वकासाथ संसारलाई देखाउन पाएका छौँ। हामीले आत्मनिर्भरताको बाटो रोजेर आगाडि बढ्ने क्रममा भक्तपुरले आजको सफलता हासिल गरेको हो।

(भक्तपुर नगरपालिकाको आयोजनामा मिति २०८१ वैशाख २४ गते ख्वप इन्जिनियरिङ कलेजमा भएको इतिहास, संस्कृति र पर्यटनसम्बन्धी अन्तरक्रिया कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिबाट व्यक्त मन्तव्यको सार सङ्क्षेप)

बसिरहँदा आजभन्दा केही वर्षअगाडि पेइचिङस्थित चाइना एकेडेमी अफ सोसियल साइन्सेजमा भएको एउटा अन्तर्राष्ट्रिय सम्मेलनको याद आयो। कार्ल मार्क्सको २ सत्वार्षिकीलाई लिएर अन्तर्राष्ट्रिय सम्मेलन भएको थियो। यसरी नै वरिष्ठ प्राध्यापकहरू र समाजका विभिन्न क्षेत्रका प्रतिष्ठित व्यक्तित्वहरूको ठूलो सङ्ख्यामा उत्साहजनक जमघट थियो। आज हामी एउटा फरक विषयमाथि छलफल गर्दै छौँ। कार्ल मार्क्सको जन्मदिवस मनाउने सिलसिला भने जारी नै छ। ५ मई उहाँको जन्मदिवस हो। यो वर्ष २०६ औँ जन्मदिवस मनाइँदै छ। एकजना महान् दार्शनिकको रूपमा, एकजना महान् अर्थशास्त्रीको रूपमा, एकजना महान् साम्यवादी तथा समाजवादी चिन्तकको रूपमा कार्ल मार्क्सलाई विश्वभरि स्मरण गरिँदै छ। मार्क्सको विचारले यो युगको सेवा गर्दै छ र संसारलाई उज्यालो बनाउँदै छ।

आजको यस भेटघाटले त्यस्ता खालका बौद्धिक गतिविधिहरू तथा विद्वत् छलफलहरू यहाँ पनि हुँदै छ भन्ने सन्देश दिनेछ। यस प्रकृतिका गतिविधिहरूले निरन्तरता पाएको खण्डमा हाम्रो समाजले पनि एउटा नयाँपन अनुभव गर्न पाउनेछ। आज हामी एउटा फरक विषयमा चर्चा गर्दै छौँ। यसरी नै समसामयिक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषयहरूमा हामीले छलफल, चिन्तन गर्दै जान सकेको खण्डमा हाम्रो समाजको भविष्य उज्यालो हुनेछ। हाम्रो समाजले परिवर्तनको अनुभूति गर्न पाउनेछ। केही कक्षाकोठामा मात्र हाम्रा विद्वत् समुदाय सीमित नभइकन समाजसँग जोडेर, समाजसँग साइनो गाँसेर तथा धरातलसम्म पुगी अन्तरक्रिया, छलफल गर्न पाएको खण्डमा समाजले पनि एउटा बेग्लै ज्ञान, गुण र उत्साहको अनुभव गर्न पाउनेछ।

आजको यो भेटघाटमा भक्तपुरकै विषयमा पनि हामीले थप जान्ने बुझ्ने अवसर पायौँ। यो अत्यन्त सकारात्मक विषय हो। इतिहास र पुरातत्त्वको विषयमा, सम्पदा र संस्कृति संरक्षणको विषयमा यहाँ छलफल हुँदै छ। यसमा अर्को पाटो पनि छ। चिन्ताको विषय पनि छ। हाम्रो इतिहास जोगाउनलाई, हाम्रो संस्कृति जोगाउनलाई, हाम्रो भाषा जोगाउनलाई, हाम्रो सम्पदा जोगाउन हामी आफैंले केही गर्ने कि, आफ्नै खुट्टामा टेकेर गर्ने कि, विदेशीको मुख ताक्ने ? हाम्रो एउटा रोग छ। हाम्रो इतिहास विदेशीले जोगाइदिनुपर्ने र हाम्रा सम्पदा हामीसँग केही नहुँदा उठाइएका यी धरोहरहरू, सम्पदाहरू आज हामी आफैंले उठाउन नसक्ने र आफ्नै बलमा, आफ्नै तागतमा, आफ्नै सीपमा विश्वास नगर्ने र विदेशीलाई भने विश्वास गर्ने र विदेशीले लगानी गरिदिनुपर्ने र त्यो मानसिकताबाट हामी मुक्त हुनैपर्छ।

भक्तपुरमा एउटा फरक अभ्यास भइरहेको छ। भक्तपुर घुम्न आउनेहरूले एउटा फरक अनुभूति पाइरहेका छन्। यहाँका सम्पदाहरू यहींको माटोबाट बनाइएका छन्। यहाँको सीपबाट बनाइएका छन्। यहाँकै पैसा, जनताको श्रम, जनताकै दान–दक्षिणाबाट बन्दै छन् भन्ने फरक अनुभुति संसारका संवेदनशीलहरूले गर्दै छन्। यो खुसीको विषय हो।

केही समय अगाडि एक भारतीय विद्वान् भक्तपुर आउनुभएको थियो। उहाँले त्यही प्रसङ्ग उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, 'अन्यत्र पनि केही काम भइरहेको हामीले पायौँ। तर, यहाँ फरक शैलीमा भइरहेको पायौँ। जनता र जनप्रतिनिधिहरूमा आशा, उत्साह र सङ्कल्प नै बेग्लै पायौँ। भावना बेग्लै पायौँ। त्यो फरक भावना जुन छ, त्यो आफैंमा पनि नयाँ संस्कृति निर्माणको जग हो। त्यो हामीले यहाँ अनुभव गर्न पायौँ। त्यो हामीले देख्न पायौँ।'

यहाँको फरक संस्कृति या अभ्यास अनुकरण गर्न सक्छौँ कि सक्दैनौँ ? विद्वत् महानुभावहरूसमक्ष मेरो यो एउटा निवेदन छ। यस विषयमा पनि सोचौँ ! त्यो कोणबाट पनि हामीले विश्लेषण गरौँ ! जसले गर्दै छन् तिनीहरूको विषयमा बोलौँ ! तिनीहरूको विषयमा लेखौँ ! हामी हिजोसम्म परिपूर्ण थियौँ, आत्मनिर्भर थियौँ। त्यो पुस्ता र सिलसिलाबाट अगाडि बढेको हामीसँग गौरवशाली इतिहास छ। तर, आज हामी मागी खाने, अर्काको मुख ताक्ने कुसंस्कृतितर्फ हामी उन्मुख छौँ। हाम्रो सरकार उन्मुख छ। सरकारको त्यो कुसंस्कृतिलाई चिर्ने कि नचिर्ने ? हामीले त्यो अभ्यास हाम्रो विश्वविद्यालयमा गर्ने कि नगर्ने ? एउटा थेसिस तयार गर्न गराउन विदेशीको सहयोग हामी स्वीकार्छौं या आशा गर्छौं भने हाम्रो परिचय कसरी दिइरहेका हुन्छौँ ? त्यो पनि अत्यन्त महत्त्वपूर्ण सवाल हो।

हामीले हाम्रो कला, संस्कृति, सम्पदा र इतिहासलाई जीवनसँग जोडिरहेका छौँ कि छैनौँ ? त्यो पनि अर्को एउटा महत्त्वपूर्ण विषय छ। हामीले समाजसँग जोडिरहेका छौँ कि छैनौँ ? समाजलाई अगाडि बढाउने प्रगतिशील सोचले काम गरिरहेका छौँ कि छैनौँ ? भौतिकवादी या व्यावहारिक–वैज्ञानिक ढङ्गमा विश्लेषणको आवश्यकता छ। इतिहासलाई कोरा इतिहासमा मात्र वा कला–संस्कृतिलाई धर्मकर्म वा पुराना प्रसङ्ग, वस्तुहरू वा चिजबिजसँग मात्र जोडेर विश्लेषण गर्‍यौँ भने नयाँ पुस्ताले स्वीकार्लान् कि नस्वीकार्लान् ? आधुनिकताले त्यो पचाउला कि नपचाउला ?

जीवनलाई अझ बढी सजाउने, अर्थपूर्ण बनाउने, समाजलाई अझ बढी सुन्दरीकृत बनाउनेतिर लाने, साथसाथै पुरानो चीजलाई पनि नबिर्सने आजको आवश्यकता यही हो।

त्यसमा त चिनियाँ संस्कृति नै छ पुरानो युगले नयाँ युगको सेवा गर्ने। हामीले यसलाई व्यवहारमा उतार्न सक्छौँ कि सक्दैनौँ ? त्यो ढङ्गमा हामीले सोच्यौँ भने अझ बढी नयाँ पुस्ताको पनि भावना जित्न सक्थ्यौँ भन्ने लाग्दछ। त्यसमा केही प्रयासहरू भइरहेका छन्। भक्तपुरमा भइरहेका प्रयासबारे हिजोआज व्यापक छलफल चल्दै छ।

तीन चार वर्षअगाडि हामी चीन भ्रमणमा गएका थियौँ। चीनको सम्पदा र संस्कृति संरक्षणमा अत्यन्त उत्साहका साथ जोड गतिमा फरक अभ्यास भइरहेको शान्तोङ भन्ने एउटा प्रान्त छ। कन्फ्युसियसको जन्मस्थल हो। त्यहाँ कन्फ्युसियसको विशाल चिहानस्थल छ। चु फू भन्ने ठाउँमा हामीले भ्रमण गर्‍यौँ। सम्पदाको अत्यन्त व्यवस्थित तथा राम्ररी संरक्षण भएको पायौँ। त्यहाँ हेर्दा हामीले गरिराखेको संरक्षण अझ कता कता नपुग जस्तो, गति अझै धिमा जस्तो, कता–कता असन्तुष्टिजस्तो त्यो अनुभव हामीले गर्नेछौँ। त्यहीँ ठाउँमा चारओटा विश्वसम्पदा क्षेत्रहरू छन्। विश्वसम्पदा सूचीमा सूचिकृत ती ठाउँहरूको विषयमा थप बुझ्न सके श्रेयष्कर होला ! ती ठाउँहरूमा पर्यटकहरूको अत्यधिक आवागमन छ। साथै अहिले नयाँ पुस्तालाई इतिहासको बोध गराउने वा शिक्षित बनाउने परम्पराको विकास हुँदै छ। पुरानो युगले नयाँ युगलाई अगाडि घच्घचाउने प्रयास हुँदै छ। त्यसबाट पनि हामीले शिक्षा लिन सक्छौँ। हाम्रो निम्ति त्यो प्रेरणा तथा अध्ययनको विषय हुनसक्छ।

चीनमा विशाल पर्खाल अर्थात् ग्रेटवालको संरक्षण उत्कृष्ट ढङ्गमा भइरहेको छ। ग्रेटवाल हेर्नको निम्ति कमसेकम दैनिक ८० हजारभन्दा बढी पर्यटकहरू त्यहाँ झुम्मिन्छन्। त्यो त अझ सङ्ख्या नियन्त्रण गरेर मात्र हो। चिनियाँ विशाल पर्खाल विदेशीहरूको प्रमुख आकर्षण हो।

हामीलाई थियानमेन स्क्वारयको फरविडन प्यालेस वा फरविडन सिटीबारे थोरै थाहा छ। त्यहाँ पनि पर्यटकहरूको आवागमन अनियन्त्रित भयो भनेर र संरक्षणमा गाह्रो भयो भनेर होला लाखौँको सङ्ख्यामा आउने पर्यटकहरूको घुइँचोलाई व्यवस्थित गर्न दिनमा ८० हजारलाई मात्र भ्रमण गर्न दिने बन्दोबस्त गरिएको छ। त्यहाँको हरेक ठाउँ, हरेक कुना–कन्दरा, हरेक बुट्टा–बुट्टाको संरक्षण गरिएको छ। त्यो पनि एउटा प्रेरणाको विषय हुन सक्दछ। हाम्रो निम्ति पनि शिक्षाको विषय हुन सक्दछ। त्यसलाई पर्यटनसँग जोडेर, साथै अर्थसँग जोडेर, अगाडि बढ्ने प्रयाससँग जोडेर इतिहास, संस्कृति, सम्पदालाई समाज नयाँ ढङ्गले अगाडि बढाउने एउटा मोटरजडित मेसिनझैँ हामीले बनाउन सकेको खण्डमा अझ राम्रो हुनेछ। हामी प्रयासरत छौँ।

अघि एकजना प्राध्यापकले भन्नुभएझैँ फर्की नजाउँ भन्ने जस्तो ठाउँलाई फेरि आउँ मात्र होइन, यहीँ बसौँ कि क्या हो र केही दिन केही महिना अथवा वर्षदिन यहीँ बसेर भाषा सिकौँ कि क्या हो र केही दिन बसेर अनुसन्धान गरौँ कि क्या हो र वर्ष दिन, महिना दिन यहाँ बिताएर मानव जीवनको एउटा सार्थकता प्राप्त गरौँ कि क्या हो र भन्ने बनाउन सक्छौँ। त्यसको निम्ति विद्वत् समुदायको सहयोग पनि उत्ति नै आवश्यक हुनेछ। यहाँको स्थानीय सरकार, यहाँको नगरपालिकाले अनवरत सङ्घर्ष गर्दै छ। रोम सहर एकै दिन बनेको थिएन भनेजस्तै भक्तपुर आज एकै दिनमा बनेको होइन भन्ने कुरा त पचास साठी वर्षको प्रयास वा 'एक्लो बृहस्पति' को सङ्घर्षले गर्दा भएको हो।

विदेशीको त परको कुरा नै भयो। स्वयम् सिंहदरबारसम्म पनि फर्कन नपरोस्। बरु जनता, मजदुर, किसानतिर हामी फर्कन्छौँ। सानोभन्दा सानो कालिगडतिर फर्कन्छौँ। सानोभन्दा सानो व्यवसायीतिर हामी हात फैलाउँछौँ। तर, त्यो सिंहदरबारतिर हात फैलाउन नपरोस्, सिंहदरबारको बदनामी, अनियमितताको अंश हामीले पनि व्यहोर्न नपरोस् ! त्यो आत्मस्वाभिमान, आत्मगौरव, आत्मनिर्भरतालाई संस्कृतिकै रूपमा हामी निर्माण गर्दै छौँ र हुर्काउँदै छौँ। भक्तपुरले निर्माण गर्दै छ। आज भक्तपुर एक्लो छैन। सकारात्मक सोच भएका, देशको निम्ति केही गरौँ, समाज अगाडि बढाऔँ भन्ने चिन्तन र सङ्कल्प भएकाहरूको साझा प्रयासबाट हामी अगाडि बढ्दै छौँ। भक्तपुरलाई मात्र होइन नेपाललाई चिनाउन खोज्दै छौँ।

यी सारा मानवनिर्मित धरोहरहरू मानव सभ्यताकै सम्पत्ति हुन्; सिङ्गो देश र विश्वकै सम्पत्ति हुन्। केवल भक्तपुरको सम्पत्ति जोगाउन भक्तपुर नगरपालिका लागिरहेको छैन। देशको सम्पदा, देशको सम्पत्ति, विश्व मानव सभ्यताको सम्पत्तिलाई जोगाउने र पुस्तौँपुस्ता सदियौँसम्म हस्तान्तरण गर्दै जाने अठोटका साथ लाग्दै छ। त्यो अभियान, त्यो सिलसिलामा हामी सबैले हातेमालो गरौँ ! त्यति गर्न सकेको खण्डमा युगले नै हामी सबैलाई स्याबासी दिनेछ।

(वैशाख २५ गते त्रिभुवन विश्वविद्यालय नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभागसँगको सहकार्यमा भक्तपुर नगरपालिकाद्वारा आयोजित संस्कृति, सम्पदा र पर्यटनबारे अन्तरक्रिया कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा वाग्मती प्रदेश सदस्य सुरेन्द्रराज गोसाईले राख्नुभएको विचारको सारसङ्क्षेप)

## अनुसन्धानात्मक कार्यशाला गोष्ठी समापन




भक्तपुर नगरपालिकाको आयोजना र नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभाग त्रिभुवन विश्वविद्यालयको सहकार्यमा भक्तपुरको कला, संस्कृति, इतिहाससम्बन्धी अनुसन्धनात्मक कार्यशाला गोष्ठी वैशाख २५ गते सम्पन्न भयो ।



गोष्ठीको समापन तथा पुरस्कार वितरण कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले संस्कृति, इतिहाससम्बन्धी भएको कार्यशालामा प्रस्तुत कार्यपत्रलाई परिमार्जित रूपमा प्रकाशन गर्नेतर्फ नपाको ध्यानाकर्षण भएको बताउनुहुँदै यी कार्यपत्रहरू भक्तपुरको सम्पदा संरक्षणको लागि सम्पत्तिको रूपमा ग्रहण गरेको बताउनुभयो ।

उहाँले सम्पदा संरक्षणमा भक्तपुर नपाले विदेशी सहयोग सहयोग अस्वीकार गर्नुका कारणबारे प्रष्ट पार्नुहुँदै ख्वप इ. कलेजको प्राविधिक सहयोग र जनताको साथसहयोगबाट भक्तपुरका सम्पदा पुनःनिर्माण अगाडि बढिरहेको धारणा राख्नुभयो ।

कार्यक्रममा नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व, केन्द्रीय विभाग त्रिविको विभागीय प्रमुख प्रा.डा. **सोमप्रसाद खतिवडा**ले कार्यशाला सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्ने सबैलाई धन्यवादज्ञापन गर्नुहुँदै शोधार्थीको मिहिनेत र प्रयास प्रशंसनीय भएको बताउनुभयो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले कार्यशालाका सहभागीहरूलाई प्रमाण वितरण गर्नुभएको थियो । साथै इतिहासविद् प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठको नेतृत्वमा सहभागीहरूले भक्तपुरको ऐतिहासिक र सांस्कृतिक सम्पदा यात्रा गरेको थियो ।

## अरनिको राजमार्गअन्तर्गतको आदर्श चोक कायम गर्ने विषयमा छलफल



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा सूर्यविनायक-धुलिखेल, धुलिखेल-सिन्धुली-बर्दिबास सडक आयोजनाअन्तर्गत अरनिको राजमार्गमा पर्ने आदर्श चोक कायम गर्ने विषयमा भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरू, आयोजनाका प्रमुख तथा प्राविधिकहरू र स्थानीय सरोकारवालाहरूबीच वैशाख ३१ गते छलफल भयो ।

छलफलको क्रममा आदर्श चोक निर्माणको सम्भाव्यता अध्ययन गर्न भक्तपुर नगरपालिका वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँको संयोजकत्वमा ९ सदस्यीय कार्यदल गठन गर्ने निर्णय गरी उक्त कार्य दललाई आजको मितिबाट १५ दिनभित्र आदर्श चोकलगायत निर्माणबारे सम्भाव्यता अध्ययन प्रतिवेदन भक्तपुर नगरपालिकाका प्रमुखसमक्ष पेश गर्ने निर्णय गऱ्यो ।

कार्यदलमा वडा नं. ७ का वडाध्यक्ष उकेश कवां, भनपा ८ का वडाध्यक्ष कृष्णप्रसाद कोजु, भक्तपुर नपाका योजना प्रमुख दिलभक्त जयना, आयोजनाका सिनियर डिभिजनल इन्जिनियर नारायणप्रसाद लामिछाने, इन्जिनियर विवेक पाण्डे, स्थानीय सरोकारवाला कुमार चवाल, मणिरत्न बज्राचार्य र भक्तपुर नपाका इन्जिनियर सुशील बासी रहेका छन् ।

सडक निर्माण गर्ने क्रममा स्थानीय जनतालाई

आवतजावतमा बाधा पुग्न सक्ने सम्भावनालाई ध्यान दिएर स्थानीय जनताले आदर्शमा चौबाटो कायम गर्ने माग गर्दै आएका थिए । दैनिक हजारौं विद्यार्थीहरू, स्थानीय जनता आवतजावत हुने उक्त सडकमा अग्ला अग्ला पर्खाल बनाइ दिँदा जनतालाई निकै दुःख हुने भएकोले उचित विकल्प दिनुपर्ने माग गर्दै काममा अवरोध गर्दै आएका थिए ।

केही दिन अघि स्थानीय जनता एक प्रतिनिधिमण्डलले नगर प्रमुख प्रजापतिलाई भेटेर समस्या समाधान गर्न ध्यानाकर्षण गरेको थियो ।

समीक्षा कार्यक्रम

## विश्वविद्यालयहरूमा अध्ययन अनुसन्धान र प्राज्ञिक छलफल गरी नीति निर्माणमा सहयोग गर्नुपर्नेमा जोड



भक्तपुर नगरपालिकाको आयोजना तथा त्रिभुवन विश्वविद्यालय नेपाली इतिहास, संस्कृति र कला केन्द्रीय विभागको सहकार्यमा गत वैशाख २५ गते सम्पन्न भक्तपुरको कला, संस्कृति र पर्यटन विषयक अन्तरक्रिया कार्यक्रमको जेठ २ गते समीक्षा कार्यक्रम भयो ।

कार्यक्रममा नगर प्रमुख **सुनिल प्रजापति**ले नेपाली युवाहरूलाई स्वदेशमै अध्ययन अनुसन्धान र रोजगारी दिने विषयमा सरकारको ध्यान नजाँदा युवाहरू विदेश पलायन भइरहेको बताउनुभयो । भूगोल, इतिहास, कला, संस्कृति, राजनीतिशास्त्रजस्ता महत्त्वपूर्ण विषयमा उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरू न्यून भएकोमा चिन्ता व्यक्त गर्नुहुँदै उहाँले विश्वविद्यालयहरूमा अध्ययन अनुसन्धान र प्राज्ञिक छलफल गरी नीति निर्माणमा सहयोग गर्नुपर्नेमा जोड दिनुभयो ।

प्रमुख प्रजापतिले भक्तपुरका मूर्त र अमूर्त सम्पदाहरू विश्वकै सम्पत्ति भएको चर्चा गर्नुहुँदै नगरपालिकाले कला संस्कृति र सम्पदा पुनःनिर्माण तथा नयाँ पुस्तामा सीप हस्तान्तरण प्रक्रियालाई प्रोत्साहित गरिरहेको स्पष्ट पार्नुभयो ।

उहाँले विद्यालय तहमा स्थानीय पाठ्यक्रममार्फत नयाँ पिँढीलाई भक्तपुरको इतिहास, संस्कृतिबारे पढाइरहेको तथा उच्च तहमा अध्ययनरत विद्यार्थीहरूलाई नगरपालिकाले छात्रवृत्ति र शैक्षिक ऋण प्रदान गरिरहेको समेत जानकारी गराउनुभयो ।



त्रिवि नेपाली इतिहास, संस्कृति र कला केन्द्रीय विभागका विभागीय प्रमुख प्रा.डा. **सोमप्रसाद खतिवडा**ले विश्वविद्यालयलाई समुदायसम्म पुऱ्याउने अभियानअन्तर्गत नगरपालिकासँग सहकार्य गरेर अध्ययन अनुसन्धान गराइरहेको बताउनुभयो । छोटो समयमा व्यवस्थित कार्यक्रम गरी उच्च तहका व्यक्तित्वहरूको उपस्थितिमा व्यापक सहभागितासहित कार्यक्रम भएकोमा नगरपालिकाप्रति उहाँले धन्यवादज्ञापन गर्नुभयो ।

उहाँले विश्वविद्यालयमा भक्तपुरको कला संस्कृतिसँगै पर्यटन उद्योगबारे पनि पाठ्यक्रममा उल्लेख गरिएको प्रष्ट पार्नुहुँदै यहाँका सांस्कृतिक पक्षलाई विश्वसामु चिनाउन विश्वविद्यालय र नगरपालिकाबिच सहकार्य गर्न आवश्यक रहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुरको कला संस्कृति र पर्यटनको विषयमा सम्पन्न अन्तरक्रिया कार्यक्रमको प्रतिवेदन त्रिविको तर्फबाट नगरपालिकालाई हस्तान्तरण गरिएको थियो ।

उक्त कार्यक्रममा नगरपालिकाका उपप्रमुख रजनी जोशी, वडाध्यक्षहरू रबिन्द्र ज्याख्व, उकेश कवां, योगेन्द्रमान बिजुक्छें तथा कार्यपालिका सदस्यहरू छोरीमैया सुजखू र कृष्णप्यारी भुजू उपस्थित हुनुहुन्थ्यो ।

त्यस्तै त्रिवि नेपाली इतिहास, संस्कृति र कला केन्द्रीय विभागका प्राध्यापकहरू डा. लोकनाथ दुलाल, डा. महेश आचार्य, डा. तिना मानन्धर, डा. पशुपति न्यौपाने, सहप्राध्यापक विश्वमोहन जोशी र अनुसन्धाता राजेश गाइँजूको उपस्थिति थियो ।

# सुकुलढोका क्षेत्रका पसल व्यवसायीहरूको भेला



भक्तपुर नगरपालिकाको आयोजनामा सुकुलढोका क्षेत्रका पसल व्यवसायीहरूको भेला जेठ ९ गते भयो ।

भेला वडा नं. ७ वडाध्यक्ष **उकेश कवाँ**ले भक्तपुरका जनतामा नागरिक भावनाविना बजार व्यवस्थित नहुने बताउनुभयो । उहाँले देशमा एक प्रकारको आर्थिक मन्दिको दिशा तर्फ गुज्रिरहेकोले देशका असी लाख युवाहरू विदेशीएको अवस्थामा बजार कसरी चल्छ भन्नुहुँदै नेपालमा उत्पादन छैन जसले गर्दा रोजगारी श्रृजना नहुँदा बेरोजगारी बढेकोले देश परनिर्भरतातर्फ ढकेलिरहेको छ भन्नुभयो ।

उहाँले बजारमा आकर्षण नबढाई प्रतिस्पर्धामा व्यापार बढाउन गाह्रो हुने भएकोले दृष्य प्रदूषण हटाउन छट छजा हटाउन पर्ने भएकोले व्यवसायीहरूको सहयोगले नै उक्त कार्य सम्भव हुने बताउनुभयो ।

उहाँले युवाहरूलाई विदेशीनबाट रोक्न सीपमूलक तालिम दिई व्यवसाय ऋण, शैक्षिक ऋणको व्यवस्था गरेको साथै विभिन्न विषयका विद्यार्थीहरूलाई पिएचडिसम्म निःशुल्क व्यवस्था गरेको बताउनुभयो ।

कार्यक्रममा वडा नं. ५ का वडाध्यक्ष **योगेन्द्रमान बिजुक्छेँ**ले नगरपालिका स्थानीय सरकार भएकोले बलियोले जे गरेपनि हुने मत्स्य न्यायबाट छुटकारा पाउन राज्य वा सरकारको व्यवस्था भएको बताउनुहुँदै नगरपालिकाको ऐन नियममा बसेर काम कारबाही गुर्नपर्ने बताउनुभयो ।

उहाँले बलियोले निर्बलियालाई थिचोमिचो गर्ने, नक्सा पासविना छरछिमेकीलाई समस्या हुने गरी जथाभावी घर बनाउनेलाई स्थानीय सरकारले नियन्त्रण र व्यवस्थित गर्ने बताउनुभयो । उहाँले मानव अधिकार वा स्वतन्त्रताको नाममा अरूलाई हस्तक्षेप गर्न नपाउने भने जस्तै व्यवसाय गर्नेले पनि व्यवसायको मर्यादा र अनुशासनमा बसी व्यापार व्यवसाय गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रमका सभापति वडा नं. का वडाध्यक्ष **राजकृष्ण गोरा**ले नगरपालिका साझा संस्था भएकोले आलोचना र आत्मलोचनाबाट नगरवासीहरूलाई सचेत गरिरहेको बताउनुभयो ।

उहाँले जनप्रतिनिधिहरू नगरवासीहरूको अमूल्य भोटबाट निर्वाचित भएकोले यहाँहरूको सेवा र सहयोगमा समर्पित भएको बताउनुहुँदै सानो नगरमा ठूलो उद्योगधन्दाको सम्भावना नभएकोले पर्यटन व्यवसायबाट नगरवासीहरूको सेवा र आय स्रोत वृद्धि गर्ने तर्फ नगरपालिकाले काम गरिरहेको बताउनुभयो ।

उहाँले आर्थिक वर्षको सङ्घारमा नयाँ आवको लागि विभिन्न योजनाहरू तर्जुमा गर्न सुझावहरू पाउने र सुझावअनुसार नयाँ नयाँ योजनाले नगरवासीहरूलाई सेवा पुग्ने आशा व्यक्त गर्नुभयो ।



कार्यक्रममा भनपा वडा नं. ५ का वडासदस्य **नारायणप्रसाद त्वानाबासु**, वडानिरीक्षक **रामकृष्ण प्रजापति**ले पनि बोल्नु भएको थियो ।

कार्यक्रममा सहभागीहरूले छटछजा निकाल्नेबारे विभिन्न जिज्ञासा राख्नुभएको थियो ।

BHAKTAPUR [MONTHLY] मासिक
भक्तपुर नपाको वेबसाइट
bhaktapurmun.gov.np
को 'प्रकाशनहरू' मा पढ्न सक्नुहुनेछ ।

# eQmk'/ gkfsf]cgudg

## बोका बिक्री बजार अनुगमन



भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक एवम् वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोराको नेतृत्वमा वैशाख २७ गते खसी बजार भेलुखेलमा दिवालीलाई मध्ये नजर गरी बोका बिक्री बजार अनुगमन गरियो। अनुगमनमा क्वारेन्टाइन चेक जाँचविना र भेटनरीको जाँचपासविना स्वस्थ वा बिरामी, उपभोक्ताले उपभोग गर्न मिल्ने नमिल्ने परीक्षणविना बोका ओसारपसार गरी स्थानीय सरकार नगरपालिकामा समेत स्वीकृतिविना बिक्री वितरण गरेको पाइएको संयोजक गोराले बताउनुभयो।

अनुगमनमा देशका विभिन्न स्थानबाट क्वारेन्टाइन चेक जाँचविना र भेटनरीको जाँचपास कागजातविना नगरपालिकालाई तिर्नुपर्ने राजस्वसमेत नतिरी बिक्रीवितरण गरेकोले नगरपालिकामा कागजातसहित उपस्थित हुन भिमबहादुर तामाङ, शिब श्रेष्ठ, नरबहादुर श्रेष्ठ, सुरोज श्रेष्ठ, बाबुकाजी धौगोडालाई नगरपालिकामा कागजात सहित उपस्थित हुन निर्देशन दियो।

त्यस्तै रामेछाप चौपाया खरिदबिक्री, बेथानबाट क्वारेन्टाइन चेक जाँचविना र भेटनरीको जाँचपास कागजातविना बोका ल्याई नगरपालिकालाई तिनुपर्ने राजस्व समेत नतिरी बिक्रीवितरण गरेकोले पसल नवीकरण गरी नगरपालिकामा कागजातसहित उपस्थित हुन निर्देशन दियो। न्हुछेराम सप्लायर्स र आयन्स सप्लायर्सलाई नवीकरण गर्न क्वारेन्टाइन चेक जाँच र भेटनरीको जाँचपास कागजातविना बिक्रीवितरण नगर्न निर्देशन दियो।

## मासु पसल अनुगमन



त्यस्तै वेशाख २८ गते अनुगमन टोलीले गरेको मासु पसल अनुगमनमा मुकेशोर शाहीको भगवती मासु सप्लाई २०७६ साल पछिदेखि नवीकरण नगरेको, तराजु नवीरकरण नगरेको, पसल फोहोर भएको, एप्रोन प्रयोग नगरेकोले तराजु एक थान जफत गरी तीन दिन भित्र पसल नवीकरण गर्न, तराजु नवीकरण गर्न, सरसफाइमा ध्यान दिन, एप्रोन सेतो प्रयोग गर्न, मासु धूलो र झिँगाले नभन्किने गरी सिसाको बाकस बनाएर राख्न वा जाली छोप्न निर्देशन दिई बिग्रेको बासी मासु जफत गरी नष्ट गरियो।

त्यस्तै अफराज मियाको मासु पसल दुई बर्षदेखि नवीकरण नगरेको, मासु झिँगा र धूलोले भन्किने गरी राखेको, मूल्य सूची नराखेको, तराजु नवीकरण नगरेको, फोहोर भएको, एप्रोन प्रयोग नगरेकोले मासु पेल्ने मेशिन एक थान जफत गरी नगरपालिका कार्यालयमा उपस्थित हुन तीन दिन भित्र पसल नवीकरण गर्न, तराजु नवीकरण गर्न, सरसफाइमा ध्यान दिन, एप्रोन सेतो प्रयोग गर्न, मासु धूलो र झिँगाले नभन्किने गरी सिसाको बाकस बनाएर राख्न वा जाली छोप्न निर्देशन दिई बिग्रेको बासी मासु जफत गरी नष्ट गरियो।

त्यस्तै न्यू महेश्वरी हाइजेनिक मिट सपलाई नवीकरण गर्न, पशु वध गर्दा जीवित पशुले नदेख्ने गरी व्यवस्था गर्न, तराजु नवीकरण गर्न, मासु धूलो र झिँगाले नभन्किने गरी जाली राख्न र राँगोको सफा गरेको भुँडी र फोहोर ढल निकासमा नपठाउन निर्देशन दियो।

त्यस्तै महेश्वरी वधशालालाई सरसफाइमा ध्यान दिन र राँगोको सफा गरेको भुँडी र फोहोर ढल निकास र खोलामा नपठाउन निर्देशन दियो।

उपरोक्त अनुगमन टोलीमा समितिका सदस्य श्यामकृष्ण खत्री, रोशनमैया सुवाल, भनपा श्यानिटेशका न.नि.

दिलिपकुमार सुवाल, व.नि. रामकृष्ण प्रजापति, जिल्ला प्रशासन कार्यालय भक्तपुरका हरिहर काफ्ले, महानगरीय प्रहरी परिसरका प्रहरी लव कस्पाल, राष्ट्रिय उपभोक्ता मञ्चका मनोज थापा, उद्योग बाणिज्य सङ्घ भक्तपुरका राजेश त्वानाबासु, भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका सुमित्रा श्रेष्ठ र पशु सेवा कार्यालयका पार्वती योञ्जनलगायतका प्रतिनिधिहरू सहभागी रहेको थियो ।

# सहकारी अनुगमन

भक्तपुर नगरपालिका वडा नं. १ स्थित सहकारीहरूमा जेठ ३ गते भक्तपुर नपाले अनुगमन गरेको छ ।

अनुगमनमा सहकारी संस्थाका सञ्चालक समिति र लेखा समितिका पदाधिकारीको साथै व्यवस्थापकलाई अनुगमनमा उपस्थिति भई आवश्यक कागजात उपलब्ध गराउन पत्राचार भएकोमा सञ्चालक समितिका २ र लेखा समितिका १ जना मात्रै उपस्थित भई अन्य पदाधिकारी उपस्थित नभएको र आवश्यक कागजात उपलब्ध नगराएको सहकारी अनुगमन समितिका संयोजक एवम् वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले बताउनुभयो ।

संयोजक बासुकलाले उपलब्ध भएका कागजातहरूमा र भक्तपुर नपालाई उपलब्ध गराएको कागजात भिडान गरी हेर्दा बचत, ऋण, बैङ्क मौज्दातहरू एकाआपसमा फरक देखिएको बताउनुभयो ।

अनुगमन टोलीमा संयोजक हरिप्रसाद बासुकला, सदस्यहरू नारायणप्रसाद त्वानाबासु, हरिरत्न गोर्खाली, श्यामसुन्दर मातां र सहकारी शाखाका प्रतिनिधि सहभागी थिए ।

## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर

## सामाजिक सुरक्षा भत्ताका लागि Biometric Verification अनिवार्य हुने सम्बन्धी भक्तपुर नगरपालिकाको सूचना !

प्रस्तुत विषयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको च.न. ३८५ मिति २०८१।०१।२४ गतेको प्राप्त पत्रानुसार मिति २०८१ साउन १ गतेदेखि यस नगरपालिकाभित्रका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको नवीकरण तथा नयाँ निवेदन दर्ता गर्दा राष्ट्रिय परिचयपत्रमा आधारित Biometric Verification अनिवार्य गरिने भएकोले सोको लागि आवश्यक पर्ने तपसिलका कार्यहरू गर्नुहुन सम्बन्धित सबै लाभग्राहीहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

**१. राष्ट्रिय परिचयपत्र नम्बरको लागि Enrollment फारम भरिसकेको हकमा:**
राष्ट्रिय परिचयपत्र नम्बरको Biometric गराउँदा प्राप्त गरेको आवेदनको फारम वा उक्त आवेदन फारममा लेखिएको आवेदन नम्बर सम्बन्धित वडा कार्यालय वा भक्तपुर नगपालिकाको एम.आइ.एस.शाखामा पेस गर्नुहुन र राष्ट्रिय परिचयपत्रमा नाम दर्ता भएका तर परिचयपत्र नम्बर (NIN) नभएकोले https://citizenportal.donidcr.gov.np/CitizenPortal/ लि मार्फत नम्बर प्राप्त गर्नुहुन ।

**२. राष्ट्रिय परिचयपत्र नम्बरको लागि Enrollment फारम नभरेकाको हकमा:**
सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीले राष्ट्रिय परिचयपत्र नम्बर प्राप्त नगरेको भए जिल्ला प्रशासन कार्यालय, भक्तपुरमा राष्ट्रिय परिचयपत्र दर्ता शाखा (Enrollment Station) मा गई (Enrollment) गर्नहुन र राष्ट्रिय परिचयपत्र नम्बर प्राप्त भएपछि सम्बन्धित वडा कार्यालय वा भक्तपुर नगरपालिकाको एम.आइ.एस.शाखामा राष्ट्रिय परिचयपत्र नम्बर(NIN) पेस गर्नुहुन ।

**नोट**: २०८१/०४/०१ देखि Biometric Verification अनिवार्य लागु हुने भएकोले राष्ट्रिय परिचय पत्र नम्बर उपलब्ध नभए नवीकरण तथा दर्ता नहुने भएकोले सामाजिक सुरक्षा भत्ता लिइरहनुभएका लाभग्राहीहरू तथा नयाँ लाभग्राहीहरूले अनिवार्यरूपमा राष्ट्रिय परिचय पत्र नम्बर समयमै प्राप्त गर्नहुन अनुरोध छ ।

# शैक्षिक गतिविधि

## क्षमता अभिवृद्धि तालिम






भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज अफ लमा Capacity Development Training on Developing Interpersonal Relationships and Engaging Team program समापन कार्यक्रम जेठ १२ गते भयो ।

## भावनात्मक सिकाइ प्रशिक्षण






भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप मावि, शारदा माविको आयोजनामा Student Social Emotional Learning विषयक एक दिने प्रशिक्षण कार्यक्रम जेठ १२ गते सम्पन्न भयो ।

## प्राध्यापक र स्थानीय पाठ्यक्रम अध्यापन गराउने शिक्षकहरुको भेला




भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुर नगरपालिकाभित्र सञ्चालित विद्यालयका प्राध्यापक र स्थानीय पाठ्यक्रम अध्यापन गराउने शिक्षकहरूको भेला कार्यक्रम जेठ १४ गते सम्पन्न भयो ।

उक्त कार्यक्रममा एक सम्पदा एक विद्यालय सरसफाइ गर्ने अभ्यास कार्यान्वयनको लागि आफ्नो नजिकको सम्पदा सरसफाइको लागि विद्यालयहरूलाई जिम्मेवारी तोकिएको छ ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले सम्पदाप्रति माया गर्ने बानीको विकास विद्यालयस्तरबाटै सिकाउनुपर्ने बताउनुभयो । उहाँले सभ्य र सुसंस्कृत समाज निर्माणमा विद्यालयहरूको महत्त्वपूर्ण भूमिका हुने बताउनुहुँदै विद्यार्थीहरूलाई अनुशासित, कर्तव्यनिष्ठ र देशभक्त बनाउन शिक्षक शिक्षिकाहरूबाट आवश्यक पहल हुनु जरुरी रहेको बताउनुभयो ।

गणतन्त्र दिवसले कामदार वर्गलाई कुनै उपलब्धी दिन नसकेको बताउनुहुँदै पुँजीवादी गणतन्त्रले कामदार वर्गको हित नगर्ने विषय जनताले आफै अनुभव गरिरहेको यथार्थबारे प्रष्ट पार्नुभयो ।

राजनीतिक दलहरू विचार र सिद्धान्तको आधारमा सञ्चालन नहुँदा देश विकासको गतिमा बाधा पुगिरहेको चर्चा गर्नुहुँदै उहाँले राजनीतिक पार्टीहरूको बोली र व्यवहारमा एकरूपता नभएकै कारण नेपाली जनतामा राजनीतिप्रति नै वितृष्णा जागेको छ भन्नुभयो ।

विद्यार्थीहरूलाई आत्मनिर्भरताको पाठ सिकाउनुपर्नेमा जोड दिनुहुँदै नगर प्रमुख प्रजापतिले विद्यार्थीको भविष्य र अनुशासित समाज निर्माणमा शिक्षक र विद्यालयको उल्लेखनीय

भूमिका रहेको प्रष्ट पार्नुभयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले भक्तपुर नगरपालिकाबाट सञ्चालित कलेजहरूबाट धेरै दक्ष जनशक्तिहरू उत्पादन भइसकेको बताउनुहुँदै स्थानीय पाठ्यक्रमको मूल मर्मलाई बुझेर यसको अध्ययन अध्यापनमा जोड दिनुपर्ने बताउनुभयो। भक्तपुरका कला संस्कृति र चाड पर्वहरू पर्यावरणीय हिसाबले पनि महत्त्वपूर्ण रहेको उदाहरणहरू प्रस्तुत गर्नुहुँदै उपप्रमुख जोशीले १०० वर्षपछिको भक्तपुरलाई सभ्य र सुसंस्कृत बनाउने उद्देश्यले भक्तपुर नगरपालिकाले काम गर्दै आएको बताउनुभयो।



कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले आफ्नो वरपरको क्षेत्रको सरसफाइ गर्ने अभ्यासलाई बढावा दिनुपर्ने बताउनुहुँदै उहाँले विद्यालयस्तरबाटै कुहिने र नकुहिने फोहोर अलग अलग सङ्कलन गर्न सके विद्यालयको लागि आवश्यक मल उत्पादनमा टेवा पुग्ने बताउनुभयो। उहाँले घरघरबाट निस्कने फोहोर व्यवस्थापनको जिम्मेवारी सबैको साझा दायित्व भएको बताउनुहुँदै विद्यार्थीहरूमा सरसफाइप्रतिको सकारात्मक सोचको लागि विद्यालयस्तरबाट आवश्यक पहल र सचेतना कार्यक्रमहरू गर्न जरुरी रहेको बताउनुभयो।

कार्यक्रममा नगर शिक्षा शाखा भक्तपुरका प्रमुख **साधुराम फुयाल**ले भक्तपुरका विद्यालयहरूमा विद्यार्थीहरूलाई यहाँको कला, संस्कृति, पर्व, जात्रा आदिबारे अध्ययन अध्यापनले विद्यार्थीहरूमा व्यापक दृष्टिकोणको विकास भएको बताउनुहुँदै स्थानीय सम्पदा सरसफाइको जिम्मेवारी विद्यालयको सामाजिक दायित्वअन्तर्गत पर्ने विषय पनि हो भन्नुभयो।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ५ का वडाध्यक्ष एवम् स्थानीय पाठ्यक्रम निर्माण कार्यदलका संयोजक **योगेन्द्रमान बिजुक्छें**ले स्थानीय पाठ्यक्रमको सान्दर्भिकताबारे प्रष्ट पार्नुभयो भने भनपा वडा नं. २ का वडा सदस्य तथा वातावरण समितिका सदस्य **मन्जुमैंया लाखा**ले पनि बोल्नुभएको थियो।

कार्यक्रममा भक्तपुर नगरपालिकाभित्र सञ्चालित सामुदायिक र संस्थागत विद्यालयका प्राध्यापक र स्थानीय पाठ्यक्रम अध्यापन गराउने शिक्षक शिक्षिकाहरूको उपस्थिति रहेको थियो।

### भक्तपुरमा बन्द हुँदै निजी स्कुल

## आठ वर्षमा १५ बन्द, तीन स्थानान्तरण

भक्तपुर नगरपालिकाले अपनाएको शिक्षा र स्वास्थ्य नीति देशका अन्य पालिकाको भन्दा भिन्न र सफल छ। नगरपालिकाले नै विशेष प्राथमिकता दिएर स्कुल र स्वास्थ्य संस्था सञ्चालन गर्न थालेपछि भक्तपुरमा स्वास्थ्य र शिक्षा गुणस्तरीय बनेको हो। नगरपालिकाको प्राथमिकताका कारण यहाँका सामुदायिक स्कुल सुधार हुन थालेसँगै कतिपय निजी स्कुल स्कुल बन्द र स्थानान्तरण हुन थालेका छन्।

पछिल्लो आठ वर्षयताको तथ्याङ्क हेर्दा भक्तपुर नगरपालिकाभित्र मात्रै १५ ओटा निजी (संस्थागत) स्कुल बन्द भइसकेका छन्। बन्द भएका बोर्डिङ स्कुल क्षेत्रका सामुदायिक विद्यालयमा भने विद्यार्थी बढेका छन्। कुनै वेला निजी स्कुलको घेराबन्दीमा परेर विद्यार्थी नपाउने अवस्थामा पुगेका सामुदायिक विद्यालयलाई अचेल विद्यार्थी कसरी व्यवस्थापन गर्ने भनेर हम्मे–हम्मे परेको छ। नगरभित्र रहेका वागीश्वरी मावि, वासु मावि, सरस्वती विद्यागृह, गणेश मावि, शारदा माविलगायत सामुदायिक स्कुलमा विद्यार्थी सङ्ख्या हरेक वर्ष

## चीनका प्राचीन नीतिकथा

### afnsnf0{xSf[pg]tl/sf

एक दिन चङ सनकी स्वास्नी किनमेल गर्न बजार जान लागेकी थिई। उसको सानो छोराले पनि सँगै जान्छु भनेर जिद्दी गर्दै रुन लाग्यो। उसले छोरालाई भनिन्, 'छोरा, तिमी घरमै बस। म फर्केर आएपछि तिमीलाई कुखुरा कि खसी काटेर ख्वाउँछु है।' छोरा मान्यो।

साँझ ऊ घर फर्कँदा चङ सनले साँच्चै नै खसी काट्न पानी उमालिरहेको थियो। उसले लोग्नेलाई रोक्दै भनी, 'मैले त छोरालाई भुलाउन पो खसी काट्ने कुरा गरेकी थिएँ।'

चङ सनले भने, 'तिमी केटाकेटीलाई यसरी झुक्याउनु हुँदैन। बालकहरूले आमाबाबुको सिको गर्छन्। तिमीले छोरालाई झुक्याएर उसलाई ढाँट्न सिकाउँदैछ्यौ। यसरी आमाबाबुले ढाँटे भने बालकहरूले उनीहरूलाई पत्याउन छाड्छन्। केटाकेटी हुर्काउने तिम्रो तरिका एकदम बेठिक छ।' यति भन्दै चङ सनले खसी काट्यो।

अनुवादः विनय कसजू

बढ्दै गइरहेको छ । वागीश्वरी माविका कक्षा ११ र १२ का इन्चार्ज ज्ञानसागर प्रजापतिका अनुसार भक्तपुरमा निजी स्कुल सुक्दै र सामुदायिक स्कुल फुक्दै गइरहेका छन् । 'यहाँका सामुदायिक स्कुल फस्टाउँदै गइरहेका छन्, निजी स्कुल अन्यत्र सर्ने र बन्द हुने क्रम बढेको छ,' उनले भने, 'कुनै वेला विद्यार्थी नभएर अप्ठ्यारोमा परेका सामुदायिक स्कुलहरूमा अहिले क्रमशः विद्यार्थी बढ्दै छन् ।'

भक्तपुर नगरपालिकाका अनुसार पछिल्लो आठ वर्षमा १८ भन्दा बढी निजी स्कुल बन्द तथा स्थानान्तरण भएका छन् । पाँच वर्षअघिसम्म विद्यार्थीको भिडभाड हुने कमलविनायकस्थित कालिका सेकेन्डरी स्कुल अहिले बन्द भएको छ । विद्यार्थी सङ्ख्या निरन्तर घटेपछि ०७८ मा यो स्कुल बन्द भएको हो । कालिका मात्रै होइन, सबैजसो बन्द भएका निजी स्कुल सामुदायिक स्कुल राम्रो भएरै हो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले विद्यार्थी सङ्ख्या सुक्दै गएपछि निजी स्कुलहरू नगरबाट विलय हुने क्रम बढेको बताए । 'हाम्रो प्राथमिकता सामुदायिक स्कुल नै हो । सामुदायिक राम्रो भएपछि निजीको औचित्य कम हुँदै जान्छ । यही सोच राखेर शिक्षकलाई तालिम दियौँ, अभिभावकलाई काउन्सिलिङ गर्‍यौँ,' उनले भने, 'सामुदायिक विद्यालयलाई आवश्यक पूर्वाधार र स्रोतसाधन दियौँ । त्यसपछि उहाँहरूले सामुदायिक विद्यालयलाई चम्काउन थाल्नुभयो । अहिले सामुदायिक विद्यालयमा विद्यार्थी भरिभराउ छन् भने निजी स्थानान्तरण वा बन्द हुने क्रममा छन् ।' उनका अनुसार नगरभित्र जम्मा ९२ स्कुल छन् । त्यसमा ३५ ओटा सामुदायिक छन् । बाँकी निजी छन् । बन्द भएका निजी पनि यही तथ्याङ्कभित्र पर्छन् ।

यी हुन् बन्द भएका निजी स्कुल :

**चम्पक स्कुल**, दुवाकोट : ०८१ मा बन्द । **स्कलर होम स्कुल**, महालक्ष्मीस्थान थालाछेँ : ०८१ मा बन्द । **जेनिठ स्कुल**, बाराहीस्थान : ०८१ मा स्थानान्तरण । **कालिका सेकेन्डरी स्कुल**, कमलविनायक : ०७८ मा बन्द । **जनता इङ्लिस स्कुल**, नागपोखरी : ०७७ मा बन्द । **सिद्धि ग्लोरियस स्कुल**, इनाचो ०७५ मा बन्द । **हाप्पीहोम स्कुल**, दागाचा जगाती : ०७४ मा बन्द । **जुन इङ्लिस स्कुल**, व्यासी : ०८१ मा बन्द । **निलोजिय स्कुल**, कमलविनायक : ०७७ मा बन्द । **तारा माउन्ट स्कुल**, ग:छेँ नवदुर्गास्थान : ०७३ मा बन्द । **फ्युचर स्टार स्कूल**, बाराहीस्थान : ०८१ मा स्थानान्तरण । **एकता इङ्लिस स्कुल**, कमलविनायक : ०७३ मा बन्द । **रोशमपूर्व स्कुल**, सिर्जनानगर : ०७८ मा बन्द । **सिरिङ्केन इङ्लिस स्कुल**, कालीघाट व्यासी : ०८१ मा बन्द । **इजिपायनियर स्कुल**, इटाछेँ : ०८१ मा स्थानान्तरण । **दरबार शिशु स्याहार स्कुल**, व्यासी : ०८१ मा बन्द । **एक्टिभ इङ्लिस बोर्डिङ स्कुल**, व्यासी : ०८१ मा बन्द । **मम्टी बोर्डिङ स्कुल**, व्यासी : ०७४ मा बन्द ।

शिवहरि घिमिरे/ नयाँ पत्रिका, जेठ १८ गते



**सुनील प्रजापति, मेयर, भक्तपुर नगरपालिका**

सामुदायिक स्कुल राम्रो भएपछि निजीको औचित्य कम हुँदै जानु स्वाभाविक हो । यही सोच राखेर शिक्षकलाई तालिम दियौँ, अभिभावकलाई काउन्सिलिङ गर्‍यौं । सामुदायिक विद्यालयलाई आवश्यक पूर्वाधार र स्रोतसाधनयुक्त बनाएका छौं । अहिले सामुदायिक स्कुलमा विद्यार्थी भरिभराउ छन् । निजी स्कुल स्थानान्तरण र बन्द हुने क्रम बढेको छ ।

नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
नगरको विकासमा सघाऔं ।

# स्वास्थ्य सेवा

## ख्वप अस्पताल सञ्चालन चौथो वर्षमा प्रवेश : ख्वप अस्पतालबाट राष्ट्रिय स्तरको सेवा प्रदान




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छें (रोहित)**ले चिकित्सकहरूले संसारका राम्रा राम्रा डाक्टरहरूको योगदानबाट सिक्दै जनताको सेवाभावले काम गर्न प्रेरित गर्नुभयो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पताल सञ्चालनको चौथो वर्षमा प्रवेश गरेको अवसरमा वैशाख १७ गते आयोजित कार्यक्रममा अध्यक्ष बिजुक्छेंले ख्वप अस्पताल नगर अस्पतालको रूपमा सञ्चालन भए पनि देशभरिका नागरिकहरूलाई राष्ट्रिय स्तरको स्वास्थ्य सेवा प्रदान गरिरहेको बताउनुभयो ।

चिकित्सकहरूले आफ्नो पेशागत जिम्मेवारी सँगसँगै समाज र देशको हितमा काम गर्नुपर्छ भन्नुहुँदै उहाँले चिकित्सकहरूले बिरामीहरूसँग मित्रवत व्यवहार र जनताले बुझ्ने भाषामा सेवा दिनुपर्छ भन्नुभयो ।

उहाँले नेपालका दक्ष जनशक्ति विदेश पठाउने दलाली काम सरकारी संयन्त्रबाटै भइरहेको बताउनुहुँदै युवा पुस्ता दक्ष र इमानदार भए जुनसुकै क्षेत्रमा इमानदारीपूर्वक काम गर्छन् भन्नुभयो ।

महँगो विद्यालयले मात्र राम्रो शिक्षा दिने कुरा गलत भएको बताउनुहुँदै उहाँले नयाँ पुस्तालाई युग सुहाउँदो र दक्ष बनाउन विद्यालयको जग बलियो बनाउनुपर्ने बताउनुभयो । उहाँले विद्यार्थीहरूलाई भाषा र असल संस्कार विद्यालयस्तरबाट सिकाउन सके समाजलाई सभ्य र सुसंस्कृति बनाउन मद्दत पुर्‍याउने बताउनुभयो ।

कार्यक्रमका सभापति एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले २०३० सालमा जनस्वास्थ्य सेवा केन्द्रको रूपमा सञ्चालन भई हाल १०० शय्याको ख्वप अस्पताल सञ्चालन गर्दा धेरै आरोह अवरोहहरू पार गरिसकेको स्मरण गर्नुहुँदै अस्पतालले जनताको निःस्वार्थपूर्वक सेवा गर्ने उद्देश्यले काम गर्दै आइरहेको बताउनुभयो ।

उहाँले ख्वप अस्पतालप्रति जनताको आस्था र विश्वास भएकै कारण अस्पतालले गुणस्तरीय सेवा प्रवाह गर्न सफल भएको बताउनुहुँदै भक्तपुर नपामा स्वास्थ्य बीमा कार्यक्रम व्यवस्थित रूपमा सञ्चालन हुँदा बिरामीहरूले सहज र सुलभ रूपमा सेवा पाइरहेको बताउनुभयो ।

चिकित्सक अभावका कारण अस्पतालहरूले राम्रोसँग सेवा दिन नसकिरहेको वर्तमान अवस्थामा स्वास्थ्य क्षेत्रजस्तो संवेदनशील क्षेत्रका जनशक्तिलाई नेपालमै बसेर काम गर्ने अवसरहरू सरकारले सिर्जना गर्नुपर्छ भन्नुभयो ।

वाग्मती प्रदेशसभा सदस्य **सृजना सैंजु**ले ख्वप अस्पताल भक्तपुरको स्वास्थ्य क्षेत्र विकासमा उल्लेखनीय इतिहास बोकेको अस्पताल भएको बताउनुहुँदै जनताको सेवा गर्ने भावनाले काम गर्न सके जनगुनासो कम हुँदै जाने बताउनुभयो ।

उहाँले अस्पतालले भौतिक संरचना, गुणस्तरीय मेडिकल सेवा सँगसँगै युग सुहाउँदो जनशक्ति व्यवस्थापनतर्फ पनि जोड दिनुपर्ने बताउनुहुँदै अखाद्य वस्तुको उपभोगले जनस्वास्थ्य नकारात्मक असर पुगिसकेकोतर्फ सबै सजग हुनुपर्ने बताउनुभयो । दक्ष जनशक्तिको परिचालनमा राज्य नै जिम्मेवार ढङ्गले अगाडि बढ्नुपर्ने बताउनुहुँदै उहाँले नसर्ने रोगको जोखिमलाई कम गर्न जनचेतनाको आवश्यकता रहेको बताउनुभयो ।



भक्तपुर नगरपालिकका उपप्रमुख **रजनी जोशी**ले स्वास्थ्य संस्था संवेदनशील क्षेत्र भएको हुँदा त्यहाँका कार्यरत चिकित्सक तथा कर्मचारीहरूले सावधानीपूर्वक काम गर्नुपर्ने बताउनुहुँदै स्वास्थ्य सेवामा आबद्ध जनशक्तिहरूले सामाजिक दायित्व निर्वाह गर्नेतर्फ पनि ध्यान दिनुपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले अस्पतालबाट प्रवाह हुने सेवा सुविधाहरू प्रविधिमैत्री हुनुपर्ने र नयाँ कार्यशैली अपनाउँदै अगाडि बढ्नुपर्ने धारणा राख्नुभयो ।

कार्यक्रममा ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर डा. **मजेशप्रताप मल्ल**, इन्टरनल मेडिसिन डा. **अमर प्रजापति** र डा. **रत्न सुन्दर लासिवा**ले ख्वप अस्पताल

सञ्चालनको इतिहास, उद्देश्य र अस्पतालबाट प्रवाहित सेवासुविधाबारे अवगत गराउनुभयो ।

## वडा नं. ५ मा पाठेघरको मुखको परीक्षण

भक्तपुर नपा वडा नं. ५ को आयोजना तथा ख्वप अस्पतालको प्राविधिक सहयोगमा पाठेघरको मुखको परीक्षण (एलबीसी जाँच) तथा स्तन परीक्षण र रक्तअल्पता जाँच कार्यक्रम वैशाख १९ गते भयो ।

उक्त कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले शिक्षा र स्वास्थ्यलाई प्राथमिकतामा राखेर कार्य गरिरहेको चर्चा गर्नुहुँदै महिलाहरूको स्वास्थ्य स्थिति जटिल हुन नदिनेतर्फ सचेत हुनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा समाजसेवी **पूर्णगोपाल राजचल**ले नेपाल मजदुर किसान पार्टीले शिक्षा र स्वास्थ्य क्षेत्रमा आफ्नो घोषणापत्रअनुसार कार्य गरिरहेको बताउनुहुँदै शिविरको पूर्ण सफलताको कामना गर्नुभयो ।

कार्यपालिका सदस्य एवं ५ नं. वडाका वडा सदस्य **कृष्णप्यारी भुजु**को सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा वडा सदस्य **रीता फसिकवा**, डा. **ओसिन छुस्याकी**लगायतले कार्यक्रमको महत्त्वमाथि प्रकाश पार्नुभएको थियो ।

शिविरबाट १७० जना महिलाहरूले आफ्नो स्वास्थ्य जाँच गराएका थिए ।

## हाडजोर्नी तथा दन्त शिविर




भक्तपुर नपा वडा नं. ६ को आयोजनामा ख्वप अस्पतालको प्राविधिक सहयोगमा हाडजोर्नी तथा दन्त शिविर कार्यक्रम वैशाख २७ गते भयो ।

उक्त कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले गरिबीका कारण न्यूनतम स्वास्थ्य उपचारबाट वञ्चित नहोस् भन्ने हेतुले भक्तपुर नपाले विभिन्न रोगको स्वास्थ्य शिविर सञ्चालन र व्यायामशालाको व्यवस्था गरेको चर्चा गर्नुभयो ।

ख्वप अस्पताललाई क्रमशः व्यवस्थितरूपमा अगाडि बढाउँदै लगिने विश्वास व्यक्त गर्नुहुँदै उहाँले स्थानीयवासीहरूलाई काम र मामको व्यवस्था होस् भनी स्थानीय उपभोक्ता समितिमार्फत पारदर्शीरूपमा दिगोपन हुने गरी विकास निर्माण कार्य गरिरहेको चर्चा गर्नुभयो ।

शिक्षा तथा स्वास्थ्यका साथै भौतिक पूर्वाधारसहितको आवास योजना अत्यावश्यक रहेको मध्यनजर गर्दै उहाँले कमलविनायक, लिबाली, चोखा दुगुरे तुमचो जग्गा एकीकरण आयोजनाको साथै हाल देको मिवा इतापाके जग्गा एकीकरण आयोजना सञ्चालन भइरहेको बताउनुभयो । उहाँले कसैलाई अन्याय भएको देखिएमा गुनासो समितिबाट समस्या समाधान गर्न सकिने बताउनुभयो ।

कार्यक्रमका सभापति एवम् भनपा वडा नं. ६ का वडाध्यक्ष **हरिराम सुवाल**ले स्वास्थ्य परीक्षणले थोरै भए पनि स्वास्थ्य लाभ हुने आशा व्यक्त गर्दै धन्यवाद ज्ञापन गर्नुभयो ।

कार्यपालिका सदस्य **रोशनमैँया सुवाल**ले खाद्यान्न, फलफुल र तरकारीमा मिसावत र विषादी प्रयोगले प्राणघातक रोग निम्तिरहेको चर्चा गर्नुहुँदै शिक्षा र स्वास्थ्यमा भक्तपुर नगरपालिकाले उल्लेख्य काम गरिरहेको चर्चा गर्नुभयो ।



वडा सदस्य **सिद्धिराम अवाल**ले भक्तपुर नपाद्वारा सञ्चालित कलेजहरूले देशभरका विद्यार्थीहरूलाई सर्वसुलभरूपमा अध्ययन गराइरहेको बताउनुभयो ।

कार्यक्रममा स्थानीय **गोपीकृष्ण चाँगुभारी** र स्वयम्सेविका **मञ्जु कुम्पाख**ले पनि बोल्नुभएको थियो ।

अन्तर्राष्ट्रिय नर्सिङ दिवस

## स्वास्थ्यकर्मीहरू उच्च मनोबलकासाथ बिरामीको सेवामा समर्पित रहनुपर्ने



भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले नर्सिङ पेशा सम्मानित पेशा भएको उल्लेख गर्नुहुँदै इमानदारीपूर्वक बिरामीको सेवा गर्दा आफ्नो पेशाप्रति गर्व गर्न सकिने बताउनुभयो ।

अन्तर्राष्ट्रिय नर्सिङ दिवसको अवसरमा वैशाख ३० गते भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालको आयोजनामा सम्पन्न भेलामा नगर प्रमुख प्रजापतिले पुँजीवादी व्यवस्थामा स्वास्थ्य उपचार सेवालाई व्यवसाय बनाइँदा गरिब जनता उपचार सेवाबाट वञ्चित भइरहेको चर्चा गर्नुहुँदै ख्वप अस्पताल जनताको अस्पतालको रूपमा सहज उपचार सेवामा समर्पित रहेको स्पष्ट पार्नुभयो ।

उहाँले समाजवादी देश क्युबाको स्वास्थ्य उपचार सेवा संसारकै उत्कृष्ट भएको तथ्याङ्क प्रस्तुत गर्नुभयो । उहाँले भन्नुभयो, सन् २०१५ मा ३७ हजार क्युवाली डाक्टरहरू विश्वका ७७ ओटा देशहरूमा विपत्ती र महामारीमा परेका जनताको उपचार सेवामा लागेका थिए ।

नगर प्रमुख प्रजापतिले महामारी जस्तो सङ्कटको बेला निजी अस्पतालहरू बिरामीको उपचार गर्न पछि हटेको र सरकारी अस्पतालहरू नै बिरामीको उपचार केन्द्र बनेको चर्चा गर्नुहुँदै भक्तपुर नगरपालिकाले कम शुल्कमा दक्ष स्वास्थ्य जनशक्ति उत्पादन गर्ने उद्देश्यले ख्वप मेडिकल कलेज र ख्वप विश्वविद्यालय स्थापना गर्न खोजेको तर सरकारले विश्वविद्यालयको विधेयक पारित नगरेको बताउनुभयो ।

उहाँले नर्सिङ दिवसको शुभकामना दिनुहुँदै उच्च मनोबल लिएर बिरामीको सेवामा समर्पित रहन निर्देशन दिनुभयो ।



कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले डा. नर्मन बेथुन, डा. कोटनिस र फ्लोरेन्स नाइटिङ्गेल जस्ता चिकित्साकर्मीहरूले विदेशी भूमिमा लडिरहेका न्यायप्रेमी जनताको उपचार सेवामा खटेको इतिहास उल्लेख गर्नुहुँदै न्यायको पक्षमा सङ्घर्षरत जनताको उपचार सेवामा लाग्ने अन्तर्राष्ट्रियवादी भावनाबाट प्रेरित हुनुपर्नेमा जोड दिनुभयो ।

ख्वप अस्पतालको निमित्त मेडिकल डाइरेक्टर डा. **मजेश प्रताप मल्ल**ले गरिब बिरामीको उपचार सेवा गर्दै उनीहरूबाट पाइने आशिषले आत्मगौरव महसुस हुने बताउनुभयो । त्यस्तै इन्टरनल मेडिसिनका विशेषज्ञ डा. **अमर प्रजापति**ले नयाँ पुस्तामाझ नर्सिङ पेशाको आकर्षण बढ्नु सकारात्मक भएको चर्चा गर्नुहुँदै पुँजीवादी देशहरूमा नर्सहरूलाई काम अनुसारको पारिश्रमिक नदिएका उदाहरूणहरू सुनाउनुभयो ।

ख्वप बहुप्राविधिक अध्ययन संस्थान नर्सिङ विभागका प्रमुख **ईश्वरी डंगोल**ले नर्सहरू अस्पतालमा मात्र सीमित नभई समाजमा घुलमिल भई अशक्त, वृद्ध, अपाङ्ग र असहायहरूको सेवामा लाग्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा ख्वप अस्पताल अन्तरङ्ग विभागका नर्स **रविना कवां** र जिन्सी प्रमुख **विनोद दनेखू**ले अन्तर्राष्ट्रिय नर्सिङ दिवसको इतिहास र सान्दर्भिकताबारे बोल्नुभयो ।

सोही कार्यक्रममा नगर प्रमुख प्रजापतिले ख्वप अस्पतालमा कार्यरत नर्सहरूलाई ब्याच वितरण गरी सम्मान गर्नुभएको थियो ।

## स्वास्थ्य परीक्षण शिविर




भक्तपुर नगरपालिका वडा नं. ७ को आयोजनामा पाठेघरको मुख परीक्षण (प्याप स्मेयर) र स्तन क्यान्सर परीक्षण शिविर जेठ ५ गते सम्पन्न भयो ।



शिविरमा १७७ जना महिलाहरूले स्वास्थ्य परीक्षण गराएका थिए ।

# अध्यक्ष बिजुक्छैँद्वारा ख्वप तिलगंगा आँखा अस्पतालको कार्यालय उद्घाटन




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छैँ (रोहित)ले जेठ ६ गते ख्वप तिलगंगा आँखा अस्पतालको कार्यालय समुद्घाटन गर्नुभएको छ।

कार्यक्रमको उद्घाटनसँगै भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालको चौथो तलाबाट ख्वप तिलगंगा आँखा अस्पतालको सेवा आजबाट शुभारम्भ भएको छ।

उद्घाटन समारोहमा अध्यक्ष **बिजुक्छैँ**ले भक्तपुर देशकै सानो नगरपालिका भए पनि शिक्षा, स्वास्थ्य, सम्पदा पुन:निर्माणलगायतका क्षेत्रमा यसले पुऱ्याएको योगदान उल्लेखनीय भएको बताउनुभयो।

भक्तपुरले नगरवासीहरूको मात्र नभई देशकै जनतालाई आवश्यक सेवा सुविधाहरू उपलब्ध गराउँदै आएको बताउनुहुँदै उहाँले आँखा अस्पतालबाट गरिब जनताको नि:स्वार्थ रूपमा सेवा हुने विश्वास व्यक्त गर्नुभयो।

अध्यक्ष बिजुक्छैँले अस्पतालबाट प्रवाह हुने सेवाबाट व्यापक जनताको हित हुने बताउनुहुँदै जनताले बुझ्ने सरल भाषामा सेवा प्रवाह गर्न सके बिरामीहरूलाई सहज हुने बताउनुभयो।

उहाँले भक्तपुरलाई आफ्नो कार्य क्षेत्र बनाएकोमा तिलगंगा आँखा अस्पताललाई धन्यवादज्ञापन गर्नुहुँदै अस्पतालका सेवा सुविधाहरू समयसापेक्ष ढङ्गले स्तरवृद्धि गर्दै लानुपर्नेमा जोड दिनुभयो।




कार्यक्रमका सभापति एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले स्थानीय जनताको सहज सेवाको लागि तिलगंगा र हेटौंडा आँखा अस्पतालको तुलनामा सस्तो शुल्कमा स्तरीय सेवा प्रदान गर्ने उद्देश्यले भक्तपुर नपाले ख्वप तिलगंगा आँखा अस्पताल सञ्चालन गरेको बताउनुभयो।

१८ वर्ष अघि भक्तपुरको सानो कोठाबाट सञ्चालित आँखा केन्द्र हाल भक्तपुर नपाबाट सञ्चालित ख्वप अस्पतालको सुविधासम्पन्न भवनबाट सेवा शुभारम्भ हुनु भक्तपुरवासीहरूको लागि गौरवको विषय भएको बताउनुहुँदै उहाँले ख्वप तिलगंगा आँखा अस्पतालले विद्यालयहरूमा आँखा शिविर, टोलटोलमा आँखा शिविरहरू सञ्चालन गर्दै आइरहेको बताउनुभयो।

त्यस्तै नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले भक्तपुर नपाले जनताको सेवा र सुविधाको लागि समाजवाद उन्मुख गतिविधि गर्दै आइरहेको बताउनुहुँदै भक्तपुर नपाले शिक्षा सँगै स्वास्थ्य क्षेत्रमा पनि उल्लेखनीय काम गर्ने योजनाका साथ अगाडि बढिरहेको बताउनुभयो।

तिलगंगा आँखा अस्पताल काठमाडौँका कार्यकारी निर्देशक डा. **सन्दुक रुइत**ले ऐतिहासिक एवम् सांस्कृतिक नगरका जनताहरूको सेवा गर्न पाउँदा गौरवको अनुभूति भएको बताउनुहुँदै आर्थिक र सामाजिक कारणले कुनै पनि बिरामीले आँखा उपचारको सेवाबाट वञ्चित हुन नदिन यस अस्पतालले न्यून शुल्कमा गुणस्तरीय सेवा प्रवाहमा जोड दिइने बताउनुभयो।



ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर **मजेशप्रताप मल्ल**ले ख्वप अस्पतालबाट प्रवाहित हुने सेवा सुविधाहरूलाई अझ व्यवस्थित गर्दै लाने योजना रहेको बताउनुहुँदै अस्पतालले जनमुखी कार्य गरी ३६५ दिन नै जनताको सेवामा समर्पित भावले काम गर्दै आइरहेको बताउनुभयो।

कार्यक्रममा ख्वप तिलगंगा आँखा अस्पतालका प्रमुख डा. **सुदिप राजभण्डारी**ले स्वागत मन्तव्य राख्नुभएको थियो भने ख्वप तिलगंगा आँखा अस्पतालका इन्चार्ज डा. **धिरज अधिकारी**ले अस्पतालको प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले धन्यवादज्ञापन गर्नुभएको थियो भने भनपा वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले पनि बोल्नुभएको थियो

## वडा नं. १० मा स्वास्थ्य शिविर



भक्तपुर नगरपालिका वडा नं. १० को आयोजनामा पाठेघरको मुख परीक्षण (प्याप स्मेयर) र स्तन क्यान्सर परीक्षण शिविर भयो।

## ब्रम्हायणी परिसरमा नाक, कान, घाँटी तथा दन्त शिविर



भक्तपुर नगरपालिका ९ नं. वडा कार्यालयको आयोजनामा जेठ ९ गते ब्रम्हायणी परिसरमा नाक, कान, घाँटी तथा दन्त शिविर भयो।

शिविर कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. ९ का वडा अध्यक्ष **रबिन्द्र ज्याख्व**ले नियमित रूपमा स्वास्थ्य परीक्षण गर्नुपर्ने कुरामा जोड दिनुहुँदै स्वास्थ्य बीमाको लाभ लिनुपर्ने समेत बताउनुभयो।

साथै उहाँले ब्रम्हायणी पिठ, घाट तथा खोला सुधारका वातावरणीय कार्यहरू क्रमशः अगाडि बढिरहेको पनि बताउनुभयो।

सोही कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडा सदस्य एवम् कार्यपालिका सदस्य **छोरीमैया सुजखु प्रजापति**ले नगरपालिकाले नगरवासीहरूको स्वास्थ्यलाई ध्यानमा राखी स्वास्थ्य कार्यक्रम तथा शिविर आयोजना गरेको बताउनुभयो। उहाँले नगरपालिकाको घोषणापत्र बमोजिम गतिविधि गर्दै आइरहेको र मानव जीवनको स्वास्थ्य राम्रो भएमा जीवनमा लक्ष्यसमेत हासिल गर्न सकिने चर्चा गर्नुभयो।

ख्वप अस्पतालका डा. **बेलु कायस्थ**ले अहिलेको समयमा कानको समस्या बढिरहेकोले कानको परीक्षण समय समयमा गर्नुपर्ने र कान पाक्ने समस्या जटिल अवस्थामा रहेकोले औषधि उपचार समयमै गर्नुपर्ने बताउनुभयो।

कार्यक्रममा वडा सदस्य **ज्ञानबहादुर मानन्धर**, वडा नर्स **दिव्या सुवाल**, स्वास्थ्य स्वयंसेविका **मनेश्वरी कोजु**ले पनि बोल्नुभएको थियो।

उक्त शिविरमा १०३ जनाले नाक, कान, घाँटीको परीक्षण गरेका थिए भने ८७ जनाले दन्त परीक्षण गरेका थिए। ख्वप अस्पतालको प्राविधिक सहयोग रहेको उक्त शिविरमा नि:शुल्क औषधि समेत वितरण गरिएको थियो।

## स्तन तथा पाठेघर र ठूलो आन्द्रासम्बन्धी स्वास्थ्य शिविर




भक्तपुर नगरपालि वडा नं. २ को आयोजनामा महिलाहरुमा हुने स्तन तथा पाठेघर क्यान्सर र महिला र पुरुषमा हुने ठूलो आन्द्राको क्यान्सरसम्बन्धी स्वास्थ्य शिविर जेठ १२ गते भयो।

कर्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले स्वास्थ्य क्षेत्र निकै संवेदनशील विषय भएको हुँदा जनताको सहजता र स्वास्थ्यसम्बन्धी सचेतताको निम्ति वडा वडामा स्वास्थ्य शिविर सञ्चालनमा जोड दिँदै आएको बताउनुभयो।

उहाँले शिक्षा र स्वास्थ्यको विकास गरी जनताको सेवामा समर्पित भावले अगाडि बढिरहेको बताउनुहुँदै यी दुई क्षेत्रको विकास र व्यवस्थापनले नागरिकहरुलाई जीवनयापनमा समेत सहजता प्राप्त हुने बताउनुभयो। भक्तपुरका जनता, जनप्रतिनिधि र कर्मचारीहरुको संयुक्त प्रयासले आजको भक्तपुर निर्माण भएको बताउनुहुँदै स्वास्थ्य क्षेत्रमा अझ सहजता प्रदान



गर्ने हेतुले घरदैलो नर्सिङ सेवा सञ्चालनमा ल्याएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष **हरिप्रसाद बासुकला**को सभापतित्वमा भएको उक्त कार्यक्रममा **श्यामसुन्दर मातां, रोशनराज तुइतुइ, रत्नकाजी नायभारी, मन्जुमैया लाखाजु** र डा. **पुनम थापा**ले पनि बोल्नुभएको थियो ।

## वडा नं. ८ मा नाक, कान, घाँटी तथा दन्त शिविर



भक्तपुर नगरपालिका वडा नं. ८ को आयोजनामा नाक, कान, घाँटी तथा दन्त शिविर जेठ १५ गते भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले स्वास्थ्य निकै संवेदनशील विषय भएको र स्वास्थ्य उपचार खर्चिलो भएको कारण स्वस्थ जीवनशैली अपनाउनुपर्नेमा जोड दिनुभयो ।

उहाँले व्यक्तिगत सरसफाइ र समुदाय सरसफाइमा नगरवासीहरूले ध्यान दिनुपर्ने बताउनुहुँदै स्वस्थ नागरिकले समाजमा पनि विशेष भूमिका खेल्ने बताउनुभयो ।

भक्तपुर नपाले स्वास्थ्य शिविर सञ्चालनमा जोड दिँदै आइरहेको बताउनुहुँदै उहाँले भक्तपुर नपाले नगरवासीहरूको स्वास्थ्य सुविधाको लागि ख्वप अस्पताल सञ्चालनमा ल्याएको बताउनुभयो ।

कार्यक्रममा भनपा वडा नं. ८ का वडाध्यक्ष **कृष्णप्रसाद कोजु**ले भक्तपुर नपाले निःशुल्क रूपमा सबै वडाहरूमा स्वास्थ्य शिविर सञ्चालन गर्दै आइरहेको बताउनुहुँदै नगरवासीहरूलाई वडाको नियमित कार्यक्रमहरूमा सहभागिताको लागि आग्रह गर्नुभयो ।

कार्यक्रममा डा. **धर्मलक्ष्मी बासुकला**ले समय समयमा स्वास्थ्य परीक्षण गर्ने बानीको विकास गर्नुपर्ने बताउनुहुँदै स्वस्थ र निरोगी रहन स्वस्थ जीवनशैली अपनाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

शिविरमा वडा सदस्य **सुमित्रा बोहजू** र स्वास्थ्य स्वयमसेविका **पुष्पा लुबन्जार**ले पनि बोल्नुभएको थियो ।

भक्तपुर नपाबाट प्रकाशित पुस्तकहरु खोजी खोजी पढ्नुहोस् ।





An Undertaking Of Bhaktapur Municipality

# Khwopa Hospital

## Baishakh Report, 2081

| Age Group | Number | In Percentage |
|---|---|---|
| 0-9 | 2203 | 10.83 |
| 10-14. | 703 | 3.46 |
| 15-19 | 656 | 3.22 |
| 20-59 | 12028 | 59.12 |
| ≥60 | 4754 | 23.37 |
| Total | 20344 | 100 |

| Services | Number | In Percentage |
|---|---|---|
| Emergency | 528 | 2.93 |
| General | 3441 | 19.11 |
| Insurance | 14033 | 77.95 |
| Total | 18002 | 100.00 |

| District | Number | In Percentage |
|---|---|---|
| Bara | 1 | 0.01 |
| Dailekh | 1 | 0.01 |
| Dhading | 1 | 0.01 |
| gorkha | 1 | 0.01 |
| Kanchanpur | 1 | 0.01 |
| Kaski | 1 | 0.01 |
| Nuwakot | 1 | 0.01 |
| Udhayapur | 1 | 0.01 |
| Kapilvastu | 1 | 0.01 |
| Baglung | 1 | 0.01 |
| Dailekh | 2 | 0.01 |
| Dhanusha | 2 | 0.01 |
| Solukhumbu | 2 | 0.01 |
| Mahottari | 2 | 0.01 |
| Rautahat | 2 | 0.01 |
| Ilam | 2 | 0.01 |
| Humla | 3 | 0.01 |
| Achham | 4 | 0.02 |
| Chitwan | 4 | 0.02 |
| Jhapa | 4 | 0.02 |
| Sunsari | 4 | 0.02 |
| Kailali | 5 | 0.02 |
| Makwanpur | 5 | 0.02 |
| Morang | 5 | 0.02 |
| Salyan | 5 | 0.02 |
| Surkhet | 5 | 0.02 |
| Rolpa | 6 | 0.03 |
| Sarlahi | 6 | 0.03 |
| Dolkha | 7 | 0.03 |
| Okhaldhunga | 7 | 0.03 |
| Kalikot | 9 | 0.04 |
| Dang | 10 | 0.05 |
| Khotang | 10 | 0.05 |
| Jumla | 13 | 0.06 |
| Sindhuli | 15 | 0.07 |
| Lalitpur | 18 | 0.09 |
| Sindhupalchowk | 39 | 0.19 |
| Ramechap | 51 | 0.25 |
| Kathmandu | 61 | 0.30 |
| Kavrepalanchok | 78 | 0.38 |
| Bhaktapur | 19948 | 98.05 |
| Total | 20344 | 100.00 |

| | |
|---|---|
| Madhyapur Thimi | 110 |
| Suryabinayak | 934 |
| Changu | 3329 |
| Bhaktapur | 15575 |
| Total | 19948 |

| Department | Number | In Percentage |
|---|---|---|
| Neuro Surgery | 43 | 0.21 |
| Urology | 74 | 0.36 |
| Gynae Ward | 91 | 0.45 |
| General Ward | 130 | 0.64 |
| Psychiatric | 134 | 0.66 |
| Physiotherapy | 139 | 0.68 |
| Cardiologist | 258 | 1.27 |
| MDGP | 272 | 1.34 |
| General Surgery OPD | 408 | 2.01 |
| Laboratory | 425 | 2.09 |
| Dermatology | 709 | 3.49 |
| Internal Medicine | 1171 | 5.76 |
| ENT | 1301 | 6.40 |
| Dental | 1306 | 6.42 |
| Paediatric | 1368 | 6.72 |
| Obs. & Gynaecology | 1377 | 6.77 |
| Emergency Ward | 1404 | 6.90 |
| Orthopedic | 2576 | 12.66 |
| General OPD | 7158 | 35.18 |
| Total | 20344 | 100 |

### Inpatient Services

| | |
|---|---|
| Patient Admitted | 180 |
| Discharge | 168 |
| LAMA | 5 |
| Refer | 1 |

### Eye Program

| | |
|---|---|
| Total Checkup | 2256 |
| Total Cataract Surgery | 58 |

### Operation


| | |
|---|---|
| Major | 87 |
| Minor | 42 |

| Gender | Number | In Percentage |
|---|---|---|
| Female | 11790 | 57.95 |
| Male | 8554 | 42.05 |
| Total | 20344 | 100.00 |

भक्तपुर नपाद्वारा सञ्चालित ख्वप अस्पतालको
२०८१ वैशाख महिनाको सेवा प्रगति

# अनुभवको आदान-प्रदान

## भक्तपुर नगर प्रमुखसँग मेलम्ची नपाका उपप्रमुखद्वारा भेट



सिन्धुपाल्चोकको मेलम्ची नगरपालिकाका उपप्रमुख उमा प्रधानको नेतृत्वमा न्यायिक समितिका पदाधिकारीहरुले जेठ ९ गते भक्तपुर नगरपालिकाको भ्रमण गर्नुभएको छ।

टोलीले भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र उपप्रमुख रजनी जोशीसँग भेट गरी दुई नगरपालिकाले शिक्षा, स्वास्थ्य, सम्पदा पुनःनिर्माण, न्यायिक समितिको कार्यसम्पादन आदि विषयमा अनुभव अनदानप्रदान गऱ्यो।

टोलीलाई सांस्कृतिक नगरीमा स्वागत गर्नुहुँदै नगर प्रमुख **प्रजापति**ले भक्तपुर कला संस्कृति संरक्षित नगर र जीवित सङ्ग्रहालयको रुपमा परिचित नगर भएको बताउनुहुँदै भक्तपुरलाई अझ व्यवस्थित रुपमा अगाडि बढाउन जनप्रतिनिधिहरु सक्रियतापूर्वक अगाडि बढिरहेको बताउनुभयो।

शिशुस्याहारकेन्द्रदेखि कलेज सञ्चालन गर्ने भक्तपुर नगरपालिका देशकै पहिलो स्थानीय तह भएको बताउनुहुँदै उहाँले भक्तपुर नपाले पारदर्शी ढङ्गले काम गरी जनताको विश्वास जित्दै आएको बताउनुभयो।

सोही क्रममा मेलम्ची नपाका उपप्रमुख **उमा प्रधान**ले भक्तपुरको आत्मनिर्भरताको पाठबाट सिक्न आफूहरु तत्पर रहेको बताउनुहुँदै भक्तपुर नपाले सिङ्गो नगरलाई व्यवस्थित र सन्तुलित ढङ्गले विकास गरिरहेको कार्य उल्लेखनीय छ भन्नुभयो।

उहाँले भक्तपुर नपाबाट सञ्चालित ख्वप इन्जिनियरिङ कलेजलगायतका शैक्षिक संस्थाबाट निकै राम्रा कामहरु भइरहेको प्रसङ्ग जोड्दै भक्तपुर नपाको कार्यशैलीबाट सिकेर मेलम्ची नपामा काम गर्दै आइरहेको आफ्नो अनुभव सुनाउनुभयो।

भेटमा भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले भक्तपुर नपाको न्यायिक समितिको कार्यसम्पादनबारे प्रष्ट पार्नुहुँदै भक्तपुर नगरपालिकालाई सबैको लागि सिक्ने ठाउँको रुपमा



विकास गर्दैछौँ भन्नुभयो।

भेटमा मेलम्ची नपाका न्यायिक सहजकर्ता अस्मिता अर्याल, सीतामाया तामाङ, समितिका सदस्य श्रीकृष्ण श्रेष्ठ, सामुदायिक मेलमिलाप सेवा केन्द्र नगर सञ्जाल संयोजक विष्णुप्रसाद ढुंगाना, बासुदेव कटुवाललगायत उपस्थित हुनुहुन्थ्यो।

## पोखराका जनप्रतिनिधि भक्तपुरमा



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग पोखरा महानगरपालिका वडा नं. ४ का वडाध्यक्ष देवकृष्ण पराजुलीको नेतृत्वमा आउनुभएका प्रतिनिधि टोलीले जेठ ९ गते भक्तपुर नपाको सभाकक्षमा भेट गर्नुभयो।

भेटमा उहाँहरूबीच भक्तपुर र पोखराले कला, संस्कृति र सम्पदा संरक्षण तथा पर्यटन प्रवर्द्धनमा गरिरहेका अभ्यासबारे अनुभव आदानप्रदान भयो।

## स्याङ्जाको फेदीखोला गापाका जनप्रतिनिधिहरू भक्तपुर नपामा

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग स्याङ्जाको फेदीखोला गाउँपालिकाका उपाध्यक्ष देउ कुमारी गुरुङसहित ३२ जनाको टोलीले भक्तपुर नगरपालिकाको अध्ययन अवलोकन भ्रमण गरेको छ।

अवलोकन भ्रमणको क्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले सांस्कृतिक नगर भक्तपुरमा स्वागत गर्नुहुँदै भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण,



सरसफाइलाई उच्च प्राथमिकतामा राख्दै समाजवाद उन्मुख कार्य गरिरहेको बताउनुभयो ।

उक्त कार्यक्रममा उपप्रमुख **रजनी जोशी**ले भक्तपुर नगरपालिकाले २०७२ सालको भूकम्पबाट पूर्ण र आंशिक क्षति भएका सम्पदाहरू विदेशी दातृ निकायहरूले सहयोग सहित नगरपालिकालाई अनुरोध गरेतापनि सशर्त सहयोग स्वीकार नगरी जनश्रमदान, उपभोक्ता समितिमार्फत पुरानै शैलीमा सम्पदा पुन:निर्माणलगायत विकास निर्माणका कार्यहरू गर्दै आएको जानकारी दिनुभयो ।

उहाँले नागरिकको जन्मदेखि मृत्युसम्मको जिम्मेवारी सरकारले लिनुपर्ने समाजवादी भावना आत्मसात गर्दै भक्तपुर नगरपालिकाले शिशुशालादेखि विश्वविद्यालय तहसम्मको शिक्षाको लागि नगरपालिकाले कम शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको जानकारी दिनुभयो ।



कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले टोलीलाई स्वागत गर्नुहुँदै भक्तपुर नगरपालिकालले संविधानको मर्म अनुसारको स्वायत्तताको अभ्यास गरिरहेको बताउनुभयो ।

कार्यक्रमको अन्त्यमा भनपाका प्रमुख प्रजापतिले भनपाका प्रकाशनहरू र भक्तपुरको प्रसिद्ध मयूर झ्याल मायाको चिनो स्वरूप हस्तान्तरण गर्नुभएको थियो भने फेदीखोला गाउँपालिकाका उपप्रमुख गुरुङले प्रमुख प्रजापतिलाई गाउँपालिकाको प्रकाशनहरू हस्तान्तरण गर्नुभयो ।

कार्यक्रम पश्चात भ्रमण टोलीले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज र ख्वप अस्पतालको अवलोकन गरेको थियो ।

# संक्षेपमा

## पीच कार्यको निरीक्षण



भक्तपुर नपा वडा नं. ८ लिबाली आवास योजनामा भइरहेको पीच कार्यको जेठ ७ गते निरीक्षण गर्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिलगायत ।

## ढलान कार्य निरीक्षण



भक्तपुर नपा वडा नं. १० वडा कार्यालयसँगको बाटो हुँदै देकोचा सडक जोड्ने बाटो ढलान कार्यको जेठ १७ गते निरीक्षण गर्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिलगायत ।

**भक्तपुर नपाबाट नियमित रूपमा प्रकाशित ‘भक्तपुर’ मासिक र ‘ख्वप पौ’ पढौं ।**

# भेटघाट

## भक्तपुर नपाका प्रमुख प्रजापति र जापानको ओइजुमी नगरका प्रमुख तोसिआकीबिच भेट





भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग जापानको गुन्मा प्रान्तस्थित ओइजुमी नगरका नगर प्रमुख मुरायामा तोसिआकीले जेठ ३ गते भक्तपुर नपाको बैठककक्षमा भेटवार्ता गर्नुभएको छ।

नगर प्रमुख तोसिआकीको नेतृत्वमा आएको प्रतिनिधिमण्डल टोलीलाई भक्तपुरमा स्वागत गर्नुहुँदै नगर प्रमुख प्रजापतिले भक्तपुरको सांस्कृतिक र ऐतिहासिक परिचयबारे अवगत गराउनुभयो।

भक्तपुरलाई सांस्कृतिक र शैक्षिक केन्द्रको रूपमा विकास गर्ने उद्देश्यअनुसार काम गर्दै आएको बताउनुहुँदै भनपा प्रमुख **प्रजापति**ले भक्तपुर घुम्न आउने स्वदेशी र विदेशी पर्यटकहरूको आकर्षणको केन्द्र बन्दै गएको बताउनुभयो।

उहाँले नेपाल र जापान दुवै भूकम्पको जोखिममा परेको मुलुक हुँदा भूकम्पबाट जोगिन नेपालले जापानबाट धेरै कुरा सिक्नुपर्ने सो अवसरमा उल्लेख गर्नुभयो। भूकम्पमा नेपाललाई सहयोग गरेकोप्रति धन्यवादज्ञापन गर्नुभयो।

फोहोरमैला व्यवस्थापनमा जापानले निकै प्रगति गरेको हुँदा काठमाडौँ उपत्यकाको फोहोर व्यवस्थापनको लागि नेपाल सरकार र जापान सरकारबिच छलफल गर्न पाए देशकै लागि राम्रो हुने पनि उहाँले बताउनुभयो।

भेटमा ओइजुमी नगरका प्रमुख **तोसिआकी**ले दुई नगरबिच सहयोग संयन्त्र बनाएर अनुभव आदानप्रदान गर्न सकिने बताउनुहुँदै जापानको ओइजुमी नगर औद्योगिक नगर भएको जानकारी दिँदै विश्व प्रसिद्ध गाडी निर्मार्ता कम्पनीहरू त्यस नगरमा रहेको बताउनुभयो।

उहाँले २०७२ सालको भूकम्पको बेला आफ्नो नगरको साथै आफूले पनि नेपाललाई सहयोग गरेको बताउनुभयो।

ओइजुमी सहर अत्यन्त सुरक्षित रहेको र त्यहाँ ५२।५३ ओटा देशका नागरिकहरू बसोबास गर्छन् भन्नुभयो। उहाँले आफ्ना पार्टीका नेताहरू विभिन्न आर्थिक अनियमितताको मुद्दाहरू भ्रेलिरहेका पनि सो अवसरमा जानकारी दिनुभयो। आफ्नो सहर सबभन्दा पहिले भेदभाव अन्त्य भएको सहर हो भन्नुभयो।

भेटपश्चात प्रतिनिधिमण्डल टोलीले भक्तपुरका ऐतिहासिक एवम् सांस्कृतिक महत्त्वका प्राचीन सम्पदाहरूको स्थलगत अवलोकन गर्नुभएको थियो।

## अन्तर्राष्ट्रिय विज्ञहरूबाट भक्तपुरको भ्रमण



सोभियत सङ्घ र रसियाबाट उच्च शिक्षा हासिल गरी फर्केका रसिया, चीन, बंगलादेश, भारत, मंगोलिया र भियतनामका विज्ञहरूको छैटौँ एसियन भेटघाट सम्मेलनमा सहभागी प्रतिनिधिहरूले जेठ ६ गते भक्तपुर नगरको सम्पदा क्षेत्रहरूको भ्रमण गऱ्यो। उक्त सम्मेलन मित्रकुञ्जको आयोजनामा नेपालमा भएको हो।

करिब ५० जनाको अन्तर्राष्ट्रिय विज्ञहरूको भ्रमण टोलीलाई भक्तपुर नगरपालिकाले भक्तपुर दरबार क्षेत्र (लायकू) ढोकामा नगरपालिकाको प्रकाशनसहित भादगाउँले कालो टोपी, खादा र परम्परागत नेवारी थैली उपहार प्रदान गरी स्वागत गऱ्यो।

स्वागत कार्यक्रममा भक्तपुर नगरपालिका पर्यटक सूचना तथा सेवा केन्द्रका प्रमुख गौतम प्रसाद लासिवाले भक्तपुरको परिचयका साथै भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरूको निर्देशन र सक्रियता, स्थानीय जनताको सहयोग र कर्मचारीहरूको कर्तव्यबोधले यहाँको कला, संस्कृति र सम्पदा संरक्षण, अस्पताल

र शैक्षिक संस्था निर्माणका साथै पर्यटन प्रवर्द्धनमा टेवा पुगेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाले विज्ञ विदेशी र स्वदेशी पाहुनाहरूलाई स्वागत र भक्तपुर नगर भ्रमणको व्यवस्था गरेकोमा मित्रकुञ्जका महेन्द्र प्रधानले धन्यवाद दिनुहुँदै भक्तपुर नगरपालिकाले विदेशी पाहुनाहरूलाई अवलोकन गराउन लायकको सांस्कृतिक नगरको रूपमा विकास गरेको प्रति आभार व्यक्त गर्नुभयो ।

कार्यक्रममा चीन, बंगलादेश, मंगोलिया र रसियाका टोली नेताहरूले भक्तपुर नगरपालिकालाई धन्यवाद ज्ञापन गर्दै उपहार प्रदान गरेका थिए ।

## वाग्मती प्रदेशका मन्त्री बज्राचार्य भक्तपुरमा



वाग्मती प्रदेशका संस्कृति, पर्यटन, नागरिक उड्डयन तथा सहकारी मन्त्री शैलेन्द्रमान बज्राचार्यलाई भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भादगाउँले टोपी र खादा ओढाई जेठ १३ गते भनपा सभाकक्षमा स्वागत गर्नुभयो ।

भेटमा मन्त्री बज्राचार्यले सम्पदा निर्माण र संरक्षणमा पुर्खाको योगदान अतुलनीय रहेको चर्चा गर्नुहुँदै भक्तपुर नगरपालिकाले सम्पदा संरक्षणमा गरिरहेको योगदान प्रशंसनीय रहेको बताउनुभयो ।

काठमाडौँ उपत्यकामा खेतीयोग्य जमीनको अभाव हुँदै गएको बताउनुहुँदै उहाँले सिमेन्टको आयु ५०-६० वर्ष मात्र हुने भएकोले डण्डी सिमेन्टभन्दा माटो जोडाइको मौलिक शैलीको घर निर्माणमा जोड दिनु आवश्यक भएको बताउनुभयो । उहाँले मन्त्रालयका प्राविधिकहरूलाई सम्पदा संरक्षणसम्बन्धी जनचेतना र मौलिक शैलीमा सम्पदा संरक्षण गर्ने सम्बन्धी सचेतना आवश्यक भएको बताउनुभयो ।

उपत्यका भित्रका पुनःनिर्मित सांस्कृतिक सम्पदाहरूमध्ये धेरैजसो विदेशीहरूको सहयोगमा पुनःनिर्माण गरिएको चर्चा गर्नुहुँदै काठमाडौँ उपत्यकामा खेतीयोग्य जमीन र किसानहरूको सङ्ख्या घट्दै गएकोमा चिन्ता व्यक्त गर्नुभयो ।



सो कार्यक्रममा भनपा प्रमुख **प्रजापति**ले विगत ७ वर्षको अवधिमा १५४ ओटा सम्पदा पुनःनिर्माण भैसकेको बताउनुहुँदै सम्पदा पुनःनिर्माणमा ठेक्का प्रथा उचित नभएको र हाम्रो सम्पदा संरक्षण गर्न हामी आफै सक्षम हुनुपर्ने बताउनुभयो । १२ करोड ८५ लाख लागत अनुमानको थंथु दरबार पुनःनिर्माणको कार्य हाल सुचारु रहेको बताउनुहुँदै उहाँले सम्पदा संरक्षणमा दीर्घकालीन सोच राखेर काम गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

भक्तपुर नगरपालिकाले पुरानौ शैलीमा घर निर्माण गर्ने नगरवासीहरूलाई मोहडामा लाग्ने काठ र इँटामा ३५ प्रतिशत अनुदान दिने व्यवस्था गरिएको बताउनुहुँदै प्रमुख प्रजापतिले उपत्यकाका सांस्कृतिक क्षेत्रहरूको संरक्षणको लागि उक्त ठाउँका घरजग्गाहरू काठमाडौँ बाहिरका व्यक्तिहरूले किन्न नपाउने व्यवस्थाको लागि कानूनी व्यवस्था हुनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा वाग्मती प्रदेश सांसद सुरेन्द्रराज गोसाई, भनपाका उपप्रमुख रजनी जोशी, लुम्बिनी विकास बोर्डका अध्यक्ष राजेश शाक्य, भनपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्व, वडा नं. ७ का वडाध्यक्ष उकेश कवां, वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकला, प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराई, पर्यटन शाखा प्रमुख गौतम प्रसाद लासीवा, प्रशासकीय अधिकृत दामोदर सुवाललगायतको उपस्थिति रहेको थियो ।



कार्यक्रमको अन्त्यमा प्रमुख प्रजापतिले मन्त्री बज्राचार्यलाई भनपाका प्रकाशनहरू र भक्तपुरको प्रसिद्ध मयूर झ्याल मायाको चिनो स्वरूप हस्तान्तरण गर्नुभएको थियो। कार्यक्रम पश्चात मन्त्री बज्राचार्यको टोलीले भनपाद्वारा पुन:निर्माण गर्दै गरेको थंथु दरबार, भक्तपुर दरबार क्षेत्र, टौमढी क्षेत्र, तालाको क्षेत्रलगायतको अवलोकन गर्नुभएको थियो।

## यिछुन नगरको प्रतिनिधिमण्डल भक्तपुर भ्रमणमा



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग जनगणतन्त्र चीनको चियाङ्सी प्रान्तको यिछुन नगरको जनप्रतिनिधिसभा स्थायी समितिका निर्देशक लि निङको नेतृत्वमा आउनुभएको प्रतिनिधिमण्डल टोलीले जेठ १५ गते भेट गर्नुभयो।

टोलीलाई सांस्कृतिक नगर भक्तपुरमा स्वागत गर्नुहुँदै नगर प्रमुख **प्रजापति**ले नेपाल एक चीन नीतिको पक्षमा रहेको बताउनुहुँदै नेपाली जनता र चिनियाँ जनताबिचको सम्बन्ध अझ सुदृढ हुँदै जाने विश्वास व्यक्त गर्नुभयो।

सांस्कृतिक, ऐतिहासिक र पुरातात्त्विक दृष्टिकोणले भक्तपुर नगर अत्यन्त महत्त्वपूर्ण नगर भएको बताउनुहुँदै उहाँले नेपालमा विभिन्न समयमा आएको विपद्मा चीन सरकारको तर्फबाट भएको साथ र सहयोगको लागि आभार प्रकट गर्नुभयो।

राजनैतिक हिसाबले १० वडामा विभाजित भक्तपुर नगरपालिकामा नेमकिपाका शतप्रतिशत जनप्रतिनिधिहरू निर्वाचित भएको बताउनुभयो। नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित)ले लेख्नुभएको '१०० वर्षपछिको भक्तपुर' पुस्तकको आधारमा भक्तपुरको विकासको लागि नगरपालिकाले काम गर्दै आइरहेको बताउनुभयो।

भक्तपुर पर्यटनको दृष्टिले पनि महत्त्वपूर्ण नगर भएको उल्लेख गर्नुहुँदै उहाँले भक्तपुरमा वर्षेनी २ लाख ५० हजारको हाराहारीमा विदेशी पर्यटकहरूले भ्रमण गर्ने गरेको तथ्याङ्क रहेको बताउनुभयो।

भक्तपुर नपाले चीन र सार्क मुलुकलाई नेरु ५०० र गैरसार्कलाई १५ डलर वा नेरु १८०० पर्यटन शुल्क लिँदै आएको र त्यसबाट उठेको रकमबाट भक्तपुरको शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षणलगायत विकास निर्माणमा खर्च गर्दै आएको प्रष्ट पार्नुभयो।

प्रमुख प्रजापतिले यो वर्ष चिनियाँ नयाँ वर्षको अवसरमा भक्तपुर नपा र चिनियाँ राजदूतावासको संयुक्त आयोजनामा भक्तपुरको दरबार क्षेत्रमा भव्य सांस्कृतिक कार्यक्रम सम्पन्न भएको जानकारी दिनुहुँदै भक्तपुर नपाले चीनको सछुवान प्रान्तको लसान नगरपालिकासित भगिनी सम्बन्ध कायम गर्ने उद्देश्यले मैत्रीपूर्ण सहकार्य सम्बन्ध स्थापना गर्न समझदारीपत्रमा हस्ताक्षर भएको अवगत गराउनुभयो।

सोही क्रममा यिछुन नगरको जनप्रतिनिधिसभा स्थायी समितिका निर्देशक **लि निङ**ले नेपाल चीनबिचको मित्रता झन् झन् प्रगाढ बन्दै गइरहेको बताउनुहुँदै भक्तपुरका जनताको सरलता, कुशल व्यवस्थापन, सम्पदा संरक्षण र भक्तपुरको विकासबाट भक्तपुरको सांस्कृतिक स्तर मापन हुने बताउनुहुँदै नगर विकासमा भक्तपुरका निर्वाचित जनप्रतिनिधिहरूको नेतृत्वबाट आफू प्रभावित भएको बताउनुभयो।

सांस्कृतिक अनुभव आदानप्रदानमा भक्तपुर नपा निकै अगाडि बढिरहेको अनुभूत गर्नुहुँदै निर्देशक निङले भक्तपुर र यिछुन नगरबिच मैत्रीपूर्ण सम्बन्ध स्थापना गर्न आफूहरू सकारात्मक रहेको बताउनुभयो।

जनगणतन्त्र चीनको चियाङ्सी प्रान्तको यिछुन नगर चीनको दक्षिणी भागको प्राकृतिक स्रोतसाधनमा धनी नगरको रूपमा रहेको बताउनुहुँदै उहाँले तातोपानीको प्राकृतिक स्रोत अवस्थित र बस्न, काम गर्न उपयुक्त वातावरण भएको सहर पनि हो भन्नुभयो। धान, जडीबुटी, चिया, विभिन्न तरकारी उब्जनी बढी हुने नगरको रूपमा यिछुन नहर परिचित रहेको बताउनुहुँदै उहाँले देशभरि जाने ६ ओटा रेलमार्ग र १० ओटा राजमार्ग यस नगरमा अवस्थित रहेको अवगत गराउनुभयो।

कृषि, उद्योग, पर्यटन तथा सांस्कृतिक क्षेत्रमा भक्तपुर र यिछुन नगरबिच प्राविधिक सहयोग आदानप्रदानको सम्भावना रहेको उल्लेख गर्नुहुँदै उहाँले भक्तपुरको धानको प्रविधिबारे अनुभवन आदानप्रदान गर्ने विषयमा आफूहरू इच्छुक रहेको बताउनुभयो।

भेटमा यिछुन नगरपालिका चियाङ्सी प्रान्तको जनप्रतिनिधिसभा स्थायी समितिका निर्देशक लि निङसहित जनप्रतिनिधिसभा स्थायी समितिका महासचिव पाओ छुनयान, फङछङ नगरका नगर जनप्रतिनिधिसभा स्थायी समिति सदस्य, निर्देशक चङ चाओसीन, चाङशु नगर जनप्रतिनिधिसभा स्थायी

समिति सदस्य, निर्देशक फु याहोङ, फङसीन काउण्टी जनसरकार, प्रमुख यु च्युन, चियाङसी प्रान्त, यिछुन नगरपालिका जनअस्पताल, पाँचौं तहका कर्मचारी छाओ शङशङलगायतको उपस्थिति रहेको थियो ।

भेटमा भक्तपुर नगरपालिकाको तर्फबाट उपप्रमुख रजनी जोशी, प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराई, भनपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्व, भनपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्री, वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकला, चिनियाँ भाषा अनुवादक राजेन्द्र चवाल, पर्यटन सूचना केन्द्रका प्रमुख गौतमप्रसाद लासिवालगायतको उपस्थिति रहेको थियो ।



प्रतिनिधिमण्डलले विश्व सम्पदामा सूचीकृत दरबार क्षेत्र, टौमढी क्षेत्र अवलोकन गर्नुका साथै भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पताल र ख्वप इन्जिनियरिङ कलेजको समेत अवलोकन गरेको थियो । नगर प्रमुख प्रजापतिले '१०० वर्षपछिको भक्तपुर' लगायत नगरपालिकाका विभिन्न प्रकाशनहरू र प्रसिद्ध मयूर झ्याल उपहारस्वरूप हस्तान्तरण गर्नुभयो ।

## विभिन्न देशका युवा नेतृत्वहरूको प्रतिनिधिमण्डल भक्तपुरमा

विभिन्न देशका युवाहरूको प्रतिनिधिमण्डलद्वारा जेठ १५ गते सांस्कृतिक नगरी भक्तपुरको अवलोकन भ्रमण गरेको छ ।



भ्रमण टोलीलाई भक्तपुरमा स्वागत गर्दै भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले देशको भविष्य युवाहरूको हातमा हुने बताउनुहुँदै युवाहरू अध्ययनशील, ऊर्जाशील भएमा देशको भविष्य उज्ज्वल हुने बताउनुभयो ।

युवा भनेको उमेरले होइन उसको विचार र नयाँ नयाँ परिवर्तनका लागि चिन्तन गर्ने र सङ्घर्षले उसलाई युवा बनाउने बताउनुहुँदै उहाँले पतनशील वा परिवर्तनविरोधी विचारको वकालत गर्नेहरू युवा हुन नसक्ने बताउनुभयो ।

नेपाल अहिले गणतन्त्रात्मक राज्य व्यवस्थामा भएको उल्लेख गर्नुहुँदै राजतन्त्र पुन:स्थापनाका लागि आवाज उठाउनु प्रतिगामी कदम भएको प्रमुख प्रजापतिले बताउनुभयो ।

भक्तपुर नपाले शिक्षा, स्वास्थ्य, सम्पदा पुन:निर्माणलगायतका क्षेत्रमा गरिरहेको जनमुखी कामहरूको बारे प्रष्ट पार्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुर देशको सानो नगरपालिका भएर पनि ऐतिहासिक र सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वको दृष्टिले अत्यन्त महत्त्वपूर्ण नगर भएको बताउनुभयो ।

सोही क्रममा उपप्रमुख **रजनी जोशी**ले भक्तपुरको सङ्क्षिप्त परिचय र नगरपालिकाले सम्पदा संरक्षणमा खेलिरहेको भूमिकाबारे प्रस्तुतीकरण देखाउनुभयो ।



प्रतिनिधिमण्डलको तर्फबाट डा. **छिरिङ लामा**ले भक्तपुरको न्यानो र सौहार्द्रपूर्ण स्वागतको लागि धन्यवादज्ञापन गर्नुहुँदै भक्तपुर नपाले गरेको कला, संस्कृति र सम्पदा पुन:निर्माण कार्य उल्लेखनीय भएको बताउनुभयो ।

प्रतिनिधिमण्डलको नेतृत्व जेम्स रोजरले गर्नुभएको थियो भने वागमती प्रदेशका पूर्व स्वास्थ्यमन्त्री निमा लामा पनि सहभागी थिए । भ्रमण टोलीमा अमेरिका, अष्ट्रिया, सिंगापुर, इरान, स्पेन, टर्की, जर्जिया, जर्मनी, कोलम्बिया, चीन, इजिप्ट, भियतनाम, पेरु, बेलायत, स्वीटजरल्याण्ड, स्लोभाकिया र नेपालका युवाहरू सहभागी थिए ।

# विविध समाचार

## व्यवस्थित र स्वस्थ बसोबासको लागि आवास योजना



भक्तपुर नगरपालिका वडा नं. २ स्थित बरखेमा नर्चा ढल विकास उपभोक्ता समितिको आयोजनामा भेला कार्यक्रम वैशाख १७ गते भयो।

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नगरपालिकाले जनताको हितको निम्ति शिक्षा र स्वास्थ्यलाई विशेष प्राथमिकतामा राखेर काम गरेको बताउनुहुँदै ख्वप विश्वविद्यालय स्थापना गर्ने उद्देश्य रहेको बताउनुभयो। भक्तपुरको सन्तुलित विकास गर्न देको मिवा इतापाके जग्गा एकीकरण आयोजना सञ्चालन गरेको बताउनुहुँदै उहाँले व्यवस्थित र स्वस्थ बसोबासको लागि आवास योजना आवश्यक भएको बताउनुभयो।

भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष **हरिप्रसाद बासुकला**ले भक्तपुर नपाले नाफाको लागि नभई अव्यवस्थित ठाउँलाई व्यवस्थित गर्न जग्गा एकीकरण आयोजना सञ्चालन गरेको बताउनुभयो।



भक्तपुर नपा वडा नं. ६ का वडाध्यक्ष **हरिराम सुवाल**, देको मिवा इतापाके जग्गा एकीकरण आयोजनाका अध्यक्ष **तुल्सीराम सुवाल**, वडा सदस्य **श्यामसुन्दर मातां, प्रनेश बाटी** र **तुल्सीलक्ष्मी दुमरु**ले पनि बोल्नुभएको सो भेला कार्यक्रममा स्थानीय जनताको विभिन्न जिज्ञासाबारे प्रमुख सुनिल प्रजापति र वडाध्यक्ष हरिप्रसाद बासुकलाले स्पष्ट पार्नुभयो।

## वागीश्वरी कलेजमा अनुसन्धानमूलक लेखन तथा प्रकाशनसम्बन्धी गोष्ठी




वागीश्वरी कलेजको आयोजनामा वाग्मती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालयको सहयोगमा वागीश्वरी कलेजमा अध्यापनरत शिक्षकलाई अनुसन्धानमूलक लेखन र प्रकाशनसम्बन्धी दुई दिने कार्यशाला गोष्ठीको उद्घाटन कार्यक्रम वैशाख २१ गते भयो।

गोष्ठीका प्रमुख अतिथि कलेज व्यवस्थापन समितिका अध्यक्ष तथा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले कार्यशाला गोष्ठी सफलताको निम्ति शुभकामना दिनुहुँदै वागीश्वरी कलेज अनुसन्धानको क्षेत्रमा क्रमशः सक्षम हुँदै गएकोमा खुसी व्यक्त गर्नुभयो।

पिछडिएको जिल्लाको रूपमा परिभाषित भक्तपुर जिल्लालाई 'एक घर एक स्नातक' को मूल उद्देश्य लिएर अघि बढ्दा आज कला संस्कृतिसँगै शिक्षालगायतका क्षेत्रमा नमुना बनाउन सफल भएको दृष्टान्त प्रस्तुत गर्नुहुँदै हामीले अनुसन्धानमा गरेको मिहिनेतले भोलि आउने पिँढीलाई मार्गनिर्देशन गर्ने बताउनुभयो।

वागीश्वरी मा.वि. व्यवस्थापन समितिका अध्यक्ष तथा भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष **रवीन्द्र ज्याख्व**ले शिक्षालाई उत्पादनमूलक, सक्षम, व्यावहारिक बनाउँदा विद्यार्थीहरूको गुणस्तरमा वृद्धि हुने बताउनुहुँदै वागीश्वरीले पढाइसँगै विद्यार्थीहरूलाई उद्यमशील हुन प्रेरित गर्दै आएकोमा खुसी व्यक्त गर्नुभयो।

वागीश्वरी कलेजका प्राचार्य **धनकुमार श्रेष्ठ**ले शिक्षक सक्षम भए गुणस्तरीय विद्यार्थीहरू उत्पादन हुने भएकाले यस्ता कार्यशाला गोष्ठीहरू शिक्षक विद्यार्थीहरू सबैलाई आवश्यक रहेको बताउनुभयो।

कार्यक्रमका सभापति वागीश्वरी अनुसन्धान व्यवस्थापन



एकाइका संयोजक **सिद्धिवीर कर्माचार्य**ले वागीश्वरी कलेजबाट भएका अनुसन्धानात्मक गतिविधिबारे चर्चा गर्नुहुँदै अनुसन्धान जहाँ हुन्छ त्यस क्षेत्रमा पढाइ परिष्कृत हुँदै जाने बताउनुभयो ।

कार्यशाला गोष्ठीमा त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापकद्वय डा. **कोमल फुयाल** र डा. **शिव रिजाल** स्रोतव्यक्ति रहनुभएको छ ।

वागीश्वरी कलेजको अनुसन्धान समितिका संयोजक तथा उपप्राध्यापक **मोहनकृष्ण श्रेष्ठ**ले स्वागत गर्नुभएको उक्त कार्यक्रममा उपप्राध्यापक **विकल प्रजापति**ले पनि बोल्नुभउको थियो

## आवास योजना सञ्चालन नगरको सन्तुलित विकासको लागि हो : प्रमुख प्रजापति




देको मिवा इतापाके जग्गा एकीकरण आयोजनास्थित इतापाकेमा ग्राबिल कार्य उपभोक्ता समितिको आयोजनामा वैशाख २५ गते भेला कार्यक्रम भयो ।

उक्त कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नगरपालिकाको सन्तुलित विकासको लागि सबै क्षेत्रलाई प्राथमिकतामा राखी काम गर्दै आइरहेको बताउनुभयो । उहाँले भन्नुभयो 'हामीले ५० वर्षपछिको कल्पना गरेर यहाँको विकास निर्माण कार्यलाई अगाडि बढाउँदैछौं ।'

भक्तपुर नपाले देको मिवा इतापाके जग्गा एकीकरण आयोजना नाफाको लागि नभई व्यवस्थित सहर निर्माणको लागि भएको बताउनुहुँदै उहाँले जनताको सल्लाहबमोजिम नै भक्तपुर नपाले काम गर्दै आइरहेको बताउनुभयो ।

आवास आयोजनाको सन्दर्भमा सम्भव भएसम्म जनताको समस्या सम्बोधन गर्ने क्रममा रहेको उहाँले प्रष्ट पार्नुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष **हरिप्रसाद बासुकला**ले भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्यलाई विशेष प्राथमिकता दिइरहेको बताउनुहुँदै भक्तपुर नपाले का. रोहितद्वारा लिखित १०० वर्षपछिको पुस्तकलाई मार्गनिर्देशक सिद्धान्तको रूपमा काम गर्दै आइरहेको बताउनुभयो ।



उपभोक्ता समितिका अध्यक्ष **सत्यनारायण सुवाल**को सभापतित्वमा भएको उक्त कार्यक्रममा **राजन जति**, **तुल्सीराम धुख्वा**, **श्यामसुन्दर मातां** र **कृष्ण गारु**ले पनि बोल्नुभएको थियो ।

## २१ ओटा गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारीहरूलाई पुरातात्विक सम्पदा व्यवस्थापनसम्बन्धी अभिमुखीकरण




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले प्रदेश सुशासन केन्द्र, वाग्मतीको आयोजनामा भएको स्थानीय तहका पुरातात्त्विक सम्पदा संस्कृति तथा पर्यटन हेर्ने पदाधिकारी र पुरातात्त्विक सम्पदा तथा पर्यटन शाखामा कार्यरत कर्मचारीहरूको लागि पुरातात्त्विक सम्पदा व्यवस्थापन सम्बन्धी अभिमुखीकरणको कार्यक्रमको जेठ ३ गते उद्घाटन गर्नुभयो ।



कार्यक्रममा वाग्मती प्रदेश, प्रदेश सुशासन केन्द्रका निर्देशक **गीता गुरुङ**ले भक्तपुर नगरपालिकाले गरिरहेको सम्पदा संरक्षण कार्यको चर्चा गर्नुहुँदै अन्य स्थानीय तहहरूले पनि सम्पदा संरक्षणलाई महत्त्व दिई यसलाई आम्दानीको श्रोतको रूपमा अगाडि लानुपर्ने विचार व्यक्त गर्नुभयो। उहाँले जनप्रतिनिधिहरू मागर्दशक हुन् र उहाँहरूको मार्गदर्शनअनुसार कार्य गर्नु कर्मचारीहरूको दायित्व हो भन्नुभयो।

उद्घाटन कार्यक्रममा भनपाका उपप्रमुख रजनी जोशी, प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराई, प्रशिक्षक एवं पुरातत्त्व विभागका पूर्व महानिर्देशक भीमप्रसाद नेपाल र प्रदेश सुशासन केन्द्रका उपनिर्देशक विनोद विडारीको उपस्थिति रहेको थियो।

उद्घाटन कार्यक्रममा प्रमुख अतिथि **प्रजापति**ले ऐतिहासिक एवम् सांस्कृतिक नगर भक्तपुरमा २१ ओटा स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरूलाई स्वागत गर्नुहुँदै तीन दशक अगाडि शिक्षा र स्वास्थ्यमा देशकै पिछडिएको अवस्थामा रहेको भक्तपुर नगरलाई देशकै नमुना स्थानीय तह बनाउन स्थानीय जनता, जनप्रतिनिधि र कर्मचारीहरू अगाडि बढिरहेको जानकारी दिनुभयो। उहाँले भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र बनाउने लक्ष्य अनुसार नगरपालिकाले हाल ६०० जनालाई ५ लाखसम्मको शैक्षिक ऋण प्रदान गर्दै आइरहेको, इतिहास, भूगोल, नेपाल भाषा, राजनीतिशास्त्र र अर्थशास्त्र पढ्ने विद्यार्थीहरूलाई स्नताक तह र सोभन्दा माथिको अध्ययन गर्न पूर्ण छात्रवृत्ति प्रदान गर्दै आइरहेको, नगरपालिका अन्तर्गत ७ ओटा शैक्षिक संस्थाहरूमा देशका ७७ जिल्लाका ७ सय विद्यार्थीहरू अध्ययनरत रहेको जानकारी दिनुभयो।

उहाँले भक्तपुर नगरपालिकाको आफ्नै सय शय्याको अस्पताल सञ्चालन गर्दै आइरहेको जानकारी दिनुहुँदै ख्वप अस्पतालमा गत आ.व.मा ७५ जिल्लाका २ लाख २० हजारभन्दा बढी बिरामीहरूले सेवा लिइसकेको र चालु आ.व.को १० महिनामा १ लाख ८० हजारभन्दा बढी विरामीहरू लाभान्वित भइसकेको बताउनुभयो। उहाँले भक्तपुर नगरभित्रका नगरवासीले छिटो छरितो स्वास्थ्य सुविधा पाइरहेको जानकारी दिनुहुँदै हाल देशकै एकमात्र छाती पुनर्स्थापना केन्द्रमार्फत र ख्वप तिलगंगा आँखा अस्पतालमार्फत समेत स्वास्थ्य सेवा प्रदान गरिरहेको जानकारी दिनुभयो।

उहाँले भक्तपुर नगरमा पुरातात्त्विक र सांस्कृतिक परिवर्तनसमेत भएको उल्लेख गर्नुहुँदै विगत ७ वर्षमा १४५ ओटाभन्दा बढी सम्पदाहरू पुन:निर्माण भएको जसमा अधिकांश उपभोक्ता समितिमार्फत भएको जानकारी दिनुभयो। उपभोक्ता समितिमार्फत गरेका कार्यमा स्थानीय श्रोत, साधन र सीपका साथै गुणस्तरीयताका साथै अपनत्व पनि कायम हुने भएकोले यस मोडेलमा विकास निर्माण र सम्पदा संरक्षण गरिरहेको उहाँले बताउनुभयो।

# सहभागीहरूका प्रतिक्रिया

अभिमुखी कार्यक्रममा सहभागीहरूसँग प्रतिक्रियाको लागि तीन प्रश्न राखिएको थियो –

१. भक्तपुर नपालाई तपाईंले कसरी बुझ्नुभयो ?

२. भक्तपुर नपा र तपाईंको पालिकाबिच के भिन्नता पाउनुभयो ?

३. भक्तपुर नगरपालिका, सम्पदा संरक्षणसम्बन्धी केही सुझाव वा गुनासो ?

## सहभागीहरूले दिएका जवाफ



### विक्रम महर्जन

कोन्ज्योसोम गाउँपालिका, ललितपुर

१. भक्तपुर नपालाई मैले बहुसङ्ख्यक नेवारी जातजातिका कला संस्कृति, रीतिरिवाजले भरिएको सांस्कृतिक सहरको रूपमा बुझेँ।

२. धेरै फरक पाइयो– विकास निर्माण, निर्माण प्रविधि, दक्ष जनशक्ति, शिक्षा तथा स्वास्थ्य सेवा, सांस्कृतिक, कलात्मक आदि इत्यादिमा।

३. सम्पदा संरक्षण सम्बन्धी भक्तपुर नपाले लिएको नीति तथा कार्यक्रमलाई समग्र पालिकाहरूले अनुकरण गर्न सुझाव दिन चाहन्छु।



## शान्ता नगरकोटी

कोन्ज्योसोम गाउँपालिका, ललितपुर

१. ऐतिहासिक, पुरातात्त्विक, सांस्कृतिक तथा वास्तुकलामा धनी नपाको रूपमा बुझेँ ।

२. भनपाले अवलम्वन गरेको विकास निर्माण, नीति कार्यक्रम, सेवा सुविधा आदिमा भिन्नता छ ।



## नवराज खत्री

भोटेकोशी गा.पा. सिन्धुपाल्चोक

१. भक्तपुर नपा देशकै सबैभन्दा सानो नपा हो । यो एक सांस्कृतिक सहर (नपा) हो । पर्यटन प्रवर्द्धन तथा धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक रूपमा भरिपूर्ण नगरपालिका भएकोले समृद्ध नेपाल निर्माणको एक मुख्य अवएव हो । पर्यटन प्रवर्द्धनको लागि भक्तपुर नगरपालिकाबाट सम्भावना भएका स्थानीय सरकारहरूले धेरै कुरा सिक्न सक्ने, अनुकरण गर्न सक्ने सम्भावना बोकेको स्थानीय तह (सरकार) हो ।

२. भक्तपुर नगरपालिका सांस्कृतिक सहर हो भने भोटेकोशी गाउँपालिका एक भौगोलिक रूपमा काठमाडौँबाट करिव ११० कि.मि.को दूरीमा रहेको ऐतिहासिक, व्यापारिक तथा पर्यटकीय स्थान हो । धेरै सम्भावना भएको तर भौगोलिक रूपमा विकट क्षेत्रको एक पालिका हो । भक्तपुर नपाबाट भाटेकोशी गा.पा.ले धेरै कुरा सिक्न सक्ने तथा सिकाइ आदान प्रदान मार्फत समृद्ध भोटेकोशी निर्माण गर्न सकिने देखिन्छ ।

३. भक्तपुर नगरपालिकाले सम्पदा संरक्षणका लागि थप पहल गर्नुपर्ने केही कुराहरू–

क) सम्पदा स्थलमा यातायातका साधन आवत–जावतमा व्यवस्थापन गर्ने,

ख) सांस्कृतिक धार्मिक सम्पदाको अगाडि सो सम्पदाको विवरण खुल्ने सूचना पाटीको व्यवस्थापन तत्काल गर्नुपर्ने देखियो,

ग) एक सम्पदास्थलबाट अर्को ठाउँमा आवत–जावत गर्नको लागि सङ्केत तथा चिन्ह राख्नुपर्ने,

घ) सम्पदा स्थल वरपर व्यापारीहरूले यत्रतत्र बिक्रीका सामग्रीहरू अव्यवस्थित रूपमा राखेको पाइएकोले सोको व्यवस्थापन गर्ने,

ङ) सांस्कृतिक नगरको रूपमा विकास गर्न थप सम्पदाको निर्माण सरक्षण गर्ने ।



## रामबाबु पराजुली

वडाध्यक्ष, पञ्चकन्या गा.पा. वडा नं. ३, नुवाकोट

१. भक्तपुर नगरपालिकालाई प्राचीन सम्पदाको सहर र पर्यटकीय नगरको रूपमा बुझ्ने एवंम् भक्तपुर नगरपालिकाले शिक्षा र स्वास्थ्यमा गरेको काम असाध्यै राम्रो लाग्यो ।

२. भक्तपुर नपा र हाम्रो गा.पा. बिच भिन्नता–

– भक्तपुर नपा सहरी क्षेत्रमा र हाम्रो पञ्चकन्या गा.पा. ग्रामिण क्षेत्रमा पर्दछ ।

– भक्तपुर नपा प्राचीन सम्पदाहरू प्रशस्त छन् भने पञ्चकन्या गापामा कम मात्र प्राचीन स्मारक सम्पदा छन् ।

– भक्तपुर नपाले जस्तो पञ्चकन्या गापाले गापाको लगानीमा क्याम्पस र अस्पताल सञ्चालन गरेको छ ।



## सरोज कुमार खाती

रोजगार संयोजक, पञ्चकन्या गापा, नुवाकोट

१. भक्तपुर नपालाई सांस्कृतिक सम्पदाको सहर र पर्यटकीय नगरीको रूपमा बुझियो ।

२. भक्तपुर नपा र पञ्चकन्या गापा बिचमा धेरै भिन्नता पाइन्छ । यस नगर पर्यटकीय क्षेत्र हो भने पञ्चकन्या गाउँपालिका हिमाली, पहाड र तराई मोडेलमा रहेको देखिन्छ । पूर्वाधार विकासमा उपभोक्ता मोडेल सफल भएको र हाम्रोमा राम्रो नभएको देखिन्छ ।

३. सम्पदा संरक्षणका लागि केही सुझावहरू–

- पुराना सम्पदा अध्ययनलाई व्यापक बनाउनु पर्ने देखिन्छ ।
- उपभोक्ता मोडेललाई सम्पूर्णमा लैजाने काम गर्दा राम्रो हुन्छ ।
- सम्पदालाई आधुनिकताबाट जोगाउने आदि ।



## चन्द्रकला चापागाई

रोजगार संयोजक, जुगल गाउँपालिका, सिन्धुपाल्चोक

१. भक्तपुर पुरातात्त्विक सम्पदा, संस्कृति तथ पर्यटकीय स्थलको रूपमा परिचित नगरपालिकाको रूपमा बुझ्न पाउने अवसर मिल्यो । अधिकांश नेवार समुदायको बसोवास रहेको यो नपा भित्र बन्ने अधिकांश भौतिक पूर्वाधारहरू उपभोक्ता समिति मार्फत बन्ने गरेको पाइयो ।

२. मेरो गाउँपालिका र भक्तपुर नपाको बिचमा रहेका भिन्नताहरू–

क) भौगोलिक क्षेत्र जुगल गापा ५९६ वर्ग कि.मि.

ख) पर्यटकीय दृष्टिले प्रचुर सम्भावना बोकेको स्थानीय तह भएता पनि भौगोलिक अवस्था र भौतिक पूर्वाधारको विकास कम छ ।

ग) पहाडीदेखि हिमाली क्षेत्रसमेत समेटेको गाउँपालिका ।

घ) भक्तपुर नेपालकै सानो र स्थानीय तह ।

ङ) भौतिक पूर्वाधारको विकास भएको स्थानीय तह ।

३. भक्तपुर सम्पदा संरक्षणमा अग्रणी स्थानमा देखिएको पाइयो । यस अभियानलाई निरन्तरता दिन सकेमा नेपालकै नमुना स्थानीय तह बन्न सक्ने देखियो ।



## नवराज अधिकारी

अधिकृत, भीमफेदी गाउँपालिका, मकवानपुर

१. भक्तपुर नपालाई मैले पूर्ण रूपमा सांस्कृतिक र मौलिक कला भएको नपाको रूपमा बुझ्छु । पुर्खाले आर्जेको सम्पत्तिलाई आउँदो पुस्ताले जोगाउन पर्ने छ ।

२. भक्तपुर नपामा जे जति सांस्कृतिक मौलिक एवं परम्परागत पेशाले गर्दा साना उद्यमी व्यवसायीहरूले स्थानीय उच्च पदार्थको प्रयोग गरी बनाइएका हस्तकला बेचेर आन्तरिक तथा वाह्य पर्यटकबाट मनग्य रूपमा आय आर्जन गर्न सकिने । आफ्नै कलेज, आफ्नै अस्पताललगायतका सेवाहरू सञ्चालन गरी नपाबाट नमुना योग्य काम काम भएको छ । हाम्रोमा आन्तरिक आम्दानीको स्रोत छैन र भूगोल पनि धेरै डाँडा पाखाहरू छन् ।

३. भक्तपुर नपाले सम्पदा संरक्षण गर्न दीर्घकालीन योजना तर्जुमा गरी वार्षिक रूपमा संरक्षण गरिनु पर्ने सम्पदाको पहिचान गरी क्रमिक रूपमा गर्दै जानुपर्ने तथा बाटो तथा गल्लीको चौडाइ बढाउनुपर्ने तर्फ सुझाव पेश गर्दछु ।



## आज्ञा श्रेष्ठ

सब इन्जिनियर, मकवानपुरगढी गा.पा., मकवानपुर

१. भक्तपुर संस्कृतिको मुटु, पर्यटकीय क्षेत्र, सानो ठाउँमा धेरै महत्त्व बोकेको नपा ।

२. भक्तपुर नपामा आफ्नो संस्कृति बनाउन धेरै प्रयासहरू गरेको देखियो । भक्तपुर नपा आफूमै मात्र भर परेको देखियो । भक्तपुर नपा र मकवानपुरगढी गापा भएकोले धेरै फरक छ । तर, भक्तपुरमा चाहिँ काम गर्ने भनेपछि गरेरै देखाउने गरेको देखियो ।

३. मठमन्दिरको नाम लेखेर राख्नु राम्रो हुनेछ । बाँकी अरू सबै एकदमै मन प्रसन्न हुने काम गर्नुभएको छ । केही गुनासो गर्न सकिन्न ।



## कृष्णप्रसाद बजगाई

वडाध्यक्ष एवम् आर्थिक विकास समिति संयोजक, मकवानपुरगढी गा.पा., मकवानपुर

१. पुरातात्त्विक सम्पदाहरूको संरक्षण र सम्वर्द्धनमा महत्त्वपूर्ण कार्य गरेको बुझियो ।

– स्थानीय निर्माण सामग्रीको सदुपयोग गरेको ।

– उपभोक्ता समितिलाई जिम्मेवार बनाई विकास गरेको ।

– जल संरक्षणमा गर्ने प्रयास, वातावरण मैत्री बाटो, पोखरी निर्माण कार्य ।

३. खुला र सुरक्षित स्थान बढाउनु पर्ने ।



## फनिन्द्र पहाडी

फिक्कल गाउँपालिका, सिन्धुली

१. पुरातात्त्विक सम्पदाले भरिपूर्ण, सांस्कृतिक पहिचान बोकेको सुन्दर नगर ।

२. भक्तपुर नगरपालिका पुरातात्त्विक सम्पदाले भरिपूर्णको चिनारी छ । हाम्रो गाउँपालिकामा कम सम्पदा छ ।

३. यहाँ सम्पदा संरक्षण कार्य उपभोक्ता समिति मार्फत भएको पाइयो । उपभोक्ता मार्फत गरिएका कामहरू धेरै लागत र अलि पारदर्शी नहुने हुन्छ कि ?



## धनवीर तामाङ

रोशी गाउँपालिका, प्रशासन शाखा अधिकृत, काभ्रे

१. भक्तपुर नगरपालिकालाई मैले पुरातात्त्विक सम्पदा, संस्कृति तथा पर्यटनका लागि प्रख्यात; शिक्षा र स्वास्थ्यको क्षेत्रमा स्तरउन्नति भएको पालिकाको रूपमा बुझ्छु ।

२. भक्तपुर नगरपालिका पुरातात्त्विक सम्पदा, संस्कृति तथा पर्यटनका साथै विभिन्न प्रविधि र विकास निर्माणमा अगाडि रहेको पालिकाको रूपमा पायौँ । भूगोलको हिसावले सानो भएता पनि शिक्षा, स्वास्थ्य र विकासका दृष्टिले विकास भएको नगरपालिका भक्तपुर नगरपालिका रहेको छ । रोशी गाउँपालिका काभ्रे जिल्लाको पूर्वमा अवस्थित

रहेको, भूगोलको हिसावले क्षेत्रफल १७६ वर्ग कि.मि. ओगटेको ठूलो गाउँपालिका हो। रोशी गाउँपालिकामा १२ वडाहरू रहेकाछन्। शिक्षा, स्वास्थ्य, विकास निर्माणमा सुरुवाती चरणमा रहेको गाउँपालिका हो।

३. भक्तपुर नगरपालिकाका सम्पदा संरक्षणका लागि मानव बस्तीहरूलाई व्यवस्थापन गर्नुपर्ने देखिन्छ।



**चन्द्र आचार्य**

प्रशासन शाखा, उत्तरगया गाउँपालिका, रसुवा

१. भक्तपुर नगर समग्रमा नेपालको सांस्कृतिक अस्तित्व हो। विश्वसामु नेपालको परिचय भक्तपुरले दिएको छ। मेरो गाउँपालिकामा विकास निर्माणको कार्य सकेसम्म उपभोक्ता समितिलाई दिने गरिएको छ। सांस्कृतिक सम्पदालाई विशेष महत्त्वका साथ हेरिएको छ।

२. भिन्नता धेरै कुरामा पाइयो। जस्तो विकास निर्माण गर्दा भक्तपुर नगरले विशेष प्राथमिकता उपभोक्ता समितिलाई दिइएको देखियो। विकास निर्माण गर्दा सांस्कृतिक सम्पदालाई हलचल नगरी पुनःनिर्माण गरिएको छ। अन्य शिक्षा, स्वास्थ्य, सांस्कृतिक सम्पदा, पुनःनिर्माण जस्ता विषय फरक पाइयो।

३. भक्तपुर नगरमा रहेका सम्पदा संरक्षण गर्न नगरलाई पनि ठूलो चुनौतीको विषय बनेको छ। विशेष गरी साँघुरो बाटोमा आवतजावत गर्न कठिनाइ छ। यसमा चल्ने सवारी साधनलाई अन्य वैकल्पिक बाटो प्रयोग गर्नसके राम्रो हुने देखिन्छ।



**संजित कार्की**

आर्थिक विकास शाखा प्रमुख, हरिहरपुर गा.पा., सिन्धुली

१. भक्तपुर नगरपालिका पुरातात्त्विक सम्पदा, संस्कृति बोकेको एक नगरपालिका हो। यस नपाभित्र पुरानो शैलीका सम्पदा, मठ, मन्दिर, वास्तुकला, चित्रकलाबाट बनेका मन्दिर, मठहरू पाइयो। भक्तपुर नपाले पुरानो शैलीबाट बनेका मन्दिरहरूलाई पहिलाकै अवस्थामा जस्तो थियो यस्तै स्वरूपमा निर्माण गरिएको पाइयो। कलात्मक शैलीमा यहाँ व्यक्तिगत घर निर्माण गरिको पाइयो। मठ, मन्दिर, धारा, पोखरीहरू जीवन्त राख्नका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइयो। यहाँ नगरपालिकाको प्रत्यक्ष निगरानीमा कलेज, अस्पताल सञ्चालनमा रहेको पाइयो। मन्दिर तथा पर्यटकीय क्षेत्रका बाटोहरूमा सवारी साधन निषेधित गर्न सके अझ राम्रो हुन्थ्यो।

२. भक्तपुर नपा र हाम्रो गा.पा.मा धेरै भिन्नता रहेको छ। यहाँ विभिन्न कलात्मक शैलीका मठ, मन्दिर र घरहरू निर्माण भएको छ भने हाम्रो गा.पा.मा यस्ता खालको कलात्मक शैलीका मठ, मन्दिर कम छन्। भक्तपुरका मठ, मन्दिर निर्माण गर्दा सिमेन्ट प्रयोग नगरी आफ्नै शैलीका इँटा जडान गरिएको पाइयो। पर्यटकीय क्षेत्र भित्रका बाटोहरू इँटा बिछाइएको पाइयो।

३. क) भक्तपुर नपाभित्रका सम्पदा संरक्षण गर्नका लागि पुरातत्त्व विभागको सहयोग लिन आवश्यक छ।

ख) पुरातात्त्विक सम्पदाभित्र केही पोखरीहरूमा लेउ, फोहोर पानी जम्मा भएको देखियो र सफा गर्नुपर्ने अवस्थामा रहेको छ।

ग) पर्यटकीय क्षेत्र भित्रका बाटोहरूमा सवारी साधन निषेध गर्न आवश्यक छ।



**कूलबहादुर भोलन**

हरिहरपुरगढी गाउँपालिका, सिन्धुली

१. भक्तपुर नगरपालिका सांस्कृतिक तथा पुरातात्त्विक सम्पदामा धनी नगरपालिका, स्वास्थ्य शिषामा अब्बल नपा देखिन्छ।

२. भक्तपुर नपा आफ्नै स्थानीय स्रोत तथा साधनको प्रयोग, सीप, कलाबाट निर्माण गरिएको देखिन्छ।

३. भक्तपुर नगरपालिकाभित्र रहेका सांस्कृतिक सम्पदा र पुरातात्त्विक सम्पदाको वरिपरि रहेका रेष्टुरेन्टहरूलाई व्यवस्थापन गर्नुपर्ने देखिन्छ।



**गणेश खड्का**

तीनपाटन गाउँपालिका, सिन्धुली

१. भक्तपुर नगरपालिका हाम्रो धार्मिक सांस्कृतिक, पुरातात्त्विक सपदाहरूलाई जोगाएर राख्न सफल पालिका भन्ने बुझियो।

२. भक्तपुर नपामा पुरातात्त्विक सम्पदा धेरै भएको र संरक्षित रहेको तर हाम्रोमा पुरातात्त्विक अलि कम तथा ती सम्पदाहरूको संरक्षण थोरै कम रहेको छ।

३. भक्तपुर नगरपालिको सम्पदा संरक्षण धेरै राम्रो लाग्यो। अझै राम्रो होस्!

**गिता बोगटी**

जनप्रतिनिधि, तीनपाटन गाउँपालिका, सिन्धुली

१. भक्तपुर नपा सम्पदाहरू

भएको महत्त्वपूर्ण नपा रहेछ।

२. भक्तपुर नपामा धार्मिक कुराहरू धेरै तथा विकास पनि राम्रो छ। हाम्रोमा धार्मिक सम्पदा भक्तपुर नपामा भन्दा कम छ तर विकास गति उस्तै उस्तै लाग्यो।

३. भक्तपुर नपाको सम्पदा संरक्षण धेरै राम्रो लाग्यो, अझै राम्रो भएको हेर्ने मन छ।



## टोप बहादुर बिष्ट,

रुवीभ्याली गा.पा., धादिङ

१) भक्तपुर न.पा. सांस्कृतिक केन्द्र, कला शैलीमा निपूर्ण, राजसभ्यता बोकेको, उपत्यकाको प्रमुख पर्यटकीय केन्द्र, नेवारी सभ्यता बोकेको नपा।

२) भक्तपुर नपा र हाम्रो गाउँपालिका बिच थुप्रै भिन्नताहरू रहेका छन्–

हाम्रोमा सांस्कृतिक विकासमा कमी, संस्कृति ह्रास हुँदै गएको, हिमाली भेग र भौगोलिक विकटता, बजेट विनियोजन र राजस्व सङ्कलन निकै न्यून रहेको, राजस्वको आन्तरिक स्रोत नरहेको (शून्यको हाराहारीमा)।

समग्रमा urbanization र सहरीकरणको प्रभावले तुलनाको विन्दुभन्दा निकै टाढा रहेको छ। रुवीभ्याली गा.पा. भए तापनि पर्यटकीय स्रोत अक्षुण्ण रहेको छ।

३) भक्तपुर सम्पदा र संस्कृतिमा निकै धनी नपा हो। यसको विकास केन्द्रित कार्यक्रममा मेरो सानो सुझाव–

- Environment Impact Assessment (EIA) मा जोड दिएता पनि बाटो निर्माण र सम्पदा संरक्षणमा EIA को थप प्रभावकारी रूपले प्रयोग गर्नुहुन अनुरोध छ।



## पेम्बा लामा

वडाअध्यक्ष, सुशासन तथा संस्थागत विकास संयोजक, हेलम्बु गापा, सिन्धुपाल्चोक

१) भक्तपुर नगरपालिका कला, संस्कृति, सम्पदाले परिचित पालिका र एक सक्षम, नेवारी समाज सभ्यताले भरिपूर्ण, कुशल नेतृत्व, एकता समाज, बहुमत सरकार, शान्तिपूर्ण सहर।

२) भक्तपुर नगरपालिका र हेलम्बु गाउँपालिकामा केही भिन्नता छ।

क. धर्म र जाति समाजमा उस्त उस्तै।

ख. पूर्वाधार विकास र शिक्षामा हेलम्बु गा.पा. भन्दा भक्तपुर नपा धेरै अगाडि, जनसङ्ख्या धेरै रहेको छ।

ग. कला कौशलमा भिन्नता छैन।

३) भक्तपुर नगरपालिका, सम्पदा संरक्षणमा तीव्र गति रहेको देखियो। साथै यस सम्पदा क्षेत्रभित्र अवश्यकताअनुसार शौचालय निर्माण गरियोस्।



## जयराम थापामगर

हेलम्बु गा.पा., सिन्धुपाल्चोक

१. भक्तपुर न.पा. वास्तुकला, चित्रकला र काष्ठकलाको संरक्षण गर्दै प्राचीन परम्परा संस्कार रीतिरिवाजलाई जीवन्त राख्दै आएको देशकै सानो नगरपालिकाको रूपमा बुझ्दछु।

२. मेरो न.पा. मा विकास हुँदै गएको पाइन्छ तर हाम्रो प्राचीनतालाई संरक्षण गर्न सकेको छैन भने भक्तपुर नपाले विकास सँगसँगै प्राचीन मौलिकता, पहिचान र संस्कारलाई समेत सँगसँगै लगी आफ्नो पहिचान र विकास दुवैको समिश्रण मिलाउँदै लगेको देखिन्छ। यसले विश्वमा नेपालकै प्राचीनतालाई जोगाई राख्न सफल भएको देखियो।

३. अन्य न.पा. र गा.पा.लाई हेरी भक्तपुर न.पा. मा पुराना मौलिकताको संरक्षण भएको देखिन्छ। यस न.पा.मा भएका विभिन्न तालतलैया, कुवा, धारापानी रहेको स्थानको उपयुक्त संरक्षण सम्वर्द्धन गरी त्यसको स्वच्छता बढाई उपयोग गर्दै लानपर्ने देखिन्छ।

- यसको पहिचान र मौलिकतालाई नयाँ पुस्तामा पनि स्थानान्तरण गर्दै लैजानु पर्ने,
- पुराना सम्पदाको संरक्षण गर्दै पुनः निर्माण गर्दै लैजानु पर्ने,
- भक्तपुर दरबार क्षेत्रमा घुम्ने ठाउँ धेरै छ तर घुम्न जाने आन्तरिक र वाह्य पर्यटकलाई आवश्यक सार्वजनिक शौचालय ठाउँठाउँमा बनाउन सके अझ राम्रो हुने देखिन्छ।



## पवन राज फुयाल

सामाजिक विकास शाखा प्रमुख, तामाकोशी गा.पा., दोलखा

१. सांस्कृतिक र पुरातत्त्विक सम्पदाको राजधानी। विकास निर्माणमा स्थानीयवासीको सहभागिता र अपनत्व उल्लेखनीय रहेको उदाहरणीय स्थानीय तह।

२. भक्तपुर ऐतिहासिक, सांस्कृतिक र पुरातत्त्विक महत्त्वको सहर हो भने तामाकोशी प्राकृतिक र पर्यटकीय क्षेत्र हो।

३. सुझावहरू–

- सम्पदाहरूको संरक्षण सँगसँगै व्यक्तिको नाममा रहेका ऐतिहासिक क्षेत्रको पनि संरक्षण गर्नुपर्ने।

– भक्तपुरलाई विश्वकै सांस्कृतिक पुरातात्त्विक सम्पदा सहरको नमुना बनाउनुपर्ने ।



### बलराम पौड्याल

योजना अनुगमन शाखा, शैलुङ गापा, दोलखा

१. भक्तपुर नगरपालिका नेपालकै पुरातात्त्विक सम्पदाले धनी नगरपालिकाको रुपमा लिन सकिन्छ । यो हिसावले भक्तपुर धर्म, संस्कृति र सम्पदाको भण्डार हो । त्यतिमात्र नभएर स्थानीय तह र स्थानीय समुदायको निकट सम्बन्धले गर्दा इतिहासलाई नबिग्रने गरी सम्पदा संरक्षण गरेको नमुना नगरपालिकाको रूपमा पनि लिन सकिन्छ ।

२. काली भगवती मन्दिर, शैलुङ्गेश्वर महादेव मन्दिर, जुरेश्वर महादेव मन्दिर, शैलुङ थुम्का, शैलुङ गुफा, गोल्मा राजा गोल्मा रानीको दरबारकारको भग्नावेशष जस्ता सम्पदा शैलुङ गाउँपालिकामा भए पनि भक्तपुर नगरपालिकाले जस्तै सम्पदा व्यवस्थापन गर्न नसक्नु भक्तपुर र शैलुङबिचको भिन्नताको रूपमा लिन सकिन्छ । शिक्षा स्वास्थ्यलाई भक्तपुर आफैले व्यवस्थापन गर्न सक्षम भएको तर शैलुङ यसको प्रयास गर्दैछ । यो पनि भिन्नता देखिन्छ । साथै सानो भूगोल भएकोले भक्तपुरमा जति सजिलो छ, शैलुङमा त्यति सजिलो छैन ।

३. भक्तपुर नपाले सम्पदा संरक्षणमा गरेको कार्य प्रशंसनीय र अनुकरणीय छ । देशका अन्य स्थानीय तहमा रहेका सम्पदा संरक्षणको कार्यमा भक्तपुर नगरपालिकाले गरेका अभ्यासले अगुवाइ गर्न सक्छ । देशकै सम्पदा संरक्षणको नेतृत्व भक्तपुर नगरपालिकाले गर्न सकोस् शुभकामना !



### दिपक बस्नेत

६ नं. वडा अध्यक्ष तथा आर्थिक विकास समिति संयोजक, शैलुङ गाउँपालिका, दोलखा

१. भक्तपुर नपा ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पुरातात्त्विक सम्पदाले भरिपूर्ण देशकै नमुना नगरपालिकाको रूपमा विकसित हुँदै गएको, विकासले फड्को मारेको नगरपालिका भनेर बुझियो ।

२. भक्तपुर नगरपालिका र शैलुङ गाउँपालिकाबिच धेरै भिन्नता पाइयो । भक्तपुरमा मानव निर्मित विभिन्न कलात्मक संरचनाहरू भेटियो भने शैलुङ गाउँपालिकाको शैलुङ क्षेत्रमा प्राकृतिक रूपले नै भरिपूर्ण प्रकृति निर्मित संरचनाहरू अवलोकन गर्न पाइन्छ । शैलुङ गाउँपालिकाको क्षेत्रफल १२८ वर्ग कि.मि. छ त्यसैले विभिन्न प्राकृतिक सम्पदाहरू छरिएर रहेको अवस्था छ । भक्तपुरमा जस्तो छोटो समयमा सहजै अवलोकन गर्न गाऱ्हो छ ।

भक्तपुरमा शिक्षा र स्वास्थ्यको क्षेत्रमा पनि नगरपालिकाको नेतृत्वमा सञ्चालन भएको र संरचनाहरू व्यवस्थित भएको पाइयो भने एकै ठाउँबाट विभिन्न सेवाहरू लिन पाइने व्यवस्था पाइयो ।

३. भक्तपुर नगरपालिकाको सम्पदा संरक्षणका लागि नपाले स्थानीय सम्पूर्णले पूर्ण साथ र सहयोग गरेकोले मेरो खासै सुझाव केही छैन । यसैगरी संरक्षणमा लाग्ने शुभकामना व्यक्त गर्दछु । धन्यवाद !

## २२ ओटा नगरपालिकाका जनप्रतिनिधि कर्मचारीहरूलाई पुरातात्विक सम्पदा व्यवस्थापनसम्बन्धी अभिमुखीकरण




प्रदेश सुशासन केन्द्र, वाग्मतीको आयोजनामा दुई दिने दोस्रो चरणको पुरातात्त्विक सम्पदा व्यवस्थापन सम्बन्धी अभिमुखीकरण कार्यक्रम जेठ ८ र ९ गते सम्पन भयो ।

समापन कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले विकासको सन्दर्भमा भक्तपुर नगरपालिका र अन्य स्थानीय तहको कार्यशैलीबिचको भिन्नताबारे प्रष्ट पार्नुहुँदै सम्पदा संरक्षण आफैमा विकास हो भन्नुभयो ।

उहाँले भक्तपुर नपाले यहाँ रहेका सार्वजनिक सम्पत्ति संरक्षण गरी देशकै सम्पत्ति संरक्षण भएको बताउनुहुँदै सम्पदालाई सम्पत्तिको रूपमा ग्रहण गरी यहाँका पुरातात्त्विक एवम् ऐतिहासिक सम्पदाहरूको जीर्णोद्धार र पुनःनिर्माणमा जोड दिँदै आएको बताउनुभयो ।

पर्यटन शुल्क भक्तपुर नपाको मुख्य आयस्रोत भएको बताउनुहुँदै पर्यटन प्रवर्द्धनमा पनि भक्तपुर नपाले विशेष जोड दिँदै आइरहेको प्रष्ट पार्नुभयो ।

सङ्घ र प्रदेशले पठाउने समानीकरण अनुदान बढाउनुपर्नेमा सशर्त अनुदान बढाई सङ्घ र प्रदेशले स्थानीय तहलाई नियन्त्रण गर्न खोजिरहेको बताउनुहुँदै उहाँले चालु आ.व. २०८०/८१ को बजेटमा वाग्मती प्रदेशले भक्तपुर नगरपालिकालाई समपुरक अनुदान र विशेष अनुदान शीर्षकमा बजेट नपठाउनु निन्दनीय विषय हो भननुभयो।



प्रमुख प्रजापतिले तालिममा सहभागी २० ओटा स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरूलाई भक्तपुर नपाका प्रकाशनहरू उपहारस्वरूप प्रदान गर्नुभएको थियो।

तालिमको उद्घाटन सत्रमा भनपाका उपप्रमुख **रजनी जोशी**ले भक्तपुर नपाको सम्पदा संरक्षणबारे प्रस्तुतीकरण देखाउनुभएको थियो भने समापन कार्यक्रममा प्रदेश सुशासन केन्द्रका उपनिर्देशक **विनोद विडारी**लगायतले पनि बोल्नुभएको थियो।

# सहभागीहरूका प्रतिक्रिया

अभिमुखी कार्यक्रममा विभिन्न नपाका सहभागीहरूसँग प्रतिक्रियाको लागि तीन प्रश्न राखिएको थियो –

१. भक्तपुर नपालाई तपाइँले कसरी बुझ्नुभयो ?

२. भक्तपुर नपा र तपाइँको पालिकाबिच के भिन्नता पाउनुभयो ?

३. भक्तपुर नगरपालिका, सम्पदा संरक्षणसम्बन्धी केही सुझाव वा गुनासो ?

## सहभागीहरूले दिएका जवाफ



### शुभलक्ष्मी मानन्धर

वडा अध्यक्ष, बनेपा नगरपालिका, काभ्रे

१. सांस्कृतिक र सम्पदाको सहर भन्ने बुझियो।

२. भक्तपुर र बनेपा नपा उस्तै लाग्यो तर भक्तपुर आत्मनिर्भर छ भने बनेपा नपा परनिर्भर।

३. छैन।



### प्रेमलाल भासिमा

इन्जिनियर, योजना महाशाखा, मध्यपुर थिमि नपा, भक्तपुर

१. भक्तपुर नपा सांस्कृतिक नगरको रूपमा चिन्दछु। एउटा जीवित सङ्ग्रहालयको रूपमा बुझ्छु।

२. भक्तपुर नपा र हाम्रो नपा मध्यपुर थिमि नगरपालिका पहिले धेरै नै भिन्नता भए पनि हाल भिन्नतामा कमी भएको पाएँ।

३. **सुझाव**

- भक्तपुर नपा पुरानो शैलीमा पुनःनिर्माण गरियो तर दाची अप्पाको जोडाइ खुला भएको देखियो। चुना सुर्खी लेपन गर्दा राम्रो हुन्छ। यसले इँटाको जोडाइमा घाँस पात उम्रिन पाउँदैन।
- मठ मन्दिरमा उम्रेको घाँस पात उखेली दिए राम्रो।
- बेला बेलामा मठ मन्दिर, पाटी पौवा सरसफाइ गरी सिलिकन/वार्निश लगाउँदा पानीबाट हुने असर कम हुन्छ।
- हनुमन्ते खोलाको दायाँ बायाँ गाइड वाल/रिटेनिङ वाल लगाए खोला आफ्नो दिसामा बग्छ र दायाँ बायाँ क्षति गर्दैन।
- ब्रम्हायणी, हनुमान घाट, राम मन्दिर, बाराही परिसरमा सरसफाइ गरी खोलालाई आफ्नो दिसामा बग्न सहजीकरण गर्नुपर्छ।

**गुनासो**

- मठ मन्दिर, पुरातात्त्विक भवनमा घाँसपात उम्रेता पनि सफा नगरेको देखियो।
- अरू सबै ठिक छ।

देशको नमुना सहर हुन सफल भएकोमा धेरै धेरै बधाई !



### सिमल मुस्याजु

बनेपा नगरपालिका कार्यालय, काभ्रे

१. सांस्कृतिक सम्पदा र संस्कृति संरक्षित नगरको रूपमा भक्तपुर रहेको।

२. भक्तपुर नपा सांस्कृतिक सम्पदा र संस्कृति जोगाउने काममा जनस्तरमा पनि लागेको नगर, हाम्रो पनि लाग्दै गरेको नगर।

३. स्थानीयवासीहरूलाई पनि संस्कृति र सांस्कृतिक सम्पदा संरक्षणमा व्यापक जनसहभागी गराएको काम सराहनीय भएकोले यसलाई अझ निरन्तरता दिनुपर्ने र प्रोत्साहन गराउनु पर्ने।



## हरिसुन्दर भुजू

सहायक इन्जिनियर, पनौती नगरपालिका, सम्पदा शाखा, काभ्रे

१. सम्पदाहरूको सहर जुन स्थानीय स्तरबाट मात्र संरक्षण, पुनःनिर्माण गर्न सक्छ र प्रभावकारी भएको छ ।

२. भक्तपुर नगरपालिका एउटा आमा सहर हो जसबाट अन्यत्र बसाइँ सरेर अन्य शाखा सहर बस्ती हो । पनौती पनि त्यसमा पर्दछ ।

३. सम्पदा संरक्षण उदाहरणीय छ । यसको अनुसरण हामीले पनि गर्न आवश्यक छ । प्रभावकारी छ । अझ प्रभावकारीता बढाउनु पर्ने आवश्यक छ ।



## खिमराज खड्का

सबइन्जिनियर, चन्द्रागिरी नगरपालिका, काठमाडौँ

१. भौगोलिक क्षेत्रफलले सानो भएपनि पुरातात्त्विक सम्पदा तथा सांस्कृतिक सम्पदाको धनी र सम्पदाहरूको जगेर्ना गर्ने नगरपालिकाको रूपमा बुझ्दछ ।

२. हाम्रो नगरपालिका पुरातात्त्विक सम्पदाहरूको संरक्षण र व्यवस्थापन सम्बन्धी केही हदसम्म गरे पनि भक्तपुर नगरपालिकाले जस्तै गर्न सकेको छैन ।

३. भक्तपुर नगरपलिकाको व्यवस्था नै राम्रो छ । यस नगरपालिका आफैमा एक मिहिनेती, दक्ष तथा अनुभवी व्यक्तिहरूको धनी भएकाले आफ्ना नगरवासीका लागि पुरातात्त्विक सम्पदा तथा सांस्कृतिक सम्पदा संरक्षण गर्न सक्दो प्रयास गरेको छ ।



## केशवबहादुर ऐडी

असिस्टेण्ट सबइन्जिनियर, मण्डनदेउपुर नगरपालिका, काभ्रे

१. भक्तपुर नगरपालिका भौगोलिक रूपले सानो भए पनि धार्मिक, सांस्कृतिक तथा पुरातात्त्विक सम्पदाले एकदमै ठूलो तथा धनी पालिका रहेको छ ।

२. भक्तपुर मण्डनदेउपुरभन्दा प्राचीन रहेको, पुरातात्त्विक सम्पदाले भरिपूर्ण रहेको, मण्डनदेउपुर नगरपालिका प्राकृतिक स्रोत सम्पदाले धनी रहेको ।

३. भक्तपुर नगरपालिकामा रहेका सम्पदाहरूलाई दिगो रूपमा संरक्षण गर्न सम्पदा क्षेत्रभित्र सवारी साधन निषेध गर्नुपर्ने, ढल निकासको उचित व्यवस्थापन गर्नुपर्ने, फोहोरमैला व्यवस्थापन गर्नुपर्ने, सम्पदा क्षेत्र नजिकै निजी संरचना बनाउन अनुमति नदिने, पुनःनिर्माण गर्दा पुरानै शैलीमा निर्माण गर्नुपर्ने ।

साथै सम्पूर्ण सम्पदाहरूको फोटो, भिडियो, चित्र, लेखन आदिमा अभिलेख कार्ड सुरक्षित राख्ने । सम्पदाहरूको संरक्षणको बारेमा विद्यालय स्तरमै पाठ्यक्रममा लागू गर्नुपर्ने ।



## विकास कुमार राई

कार्यपालिका सदस्य, वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक, मण्डनदेउपुर नपा, काभ्रे

१. सांस्कृतिक सम्पदा र पुरातात्त्विक संरचनाको धनी भक्तपुर नगरपालिकाले विश्व सामु चिनाउन सफल भएको छ ।

२. धेरै भिन्नता छ । भक्तपुर पुरानो सम्पदा, संस्कृतिले भरि पूर्ण । हरेक महिना कुनै न कुनै चाडपर्वले आफ्नो समुदायलाई रमाइलो र खुसी बनाउने, प्राचीनकालको हस्तकलाले भरिएको । यी र यस्ता सांस्कृतिक सम्पदाले केही मात्रामा मात्र परम्परा झल्काउने मण्डनदेउपुर नगरपालिका ।

३. अहिलेसम्म जे जति पुरानो प्राचीन सम्पदा हस्तकला आफ्नो सांस्कृतिक सम्पदा जोगाई भक्तपुर न.पा. लाई विश्वसामु चिनाउनु भएको छ, अझै राम्रो गर्नुहोला धन्यवाद !



## गमला लामा

कार्यपालिक सदस्य, बेलकोटगढी नगरपालिका, नुवाकोट

१. भक्तपुर नगरपालिका सांस्कृतिक, संस्कृति तथा पुरातात्त्विक हिसाबले प्रख्यात तथा सबै सम्पदा, नगरको नै सम्पत्ती मानेर संरक्षण गरिएको पाइएको छ ।

२. भक्तपुर नगरपालिका र मेरो पालिकाबिच धेरै नै भिन्नता पाइन्छ । सम्पदा संरक्षण गर्न नगरपालिका नै अग्रसर भएको पाइयो भने मेरो पालिकामा सम्पदा संरक्षणभन्दा पनि भौतिक रूपमा विकास गर्न लागिपरेको छ ।

३. भक्तपुर नगरपालिकाले सम्पदा संरक्षण सम्बन्धी गरेका सबै कार्यहरू राम्रा छन् । यस्ता कार्यलाई आगामी दिनमा पनि निरन्तरता दिन आवश्यक छ ।



## अनुज प्रधान

सदस्य-सचिव, संस्कृति तथा पर्यटन समित, कीर्तिपुर नगरपालिका, काठमाडौँ

१. कला संस्कृतिको दृष्टिकोणले

धनी र सोको संरक्षण गर्नुपर्छ भन्ने चेत भएको र धेरै हदसम्म कार्यान्वयन भएको ।

२. पर्यटन आगमन, राजनीतिक नेतृत्व ।

३. वाकुपति नारायण मन्दिरको facade (मोहडा)मा झिलिमिली मार्बल राखिएको शोभायमान देखिएन । पुरातात्त्विक महत्त्व पनि नष्ट गरेकोले तत्काल यथास्थितिमा फर्काउन कार्य गर्नुपर्ने ।



## भगिरथ कार्की

सूचना प्रविधि अधिकृत, थाहा नगरपालिका, मकवानपुर

१. सांस्कृतिक, पौराणिक, पुरातात्त्विक महत्त्वको नगरीको रूपमा आफ्नो परिचय बनाएको पाइयो । काष्ठकला र मूर्तिकलाले सजिएको कलात्मक सहर ।

२. कला र संस्कृतिलाई जगेर्ना गरेको, सम्पदा संरक्षणका लागि कार्ययोजना नै बनाई छुट्टै इकाइको गठन गरी कला संस्कृति र सम्पदालाई संरक्षण गरिएको पाइयो । थोरैमात्रामा रहेको प्राकृतिक सम्पदाहरूलाई प्रयोग, जगेर्ना गरी सांस्कृतिक र पर्यटनबाट राजश्व सङ्कलन गरी प्रशंसा योग्य काम गर्न सफल ।

साथै, समुदायहरू एकजुट भै काम गर्न सके शिक्षा, स्वास्थ्य र संस्कृतिको जगेर्ना हुने सफल उदाहरण ।

३. सम्पदाहरूको संरक्षणका लागि गरिएका प्रयासहरू उदाहरणीय नै रहेको छ । प्राचीन सम्पदाहरूको अभिलेखीकरण गरी नाप जाँच गरी अरू ठाउँहरूको लागि पनि उत्प्रेरणा बनोस् र भक्तपुरलाई चाँडैनै Living Museum बनेको देख्न पाइयोस् । शुभकामना !

- सार्वजनिक जग्गाहरू र पोखरीहरूको उचित सदुपयोग हुन आवश्यक ।
- सम्पदाको वरिपरिका ठाउँहरूमा रहेका घरहरूको बनोटमा विशेष ध्यान दिन जरुरी भएको देखिन्छ ।
- नयाँ बन्ने संरचनालाई मौलिकतालाई झल्किने शैलीलाई जोड दिनु आवश्यक छ ।
- सिग्नल साइनबोर्डहरू उचित मात्रामा रहेको पाइएन ।
- पर्यटकीय साइनबोर्ड अर्थात् जाने रूट, भएका ठाउँहरू र तिनका विषेशता झल्किने Flex board हरू पर्याप्त नभएको ।



## केशब बहादुर महरा

प्राविधिक सहायक पाँचौ (शिक्षा), धुनिवेशी नगरपालिका, धादिङ

१. भक्तपुर नगरपालिका पुरातात्त्विक सम्पदा र संस्कृतिले भरिपूर्ण नेपालकै उत्कृष्ट नगरपालिकाको रूपमा रहेको पाइयो ।

२. भक्तपुर नगरपालिका पुरातात्त्विक कला, संस्कृति र सम्पदाले भरिपूर्ण छ र हाम्रोमा त्यती धेरै पुरातात्त्विक सम्पदाहरू छैनन् । त्यसैगरी भक्तपुर नगरले पुरातात्त्विक सम्पदाको संरक्षणमा धेरै राम्रो कार्य गरेको पाइयो र हाम्रोमा त्यसप्रकारको कुनै योजना र व्यवस्थापन भएको पाइएन । भक्तपुर नगरपालिकाले प्राकृतिक कला, संस्कृति र सम्पदाको संरक्षण, सम्वर्द्धन र प्रचार–प्रसार गर्दै पर्यटकहरूलाई आकर्षण गरी आर्थिक लाभ समेत लिएको पाइयो भने हाम्रो पालिकाले प्राकृतिक सम्पदाको संरक्षण पनि गर्न नसकेको र संरक्षित क्षेत्रको प्रचार प्रसार गर्न नसकेको अवस्था पनि छ ।

३. भक्तपुर नगरपालिकाले सम्पादाहरूको संरक्षण गर्ने कार्य योजनाबद्ध रूपमा गरेको र विश्वसामु नेपालको कला, संस्कृति, र सम्पदाहरू चिनाउने कार्य गरेको सहराहनीय कामको लागि धेरै–धेरै धन्यवाद ! साथै यस्तो कार्यले निरन्तरता पाइरहोस् भन्ने शुभकामना !



## प्रवीण भण्डारी

माडी नगरपालिका, चितवन

१. भक्तपुर संस्कृति, सम्पदा र परम्परालाई जीवित राखेको सुन्दर नगरको रूपमा मैले बुझेँ । पछिल्लो पुस्ताले समेत आफ्नो संस्कृतिलाई अवलम्वन गर्नु, निर्माण भएका पूर्वाधारहरूले समेत यस नगरको सांस्कृतिक पहिचानलाई टेवा पुऱ्याउनु, संस्कृति संरक्षण र प्रबर्द्धनमा जनसहभागिता उल्लेख्य हुनु विशेषतः शिक्षा, स्वास्थ्य र पर्यटनमा यस क्षेत्रले विशिष्ट भूमिका निर्वाह गर्नु तारिफयोग्य लाग्यो ।

२. मेरो बुझाइमा भक्तपुर प्राचीन महत्त्व र संस्कृति झल्काउने नगर हो र माडी प्राकृतिक सम्पदा वनजङ्गल, इको प्रणाली र पर्यापर्यटन झल्काउने नगर हो । यी दुवै क्षेत्रको समानता भनेको दुवै नगरको विशेष आकर्षणको केन्द्र विश्व सम्पदा सूचीमा सूचिकृत हुनु हो ।

भक्तपुरले नेवार समुदायको संस्कृतिलाई विशेष प्राथामिकता दिएको छ भने माडीले सबै जातजाति धर्म, संस्कृतिको प्रबर्द्धन गरिरहेको छ ।

भक्तपुरले सांस्कृतिक पर्यटन मार्फत समुदायलाई पर्यटनमा जोडेको छ भने माडीले पर्यापर्यटन, होमस्टे, संस्कृति प्रदर्शनी लगायतबाट समुदायलाई पर्यटनमा जोडेको छ ।

३. भक्तपुर नपाले सम्पदा संरक्षणमा गरेको कार्य निकै तारिफयोग्य छ । तर भित्री गल्लीहरूमा पुग्ने ओझेलमा

परेको, हनुमन्ते खोला गन्हाएको, सूर्यविनायकबाट नगर प्रवेश गर्दा प्रवेश बिन्दुमा नै निकै फोहोर र गन्हाएको पाइयो। साथै महेश्वरी क्षेत्रमा, बिस्केटको लिङ्गो उठाउने ठाउँतिर पनि फोहोर व्यवस्थापनमा ध्यान गएको पाइएन। यसमा पनि ध्यान दिनसके उत्कृष्ट हुने थियो।



### एकनाथ बजगाईं

बेलकोटगढी न.पा., नुवाकोट

१. भक्तपुर न.पा.लाई सांस्कृतिक सम्पदामा समृद्ध र असल अभ्यासहरू गर्ने व्यवस्थित न.पा. को रूपमा बुझेको छु।

२. भक्तपुर न.पा. आधुनिक सहरको रूपमा विकास भैसकेको र मेरो पालिका ग्रामिण नगरपालिकाको रूपमा रहेको छ।

३. भक्तपुर न.पा. को सम्पदा संरक्षणको लागि सम्पदा हाताबाट पसल, व्यवसायलाई हटाउनु उपयुक्त हुन्छ।



### माधव प्रसाद चापागाईं

वडाध्यक्ष, माडी नगरपालिका, चितवन

१. भक्तपुर प्राचीन सम्पदाहरूमो सम्पन्न नगर, संस्कृति र जात्रा पर्वहरूबाट गर्व गर्न लायक देशकै नमुना नगरी हो।

२. भक्तपुर संस्कृति, पुरातत्त्वका हिसाबले धनी नगर हो भने माडी पर्यापर्यटन र इको र प्राकृतिक सम्पदाले सम्पन्न नगर हो।

३. सम्पदा संरक्षण गर्दैगर्दा नगर प्रवेशविन्दु, मुख्य क्षेत्र, नगरका खोला–नाला नदीहरूको सरसफाइमा अलिक ध्यान दिनुपर्ने देखियो। मुख्य क्षेत्रहरूका नजिकै व्यक्तिगत घरहरू, होटलहरू प्रशस्त रहेछन्। अतिक्रमण हुन सक्ने जोखिम देखिन्छ। त्यसमा ध्यान दिन आवश्यक छ।



### नवीन सुनार

कार्यपालिका सदस्य, धुनीबेशी नपा, धादिङ

१. भक्तपुर नगरपालिका सांस्कृतिक सम्पदा मन्दिर, पाटी, पौवा आदिले भरिएको एक अति रमणीय, नेवारी समुदायको बसोवास भएको, आर्थिक, राजनीतिक र सांस्कृतिक हिसावले धेरै महत्त्व बोकेको र यस पालिकाले पूरै देश नेपालको गौरव बढाएको बुझियो।

२. भक्तपुर नगरपालिका र हाम्रो नगरपालिकामा हाम्रो नगरपालिका सहरीकरण हुन बाँकी भएकोले व्यवस्थित भक्तपुर नगरलाई हदै व्यवस्थित बनाउन सकिने र खेती किसानी मुख्य आय भएको धुनीबेशीको भिन्नता पाइयो।

३. क) स्थानीय जनतालाई शिक्षित गर्ने,

ख) CCTV जोड्न पर्ने।



### लक्ष्मण पौडेल

प्रशासन सहायक, नीलकण्ठ नगरपालिका धादिङबेशी, धादिङ

१. प्रदेश सतर्कता केन्द्रले आयोजना गरेको कार्यक्रममा सहभागी हुने क्रममा प्रथम पटक भक्तपुर नगरपालिका भ्रमण गर्ने अवसर प्राप्त भयो। भक्तपुर नगरपालिकाको साथै वास्तुकला, कष्ठकलासहित भवननिर्माणको जीवन्त इतिहासको रूपमा महसुस गर्ने अवसर प्राप्त भयो। नगरवासीको जीवनमा दैनिक रूपमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा प्रभाव पार्ने स्वास्थ्य, शिक्षा, खानेपानीलगायत अन्य विषयमा नगरपालिकाको प्रत्यक्ष सहभागिताको अनुभूति गर्ने अवसर प्राप्त भयो।

२. सांस्कृतिक, भौगोलिक तथा हावापानीको हिसाबका साथै कार्य सम्पादनमा समेत विविधताको महसुस भयो।

३. भक्तपुर न.पा.ले सांस्कृतिक सम्पदाको संरक्षणको लागि चालेका कदम उल्लेखनीय रहेको छ। सोही क्रममा सांस्कृतिक सम्पदामा विद्युत्लाइन विस्तार तथा CCTV Camera व्यवस्थापनका लागि तार व्यवस्थापन पनि काष्ठकला शैलीमा गर्न सकेमा सम्पदाको मौलिकतामा थप उर्जावान बनाउन सहयोग पुग्नेछ।



### संगीता लम्साल

बुढानीलकण्ठ नगरपालिका, काठमाडौँ

१. भक्तपुर नगरपालिका पुरातात्त्विक सांस्कृतिक सम्पदामा धनी रहेको भन्ने बुझेँ।

२. बुढानीलकण्ठ नगरपालिका र भक्तपुर नगरपालिका दुवै काठमाडौँ उपत्यकाका नगरपालिकाहरू हुन्। भौगोलिक हिसावमा एउटै हावापानी रहेको छ।

क्षेत्रफलको हिसावले र जनसङ्ख्याको हिसावले बुढानीलकण्ठ नगरपालिका ठूलो छ। बुढानीलकण्ठ नगरपालिकामा पनि धेरै सांस्कृतिक सम्पदा छन्। तर त्यहाँभन्दा प्राचीन सांस्कृतिक सम्पदाहरू भक्तपुर नगरपालिकामा धेरै रहेका छन्।

३. भक्तपुर नगरपालिकाले पुरातात्त्विक सम्पदा संरक्षणका लागि गरेका प्रयास, कार्य एवम् पहलहरू निकै सराहनीय छ। यसमा अझ सफलता प्राप्त गरोस् भनी शुभकामना पनि दिन चाहन्छु। धन्यवाद !



## लक्ष्मीदेवी शर्मा पण्डित

भरतपुर महानगरपालिका, चितवन

१. भक्तपुर नगरपालिका एक सुसज्जित, सङ्गठित सुन्दर पर्यटकीय नगरीको रूपमा रहेको बुझियो।

२. भरतपुर नगरपालिकामा रहेका सम्पदाहरूको संरक्षण गर्ने निकाय नभएको तर भक्तपुर नगरपालिकामा जनश्रमदानबाट र अन्य निकायबाट सम्पदा संरक्षण हुने गरेको।

३. यस भक्तपुर भक्तपुर नगरपालिकामा रहेका सांस्कृतिक सम्पदाहरू आम्दानीका स्रोतहरू रहेछन् भन्ने ज्ञान, अन्य नगरपालिकाहरूलाई कार्यान्वयनका लागि आवश्यक सहयोग पुऱ्याउने खालका कार्यक्रमहरूबारे प्रत्येक नपामा अभिमुखीकरण गर्न सम्बन्धित निकायबाट पहल हुनेछ भन्ने अपेक्षा छ। यहाँ भित्र रहेका विकृतीहरूलाई सन्देशमूलक ढङ्गबाट सुधार्न शिक्षा दिनुपर्छ भन्ने सुभावको रूपमा पेश गरेको छु। धन्यवाद !



## मिन गोपाल तखाछेँ

सम्पत्ति व्यवस्थापन शाखा, धुलिखेल नगरपालिका, काभ्रे

१. भक्तपुरलाई सांस्कृतिक, प्राकृतिक, पर्यटकीय नगर।

२. व्यवस्थापन र संरक्षणको बुझाइमा भिन्नता पाएँ।

३. सम्पदा र स्मारक क्षेत्रहरूमा पर्यटकले बुझिने परिचयसहितको पृष्ठभूमि पार्श्वचित्रसहितको विवरण राख्नपर्ने।



## बिष्णु बहादुर भुजेल

कार्यपालिका सदस्य, भरतपुर महानगरपालिका, चितवन

१. भक्तपुर एक सांस्कृतिक नगर जहाँ विकास निर्माण र सम्पदा संरक्षणमा एकता र प्रतिवद्धता भएको र त्यस अनुरूप कार्य भैरहेको पाइयो। सरल र visionary नेतृत्वमा सांस्कृतिक संरचना संरक्षण भएको पाइयो जुन कार्य अन्य पालिकाहरूले समेत सिक्न जरुरी देखियो।

२. सांस्कृतिक भिन्नता, भौगोलिक भिन्नता, राजनैतिक संरचनामा भिन्नता छ। सांस्कृतिक संरचनामा विशेष जोड दिनु भक्तपुर नपाको प्रशंसनीय कार्य हो।

३. भक्तपुर एक स्रोत एंवम् सम्पदामा धनी, सीप र कला भएको, जनशक्ति र अभ्यास छ तसर्थ अन्य पालिकाहरूमा पनि समन्वय गरी अरू पालिकाहरूको समेत संरक्षण कार्यको नेतृत्व लिन सुझावका साथै अनुभव साटासाट गर्ने कार्य गरौँ।



## राजेन्द्र खड्का

कार्यकारी निर्देशक, बुढानीलकण्ठ क्षेत्र विकास समिति, काठमाडौँ

१. भक्तपुर नपा सांस्कृतिक सम्पदा, पुरातात्त्विक सम्पदा, भाषा, कला, साहित्य, पर्यटन प्रवर्द्धन, शिक्षा, स्वास्थ्य आदि क्षेत्रमा सचेत र अब्बल नगरपालिका भएको पाइयो। पूर्व गुरुयोजना भएको र कार्यान्वयनमा सफल नगरपालिका।

२. फरकपन

भक्तपुर नपा

क) भक्तपुर नपा कार्यान्वयनमा अब्बल,
ख) प्राचीन सम्पदा धेरै भएको,
ग) जन प्रतिनिधिहरूमा दूरदृष्टि,
घ) कर्मचारी र जनप्रतिनिधिबिच एकरूपता।

बुढानीलकण्ठ नपा

क) कार्यान्वयनमा हिँड्न खोजेको,
ख) सम्पदाहरू भक्तपुरको दाँजोमा कम भएको,
ग) जनप्रतिनिधिहरूमा दूरदृष्टिमा केही कमी,
घ) जनप्रतिनिधि र कर्मचारीबिच द्वन्दता रहेको।

३. पुन:निर्माणमा अझै तदारुकता रहोस्। भक्तपुरलाई हेर्दा/अवलोकन गर्दा हरेक पालिका वा नागरिकले गर्व महसुस गरोस्।



## रितबहादुर विश्वकर्मा

दुधौली नगरपालिका, सिन्धुली

१. भक्तपुर नगरपालिका विश्व सम्पदाको सूचीमा रहेको धार्मिक, सांस्कृतिक सम्पदामा धनी, पुरातात्त्विक सांस्कृतिक सम्पदामा धनी रहेको। यहाँको आय स्रोतको मुख्य स्रोत भनेको सांस्कृतिक पर्यटन रहेको।

२. भक्तपुर नगपालिका र दुधौली नगरपालिका भौगोलिक बनावटको आधारमा फरक देखिन्छ। हाम्रो पालिकाले संस्कृतिक सम्पदाको संरक्षण नगरेको, यस नगरपालिकाले स्थानीय जनता र नगरपालिकाको साझेदारमा

रहेको र सांस्कृतिक तथा प्राकृतिक सम्पदामा जोड गरेको देखिन्छ। सम्पदाहरूलाई संरक्षण गर्नुभएकोमा विशेष धन्यवाद छ।

३. सम्पदाहरूको संरक्षणमा राम्रो भएको छ। कला, संस्कृतिलाई जगेर्ना गरी देश विदेशमा चिनाउन सफल भएको छ। प्रयासलाई निरन्तरता दिनुहुन अनुरोध गर्दछु। धन्यवाद !

## विद्यार्थीहरुलाई अतिरिक्त क्रियाकलापमा पनि अभ्यस्त बनाउनुपर्छ




भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले विद्यार्थीहरूको शिक्षण सिकाइ कक्षाकोठामा सीमित हुन दिनुहुँदैन भन्नुहुँदै उनीहरूलाई अतिरिक्त क्रियाकलापमा अभ्यस्त बनाउनेतर्फ जोड दिनुपर्ने बताउनुभयो ।

ब्राइट स्टार इङ्लिस स्कूलको ३१ औं वर्षिक पुरस्कार वितरण तथा नयाँ भर्ना भएका विद्यार्थीहरूको स्वागतमा जेठ ९ गते आयोजित कार्यक्रममा उहाँले भक्तपुरको भाषा, संस्कृतिलाई निरन्तर अगाडि बढाइ हाम्रो पहिचान जोगाउनु आजको आवश्यकता रहेको औँल्याउनुभयो। उहाँले विद्यार्थीहरूलाई आफ्नै देशमा अध्ययन र रोजगारीको लागि प्रेरित गर्नुपर्ने बताउनुभयो ।

दक्ष र योग्य विद्यार्थीहरू वर्षेनि लाखौंको सङ्ख्यामा बाहिरिँदा देश झन् पछाडि धकेलिएको बताउनुहुँदै उहाँले शिक्षाले नैतिकवान र अनुशासित विद्यार्थी उत्पादनमा महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।



सरकारले शिक्षामा बजेट बढाएको खण्डमा नेपालको शिक्षा अझ व्यवस्थित ढङ्गले विकास हुने बताउनुहुँदै उहाँले भक्तपुरको शिक्षा विकासमा संस्थागत विद्यालयहरूको पनि महत्त्वपूर्ण भूमिका रहेको प्रष्ट पार्नुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष **पुष्पलाल सुजखू**को सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा विद्यालयका प्रिन्सिपल **राजेन्द्र सुजखू**ले विद्यालयको वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो भने विद्यार्थी प्रतिनिधि र शिक्षक प्रतिनिधिले शुभकामना मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि प्रजापतिले २०८१ सालका उत्कृष्ट नतिजा हासिल गर्न सफल विद्यार्थी र वर्ष उत्कृष्ट विद्यार्थीलाई पुरस्कार वितरण गर्नुभएको थियो ।

## विद्यार्थीहरुको मिहिनेत र परिश्रमले उज्यालो भविष्य निर्माण हुने




भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले विद्यार्थीहरूले विद्यालय तहदेखि गरेको मिहिनेत र परिश्रमले उज्यालो भविष्य निर्माण हुने बताउनुहुँदै प्रतिस्पर्धाको भावनाले परीक्षामा उत्तीर्ण मात्र नभई प्रथम हुने उद्देश्यले अध्ययन गर्न प्रेरित गर्नुभयो।

बासु माध्यमिक विद्यालयको आयोजनामा जेठ ११ गते भएको नवआगन्तुक विद्यार्थीहरूलाई स्वागत तथा पुरस्कार वितरण कार्यक्रममा उहाँले विद्यार्थीहरूलाई पाठ्यक्रमसँगसँग विद्यालयहरूले अतिरिक्त क्रियाकलापहरू संलग्न गराई विद्यार्थीको योग्यता, क्षमता र चाहनाअनुसारको सिकाइ प्रविधि अगाडि बढाउन जरुरी रहेको बताउनुभयो।

भक्तपुर नगरपालिकाले सिङ्गो देशलाई नै शैक्षिक क्षेत्रमार्फत अगाडि बढाउने उद्देश्यले कलेजहरू सञ्चालन गर्दै देशभरिका विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्न सफल भएको बताउनुहुँदै नयाँ पुस्तालाई सभ्य र सुसंस्कृत बनाउन विद्यालयको शैक्षिक जग राम्रो र बलियो हुनु आवश्यक रहेको बताउनुभयो।

विद्यार्थीहरू अनुशासित, अध्ययनशील र मिलनसार भई अगाडि बढ्न मार्गनिर्देश गर्नुहुँदै प्रमुख प्रजापतिले सामुदायिक शिक्षा राम्रो भए गरिब जनताका छोराछोरीहरूले सुलभ रूपमा शिक्षा हासिल गर्न सकिन्छ भन्नुभयो।

कार्यक्रममा भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष **हरिप्रसाद बासुकला**ले नपाबाट सञ्चालित विभिन्न कलेजहरूमा धेरै विषयको अध्ययन अध्यापन हुँदै आइरहेको अवगत गराउनुहुँदै भक्तपुर नपाले शिक्षामा गरेको लगानी सिङ्गो देशकै लागि फलदायी भएको बताउनुभयो ।

बासु माविका प्रधानाध्यापक **अम्बिका न्याइच्याईं**ले बासु माविमा २०८१ सालमा १९० जना नयाँ विद्यार्थी भर्ना भएको तथ्याङ्क प्रस्तुत गर्नुहुँदै बासु माविले विद्यालयमैत्री गतिविधिलाई जोड दिँदै आएको बताउनुभयो । उहाँले विद्यालय नर्स व्यवस्थापन, स्वास्थ्य शिविरहरू सञ्चालन, पोषणबारे अभिमुखीकरण कार्यक्रमलगायतहरू आयोजना गरी विद्यार्थीहरूलाई सचेत पार्दै आएको बताउनुहुँदै अतिरिक्त क्रियाकलापमा पनि बासु माविले जोड दिँदै आएको बताउनुभयो ।

कार्यक्रममा विद्यालयका सहायक प्रअ रविलाल प्रधान, सहायक प्रअ राजकुमार हयौंमिखा, प्रावि इन्चार्ज विष्णुप्रसाद दुमरु, अतिरिक्त क्रियाकलाप समितिका संयोजक रामहरि ताम्राकार, विद्यालय परामर्श समितिका संयोजक रामकुमार निरौला, विद्यार्थी हित समितिका लक्ष्मण कोजु, शिक्षिका सुनिता घटुवालगायतले बोल्नुभएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि तथा अतिथिहरूले वार्षिक परीक्षामा प्रथम, द्वितीय र तृतीय हुन सफल विद्यार्थीहरूलाई पुरस्कार वितरण र नवआगन्तुक विद्यार्थीलाई स्वागत गर्नुभएको थियो ।

## क्रिकेट टुर्नामेन्टको ट्रफी अनावरण




भक्तपुर जिल्ला क्रिकेट सङ्घको आयोजनामा जेठ १२–१९ गतेसम्म हुने पुरुष र महिला एन.सी.सी. आमन्त्रित उपत्यकाव्यापी टी २० क्रिकेट टुर्नामेन्टको ट्रफी अनावरण तथा जिल्लास्तरीय महिला टीमहरूको जर्सी सार्वजनिकीकरण जेठ ११ गते भएको छ ।

ट्रफी अनावरण गर्नुहुँदै कार्यक्रमका प्रमुख अतिथि भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले टुर्नामेन्टको सफलताको शुभकामना दिनुहुँदै अनुशासित र निष्पक्ष ढङ्गले सम्पन्न गर्नुपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाले खेलकुद क्षेत्रको विकासको लागि खेलकुद पूर्वाधार निर्माणमा जोड दिँदै विभिन्न खेलकुद प्रतियोगिताहरू आयोजना गर्दै आएको बताउनुभयो ।

क्रिकेटलाई राज्यले प्राथमिकतामा नराखेको बताउनुहुँदै प्रमुख प्रजापतिले रंगशाला निर्माणमा विदेशी संस्थाको सहयोगमा नभई सरकारकै लगानीमा निर्माण गर्नुपर्ने कुरामा विशेष जोड दिनुभयो ।

भक्तपुर जिल्ला क्रिकेट सङ्घका अध्यक्ष **मनिषराज पाण्डे**ले क्रिकेटको दिगो विकास र खेलाडीलाई उपयुक्त दबु प्रदान गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको बताउनुभयो । भक्तपुर क्रिकेट क्षेत्रमा पनि सम्भावना भएको जिल्ला रहेको बताउनुहुँदै क्रिकेट खेलको विकासमा भक्तपुर नगरपालिकाबाट पनि आवश्यक पहल हुने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा टुर्नामेन्ट निर्देशक **सन्तोष शाक्य**ले प्रतियोगिताले समग्र खेलकुद क्षेत्रमा जोड पुग्ने र खेलाडीहरूमा हौसला मिल्ने बताउनुभयो ।

## स्व. अखण्डप्रसाद धौभडेलको प्रतिमा अनावरण



समाजसेवी एवम् शिक्षाविद् स्व. अखण्डप्रसाद धौभडेलको प्रतिमा अनावरण तथा स्व. धौभडेलकी जीवन संगिनी चन्द्रलक्ष्मी धौभडेल १०१ वर्ष पूरा गरी १०२ वर्षमा प्रवेश गरेको शुभ जन्मउत्सवको अवसरमा शताब्दी नारी अभिनन्दन कार्यक्रम जेठ १३ गते एक समारोहबिच सम्पन्न भयो ।

कार्यक्रममा स्व.अखण्डप्रसाद धौभडेलको प्रतिमा अनावरण गर्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुरमा जन्मेर देशको निम्ति महत्त्वपूर्ण योगदान गर्नुहुने अखण्डप्रसाद धौभडेल देशकै गौरव र प्रतिष्ठा भएको बताउनुभयो ।

तत्कालीन समयमा काठमाडौंको दरबार हाइस्कूलबाट एसएलसी र पटना विश्वविद्यालयबाट स्नातक उत्तीर्ण गर्नु निकै चुनौतीको विषय भएको बताउनुहुँदै उहाँले भक्तपुरको शैक्षिक परिवर्तनमा स्व. धौभडेलको योगदान अविष्मरणीय रहेको चर्चा गर्नुभयो ।



अखण्डप्रसाद धौभडेलको योगदानलाई कदर गर्दै भक्तपुर नगरपालिकाले स्थानीय पाठयक्रममा उहाँको जीवनी समावेश गरी भक्तपुरका विद्यार्थीहरूलाई अध्ययन अध्यापन गराउँदै आएको प्रमुख प्रजापतिले बताउनुभयो।

देश र समाजको निम्ति गरेका महत्त्वपूर्ण कीर्तिहरूले मानिसलाई अमर बनाउने बताउनुहुँदै भक्तपुरमा जन्मेर देशकै निम्ति महत्त्वपूर्ण योगदान गर्ने उहाँका कीर्तिहरूले उहाँलाई युगयुगसम्म अमर बनाउने प्रमुख प्रजापतिले बताउनुभयो।

नागरिक शास्त्रभाग १ र २, नागरिक शास्त्र बृहत तथा परिमार्जित, हाइस्कूल ग्रामर, गोल्डेन गाइड टु जनरल इङ्लिस र कुखुरापालन कक्षा ९ र १० जस्ता महत्त्वपूर्ण पुस्तकहरू उहाँले लेख्नुभएको बताउनुहुँदै प्रमुख प्रजापतिले स्व. धौभडेलले आफूले प्राप्त गरेको ज्ञान र सीप भक्तपुरमै प्रयोग गरी शारदा माविको संस्थापक, विद्यार्थी निकेतन माविको प्रअ र अन्य थुप्रै विद्यालय स्थापनामा महत्त्वपूर्ण योगदान पुऱ्याउनुभएको स्मरण गर्नुभयो।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ४ का वडाध्यक्ष **उपेन्द्र सुवाल**ले स्व. अखण्डप्रसाद धौभडेल भक्तपुरको मात्रनभई देशकै महत्त्वपूर्ण व्यक्तित्वको रूपमा परिचित भएको बताउनुहुँदै उहाँको जीवनी प्रकाशनले नयाँ पुस्तालाई मार्गनिर्देश गरेको बताउनुभयो।

कार्यक्रममा भक्तपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष **रोशनीमैंया धौबन्जार**ले कुनै पनि परिवारको सफलतामा अभिभावकको भूमिका महत्त्वपूर्ण रहने बताउनुहुँदै स्व. धौभडेल शिक्षा र समाजसेवाको माध्यमबाट आफूलाई उत्कृष्ट व्यक्तित्वको रूपमा स्थापित गराउन सफल व्यक्तित्व भएको प्रष्ट पार्नुभयो।

इतिहासविद् प्रा.डा. **पुरुषोत्तमलोचन श्रेष्ठ**ले स्व. धौभडेलले आफ्नो जीवनकालमा गरेका योगदान अनन्तकालसम्म जीवन्त रहिरहने बताउनुभयो।




उहाँले स्व. अखण्ड धौभडेलकी जीवन संगिनी चन्द्रलक्ष्मी धौभडेल शताब्दी नारीको रूपमा अभिनन्दनहुने नेपालकै पहिलो महिला भएको र शताब्दी नारी अभिनन्दन नेपालको इतिहासकै अविष्मरणीय क्षण भएको उल्लेख गर्नुभयो।

स्व. धौभडेलका जेठा सुपुत्र **राजेन्द्रप्रसाद धौभडेल**को सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा स्व. धौभडेलका भाइ **अनन्तप्रसाद धौभडेल** र कान्छा छोरा **प्रकाशमोहन धौभडेल**ले स्व. अखण्डप्रसाद धौभडेलको व्यक्तित्व, देश र समाजको लागि पुऱ्याउनुभएको योगदानबारे चर्चा गर्नुभयो।

कार्यक्रममा प्रमुख प्रजापतिले चन्द्रलक्ष्मी धौभडेल १०१ वर्ष पूरा गरी १०२ वर्षमा प्रवेश गरेको शुभ जन्मउत्सवको अवसरमा शताब्दी नारी अभिनन्दन गर्नुभएको थियो।

## भारतको 'एभरेस्ट' र 'एमडीएच' मसला प्रतिबन्धित




खाद्य तथा गुण नियन्त्रण विभागले भारतमा उत्पादन हुने 'एभरेस्ट' र 'एमडीएच' ब्रान्डका केही प्याकेटबन्द मसलामा कीटनाशक रसायन 'इथिलिन अक्साइड' भेटिएपछि विभागले नेपालमा उपभोग, बिक्री वितरण र आयातमा प्रतिबन्ध लगाएको छ।

एथिलिन अक्साइड एक रङहीन र ज्वलनशील ग्यास हो। यसको प्रयोग खासगरी कृषि, स्वास्थ्य र खाद्य प्रशोधनमा कीटनाशकका लागि प्रयोग गरिन्छ। खानालाई ब्याक्टेरिया, कीराबाट जोगाउन एथिलिन अक्साइड प्रयोग गरिन्छ।

कतिपय स्वास्थ्य सङ्गठनले कार्सिनोजेनले क्यान्सरको खतरा गराउन सक्ने बताएको छ।

## सरकारी कार्यालयमा खादा प्रतिबन्ध

बाँकेका प्रमुख जिल्ला अधिकारी खगेन्द्र रिजालले जिल्लाका सरकारी कार्यालयहरूमा खादा प्रतिबन्ध लगाउनु भएको छ।

उहाँले आफू जिल्लामा सरुवा भएर आएपछि पहिलो निर्णय गर्दै अबदेखि जिल्लाका सरकारी कार्यालयमा खादा लगाउन नपाइने निर्णय गरिएको र सोको जानकारी कार्यालय प्रमुखहरूको बैठकमा गराइसकेको बताउनुभयो।

कसैको स्वागत सम्मान गर्दा फूलको प्रयोग गर्न सकिने जनाउँदै उहाँले खादा लगाइसकेपछि त्यसको कुनै पनि उपयोग नदेखिएको र त्यो कुनै स्थानीय उत्पादनसमेत नभएकाले खादामा प्रतिबन्ध लगाइएको बताइएको छ।

गोरखापत्र, जेठ १० गते

## ओलम्पिकको टेबल टेनिसमा नेपाल पहिलो छनोट



स्यान्टु श्रेष्ठ पेरिस ओलम्पिक २०२४ को लागि टेबल टेनिसमा छनोट भएका छन्।

दक्षिण एसियाली छनोटअन्तर्गत पुरुषतर्फ फाइनलमा नेपालकै संयोग कपालीलाई ४–३ को सेटमा हराउँदै स्यान्टु ओलम्पिकमा छनोट भएका हुन्।

नेपाली खेलकुद इतिहासमा स्यान्टु सीधै ओलम्पिक खेल्ने तेस्रा खेलाडी बनेका छन्। यसअघि नेपालबाट तेक्वान्दोका संगिना वैद्य (२००४, एथेन्स) र दीपक विष्ट (२००८, बेइजिङ) मात्र सीधै ओलम्पिकमा छनोट भएका थिए।

टेबल टेनिस इतिहासमा नेपाल पहिलोपटक ओलम्पिकमा छनोट भएको हो।

पेरिस ओलम्पिकका लागि ब्याडमिन्टनमा प्रिन्स दाहाल युनिभर्सल कोटाबाट छनोट भएका छन्। यस्तै, पारा ओलम्पिकमा तेक्वान्दोकी पेलेसा गोवर्द्धन पनि छनोट भएकी छिन्।


## रफाहमा इजरायली आक्रमण रणनीतिक गल्ती : संयुक्त राष्ट्रसङ्घ

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले रफाहमा इजरायली आक्रमणको निन्दा गर्दै उक्त आक्रमण 'रणनीतिक गल्ती' हुने चेतावनी दिएका छन्।

रफाहमाथि आक्रमण एक रणनीतिक भूल, राजनीतिक विपत्ति र अमानवीय कार्य हुने गुटेरेसले ट्विटरमा पोस्ट गरिएको भिडियोमा उल्लेख गरेका छन्। उनले अन्तर्राष्ट्रिय समुदायलाई इजरायल-हमास युद्ध रोक्न अपिल गरे।

उनले इजरायलमाथि प्रभाव राख्ने सबै मुलुक एवं व्यक्ति र संस्थालाई गाजामा जारी त्रासदी रोक्नेतर्फ पहल गर्न आग्रहसमेत गरेका छन्।

## प्यालेस्टिनको समर्थनमा विश्वभरि विद्यार्थी आन्दोलन



इजरायलले गाजा क्षेत्रमा गरेको बमबारीको विरोधमा अमेरिकालगायत विश्वका विभिन्न देशहरूका विश्वविद्यालयमा विद्यार्थी आन्दोलनको लहर उठेको छ।

नरसंहारकारी इजरायलको बर्बर आक्रमणको विरोधमा र प्यालेस्टिनको समर्थनमा '२१ औँ शताब्दीको विशाल विद्यार्थी आन्दोलन' भएको बताइएको छ।

संरा अमेरिका, बेलायत, क्यानाडा, फ्रान्स, जर्मनी, इटाली, अस्ट्रेलिया, फिनलान्ड, डेनमार्क, नेडरलान्ड, स्वित्जरलान्ड, ग्रीस, स्पेन, इजिप्ट, जापान, द. कोरिया, भारत, पाकिस्तान, श्री लंका, बंगलादेशलगायत विश्वका थुप्रै देशका विश्वविद्यालय, कलेज र विद्यालयहरूमा विद्यार्थी आन्दोलन चर्केको छ। यसले 'विश्वव्यापी युद्धविरोधी प्रदर्शन'को रूप लिएको छ। सबैजसो विश्वविद्यालयहरूमा विद्यार्थीहरू पाल टाँगेर धर्नामा बसका छन्।

अमेरिकाभरिका विश्वविद्यालय गाजामा इजरायल युद्धको विरोध गर्ने विद्यार्थी नेतृत्वको आन्दोलनको केन्द्र बनेका छन्। स्थानीय अधिकारी र विश्वविद्यालय प्रशासनले क्याम्पसको सुरक्षा गर्ने र यहुदीद्वेषको सामना गर्ने बहानामा विद्यार्थी आन्दोलनमा तीव्र दमन गरिरहेका छन्। तर, हिंसा र धम्कीको सामना गरिरहेका विद्यार्थी आफ्नो अडानमा कटिबद्ध छन् र प्रदर्शन मत्थर हुने सङ्केत देखिँदैन।

विद्यार्थी आन्दोलनमा हामी जे देखिरहेका छौँ, त्यो नयाँ भने होइन। वास्तवमा विद्यार्थी ऐतिहासिक रूपमा उपनिवेशवाद र साम्राज्यवादको प्रतिरोध एवं निन्दा गर्ने मामिलामा अग्रपङ्क्तिमा छन्।

सन् १९२० र १९३० को दशकमा अमेरिकामा जातीय पृथकीकरण एवं नश्लवादविरुद्धको प्रदर्शनदेखि लिएर १९६० को दशकमा युद्धविरोधी प्रदर्शन र १९८० को दशकमा दक्षिण अफ्रिकामा 'अपर्थाइड' प्रणालीविरुद्धको धर्नासम्म विद्यार्थी

निरन्तर औपनिवेशिकता, सैन्यवाद र अन्यायविरुद्ध उभिएका छन् । आज विद्यार्थी आन्दोलनले गाजामा नरसंहार अन्त्य गर्नुपर्ने पैरवी गर्न जारी राखेका छन् ।



इजरायलले गाजाको इस्रा विश्वविद्यालयमा बम प्रहार गरी ध्वस्त पार्दै।

गाजापट्टीका सबै १२ विश्वविद्यालयमा इजरायलले बमले ध्वस्त पारिएका छन् ।

गाजामा जारी इजरायली आक्रमणको विरोधमा उत्रिएका विद्यार्थीलाई निरुत्साहित बनाउन विश्वविद्यालय प्रशासन र प्रहरीले पक्राउ तीव्र बनाउँदा पनि आन्दोलन फैलिरहेको छ

हरेक दिन नयाँ विश्वविद्यालय विद्यार्थी प्रदर्शनको केन्द्र बन्न थालेका छन् । केही स्थानमा प्रदर्शनकारी विद्यार्थी र प्रहरी आमनेसामने हुँदा झडपको स्थिति सिर्जना भएको छ ।

प्रहरीको दमन, थुनछेक र विश्वविद्यालय प्रशासनको प्रदर्शन र धर्नामा प्रतिबन्धको आदेशलाई बेवास्ता गर्दै विद्यार्थीहरूले आन्दोलनलाई निरन्तरता दिँदै फैलाइरहेका छन् ।

## विरोध प्रदर्शनका केही झलक




संरा अमेरिका




बेलायत




क्यानाडा




फ्रान्स




जर्मनी



इटाली



नेडरलान्ड




अस्ट्रेलिया




स्पेन



ग्रीस




जापान



स्विटजरलान्ड





नेपाल (केही समय पहिले)

तस्बिर : इन्टरनेट

## संयुक्त राष्ट्रसङ्घद्वारा प्रतीकात्मकरूपमा प्यालेस्टिनी सदस्यताको पक्षमा मतदान




संयुक्त राष्ट्रसङ्घ, ११ मे (एएफपी) । संयुक्त राष्ट्रसङ्घीय महासभाले मे १० प्यालेस्टिनीहरूलाई विश्वव्यापी निकायमा थप अधिकार प्रदान गर्न भारी मतदान गरी पूर्ण सदस्यताका लागि उनीहरूको अभियानलाई समर्थन गरेको छ । उक्त अभियानलाई संयुक्त राज्य अमेरिकाले अवरुद्ध गरेको छ ।

गाजामा युद्ध बढ्दा प्यालेस्टिनीहरूले अप्रिलमा सन् २०११ मा राष्ट्रसङ्घको पूर्ण सदस्य बन्न गरेको अनुरोध पुनः सुरु गरे । उनीहरूको हालको अवस्था 'गैर-सदस्य पर्यवेक्षक राज्य' छ । यस पहललाई सफल बनाउन संयुक्त राष्ट्र सुरक्षा परिषद्को हरियो बत्ती र महासभामा दुईतिहाइ बहुमतको आवश्यकता थियो ।

यद्यपि, सुरक्षा परिषद्मा भिटो प्राप्त पाँच सदस्यमध्ये एक र इजरायलको सबैभन्दा नजिकको सहयोगीका रूपमा रहेको अमेरिकाले अप्रिल १८ मा यसलाई अवरुद्ध गऱ्यो ।

शुक्रबारको मतदानअघि प्यालेस्टिनी राजदूत मन्सुरले यस मञ्चमा पहिले सयौँपटक उभिएको बताउँदै यस्तो महत्त्वपूर्ण मतका लागि कहिल्यै नउभिएकोले यो अवसर ऐतिहासिक भएको बताउनुभयो । 'प्यालेस्टिनले स्वतन्त्र मुलुकहरूको समुदायमा आफ्नो उचित स्थान लिने दिन आउने छ,' उहाँले भन्नुभयो ।

प्रस्ताव पारित भएपछि संयुक्त राष्ट्रका लागि अमेरिकी उपराजदूत रोबर्ट वुडले भन्नुभयो, 'हाम्रो मतले प्यालेस्टिनी राज्यको विरोधलाई प्रतिबिम्बित गर्दैन, यो अमेरिकाको दृष्टिकोण हो, संयुक्त राष्ट्रमा र भूमिमा एकपक्षीय उपायले यस लक्ष्यलाई अगाडि बढाउँदैन ।'

मतदानमा प्रस्तावको पक्षमा १४३ मत, विपक्षमा ९ मत र अनुपस्थित २५ रहेको थियो ।

प्रस्तावले सेप्टेम्बरमा हुने महासभाको अर्को सत्रमा प्यालेस्टिनीहरूलाई अतिरिक्त अधिकार तथा सुविधाहरू प्रदान गर्नेछ ।

## आयरल्यान्ड, नर्वे र स्पेनद्वारा प्यालेस्टिनलाई स्वतन्त्र राज्यको मान्यता



क्रमशः आयरलान्डका प्रम सिमोन ह्यारिस, स्पेनका राष्ट्रपति पेड्रो सान्चेज र नर्वेका प्रम जोनास गाह्र स्टोर

आयरल्यान्ड, नर्वे र स्पेनले प्यालेस्टिनलाई स्वतन्त्र राज्यको मान्यता दिने निर्णय गरेका छन् । प्यालेस्टिन लिबरेसन अर्गनाइजेसन र हमासले युरोपेली राष्ट्रहरूले प्यालेस्टिनलाई स्वतन्त्र राज्यका रूपमा दिएको मान्यताप्रति आभार प्रकट गर्दै निर्णयको स्वागत गरेका छन् ।

प्यालेस्टाइनलाई मान्यता दिने उक्त निर्णयको इजरायलले भने कडा शब्दमा विरोध गरेको छ ।



आयरल्यान्ड, नर्वे र स्पेनले गाजा युद्धको सात महिनापछि मे २८ पछि प्यालेस्टिनी राज्यलाई औपचारिक मान्यता दिने घोषणा गरेका हुन् ।

संरा सङ्घका १९३ सदस्यमध्ये कम्तिमा १४३ सदस्यले प्यालेस्टिनलाई औपचारिक रूपमा मान्यता दिएका छन् । २७ सदस्यीय युरोपेली सङ्घ मध्येका केही उपरोक्त तीन देश हुन् ।

## ईरानका राष्ट्रपति रईसीको दुर्घटनामा निधन



ईरानका राष्ट्रपति इब्राहिम रईसी (Ebrahim Raisolsadati-14 December 1960-19 May 2024) को गएको जेठ ६ गते हेलिकप्टर दुर्घटनामा निधन भयो । हेलिकप्टरमा सवार राष्ट्रपतिका साथै विदेशमन्त्री हुसैन अब्दुल्लाहयानसहित ९ जनाको निधन भएको छ ।

रईसी सन् २०२१ जुनमा ईरानका राष्ट्रपति बनेका थिए ।

अजरबैजानसँग संयुक्त रूपमा निर्माण गरेको बाँधको उद्घाटनपश्चात फर्कने क्रममा दुर्घटना भएको थियो । तर, उनको सुरक्षार्थ गएको २ ओटा हेलिकप्टर भने सकुशल ईरान फर्कियो । मौसम खराब भएका कारण हेलिकप्टर दुर्घटनामा परेको बताइएको छ ।

राष्ट्रपति रईसीलाई पश्चिमा मुलुकले खासै रुचाएको थिएन । पछिल्लो समय चीन र पाकिस्तानसँग नजिकिँदै गएको ईरानले हमासको समर्थन गर्दै आएको थियो । त्यसैले उक्त दुर्घटनाबारे केहीले आशङ्का व्यक्त गरेका छन् ।

## चन्द्रमाको यात्रामा चेङे ६



चीनले चेङे ६ विमानलाई गत साता मे ३ का दिन चन्द्रमामा पठाएको ५ । चन्द्रमामा यसले सबैभन्दा टाढाको क्षेत्रमा पुगी त्यहाँको वस्तुस्थिति अवलोकन गर्ने छ भने त्यहाँको माटो-ढुङ्गाका नमुनाहरू ल्याउने छ ।

यदि चेङे ६ को सफलतापूर्वक चन्द्रमामा अवतरण भएमा यसले त्यहाँको दोस्रो नमुना ल्याउने छ । चन्द्रमाको सबैभन्दा विकट क्षेत्रको नमुना ल्याउने यो पहिलो अवसर हुनेछ ।

चन्द्रमाको टाढाको भाग पृथ्वीबाट देखिँदैन । त्यो भागमा उपग्रह तथा यान पुऱ्याउनु निकै कठिनसाध्य कार्य हो । चन्द्रमाको विकट क्षेत्रसँग सम्पर्क साँध्नका लागि पनि कठिन हुन्छ । यसका लागि चन्द्रमा छेउमा उपग्रह राखेर त्यसमार्फत सञ्चार गर्नुपर्ने हुन्छ । त्यसैले चीनले त्यसका लागि दुई ओटा उपग्रहहरू चन्द्रमाको कक्षमा स्थापित गरेको बताइएको छ ।

चेङे ६ लाई चेङे ५ को ब्याकअपका रूपमा निर्माण गरिएको थियो । चेङे ५ ले सन् २०२० मा नै चन्द्रमाको नजिकको ठाउँबाट विभिन्न ढुङ्गा-माटोको नमुनाहरू सङ्कलन गरी ल्याएको थियो ।

यो यान चन्द्मामा अवतरण भइसकेपछि यसले चार क्षेत्र अध्ययन गर्नेछ । पहिलो चाहिँ दुई केजी बराबरको ढुङ्गा वा धूलो ल्याउने छ । यी नमुना सामग्रीमार्फत चन्द्रमाको इतिहास मात्र नभई पृथ्वी र स्वयं सौर्य प्रणालीको इतिहास बुझ्न सघाउ पुग्ने बताइएको छ ।

सामग्री सङ्कलन गरिसकेपछि विमान पुनः चन्द्रमाबाट निस्कने छ भने चन्द्रमामा रहेको अर्बिटरसँग जोडिने छ । त्यसले पुनः पृथ्वीमा फर्काउन भूमिका खेल्ने छ ।

चेङे ६ चीनको चन्द्र खोज कार्यक्रमको चौथो चरण हो । चौथो चरणमा थप दुई रोबोट केन्द्रित मिसन हुने बताइएको छ । त्यसपछि मात्र मान्छेलाई सो क्षेत्रमा पुऱ्याउने अभियानमा चीन लाग्ने बताइएको छ ।

# हाम्रो स्वास्थ्य

## नुन कति खाने ?



– प्राडा प्रकाशराज रेग्मी

एउटा चलनचल्तीको भनाइ छ, 'कान राम्रो सुनले, मान्छे राम्रो गुनले अनि माछा मिठो नुनले ।' यसरी खानाको स्वाद बढाउन नुनको प्रयोग हुन्छ भन्ने आम धारणा रहेको पाइन्छ । नुन रसायनिक पदार्थ हो । यसको रसायनिक नाम 'सोडियम क्लोराइड' हो । यो सोडियम र क्लोराइड नामक अणुहरू मिलेर बनेको हुन्छ । तौलको हिसाबले नुनमा ४० प्रतिशत सोडियम र ६० प्रतिशत क्लोराइड हुन्छ । नुन मान्छेको शरीरका लागि अत्यावश्यक पदार्थ हो ।

प्रकृतिमा नुन विभिन्न रूपमा रहेको हुन्छ । यो उच्च हिमाली चट्टानहरू भित्र ढिक्के नुन खानीका रूपमा पनि पाइन्छ । यस्तै समुद्रको पानीमा नुन अत्यधिक मात्रा घुलिएको अवस्थामा रहेको हुन्छ । सामान्यतया एक लिटर समुद्री पानीमा ३५ ग्राम नुन पाइन्छ । मृत सागरको पानीमा सबैभन्दा धेरै नुन हुन्छ जसले गर्दा त्यहाँ कुनै पनि जीव बाँच्न सक्दैन । नुनले खानाको स्वाद बढाउँछ । मान्छेको रगतमा नुन भएको हुनाले यो नुनिलो हुन्छ । बाघ लगायत जंगली जनावरले एक पटक मान्छेको मासु खायो भने मिठो स्वादका कारण त्यो पल्किन्छ र बराबर मान्छेकै शिकार गर्न खोज्छ ।

नुनको व्यवसायिक उत्पादन चट्टानहरूमा रहेका नुन खानीहरू र समुद्री पानीको वाष्पिकरणबाट गरिन्छ । वर्षेनी विश्वमा २० करोड टन नुनको उत्पादन हुन्छ । जसमध्ये ६ प्रतिशत मान्छेको खाद्यान्नमा प्रयोग हुन्छ । यसको मतलब मान्छेहरूले वर्षमा करिब १ करोड टन नुन खान्छन् । अरू बाँकी नुन उद्योगहरूमा प्रयोग हुन्छ । मान्छेले खाने नुन ढिक्के नुन, प्रशोधित नुन र आयोडिन मिसाएको नुनका रूपमा प्रयोगमा रहेको पाइन्छ । यस्तै प्रकारले उच्च हिमाली चट्टानमा रहेका नुन खानीहरूबाट सिधे नुन (गुलाबी नुन) र बीरे नुन (कालो नुन) को उत्पादन हुन्छ । यो नुन नेपाल, भारत, पाकिस्तान, बंगलादेश लगायतका हिमाली क्षेत्रमा पाइन्छ ।

मानव शरीरमा नुनले नसाहरू र मांसपेशीहरूको कार्य सञ्चालनमा मद्दत पुऱ्याउँछ । यस्तै प्रकारको नुनले कोशिका भित्र पानीको मात्राको सन्तुलन मिलाउँछ । शरीरमा नुन कम भयो भने दिमाग सुन्निएर मान्छे बेहोस हुन्छ । नुन बढी भयो भने रक्तचाप बढेर मुटुलगायत अन्य अङ्गहरूलाई नकारात्मक असर पार्छ । **यसकारण नुन ठिक्क मात्रामा खानुपर्छ ।**

विश्व स्वास्थ्य सङ्गठनका अनुसार मान्छेलाई दैनिक ५ ग्राम अर्थात् एक चिया चम्चा नुनको आवश्यकता पर्दछ । यो भनेको २३०० मिलिग्राम सोडियम हो । मान्छेलाई दैनिक चाहिने मात्रा यही नै हो । नेपालीहरूले सरदर दैनिक १० ग्राम नुन खाने गरेको अध्ययनहरूले देखाउँछ । **यो भनेको चाहिने भन्दा दोब्बर हो ।**

नुन ठिक्क खानुपर्छ । धेरै खाँदा र थोरै खाँदा दुवै अवस्थामा उत्तिकै खतरा छ भन्ने कुरा विज्ञानले पुष्टि गरेको छ । यसकारण दैनिक ५ ग्राम अर्थात् एक सानो चम्चा नुन खाने सल्लाह दिइन्छ ।

शरीरमा नुन कम हुने समस्या एक गम्भीर स्वास्थ्य समस्या हो । झाडावान्ता हुँदा, पसिना धेरै जाँदा, पिसाब गराउने औषधि खाँदा, नुन कम खाँदा यस्तो अवस्था आउन सक्छ । ब्लड प्रेसर घटाउने केही औषधिहरूले पनि शरीरमा नुनको मात्रा कम गराउन सक्छ । वृद्धावस्थामा यस्तो समस्या बढी आउने देखिन्छ । यस्तो हुँदा टाउको दुख्ने, चक्कर लाग्ने, लठ्ठ पर्ने र बेहोस हुने लक्षण देखिन्छ । नुन ज्यादै कम हुँदा मान्छेको मृत्यु समेत हुन सक्छ ।

नेपालमा चार प्रकारको नुन प्रयोगमा रहेको पाइन्छ । ढिक्के अप्रशोधित नुन, प्रशोधित आयोडिनयुक्त नुन, सिधे नुन र बीरे नुन ।

### ढिक्के अप्रशोधित नुन

बजार नपुगेको ठाउँमा धेरै वर्ष अगाडि प्रयोग हुन्थ्यो । यसमा आयोडिन हुँदैन । यसको प्रयोग गर्दा आयोडिनको कमीबाट उत्पन्न हुने रोगहरू लाग्ने खतरा रहन्छ । नेपालको उच्च पहाडी र हिमाली भागमा बस्ने जनताहरू तल्लो पहाडी र तराई भागमा झरेर जिम्बू, जडिबुटी र छुर्पी बेच्ने र यसबाट आएको पैसाले नुन र चामल किनेर लग्ने गर्दथे । उनीहरूमध्ये धेरैले ढिक्के अप्रशोधित नुन प्रयोग गर्दथे जसका कारण उनीहरू आयोडिनको कमीबाट उत्पन्न हुने गलगाँड, पुड्कोपन र सुस्त मनस्थितिको सिकार हुन्थे ।

### आयोनुन

ढिक्के नुनलाई प्रशोधन गरी त्यसमा आयोडिन र अन्य रसायनहरू मिसाएर बनाएको नुन आयो नुन हो । यो मसिनो, सेता र सानो बट्टामा राखेर खानामा छर्किन मिल्ने गरी

भान्छा र खाना खाने टेबुलमा राख्न मिल्ने गरी उत्पादन हुन्छ। यो नुन खाएपछि आयोडिनको कमी हुँदैन तर त्यसमा मिसाइएका अन्य रसायनहरूले कहिलेकाहीँ स्वास्थ्यलाई नकारात्मक असर पार्छ। यो नुनका साना दानाहरू एक आपसमा नटासियोस्, दानाहरू सेता चम्कीला र रहर लाग्दा देखियोस् भनी यसमा रसायनहरू मिसाइएको हुन्छ। विश्वमा खानका लागि सबैभन्दा धेरै यही नुनको प्रयोग हुन्छ।

## सिधे नुन

हिमाली चट्टानमा पाइने फिक्का गुलाफी रंगको प्राकृतिक नुन सिधे नुन हो। यो नुनमा रहेको आइरन अक्साइडका कारण यसको रंग गुलाफी भएको हो। सिधे नुनमा सोडियम र क्लोराइडलगायत ८४ ओटा लवणहरू हुन्छन्। जसमध्ये आइरन, जिंक, म्याग्नेसियम, पोटासियम, क्याल्सियम, हाइड्रोजन, अक्सिजन आदि प्रमुख हुन्। अरू नुनहरूभन्दा यसमा सोडियमको मात्रा कम हुन्छ र अन्य मिनरलहरू धेरै हुन्छन्। सिधे नुनलाई पृथ्वीको सबैभन्दा शुद्ध नुन मानिन्छ। यो स्वास्थ्यवर्धक पनि मानिन्छ। सोडियमको मात्रा कम हुनाले यसले ब्लडप्रेसरमा खासै असर गर्दैन। सिधे नुनमा गन्ध पनि हुँदैन। यो हिन्दु धर्ममा काजक्रिया गर्दा पनि चल्छ। अरू कुनै नुन चल्दैन। यसलाई चोखो मानिन्छ।

## बीरे नुन

यसलाई हिमाली कालो नुन पनि भन्ने चलन छ। यो नुन हिमाली चट्टानमा पाइने सिधे नुनलाई प्रशोधन गरी बनाइन्छ। प्रशोधनका क्रममा यस नुनमा जडिबुटीहरू, हर्रो, अमला आदि मिसाइन्छ र कोइलाको आगोमा सेकिन्छ। यस प्रक्रियाबाट यसको रंग र स्वादमा परिवर्तन आउँछ। नुनमा भएका रसायन र लवणहरू कोइलाको आगोको उच्च तापक्रमको असरबाट परिवर्तन हुन्छन् र सोडियम सल्फेट, सोडियम वाईसल्फेट, फेरिक सल्फेट, हाइड्रोजन सल्फाइड आदि रसायनहरू उत्पन्न हुन्छन्। यी डढेका रसायनहरूकै कारणले यसले रंग कालो बन्छ र यसको गन्ध कडासँग उसिनेको अण्डाको जस्तो हुन जान्छ। यो स्वादिलो हुन्छ र स्वास्थ्यवर्द्धक पनि मानिन्छ। बीरे नुनको ठूलो ढिक्काको रंग कालो हुन्छ तर यसलाई पिसेर धूलो बनाउँदा यसको रंग फिक्का गुलाफी देखिन्छ।

नेपालीले नुन धेरै खान्छन्। हिमालमा चियामा नुन राखेर खाने चलन छ भने तराईमा नुन खुर्सानीसँग भात खाने चलन छ। हामीले दिनदिनै खाने अचारमा पनि धेरै नुन हुन्छ। यस्तै दाल, तरकारी पकाउँदा पनि धेरै नुन हाल्ने हाम्रो बानी छ। यसकारण उच्च रक्तचाप र मुटु रोगको सिकार हुनेहरूको सङ्ख्या बढ्ने क्रममा छ। **अत्यधिक नुन खानु स्वास्थ्यका लागि हानीकारक छ।**

## विश्व स्वास्थ्य सङ्गठनको सिफारिसअनुसार दैनिक ५ ग्राम नुन खानका लागि मात्रा नाप्ने कसरी ?

यसको उपाय छ। यदि तपाईँको परिवारमा ५ जना वयस्क छन् भने दैनिक २५ ग्राम नुन चाहिन्छ। यो भनेको ४० दिनमा १ किलोग्राम हो। तपाईँले बजारबाट किनेको १ किलोग्रामको नुनको प्याकेट तपाईँको ५ जनाको परिवारलाई ४० दिनसम्म पुग्छ। यदि २० दिनमै सकियो भने सम्झनोस् तपाईँहरूले दोब्बर बढि नुन खानुभयो। घर बाहेक बाहिरको खाना पनि खानु भएको छ भने नुनको मात्रा झनै बढी भयो। मोटामोटी हिसाब गर्ने तरिका यही हो। नुन खाएको ठ्याक्कै मात्रा नाप्न सकिँदैन। खानामा नुन थपेर खाने गर्नु हुँदैन। हामी नेपालीले खाने गरेको खानामा आधा नुन घटाएर खाँदा पनि नुनको आवश्यकता पूरा हुने विज्ञहरूको धारणा रहेको छ।

(वरिष्ठ मुटुरोग विशेषज्ञ प्राडा प्रकाशराज रेग्मीको **'मुटु'** नामक पुस्तकबाट साभार)

स्वास्थ्य खबरपत्रिका

## Word Search

Asian Countries

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| P | A | K | I | S | T | A | N | I | A | V | I |
| A | D | K | U | W | A | I | T | N | J | N | S |
| E | C | R | K | A | H | N | U | D | C | C | E |
| R | B | N | A | N | A | A | N | I | C | H | V |
| O | H | N | R | M | E | N | B | A | A | I | I |
| K | U | O | O | R | T | M | I | M | M | N | D |
| H | T | L | A | O | S | R | E | P | B | A | L |
| T | A | N | E | P | A | L | U | Y | O | A | A |
| U | N | M | A | N | T | E | I | V | D | B | M |
| O | A | T | B | R | U | N | E | I | I | D | I |
| S | B | U | R | M | A | R | A | T | A | Q | N |
| A | R | A | I | S | E | N | O | D | N | I | P |
| I | L | L | L | I | N | O | N | A | B | E | L |
| D | R | A | I | S | J | O | R | D | A | N | M |

BHUTAN
BRUNEI
CAMBODIA
CHINA
INDIA
INDONESIA
IRAN
JORDAN
SOUTH KOREA
KUWAIT
LAOS
LEBANON
MALDIVES
BURMA
NEPAL
OMAN
PAKISTAN
QATAR
VIETNAM
YEMEN

(दायाँ-बायाँ-तल-माथि-तेर्सो-ठाडो-छडके-सुल्टो-उल्टोबाट छेउका मिल्दो शब्दहरू खोज्नुहोस्।)

# रासायनिक पदार्थ हालेर पकाइएको आँप चिन्ने ६ तरिका

– सुजा मोक्तान, पोषणविद्



मीठो र रसिलो आँप मन नपराउने सायदै होलान् । तर आँपलाई छिटो पकाउन र रसिलो बनाउन धेरै रसायनको प्रयोग गरिने कुरा बेलाबेलामा सुनिन्छ । रसायन र कीटनाशकहरू स्वास्थ्यका लागि हानिकारक हुन्छन् । त्यसैले रसायन प्रयोग गरेर पकाएको आँपले पनि स्वास्थ्यमा असर गर्छ ।

यस्तो अवस्थामा आँप किन्दा केमिकलमुक्त आँपको पहिचान गर्नु जरुरी हुन्छ । किनभने रासायनिक तरिकाले पकाएको आँपमा क्याल्सियम कार्बाइड नामक रसायन हुन्छ । यसले पेट फुल्ने, पखाला लाग्ने र पेटमा ग्यास भरिने हुन्छ ।

विभिन्न अध्ययनअनुसार रासायनिक रूपमा पाकेको आँपको अत्यधिक सेवनले **क्यान्सरको जोखिम** बढाउँछ । यी आँपमा भिटामिन र मिनरल्सको मात्रा कम हुन सक्छ र यसमा हानिकारक विषाक्त पदार्थहरू उच्च मात्रामा पाइन्छ, जसले **हृदयरोग, मधुमेह र मिर्गौला रोग** निम्त्याउन सक्छ । कहिलेकाहीँ कीटनाशकको कारण **छाला एलर्जी**को जोखिम पनि हुन्छ ।

आँप भिटामिन सी, भिटामिन ए, भिटामिन ई, फोलेट, भिटामिन बी ६ का साथै कपर, म्याग्नेसियम जस्ता खनिजको राम्रो स्रोत हो । प्राकृतिक रूपमा पाकेको आँपको तुलनामा रासायनिक तरिकाले पकाएको आँपमा भिटामिन ए, भिटामिन सी र अन्य पोषक तत्त्वको मात्रा कम हुन्छ ।

यस्तोमा रसायन प्रयोग भएको आँप चिन्नका लागि केही सजिलो परीक्षण गर्न सकिन्छ ।

### रङद्वारा पहिचान

सामान्यतया धेरै आँपको आकर्षक रङ हेरेर त्यसको आधारमा आँप किन्ने गर्छन् । तर रङकै आधारमा त्यसमा रसायन प्रयोग भएको छ कि छैन भन्ने कुरा पनि पत्ता लगाउन सकिन्छ । आँप प्राकृतिक रूपमा पाकेको छ भने यसको रङ हल्का पहेंलो र हरियो हुन्छ । रसायनले पकाएको आँप भने धेरै गाढा पहेंलो रङको हुन्छ ।



### दाग हुनसक्छ

आँपमा रहेको दागले पनि यसको रासायनिक मिसावट भएको सङ्केत दिन सक्छ । कतिपय आँपमा नीलो, कालो वा सेतो दागहरू देखिन सक्छ । यस्ता आँप किन्नु हुँदैन । केमिकलका कारण यस्तो दाग देखिएको हुन्छ ।

### पानीमा डुबाएर जाँच्ने

घरमा साधारण परीक्षण गरेर केमिकल पत्ता लगाउन सकिन्छ । किनेर ल्याएको आँपलाई पानीले भरिएको बाल्टिनमा राख्नुहोस् । पानीमा डुबेको आँप प्राकृतिक रूपमा पाकेका हुन् । माथि तैरिने आँपहरू केमिकलले पकाएको हुनसक्छ ।

### काटेर हेर्ने

आँप काट्दा गुदीको रङ एकै किसिमको पहेंलो भएमा प्राकृतिक रूपमा पाकेको हुन्छ । यदि आँपको छेउको भाग धेरै पहेंलो छ र बीचको भाग हल्कामात्र पहेंलो छ भने यो केमिकलको सङ्केत हो ।

### बास्ना महत्वपूर्ण छ


रसायन प्रयोग भए नभएको पत्ता लगाउन आँपको सुगन्ध पनि धेरै महत्त्वपूर्ण छ । रसायनको प्रयोगबाट पाकेको आँपको बास्ना निकै कम हुन्छ र कुनै आँपमा त बास्ना नै हुँदैन । तर प्राकृतिक रूपमा पाकेको आँपको मीठो बास्ना हुन्छ ।

### स्वाद फरक हुन्छ

रसायन हालेर पकाइएको आँप प्राकृतिक रूपमा पाकेकोको तुलनामा कम गुलियो र कम स्वादिष्ट हुन्छ ।

अनलाइनखबर हेल्थ

## आ.व. २०८०/८१ बैशाख महिनामा पर्यटक सूचना तथा सेवा केन्द्रको पर्यटक आगमन तथ्याङ्क




| गते ➡ | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | ९१६ | ६२५ | ४३८ | ३७७ | ४९० | ४८२ | ३८१ | ४७४ | ५२२ | ४२२ | ४१९ | ४०३ | ४२६ | ४७१ | ३८९ | ५१९ |
| ■ सार्क तथा चिनियाँ | ५४४ | ५११ | ४३१ | ३६१ | ४४८ | २९४ | ३४५ | ३८१ | ३९५ | ३१४ | ३६४ | ६०३ | ५६१ | ४०७ | ४७९ | ३२८ |

| गते ➡ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० | ३१ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | ४९४ | ६०२ | ३९९ | ५४१ | ५३५ | ५४५ | ३७० | ४४४ | २७९ | ४१४ | ४४२ | ३१६ | ४३५ | २९७ | २२४ |
| ■ सार्क तथा चिनियाँ | ४०६ | ३३४ | ३१७ | ३३६ | ५०४ | ४४४ | ५०७ | ६४३ | ३९२ | ३३१ | ४३४ | ५५८ | ५२३ | ४२३ | ४९० |

| | गैर सार्क | सार्क तथा चिनियाँ | कूल पर्यटक संख्या |
|---|---|---|---|
| २०८१ **बैशाख** | १४,०९१ | १३,४०८ | २७,४९९ |
| २०८० **बैशाख** | ११,२९३ | ११,२५७ | २२,५५० |
| **प्रगति** | २,७९८ | २,१५१ | ४,९४९ |

सम्पादकको पृष्ठ

# गणतन्त्रमा पनि निर्दलीय मानसिकता

एकातिर,

भक्तपुर नपाले शिक्षा, स्वास्थ्य, सरसफाइ, सम्पदा संरक्षणलगायतमा नमुनाको र अनुकरणीय काम गरेको छ ।

अर्कोतिर,

भक्तपुर नपालाई सरकारले ख्वप विश्वविद्यालय सञ्चालन गर्न विधेयक पारित गरिदिएको छैन ।

भक्तपुर नपालाई सोधभर्ना गर्नुपर्ने स्वास्थ्य बीमाको रकम भुक्तानी दिएको छैन ।

भक्तपुर नपालाई वाग्मती प्रदेश सरकारले समानीकरण बजेटमा एक पैसा पनि नदिएर पक्षपात गऱ्यो । यीबाहेक अन्य विषय र घटना पनि छन् ।

काम गर्न खोज्ने र सक्षमलाई काम गर्न नदिने उपरोक्त दुई यथार्थ स्थितिले धेरैलाई निर्दलीय व्यवस्थाको झल्को दिएकोछ । त्यसबेला बहुदलवादीहरूले विभिन्न तरिकाबाट पञ्चायती चुनावलाई उपयोग गरेका थिए । बहुदलवादीहरूले जितेका जिल्ला, नपं र गापंलाई निर्दलीय सरकारले अनावश्यक निहुँ खोजेर देश र जनताको हितमा काम गर्न अवरोध पुयाउँथ्यो । त्यसैलाई तिनीहरू आफ्नो 'सुशासन' ठान्दथे । बहुदलवादीहरूले राम्रो काम गरे निर्दलवादीहरूको प्रभाव घट्ने कुराबाट चिन्तित हुन्थे । आफ्नो अस्तित्वको लागि पञ्चे सरकारले बहुदलवादीहरूलाई अनावश्यक दुःख दिन्थे ।

आज देश सङ्घीयता र गणतन्त्रमा गइसकेकोछ । तर, सत्तामा बस्नेहरूको मानसिकता, चरित्र, व्यवहार निर्दलवादीहरूको जस्तै क्षुद्र र सङ्कीर्ण छ । सत्ताधारी दलको स्थानीय तहलाई गर्ने व्यवहार र गैरसत्ताधारी दलको स्थानीय तहलाई हेर्ने दृष्टिकोण र व्यवहार निर्दलीय व्यवस्थामा भन्दा तात्त्विक भिन्न छैन । देश र जनताको हितमा भन्दा आफ्नालाई प्रोत्साहन र गैरलाई दुरुत्साहन र निरुत्साहननै 'नयाँ नेपाल' र 'समृद्ध नेपाल' को लागि सुशासन भएको छ । यसले सत्तासीन वर्गले पञ्चायती मानसिकतालाई विरासतमै ग्रहण गरेको भन्न वाध्य पारेको छ । निर्दलीय व्यवस्थामाजस्तै सङ्घीय गणतन्त्रमा पनि पक्षपात, पूर्वाग्रह, दुराग्रहको पुनरावृतिले देशमा राजनीतिक परिवर्तन भयो भन्नु केवल भ्रममात्र सावित भएको छ ।


भन्नलाई जुनसुकै व्यवस्थाले पनि देश र जनताको हितको लागि भन्ने गरिन्छ । यसको पुष्टि मुख मिठ्याउने नाराले होइन व्यवहारबाट अनुभूत र प्रमाणित हुनुपर्छ । तर, हाम्रो सङ्घीय गणतन्त्रमा जनताले परिवर्तनको अनुभव गर्न पाएका छैनन् । सत्तामा नजाने राजनीतिक दलहरूले पक्षपात र पूर्वाग्रहको विरोध गर्न छोड्न पाएका छैनन् । यो दुःख र विडम्वनाको कुरा हो ।

जबसम्म सत्तामा जाने र बस्नेहरूमा प्रजातन्त्रको छ्यान, सङ्घीयताको मर्म, गणतन्त्रको अर्थ बोध हुँदैन तबसम्म न देशको विकास हुन्छ न जनताको कल्याण नै । जसरी निर्दलीयताले तीन दसकको समय खेर फाल्यो त्यसरी नै बहुदल र गणतन्त्रले पनि अमूल्य समय खेर फालिरहेको छ । यसलाई रोक्न आवश्यक र हतार भइसकेको छ । तर, यसलाई रोक्ने उपाय भनेको जनताको सङ्घर्ष र आन्दोलनबाहेक अर्को हुन सक्दैन । त्यसैको लागि सर्वशक्तिमान जनतालाई देश र समयले आह्वान गरिरहेको छ ।

# थंथु दरबारको शिलान्यास














थंथु दरबार-२०७२ सालको
भूकम्पमा क्षतिग्रस्त


निर्माणाधीन थंथु दरबारको मोहडा
EAST ELEVATION


THANTHU DURBAR
BHAKTAPUR DURBAR SQUARE-03